# परिच्छेद एक

# शोधपरिचय

## १.१ विषयपरिचय

कथाकार महेशविक्रम शाह (२०२२) आधुनिक नेपाली कथाको समसामयिक धाराका कथाकार हुन् । उनका हालसम्म *सटाहा* (२०५३), *सिपाहीकी स्वास्नी* (२०५९), *अफ्रिकन अमिगो* (२०६०), *छापामारको छोरो* (२०६३), *काठमाडौमा कामरेड* (२०६५), *ज्याक्सन हाइट* (२०६९) र *भुइँखाट* (२०७४) गरी सातवटा कथा सङ्ग्रहहरू प्रकाशित छन् । उनका कथामा विविध खालका वर्ग, समुदाय र संस्कृति तथा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय युद्धका कारण त्यस समाजमा बाँच्नका लागि मानिसहरूले गर्नु परेको संघर्षको अवस्थालाई अभिव्यक्त गरिएको छ । यसरी एकातिर समसामयिक जीवनका विभिन्न पक्षको अभिव्यक्ति हुनु र अर्कातिर सामाजिक सांस्कृतिक विषयवस्तुको रोचक प्रयोग गर्नु उनका कथाको प्रमुख विशेषता हो । पात्रहरूको सूक्ष्म मनोविश्लेषणका आधारमा उनका कथा समसामयिक महत्त्वका बन्नुका साथै लोकप्रिय पनि बनेका छन् । उनका कथामा विभिन्न वर्ग, जाति, पेसा र लिङ्गका मानव समुदायका विशिष्ट सामूहिक चेतनाको अभिव्यक्ति भएको पाइन्छ ।

साहित्यको समाजशास्त्रको अध्ययन गर्ने मीमांसावादी धाराका सशक्त चिन्तक लुसिएँ गोल्डमान हुन् । उनले एउटा वर्ग वा समूहको जीवन जगतका बारेको सुसङ्गत दृष्टि नै विश्वदृष्टि हो भन्ने सिद्धान्त प्रतिपादन गरेका छन् । उनले समाज र साहित्यका बीचको सम्बन्ध खोज्ने सन्दर्भमा मानिसका वर्गीय र समुदायगत विश्वदृष्टि हुने कुराको स्थापना गरेका छन् । यसरी निर्मित हुने विश्वदृष्टिले कुनै खास समाजको संरचनाका साथै त्यस समाजको परिवर्तनको प्रक्रियालाई पनि सङ्केत गर्दछ । सामाजिक संरचनाभित्र लिङ्ग, वर्ग, जाति र पेसा जस्ता कुराहरू पर्दछन् । यही आधारमा साहित्यमा प्रयुक्त विश्वदृष्टिको अध्ययन गर्न सकिन्छ । यसै अवधारणालाई आत्मसात् गरेर प्रस्तुत शोधप्रबन्धमा महेशविक्रम शाहका कथामा सामाजिक संरचना र विश्वदृष्टिको प्रयोग के कसरी गरिएको छ भन्ने कुराको खोजी र विश्लेषणलाई मुख्य विषय बनाइएको छ ।

## १.२ समस्याकथन

कथाकार महेशविक्रम शाहका कथामा प्रयुक्त विश्वदृष्टि केकस्तो छ भन्ने मूल समस्यासँग सम्बद्ध शोधप्रश्नहरू निम्नानुसार छन ।

(क) महेशविक्रम शाहका कथामा प्रयुक्त सामाजिक संरचना के कस्तो छ ?

(ख) महेशविक्रम शाहका कथामा कस्तो वर्गीय विश्वदृष्टिको प्रयोग गरिएको छ ?

(ग) महेशविक्रम शाहका कथामा कस्तो समुदायगत विश्वदृष्टिको प्रयोग गरिएको छ ?

## १.३ शोधको उद्देश्य

कथाकार महेशविक्रम शाहका कथामा प्रयुक्त विश्वदृष्टिको पहिचान गर्ने मुख्य उद्देश्यमा केन्द्रित यस शोधप्रबन्धका सहायक उद्देश्यलाई तलका बुँदाबाट थप स्पष्ट पारिएको छ ।

(क) महेशविक्रम शाहका कथामा प्रयुक्त सामाजिक संरचनाको विश्लेषण गर्नु ।

(ख)महेशविक्रम शाहका कथामा प्रयुक्त वर्गीय विश्वदृष्टिको पहिचान तथा विश्लेषण गर्नु ।

(ग) महेशविक्रम शाहका कथामा प्रयुक्त समुदायगत विश्वदृष्टिको पहिचान तथा विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

कथाकार महेशविक्रम शाहका कथाका विषयमा हालसम्म नेपाली साहित्य समालोचनामा प्रचलित विभिन्न सैद्धान्तिक मान्यताका आधारमा अध्ययन अनुसन्धान भएका छन् । साहित्यको समाजशास्त्रीय अध्ययन अन्तर्गतका महत्त्वपूर्ण उपकरणहरू सामाजिक संरचना र विश्वदृष्टिका आधारमा हालसम्म गहन अध्ययन भएको छैन । अतः यसपूर्व उनका कथाका विषयमा गरिएका अध्ययनहरूलाई नै यहाँ कालक्रमिक आधारमा पूर्वकार्यको समीक्षाका रूपमा समेटिएको छ ।

प्रतिरोध कार्कीले 'छापामार युद्ध समाप्तभएपछि जन्मेको छोरो' (२०६४) शीर्षकको लेखमा कथाकार शाहले द्वन्द्वको समयमा घटेको यथार्थ घटनालाई समेटेर त्यसमा काल्पनिकताको मिश्रणगरी *छापामारको छोरो* कथाको रचना गरेको कुरा उल्लेख गरेका छन् । साथै द्वन्द्वकथाहरू समेटिएको प्रथम कथासङ्ग्रहका रूपमा *छापामारको छोरो* कथासङ्ग्रहको मूल्याङ्कन गरेका छन् । अतः उनको उक्त लेखका आधारमा कथाकार महेशविक्रम शाहको *छापामारको छोरो* कथासङ्ग्रहमा द्वन्द्वकालीन सामाजिक संरचना र वर्गीय विश्वदृष्टिको विश्लेषण गर्न सहयोग पुगेको छ ।

रामबहादुर रावलले 'द्वन्द्वका किडी हिरू' (२०६४) शीर्षकको लेखमा दस वर्ष लामो द्वन्द्वमा बाध्यतावश बन्दुक बोकेर मान्छेको सिकार गर्नु पर्दाको धर्मसङ्कटपूर्ण अनुभूतिको प्रस्तुतिले शाहका कथाहरू जीवन्त बनेको बताएका छन् । उनले नेपाली साहित्यको धारामा उदीयमान यी लेखक व्यवसायिकताको कसिलो किलाबाट उम्केर समाजमा रहेको जातीय, पेसागत तथा वर्गगत प्रस्तुति दिन सफल भएको उल्लेख गरेका छन् । अतः उनको उक्त अध्ययनबाट कथाकार महेशविक्रम शाहका कथामा वर्गगत तथा समुदायगत विश्वदृष्टिको विश्लेषण गर्न सहयोग पुगेको छ ।

अनमोलमणिले 'फ्युजन कथाकार' (२०६४) शीर्षक लेखमा बाहिरबाट हेर्दा महेशविक्रमको पेसागत व्यवहारिक जीवन र साहित्य सिर्जना असुहाउँदिलो जस्तो देखिन्छ तर उनले प्रहरी महेश र साहित्यकार महेशबाट अलग अलग प्रवृत्ति सिकेका हुन्, भन्ने कुरा उल्लेख गरेका छन् । उनका अनुसार प्रहरी महेशबाट उनले शिष्टता र सौम्यता सिके भने साहित्यकार महेशबाट अनुशासित लेखक हुन सिके । यी दुवैको फ्युजन नै महेशविक्रम शाह भन्ने लेखकको भनाइ छ । अतः उनको उक्त लेखमा शाहका कथामा प्रयुक्त सामाजिक संरचना र विश्वदृष्टिको चर्चा नगरिए पनि सामाजिक संरचना र विश्वदृष्टि पहिचान गर्न सहयोग पुगेको छ ।

कुमार आलेले 'छापामारको छोरो लेख्ने प्रहरी' (२०६४) शीर्षक लेखमा शाहका कथामा नाटकीय घटनाक्रमको प्रयोग भएको हुन्छ भन्दै शाहका कथामा पात्रको अन्तर्द्वन्द्वको विश्लेषण रहेको बताएका छन् । यस सन्दर्भमा शाहका 'खुमा', 'चिहान', 'सिपाहीकी स्वास्नी' लगायतका कथामा नाटकीय प्रस्तुति रहेको उल्लेख गरेका छन् । अतः उनको उक्त लेखमा

सामाजिक संरचना र विश्वदृष्टिको विषयमा चर्चा नगरिए पनि सामाजिक संरचना र विश्वदृष्टिको पहिचानमा केही मात्रामा सहयोग पुगेको छ ।

जयदेव भट्टराईले 'मदन पुरस्कार पाएर मख्ख महेश विक्रम' (२०६४) शीर्षक लेखमा कथाकार महेश विक्रम शाहको प्रौढ कथाकथन, नयाँ शिल्पशैली, मानवतावादी दृष्टिकोण, परिवेशगत गहिरो सर्वेक्षण र अभिव्यक्तिको सशक्तताले उनलाई समकालीन नेपाली कथाकारको अग्रपङ्क्तिमा उभ्याएका छन् भन्दै शाहको कथालेखन क्षमताको उल्लेख गरेका छन् । अतः उनको उक्त लेखका आधारमा  शाहका कथामा वर्गगत तथा समुदायगत विश्वदृष्टिको अध्ययन गर्न सहयोगी बनेको छ ।

विवश वस्तीले 'दश वर्षको द्वन्द्व स्वर' (२०६४) शीर्षक लेखमा कथाशिल्पी शाहका कथाहरू नेपालको इतिहासका दस वर्षसम्म तन्किएको हिंसात्मक द्वन्द्वको साहित्यिक इतिहास बन्न पुगेको बताएका छन् । युद्ध साहित्यमा महेशका कथाहरूले आफ्ना बेग्लै मानक र पहिचान स्थापित गरेका छन भन्दै वस्तीले कथाकार शाहको शिल्पशैलीलाई उच्च मूल्याङ्कन गरेका छन् । अतः उनको उक्त लेखमा सामाजिक संरचना र विश्वदृष्टिको विषयमा चर्चा नगरिए पनि त्यसको पहिचान गर्न सकिन्छ भन्ने कुराको सङ्केत गरिएको छ । यस लेखका आधारमा वर्गीय विश्वदृष्टिको विश्लेषण गर्न सहयोग पुगेको छ ।

राजकुमार निरौलाले "सटाहा कथासङ्ग्रहको कृतिपरक विश्लेषण" (२०६५) शीर्षकको स्नातकोत्तर शोधपत्रमा नेपालको ग्रामीण जीवन, निश्चल, निष्कपट एवम् हृदयविदारक वातावरणका साथै कथाकारले देखेभोगेका अनुभवलाई जीवन्त ढङ्गले प्रस्तुत गरेको कुरा उल्लेख गरेका छन् । यसमा विश्वदृष्टि भनेर छुट्टै अध्ययन नगरिए पनि यी कथाहरूको अध्ययनबाट वर्गीय विश्वदृष्टिको अध्ययन गर्न सहयोग पुगेको छ ।

विक्रम पराजुली "अफ्रिकन अमिगो कथासङ्ग्रहको कृतिपरक विश्लेषण" (२०६५) शीर्षक स्नातकोत्तर शोधपत्रमा *अफ्रिकन अमिगो* कथासङ्ग्रहमा द्वन्द्वात्मक, वेशभूषामा विविधता ग्रामीण तथा सहरी जनजीवन सामाजिक र क्षेत्रीय विविधता, स्वदेशी र विदेशी पृष्ठभूमिमा घटित घटनाको विश्लेषण रहेको निष्कर्ष निकालेका छन् । यसबाट *अफ्रिकन अमिगो* कथा सङ्ग्रहको वर्गगत तथा समुदायगत विश्वदृष्टिको पहिचान गर्न सहयोग पुगेको छ ।

अमृता भट्टराईले “महेशविक्रम शाहको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन” (२०६६) शीर्षकको अप्रकाशित स्नातकोत्तर शोधपत्रमा, महेशविक्रम शाहको वंशावली, पारिवारिक अवस्था, उनको साहित्यिक तथा साहित्येतर व्यक्तित्वका साथै *सटाहा, सिपाहीको स्वास्नी, अफ्रिकन अमिगो, छापामारको छोरो* कथा सङ्ग्रहको कथातत्वका आधारमा विश्लेषण गरेकी छन् । कथातत्वका आधारमा महेशविक्रम शाहका कथामा नेपाली समाजको यथार्थ घटना, पात्र छनोट र परिवेशको चित्रण गर्नुका साथै अफ्रिकन पात्र, परिवेश पनि रहेको उल्लेख गरेकी छन् । अतः उक्त अध्ययनमा सामाजिक संरचना र विश्वदृष्टिका विषयमा उल्लेख नगरे पनि शाहका कथामा प्रयोग भएका स्वदेशी तथा विदेशी पात्रहरूले गरेका क्रियाकलापको चर्चाबाट शाहका कथामा वर्गगत तथा समुदायगत विश्वदृष्टिको अध्ययन गर्न सकिने आधार स्पष्ट हुन्छ ।

हरिजंग शाहले “महेशविक्रम शाहको कथाकारिता” (२०६७) शीर्षकको अप्रकाशित स्नातकोत्तर शोधप्रबन्धमा शाहका *सटाहा, सिपाहीकी स्वास्नी, अफ्रिकन अमिगो* कथासङ्ग्रहको चरित्र, चित्रण परिवेशको विश्लेषण गरेका छन् । उनले शाहका यी कथाहरूमा स्वदेशी तथा विदेशी कथानक स्रोत रहेको कुरा उल्लेख गरेका छन् । यसमा विदेशी तथा स्वदेशी समाजमा रहेको वर्गगत तथा जातीय विभेदको समेत उल्लेख गरिएकोले यस अध्ययनबाट वर्गगत, पेसागत तथा जातीय विश्वदृष्टिको विश्लेषण गर्न सहयोग पुगेको छ ।

युवती आचार्यले “छापामारको छोरो कथासङ्ग्रहको समाजशास्त्रीय अध्ययन” (२०६७) शीर्षकको स्नातकोत्तर शोधपत्रमा कथाकार शाहको उक्त सङ्ग्रहका कथालाई समाजशास्त्रीय आधारमा विश्लेषण गरेकी छन् । समाजशास्त्रीय अध्ययनका सन्दर्भमा उनले मार्क्सको समाजशास्त्रीय मान्यतालाई आधार बनाएको देखिन्छ । प्रस्तुत शोधका सन्दर्भमा उनको विश्लेषण सान्दर्भिक रहेको छ । यस विश्लेषणमा उनले परम्परागत मूल्य मान्यताप्रति विद्रोह गर्दै नयाँ सांस्कृतिक स्वभाव भएका मानिसहरूको प्रयोग भएको निष्कर्ष प्रस्तुत गरेकी छन् । अतः उनको उक्त शोधबाट पेसागत तथा समुदायगत विश्वदृष्टिको अध्ययन गर्न सहयोग पुगेको छ ।

विष्णुप्रसाद अर्यालले “काठमाडौंमा कामरेड कथा सङ्ग्रहको समाजशास्त्रीय अध्ययन” (२०६७) शोधपत्रमा सामाजिक सिद्धान्त तथा साहित्यिक समाजशास्त्रको परिचय

दिनु, समाजको सैद्धान्तिक पक्षबाट कथासङ्ग्रहको अध्ययन गर्नु लगायतका उद्देश्यहरू राखेका छन् । उक्त उद्देश्यहरू पुरा गर्नका लागि अर्यालले पुस्तकालयीय कार्यबाट सामग्री संकलनगरी विश्लेषणात्मक एवम् तुलनात्मक विधिको प्रयोगबाट सङ्कलित सामग्रीको विश्लेषण गरेको कुरा उल्लेख गरेका छन् । उक्त अध्ययनबाट उनले देशको द्वन्द्वग्रस्त अवस्था, सामाजिक, आर्थिक, धार्मिक एवम् राजनैतिक विकृति र विसङ्गतिलाई यथार्थ ढङ्गले शाहका कथाले जीवनका मर्मको कलात्मक अभिव्यक्ति दिन्छ भन्ने निष्कर्ष समेत निकालेका छन् । यस अध्ययनबाट *काठमाडौंमा कामरेड* कथासङ्ग्रहमा प्रयुक्त वर्गगत तथा समुदायगत विश्वदृष्टिको विश्लेषण गर्न सहयोग पुगेको छ ।

विन्दुदेवी खनालले "महेशविक्रम शाहका कथामा अनुभूतिको संरचना" (२०७२) दर्शनाचार्य तह अप्रकाशित शोधप्रबन्धमा *सटाहा, अफ्रिकन अमिगो, सिपाहीकी स्वास्नी, छापामारको छोरो, काठमाडौंमा कामरेड* कथासङ्ग्रहका कथाहरूको पिँढी र प्रभुत्व तथा दबाव र तनावका दृष्टिले विश्लेषण गरेकी छन् । यसमा उनले शाहका कथामा परम्परागत प्रभुत्वशाली वर्गको समुदाय र अधीनस्थ पिँढी र समुदायको द्वन्द्व र सङ्घर्षको अवस्था रहेको निष्कर्ष निकालेकी छन् । अतः उनको शोधप्रबन्धबाट सामाजिक संरचनाका साथै वर्गगत तथा समुदायगत विश्वदृष्टिको विश्लेषण गर्न सहयोग पुगेको छ ।

ताराकान्त पाण्डेयले मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र नामक पुस्तकको 'विश्वदृष्टिका परिप्रक्ष्यमा छापामारको छोरो कथाको समाजशास्त्र' (२०७३) शीर्षकको लेखमा महेशविक्रम शाहको *छापामारको छोरो* कथाको समाजशास्त्रीय अध्ययन गरेका छन् । उनले साहित्यको समाजशास्त्रको विभिन्न आधार मध्ये लुसिएँ गोल्डमानको विश्वदृष्टि सम्बन्धी मान्यतालाई मूल आधार बनाएर उक्त कथाको अध्ययन गर्दा सामाजिक संरचनाको पनि चर्चा गरेका छन् । यसमा उनले वर्गगत तथा समुदायगत विचारको अभिव्यक्ति रहेको कुरा उल्लेख गरेका छन् । यस अध्ययनबाट सामाजिक संरचनाका साथै वर्गीय तथा पेसागत विश्वदृष्टिको अध्ययन गर्न सहयोग पुगेको छ ।

महेशविक्रम शाहका कथाका बारेमा गरिएका उपर्युक्त अध्ययनलाई परम्परालाई दृष्टिगत गर्दा शाहका कथालाई विषयवस्तु बनाई विभिन्न शीर्षक अध्ययन भए पनि सामाजिक संरचना र विश्वदृष्टिमा केन्द्रित हुन सकेका छैनन् । अतः सोही अभावलाई पूर्ण गर्नका लागि प्रस्तुत अध्ययनको विषय चयन गरिएको हो ।

## १.५ शोधको औचित्य र महत्त्व

प्रस्तुत शोधमा साहित्यको समाजशास्त्रीय समालोचना पद्धति अन्तर्गत लुसिएँ गोल्डमानको विश्वदृष्टि सम्बन्धी प्रस्थापनालाई आधार बनाएर महेशविक्रम शाहका कथाको विश्लेषण गरिएको छ । पूर्ववर्ती अध्ययनको सर्वेक्षण र समीक्षाबाट के कुरा स्पष्ट भएको छ भने केही कथाका सन्दर्भमा समाजशास्त्रीय कोणबाट विश्लेषण गरिएको भए पनि विश्वदृष्टिकै कोणबाट शाहका सम्पूर्ण कथा र कथाकारिताको अध्ययन भएको छैन । त्यसैले प्रस्तुत शोधको मुख्य प्राज्ञिक जिज्ञासा अनुत्तरित नै रहेको र त्यसको अभाव पूर्ववर्ती अध्ययनमा भएको तथा यो आफैमा मौलिक कार्य समेत रहेको हुँदा प्रस्तुत अध्ययन औचित्यपूर्ण छ भन्ने स्पष्ट हुन्छ ।

## १.६ शोधको सीमा

कथाकार महेशविक्रम शाहका हालसम्म प्रकाशित *सटाहा* (२०५३), *सिपाहीकी स्वास्नी* (२०५९), *अफ्रिकन अमिगो* (२०६०), *छापामारको छोरो* (२०६३), *काठमाडौंमा कामरेड* (२०६५), *ज्याक्सन हाइट* (२०६९) र *भुइँखाट* (२०७४) कथा सङ्ग्रहका कथाहरूलाई नेपाली साहित्यमा प्रचलित विभिन्न विधा सिद्धान्तका आधारमा अध्ययन विश्लेषण गर्न सकिन्छ । यस शोधप्रबन्धमा खासगरी कथाकार महेशविक्रम शाहका कथाहरूलाई साहित्यको समाजशास्त्रीय अध्ययनका महत्त्वपूर्ण पक्षहरू सामाजिक संरचना र विश्वदृष्टिका आधारमा मात्र अध्ययन गरिएको छ । यही यसको सीमा हो ।

## १.७ शोधविधि

शोधविधि अन्तर्गत सामग्री सङ्कलन विधि र विश्लेषण विधि पर्दछन् । तिनीहरूको यहाँ अलग अलग रूपमा चर्चा गरिएको छ ।

### (क) सामग्री सङ्कलन विधि

प्रस्तुत शोधप्रबन्धका लागि आवश्यक प्राथमिक सामग्रीका रूपमा महेशविक्रम शाहद्वारा लिखित *सटाहा, सिपाहीकी स्वास्नी, अफ्रिकन अमिगो, छापामारको छोरो, ज्याक्सनहाइट, काठमाडौंमा कामरेड र भुइँखाट* सङ्ग्रहलाई उपयोग गरिएको छ भने

द्वितीयक सामग्रीका रूपमा महेशविक्रम शाहका कथासँग सम्बन्धित रहेर यसपूर्व गरिएका कार्यहरू एवं साहित्यको समाजशास्त्रीय अध्ययन अन्तर्गतका सामाजिक संरचना र विश्वदृष्टिसँग सम्बन्धित सैद्धान्तिक एवं अवधारणात्मक मान्यताहरूको उपयोग गरिएको छ । यी दुवै प्रकृतिका सामग्रीको सङ्कलन पुस्तकालयबाट गरिएको छ सङ्ख्यागत दृष्टिले शाहका सातवटा सङ्ग्रहमा जम्मा १२३ कथा छन् तर विश्वदृष्टिको स्पष्ट र मूर्त अभिव्यक्तिका दृष्टिले सबै कथा समान स्तरीय छैनन् । अतः शोधको उद्देश्य प्राप्त गर्ने सन्दर्भमा विश्वदृष्टिको स्पष्ट र अपेक्षाकृत सशक्त संरचना भएका सीमित कथाको चयन गरेर विश्लेषण गर्नु आवश्यक र उपयुक्त देखिएको हुँदा सोअनुरुप जम्मा ९५ वटा कथाको चयन गरी तिनको विश्लेण गरिएको छ । यस क्रममा सामाजिक संरचनाको विश्लेषणमा ९५ वटा कथा र विश्वदृष्टिको विश्लेषणका लागि ६१ वटा कथाको उपयोग गरिएको छ ।

**(ख) सैद्धान्तिक आधार**

प्रस्तुत शोधप्रबन्धको लागि आवश्यक सामग्रीको विश्लेषण पाश्चात्य साहित्यिक चिन्तन परम्परामा स्थापित सिद्धान्त उपयोग गरिएको छ । यस सिद्धान्तका प्रवर्तक लुसिएँ गोल्डमान हुन् । उनले मार्क्सवादको वर्ग सङ्घर्ष र वर्ग चेतना सम्बन्धी मान्यतामा फरक दृष्टि राख्दै आफ्नो साहित्य सम्बन्धी चिन्तनलाई समाजशास्त्रीय स्वरूप दिने काम गरेका छन् । उनको सिद्धान्तलाई उत्पत्तिमूलक संरचनावाद भनिन्छ । यसभित्र साहित्य विश्लेषणका विभिन्न आधारहरू छन् । तीमध्ये विश्वदृष्टि उनको सबैभन्दा प्रमुख मान्यता हो । उनका विचारमा एउटा वर्ग वा समूहको जीवनजगत्का बारेको सुसङ्गत दृष्टि नै विश्वदृष्टि हो । यसलाई सामूहिक वा परावैयक्तिक चेतना पनि भनिन्छ । समाजमा व्यक्ति/मान्छेहरूले एउटा सामूहिक चेतनाको संरचना निर्माण गर्दछन् । जब एकै प्रकारको सामाजिक समूहका व्यक्तिहरूको ठूलो संख्यामा अध्ययन गरिन्छ तब तीबाट उद्भुत मनोवैज्ञानिक तत्वले एकअर्कालाई काट्छन् र एउटा अधिक सुसम्बद्ध चेतनाको संरचना बाँकी रहन्छ र विकसित हुन्छ । त्यही सुसम्बद्ध चेतनाले नै विश्वदृष्टिको रूप प्राप्त गर्छ भन्ने गोल्डमानको निष्कर्ष हो (पाण्डेय, २०७३ : १८) । यसबाट विश्वदृष्टिले व्यापक परिवेशलाई समेट्दछ भन्ने कुरा स्पष्ट हुन्छ ।

गोल्डमानले विश्वदृष्टिको संरचनासँग कृतिभित्र संरचित संसारको संरचनाको समानधर्मिता हुन्छ भनेका छन् । उनका विचारमा साहित्यको समाजशास्त्रले यही

समानधर्मिताको खोजी गर्छ । महान् रचनामा यो समानधर्मिता सबैभन्दा बढी हुन्छ । गोल्डमानका विचारमा एकजना व्यक्तिको अनुभव निकै सीमित र सङ्कुचित हुने भएकोले त्यसबाट सार्थक मानसिक संरचना वा विश्वदृष्टिको पहिचान सम्भव हुँदैन । साहित्यको रचना एउटा सामाजिक वर्गले लामो समयको अन्तरालमा गर्न सक्छ । साहित्यिक रचनाको अध्ययनमा सामाजिक संरचनाको आवश्यकता पर्दछ । समाजमा कहीँ त्रासदीय दृष्टि, कहीँ विद्रोही चेतना, कहीँ घृणाको भाव, कहीँ वर्गीय चेतना, कहीँ सामाजिक सांस्कृतिक अवस्थाबीच द्वन्द्व किन र कसरी पैदा हुन्छ ? साहित्यको समाजशास्त्रले यी प्रश्नहरूको समाधान खोज्छ (पाण्डेय, २०७३: १८) । अतः प्रस्तुत शोधप्रबन्धमा समाजशास्त्री गोल्डमानको विश्वदृष्टि सम्बन्धी मूल मान्यतालाई आधार बनाएर कथाकार महेशविक्रम शाहका कथाहरूको अध्ययन विश्लेषण गरिएको छ ।

**(ग) विश्लेषणको ढाँचा**

प्रस्तुत शोधप्रबन्धको शोध्य प्रश्न 'क' को समाधानका लागि सामाजिक संरचना सम्बन्धी सैद्धान्तिक मान्यताका आधारमा कथाकार महेशविक्रम शाहका कथामा प्रयुक्त सामाजिक संरचनात्मक पक्षको अध्ययन विश्लेषण गरी निष्कर्ष निकालिएको छ भने शोध्य प्रश्न 'ख' र 'ग' को समाधानका लागि गोल्डमानको विश्वदृष्टि सम्बन्धी मान्यताका आधारमा महेशविक्रम शाहका कथाहरूको अध्ययन विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

शोधको तेस्रो र चौथो अध्यायमा शाहका कथामा विश्वदृष्टि सम्बन्धी गोल्डमानका व्याख्या र निष्कर्षको उपयोग गरिएको छ । त्यस क्रममा वर्ग र समुदाय आदिलाई आधार बनाइएको छ ।

## १.८ शोध प्रबन्धको रूपरेखा

शोधप्रबन्धलाई व्यवस्थित र वैज्ञानिक ढङ्गले प्रस्तुत गर्नको लागि निम्नलिखित परिच्छेदहरूमा विभाजन गरिएको छ ।

परिच्छेद एक : शोधपरिचय

परिच्छेद दुई : महेशविक्रम शाहका कथामा सामाजिक संरचना

परिच्छेद तीन : महेशविक्रम शाहका कथामा अभिव्यक्त वर्गीय विश्वदृष्टि

परिच्छेद चार : महेशविक्रम शाहका कथामा अभिव्यक्त समुदायगत विश्वदृष्टि

परिच्छेद पाँच : सारांश र निष्कर्ष

उल्लिखित परिच्छेदहरूलाई सामग्री विश्लेषणका क्रममा विभिन्न शीर्षक उपशीर्षकहरूमा समेत विभाजन गरिएको छ ।

# परिच्छेद दुई

# महेशविक्रम शाहका कथामा सामाजिक संरचना

## २.१ विषयपरिचय

प्रस्तुत परिच्छेदमा महेशविक्रम शाहका कथाहरूमा पाइने सामाजिक संरचनाको विविधता र तिनको कथागत प्रस्तुतिको अध्ययन गरिएको छ । त्यस क्रममा प्रथमतः सामाजिक संरचनाको सैद्धान्तिक निरूपण गरिएको छ । सामाजिक संरचनाको सैद्धान्तिक चिनारी दिएपछि त्यसैका आधारमा शाहका कथासङ्ग्रहका कथाहरूको सामाजिक विश्लेषण गरिएको छ ।

## २.२ सामाजिक संरचनाको सैद्धान्तिक स्वरूप

भौतिक जगत्को उच्चतम अवस्था समाज हो अथवा मानव क्रियाकलापको ऐतिहासिक विकासमान अवस्था नै समाज हो । समाजको केन्द्रका रूपमा मान्छे रहेको हुन्छ । मान्छे र समाजका बीच विषय र विषयीको सम्बन्ध रहेको हुन्छ । समाजमा मान्छेले विभिन्न सम्बन्धहरू विकसित गर्दछन् । यिनै अन्तर्सम्बन्धहरूको समष्टि नै समाज हो । समाज भनेको मानिसहरूको माझमा चलिरहने पारस्परिक अन्तर्क्रियाहरूको एउटा अवस्था हो । मानव समाज एउटा विशाल मानवीय कार्यशाला हो जहाँ मानिसहरू कुनै न कुनै काममा लागेका हुन्छन् र एक अर्कोसित लेनदेनमा संलग्न हुन्छन् । यही कामको प्रक्रियामा उनीहरूका माझमा भौतिक सम्बन्ध कायम हुन्छ । सामाजिक संरचनाका आधारहरूमा पारिवारिक, आर्थिक, राजनीतिक, सांस्कृतिक तथा भौतिक विषयहरू पर्दछन् । यसरी एउटा रहनसहन धर्म अँगाल्ने एकै स्थानमा बसोबास गर्ने मानिसहरूको समूहलाई समाज भनिन्छ । यस्तो समाजमा व्यक्तिका इच्छा, आकांक्षा पनि समय, परिस्थिति अनुसार प्रभावित हुँदै निरन्तर परिवर्तन हुँदै जान्छन् । यसरी समाजमा बस्ने व्यक्तिहरूका इच्छा र आकांक्षाहरू परस्पर सम्बद्ध हुँदा एउटा विचारको जन्म हुन्छ यस्तो विचार समयक्रमसँगै परिवर्तन हुँदै जान्छ । यसरी समाजको विशिष्ट संरचना स्थिर नभई गतिशील हुन्छ । यसको विकास र निर्माणको प्रक्रिया निरन्तर चलिरहन्छ । समाजको सामाजिक संरचनालाई चर्चा गर्ने सन्दर्भमा मार्क्स, लुडविग, फायरबाख, फ्रेडरिख एङ्गेल्स जस्ता समाजवादीहरूको सम्पर्कले

गर्दा महान् दार्शनिक बन्न पुगे । विभिन्न लेखहरू मार्फत् मार्क्सले पुँजीवाद तथा अन्य वर्गीय र शोषणमूलक समाजको विरोध गरेका छन् । (श्रेष्ठ, २०६० :७)

मार्क्सले समाजमा वर्गको उत्पत्ति, वर्गसंघर्षको सिर्जना र विकासलाई बुझ्न द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवाद गरी दुई खालका दृष्टिकोण अगाडि सारेका छन् । मार्क्सका विचारमा मानिस मुख्य रूपमा बाँच्नका लागि भौतिक पदार्थ उत्पादन गर्नका लागि संगठित भएको हुन्छ । त्यसैले मानिसले उत्पादन गर्ने उत्पादनका साधन, उत्पादन गर्दा प्रयोग गर्ने उर्जा तथा श्रमको शक्ति र उत्पादित वस्तुहरूको वितरणमा हुने सम्बन्धको विश्लेषण गरेर मात्र समाजलाई बुझ्न सकिन्छ । समाजलाई प्रभाव पार्ने प्राकृतिक वस्तुहरूले संस्कृतिलाई प्रभाव पार्दछन् । समाज, सामाजिक वर्ग वा सामाजिक वर्गको उत्पत्तिकालदेखि वर्तमान कालसम्मको विकासक्रमलाई ऐतिहासिक भौतिकवादी दृष्टिकोणमा अध्ययन गरिन्छ (श्रेष्ठ, २०६० : १८) ।

आदिम समाजमा वर्गहीनताको स्थिति थियो । उक्त समयमा व्यक्तिगत सम्पत्तिको व्यवस्था थिएन, आर्थिक शोषणको स्थिति पनि थिएन । तेस्रो अवस्थामा पुग्दा समाज औद्योगिक समाजमा परिवर्तन हुन्छ र समाजको वर्गबीच पनि परिवर्तन आउँछ । समाजमा उद्योगपति र मजदुरबीचको वर्गीय संघर्षको थालनी हुन्छ । चौथो अवस्थामा सर्वहारा वर्गबीचको वर्गसंघर्षमा बहुसङ्ख्यक सर्वहारा वर्गको अधिनायकत्व कायम हुन्छ र उत्पादनमा सम्पूर्ण साधनहरू समाजको पूर्ण स्वामित्वमा आउँछ भनेर मार्क्सले सामाजको उत्पत्ति तथा सामाजिक संरचनाको कुरा उठाएका छन् । समाजसम्बन्धी दृष्टिकोणकै सन्दर्भममा मार्क्स र एङगेल्सले भौतिकवादी धारणाको प्रस्तुत गरेका छन् । मानिसहरूको सामाजिक चेतनाले अस्तित्व निरुपण गर्ने होइन । सामाजिक चेतनाको निरुपण गर्दछ । समाजको विकास मानिसहरूको विचार, इच्छा र आकाङ्क्षाबाट होइन, भौतिक कारणद्वारा निर्धारित हुन्छ । मानिसलाई दर्शनका क्षेत्रमा संलग्न हुनुभन्दा पहिले खाने, पिउने, लाउने र बस्ने कुराको खाँचो पर्दछ । जीवनयापनको लागि चाहिने साधनहरूको आर्थिक विकासको आधार श्रृजना गर्दछन् । जसबाट समाज वर्गमा विभाजित हुन्छ । यसै सन्दर्भमा मार्क्स र एङ्गेल्सले सामाजिक आर्थिक व्यवस्थाको अवधारणालाई सूत्रबद्ध गरेका छन् । सामाजिक आर्थिक व्यवस्थाको ठाउँमा अर्को व्यवस्थाको नियमित परिवर्तन हो । आदिम साम्यवादी व्यवस्थाबाट दास, त्यसपछि क्रमशः सामन्तवादी र पुँजीवादी व्यवस्था हुँदै अन्त्यमा

साम्यवादी व्यवस्थातर्फ मानव समाज चलिरहेको कुरालाई अभिव्यक्त गरेका छन् (श्रेष्ठ २०६० : १४४-१४५) ।

इशाको १९ औं शताव्दीमा सुरू भएको साहित्यको समाजशास्त्रीय चिन्तनलाई बिसौँ शताब्दीमा व्यवस्थित रूपमा विकास गर्ने काम गोल्डमानबाट नै भएको हो । उनले दर्शन, मनोविज्ञान र समाजशास्त्र मात्र होइन संस्कृतिका भिन्न रूपमा ऐतिहासिक, सामाजिक विशिष्टताको विश्लेषण प्रद्धति पनि हो भन्दछन् । लुसिएँ गोल्डमान सुरूमा मार्क्सवादी चिन्तक रहेका र पछि मार्क्सवादी चिन्तनका कमी कमजोरीमाथि आलोचना गर्दै नवमार्क्सवादी समाजशास्त्रीय चिन्तक बन्न पुगेका छन् । गोल्डमानले मार्क्सवादको केन्द्रीय मान्यता सामाजिक परिवर्तनमा आर्थिक आधारको प्रमुख भूमिका रहने कुराप्रति आपत्ति प्रकट गरेका छन् यसरी उनले मार्क्सवादबाट प्रभावित भएर मार्क्सवादको वर्गसङ्घर्ष र वर्गचेतना सम्बन्धी चिन्तनलाई समाजशास्त्रीय स्वरुप दिने काम गरेका छन् (पाण्डेय, २०७३: १८) । उनको समाजशास्त्रीय चिन्तनको मूल मान्यता उत्पत्तिमूलक संरचनावाद हो । यही सिद्धान्तभित्र उनले कृति विश्लेषणका लागि विभिन्न दृष्टिकोणको विकास गरेका छन् । उनले आफ्ना कृतिहरू मार्फत् एक व्यापक र सुसङ्गत साहित्यको समाजशास्त्रीय चिन्तन विकास गरेका छन् । गोल्डमानले समाजसँग संस्कृतिको ऐतिहासिक, सामाजिक तथा सौन्दर्य बोधीय सम्बन्धको खोज गर्ने पद्धतिको विकास गरेका छन् । उनले उत्पत्तिमूलक संरचनावादी समाजशास्त्रीय चिन्तनमा विशेष गरेर विशिष्ट संरचना, परावैयक्तिक र वस्तुपुरक संरचना सम्बन्धी मान्यतालाई विशेष महत्त्व दिएका छन् (श्रेष्ठ, २०७१: ५७) । गोल्डमानले सामाजिक संरचनावादी सिद्धान्तको प्रतिपादन जर्ज लुकाचको प्रारम्भिक चिन्तन र संरचनावादको आधारलाई लिएर साहित्य र समाजको सम्बन्धलाई उत्पाद्य र उत्पादकका रूपमा व्याख्या गरेका छन् । उनले मार्क्सवादी द्वन्द्वात्मकता एवम् वर्गीय दृष्टिकोण, युङ्गको सामूहिक अवचेतन र साहित्यको संरचना प्रक्रियालाई जोडेर उत्पत्तिमूलक संरचनावादको विकास गरेका छन् । लेखकको विचार र समाजको विचारबाट औसत विचारको जन्म हुने धारणा राख्दै उनले त्यसलाई विश्वदृष्टिको रूपमा परिभाषित गरेका छन् (क्षेत्री, २०६४: २०) । यसरी गोल्डमानले सामाजिक संरचनाकै सन्दर्भमा विश्वदृष्टिलाई जोड्ने काम गरेका छन् । यसको विकास कुनै समूह वा वर्गले सामाजिक ऐतिहासिक प्रक्रियामा गर्छ । एक्लो व्यक्तिको विचार सुसङ्गत र एकत्वपुर्ण हुँदैन वा विरलै हुन्छ । समाजमा विभिन्न सोचविचार लिएका समूहका मानिसहरू बसोबास गर्ने हुनाले एउटा परिवेशको मानिसले

अर्को परिवेशको मानिससँग सम्बन्ध बनाउँछ र अन्तर्क्रिया गर्छ । विभिन्न पेसा वर्गका एक समुदायका मानिसले अर्को समूहको चेतनामा प्रभाव पार्दछ जसबाट एउटा अनौठो संरचनाको निर्माण गर्दछन् । यसरी एउटै परिवेशका एउटै खालका मानिसहरूको समूहले समान विचारको एउटा संरचना निर्माण गर्दछन् ।

संरचनालाई अर्थ्याउने क्रममा गोल्डमानले संरचनालाई मानसिक संरचनाको अर्थमा प्रयोग गरेका छन् । उनले लेखकको कृति र समाजमा पाइने संरचनालाई विशिष्ट मानेका छन् । मानिसको सामाजिक संरचनाको विकास आनुवंशिक रूपमा मात्र हुँदैन यो समाजबाट प्रभावित भएर मात्र हुन्छ । गोल्डमानका अनुसार व्यक्तिले समाजका घटना तथा तथ्यहरूबाट प्रभावित हुँदै आनुवंशिक रूपमा कतिपय कुराहरू ग्रहण गर्दै आफ्नो विशिष्ट संरचना बनाउँछ । यसको विकास र निर्माणको प्रक्रिया निरन्तर चलिरहन्छ । संरचनाको स्वरुप समाजका विभिन्न घटनाहरू तथा व्यक्तिका दैनन्दिन व्यवहारबाट प्रभावित हुँदै निरन्तर परिवर्तन भइरहन्छन् (गोल्डमान, सन् १९८०: १६) । कुनै पनि सामाजिक समूहको क्रियाकलाप उनीहरूको चेतनाअनुरुप सञ्चालित हुन्छ । समूहका यस प्रकारका गतिविधिले त्यस समूहका सदस्यहरूको चेतनामा त्यस्तो मानसिक संरचनाको जन्म दिन्छन् ।

सामाजिक संरचनाले मानसिक संरचनाको निर्माण गर्छ र त्यसैबाट समूहमा विश्वदृष्टिको विकास हुन्छ । त्यसैले विश्वदृष्टिको अध्ययन गर्दा सम्बद्ध समाजको संरचना कस्तो छ भन्ने कुरा पनि महत्त्वपूर्ण हुन्छ । संरचनाको समानधर्मिताका सन्दर्भमा पनि सामाजिक संरचनाको अध्ययन आवश्यक हुन्छ । अतः यसै कुरालाई दृष्टिगत गरी प्रस्तुत अध्यायमा महेशविक्रम शाहका कथामा अभिव्यक्त सामाजिक संरचनाको अध्ययन गरिएको छ र त्यसपछि परवर्ती अध्यायमा विश्वदृष्टिको पहिचान र विश्लेषण गरिएको छ ।

## २.३ 'सटाहा' सङ्ग्रहका कथामा सामाजिक संरचना

*सटाहा* (२०५३) कथासङ्ग्रह प्रकाशनका दृष्टिले कथाकार शाहको पहिलो कथासङ्ग्रह हो । यस कथासङ्ग्रहभित्र १५ वटा कथाहरू सङ्कलन गरिएको छ । स्वदेशी तथा विदेशी पृष्ठभूमिमा लेखिएका कथाहरूमा मूलतः सामाजिक एवम् पारिवारिक विषयवस्तुलाई कथानकका रूपमा प्रस्तुत गरिएको छ । यस कथामा विशेष गरी शाहले स्वदेशभित्र थारूहरूको सामाजिक परिवेश, आर्थिक स्थिति, नारी संवेदना तथा मानवीय जीवनका

भोगाइजन्य यथार्थलाई अभिव्यक्त गरेका छन् । त्यस्तै कतिपय कथाहरू सेनामा लागेका मानिसका मनस्थिति, गरिब परिवारको दुःख, विडम्बना, अन्तर्राष्ट्रिय घटना, विकृतिले गाँजेको विश्व जस्ता घटना वरिपरि रहेर रचना गरिएका छन् । यहाँ दुईवटा उपशीर्षकमा यस कथासङ्ग्रहका कथाहरूको अध्ययन गरिएको छ ।

### २.३.१ नेपाली समाजको सामाजिक संरचना

प्रस्तुत कथा सङ्ग्रहका ७ वटा कथा थारु समाज र संस्कारसँग सम्बन्धित छन् । त्यस समाजमा रहेको परम्परागत रूढिपूर्ण संस्कृतिको विरोध गर्न नसक्दा अर्थात् त्यही संस्कारलाई विश्वास गरेर हिँड्दा आजको २१ औँ शताब्दीमा त्यहाँका नर नारीले भोग्नु परेको पीडाको यथार्थ विवरण यी कथाहरूमा शाहले प्रस्तुत गरेका छन् । कथाकारले प्राप्त गरेका अनुभवका आधारमा 'बुढो जुरेली र काब्रोको रुख', 'सहर', 'सुलेखा', 'एली' कथाहरूको रचना गरेका छन् । यी कथाहरूमा कथाकारले आफूले देखेका र अनुभव गरेका कुराहरूलाई विषयवस्तु बनाएका छन् ।

'बुढो जुरेली र काब्रोको रुख' कथामा भुतपूर्व सैनिक बुढो रणवीरले आफूलाई युग अनुसार परिवर्तन गर्न नसक्दा परिवार तथा अन्ततः समाजबाट समेत एक्लिनु परेको सन्दर्भ प्रस्तुत छ । भारतको गोर्खा रेजिमेन्टमा सिपाहीमा भर्ती भएर क्याप्टेनको ओहोदासम्म पुगेको रणवीर सेवा निवृत्त भएपछि गाउँमा बस्न थालेको छ । उसकी श्रीमती धेरै पहिले स्वर्गे भइसकेकी छ । छोरा बुहारी पनि सहर बस्न थालेकाले ऊ अहिले एक्लै घरमा बसेको छ । उसले मुग्लानबाट आउँदा आफूसँगै लिएर आएको बन्दुकले घरअगाडिको काब्रोको रुखमा झुन्डका झुन्ड बसेका जुरेली चरी मारेर आफ्नो सैनिक जीजिविषा पूरा गर्छ । केही समयपछि उक्त रुखमा झुन्डका झुन्ड देखिने जुरेलीहरू त्यहाँबाट अन्तै गएपछि रणवीरको मनमा एक्लोपनको महसुस हुन्छ । पहिले लाहुरे भएर युद्धको खेलाडी बनेको रणवीरको हालीमुहाली गाउँमा निकै भए पनि उसलाई विस्थापित गर्ने नयाँ लाहुरेहरू थपिएपछि उसको महत्त्व घटेको कुरा कथामा छ । यसबाट सैनिकहरूमा भएको कठोर शासन र अनुशासनका कारण उनीहरूसँग आफ्नै परिवारका सदस्यहरू समेत टाढिने यथार्थता यस कथामा देखाइएको छ ।

'सहर' कथामा सहरको स्वार्थीपन र अमानवीयताको पराकाष्ठालाई प्रस्तुत गरिएको छ । कथाकी प्रमुख पात्र निम्नवर्गीय ग्रामीण युवती नीरकला आर्थिक कठिनाइसँग जुध्दै गाउँले जीवन बिताइरहेकी हुन्छे । गाउँकै हर्के काकाले सहरमा बस्ने छोरी नीरमायाको ठेगाना लेखेर दिएको कागज साथमा लिएर ऊ सहर पस्छे । बसपार्क ओर्लिएर नीरमायाको खोजी गर्छे । नीरमायाको कुनै पत्तो नलागेपछि पानीमा भिज्दै सडकका गल्ली चहार्दै भौँतारिएकी नीरकला ट्याक्सी ड्राइभर र गस्ती प्रहरी हवल्दारको कठोर पञ्जामा पर्छे । वेश्याको रुप दिएर सहरका अन्य मानिसले समेत नीरकलाको इज्जत लुट्छन् । सहरका गुन्डा तथा अन्य व्यक्तिहरूले उसको शरीरमाथि राक्षसी व्यवहार गर्दै बलात्कारपछि वीभत्स हत्या गर्छन् । अर्को दिन पत्रकारहरूले समाचारपत्रको मुखपृष्ठमा ठुलो ठुलो अक्षरमा लेख्छन्, "बढी पैसा कमाउने लोभमा एकै पटक धेरै जनासँग यौन सम्पर्क गर्दा रक्तस्राव भएर हिजो राती एउटी वेश्याको मृत्यु " (पृ: ११५) । यसबाट नेपाली समाजमा गरिबी र अशिक्षा व्याप्त रहेको छ अझै पनि बिहान बेलुका हातमुख जोर्ने समस्याका कारण किशोरीहरू पैसा कमाउने लहैलहैमा लागेर सहरका राक्षसी पुरुषको फन्दामा परेको यथार्थलाई उद्घाटित गरिएको छ । अर्कोतर्फ जनतालाई शान्ति सुरक्षा दिने प्रहरीहरू सुरक्षा दिनुको सट्टा उल्टै निर्दोष नागरिकलाई बिना कारण विविध आरोप लगाई यौन शोषण गरेको कुराले नेपाली समाजका सर्वसाधरण मानिसहरू जहाँ गए पनि अन्याय अत्याचारको भूमरीमा पिल्सिनु पर्दछ भन्ने सत्यलाई कथाले अभिव्यक्त गरेको छ । यसैगरी सहरका मानिसहरूमा स्वार्थीपना र अमानवीयताले चरम सीमा नाघ्दै गएको तथा सहरका मानिसहरू भोग विलास र यौनआनन्दको भुमरीमा घुमिरहेको स्थिति एकातिर छ । अर्कातिर ग्रामीण जनता आर्थिक समस्याभित्र जकडिएर सुख प्राप्तिको सपनामै आफ्नो जीवन बिताइरहेको यथार्थलाई 'सहर' कथाले राम्रोसँग प्रस्तुत गरेको छ ।

यस कथा सङ्ग्रहभित्रको 'सुलेखा' कथामा सहरिया पृष्ठभूमिको धनाढ्यमा धन भनेपछि हुरुक्क हुने अति व्यस्त व्यापारीहरूको वास्तविकतालाई नङ्ग्याउँदै परिवारप्रति कम जिम्मेवार भएको देखिन्छ । सुलेखाको लोग्ने व्यापारको सिलसिलामा व्यस्त रहने र परिवारका लागि एकदिन पनि समय नदिने अति व्यस्त व्यापारी हो । उसको लोग्नेले उसलाई सम्पत्तिको थुप्रोमाथि राखेर सुखी देख्न चाहन्छ तर आफ्नो पतिसँग समय बिताउन नपाएकी सुलेखालाई धन सम्पत्तिको कुनै महत्त्व हुँदैन । पतिको न्यानो अँगालोमा बाँधिएर आफु खुसी रहन चाहने सुलेखाले दाम्पत्य जीवनको सुखको अनुभूति गर्न कहिल्यै पाउँदिन ।

बिवाह भएको ५वर्ष बितिसक्दा पनि उसले पतिबाट आफ्नो यौनतृष्णा मेटाउन सकेकी छैन । मनको अतृप्त कामेच्छालाई थेग्न नसकेर आफ्नै घरमा परिचरका रूपमा कार्यरत रजनीबाट कृत्रिम पतित्व प्राप्त गरेर यौनइच्छा प्राप्त गर्छे । यसबाट नेपालको सहरी क्षेत्रमा बसोबास गर्ने लोग्ने मानिसहरू धनपैसा कमाउन बढीभन्दा बढी व्यस्त भएकाले उनीहरूले आफ्नो परिवारका लागि समय दिन नसक्दा उनीहरूका श्रीमतीहरू वेचैनीको अवस्थामा पुगेका छन् । उनीहरू आफ्नो परिवारप्रति नै असन्तुष्ट हुँदै जाँदा परिवार विखण्डन हुने अवस्था विकसित भएको कुरा कथामा देखाइएको छ ।

'एली' कथामा नेपालमा बसेर कडा परिश्रम गरी आफ्नो भविष्य सुधार्न चाहने अविवाहित अमेरिकी नारी एलीको जीवनको चित्रण गरिएको छ । अमेरिका जस्तो सम्पन्न राष्ट्रमा असम्पन्नताका कारण आफ्ना बुवा र दाजुभाइद्वारा एली तिरष्कृत भएकी छे । नेपालमा आएर आफ्नो जीवनको गन्तव्य खोज्दै मनभरि सपनाका सागरहरू सँगालेकी एली डेभिडसँग विवाह गरेर आफ्नो कोख भरिपूर्ण बनाउन चाहन्छे । डेभिडसँग विवाह गर्न आवश्यक आर्थिक सम्पन्नता प्राप्त गर्न एली नेपाल आएकी छे । डेभिड नेपाल घुम्ने र आफूलाई भेट्न आउँदा उसको मन हर्षले रमाएको छ तर डेभिड नेपाल आएर पैदल भ्रमण सम्पन्न गरी फर्किएपछि एली ज्यादै दुःखी बनेकी छे । डेभिडले जाँदा उसलाई विवाह गर्ने तथा बच्चा जन्माउने कुरा नगरिदिएको कारण उसका सबै सपना चकनाचुर हुँदै गएका छन् । यसबाट अमेरिकाजस्तो सम्पन्न राष्ट्रमा पनि असम्पन्नताका कारण एकथरी मानिसहरू पीडित बन्नु पर्ने तथा आफ्नो अवस्था सुधार गर्नका लागि उनीहरू अहोरात्र खटिएर परिश्रम गर्नुपर्ने अवस्थालाई कथामा देखाइएको छ ।

यस सङ्ग्रहभित्रको 'सटाहा' कथामा यस्तै पीडाको प्रस्तुत गरिएको छ । कथामा केटा पक्ष र केटी पक्षमा बेहुला बेहुली साटासाट गरी विवाह गर्ने प्रचलन रहेको छ । थारु संस्कृति अनुसार स्वर्णपुर गाँउका बडघरकी छोरी फेरुवासँग मोहनपुर गाउँका बडघरको छोरो सोनालालको र मोहनपुर गाउँका बडघरकी छोरी रामप्यारीसँग स्वर्णपुरका बडघरको छोरो फागुरामको सट्टा विवाह हुन्छ । फागुराम र रामप्यारीको उमेर मिल्दो जोडी भएकोले वैवाहिक जीवन सुखपूर्ण हुन्छ तर १२ वर्षे सोनालालसँग विवाह बन्धनमा बाँधिएकी १८ वर्षे फेरुवाको जीवन नीरस हुन्छ । आफ्नो भाइ जस्तो सोनालाललाई लोग्नेको रूपमा स्विकारेर बस्न नचाहने फेरुवा आठौँ पटकसम्म घर छोडेर माइत भागेपछि बडघर पक्षका पञ्चहरूको

बैठकले सट्टा विवाह गरिएका दुवै जोडीलाई छुट्याउने फैसला गर्छन् । फेरुवालाई स्वर्णपुरको माइतीमै छाड्ने र रामप्यारीलाई फागुरामबाट सदाको लागि छुटाउने निर्णयबाट फेरुवा खुसी हुन्छे । रामप्यारी र फागुरामको हृदयमा भने असह्य पीडा हुन्छ । पेटमा फागुरामको बच्चा हुर्काइरहेकी रामप्यारी र पत्नीको गहिरो प्रेममा मग्न भई डुबिरहेको फागुरामको पीडालाई कसैले वास्ता गर्दैनन् । मोहनपुर गाँउको बडघरले आफ्नी छोरी रामप्यारीको हात समाएर घिसार्दै राँगाले तान्ने लडियामा लगेर बसाउँछ । रामप्यारी लडियाबाट भाग्न खोज्छे । थारु समाजको संस्कारमा हुर्किएकी रामप्यारीको करुण पुकार कसैले सुन्दैन । केही समयपछि, रामलीला नाच हेरिरहेकी रामप्यारी अतीत सम्झँदै आँसु बगाइरहेकी हुन्छे । रामलीला नाच नाच्न आएको बखत रामप्यारी र फागुरामको भेट हुन्छ त्यसै समय रामप्यारीले आफ्नो बच्चालाई फागुरामकै जिम्मा लगाउँछे । दुवैले आफ्नो बच्चाको सट्टा विवाह नहोस् भन्ने चाहना राखेसँगै कथाको अन्त्य भएको छ । यसबाट थारु समुदायमा वर्गीय विभेद कायम रहनुका साथै उक्त समाजमा पुरातनवादी सोँच भएकाहरूले आफ्नो औकातको घमण्ड देखाउँदा त्यस समाजमा रहेका वर्तमान पुस्ताले आफ्नो भविष्य नै अन्धकारमय बनाउनु परेको यथार्थता यस कथामा व्यक्त भएको छ ।

'सटाहा' कथा जस्तै 'संस्कार' कथामा पनि थारु समाजमा प्रचलित दाजुको मृत्युपछि भाइले भाउजूसँग विवाह गर्नुपर्ने सामाजिक संस्कृतिसँग सम्बद्ध यथार्थमूलक घटनाको प्रस्तुति छ । यस कथाको प्रमुख पात्र धनीरामलाई दाजु बुद्धिरामको मृत्युपश्चात् भाउजूसँग वैवाहिक सम्बन्धमा आबद्ध हुन बाध्य गराइएको छ । आफ्नी प्रेमिका पार्वतीलाई बिहे गर्ने निर्णयमा पुगिसकेको धनीराम दाजुको आकस्मिक मृत्युपछि भाउजू फूलमतीसँग बिहे गर्नु पर्दा पार्वतीसँगको उसको प्रेम एकाएक धमिलिन पुग्छ । आमा छोरा जस्तो पवित्र सम्बन्ध भएका फूलमती र धनीरामले पतिपत्नीको सम्बन्ध गाँस्न असम्भव जस्तो ठान्छन् । समाजका पञ्चको निर्णय विरुद्ध रातको अन्धकारमा आफ्नो गाउँ समाजलाई नै छोडेर ती दुवै बाहिरिन्छन् । बिहानीको झिसमिसे उज्यालोमा भारतको तिकुनिया रेलवे स्टेसनमा रेलको टिकट काटेर उनीहरू दुवै अज्ञात स्थानतिर लाग्छन् । रातभरिको हिँडाइले थकित र कमजोर देखिएकी फूलमतीलाई देख्दा धनीरामका आँखाबाट अविरल अश्रुधारा बग्छन् । 'मोर दाई' भन्दै धनीराम फूलमतीको काखमा आफ्नो मुख छोपेर रुन थाल्छ । 'दाई' भनी सम्वोधन गरेको सुन्दा फूलमतीले आफूलाई संसारकी सबैभन्दा भाग्यशाली स्त्री भएको ठान्छे । यसबाट थारु समाजमा नेतृत्वदायी तहमा रहेको अभिभावक पुस्ता शक्तिशाली छ र

सामाजिक सांस्कृतिक दृष्टिले यो पुस्ता सामन्तवादी चेतनाबाट ग्रस्त छ भन्ने देखिन्छ । उक्त समाजमा परम्परागत सामन्तवादी संस्कृतिको वर्चस्व रहेको हुँदा उनीहरूको निर्णय त्यस समाजका सम्पूर्ण अधीनस्थ वर्गले मान्नै पर्ने यथार्थलाई यस कथामा प्रस्तुत गरिएको छ ।

'सटाहा' र 'संस्कार' कथा जस्तै 'तृष्णा' कथामा पनि सुदूरपश्चिम तराईको सामाजिक सांस्कृतिक चालचलनको उद्घाटन गरिएको छ । स्कुल पढेर सधैँ साइकलमा फर्किने 'म' पात्र स्वर्णपुर गाउँको मध्य भागमा पुगेपछि तिर्खाउँछ । ऊ एउटा घरको आँगनमा जान्छ । त्यहाँ एउटी थरुनी केटीले सानो गाग्रीबाट ठुलो गाग्रामा पानी खन्याउँदै गरेकी हुन्छे । उक्त थरुनी केटीले 'म' पात्रलाई अञ्जुली थाप्न लगाई पेटभरि पानी पिलाउँछे । थारु संस्कृतिको परिबन्धनमा परेर सुक्नीको विवाह दश बाह्र वर्षको बालक केटासँग भएको छ । लोग्ने स्वास्नीको सम्बन्ध के हो भन्ने चालसमेत नपाएको उसको बालक लोग्नेबाट आफ्नो जवानीको तृष्णा मेटाउन नसकेकी सुक्नी 'म' पात्रलाई दिनदिनै पानी दिएर आफ्नो जवानीको अतृप्त तृष्णालाई शान्त पार्छे । यता सुक्नीको बिहे भएको कुरा थाहा पाएपछि 'म' पात्रले उसको घरतिर फर्केर पनि हेर्दैन । धेरै वर्षपछि, 'म' पात्र सुक्नीलाई भेट गर्ने इच्छा गर्छ र ऊ सुक्नीलाई भेट्न जान्छ । पच्चीस छब्बीस वर्षको उमेरकी सुक्नीलाई 'म' पात्रले छाती कुप्रिएकी हात खुट्टाहरू सुकेकी फुस्रो चेहरा भएकी गाला चाउरिएकी चालीस पैँतालीस वर्षकी बुढी जस्तो देख्छ । आफू बुढी भएकीले आफ्नो लोग्नेले दुई वर्षअघि नै आफ्नै उमेरकी अर्की थरुनीसँग बिहे गरेर बसेको कुरा 'म' पात्रलाई बताउँछे । यसबाट थारु समुदायमा अझैपनि अनमेल विवाह गर्ने परम्परा रहिरहेको हुँदा उक्त परम्पराबाट त्यस समुदायका नारीहरूले आफूभन्दा कम उमेरको भाइ जस्तोलाई पति मान्नु पर्ने पीडा एकातिर देखिन्छ । अर्कोतिर थारुहरू पनि उमेर बढ्दै जाँदा आफ्नै उमेरकी युवतीसँग विवाह गरी बस्नुले त्यस समाजमा बहुबिवाहको प्रचलन पनि त्यत्तिकै रहेको देखिन्छ ।

कथाकार शाहको 'चम्पी' कथामा पनि पश्चिम नेपालका थारु कमैयाहरूको जीवनचर्या र उनीहरूको दयनीय सामाजिक अवस्थाको चित्रण गरिएको छ । कथाअनुसार धेरै समय पहिले एघार बाह्र वर्षको उमेरमा 'म' पात्रको घरमा कमैया बस्न आएकी चम्पी, एकदिन सुकेनाश रोगले ग्रस्त रोगिनी जस्ती भएर सौखी तिर्ने मालिकको खोजी गर्दै आफ्नो

लोग्ने र छोरीका साथ पुनः म पात्रका घरमा पुग्छे । उसले रोगले जीर्ण र जर्जर मक्किई सकेको देखिने विदुर लोग्नेसँग केही वर्ष पहिले विवाह गरेकी हुन्छे । मालिकसँग उसको लोग्नेले लिएको पाँच हजारबाट साँवा ब्याज दोब्बाई पच्चीस हजार पुगेपछि सौखी तिर्ने अर्को मालिकको खोजी गर्दै उनीहरू 'म' पात्रका घर पुग्छन् । 'म' पात्रको परिवारले त्यत्रो रकम तिरेर कमैया राख्न नसक्ने कुरा व्यक्त गरेपछि उनीहरू पुनः अरुका घरघर चहार्दै हिँडेका छन् । सौखी स्वरुप त्यत्रो रकम तिरेर उनीहरूलाई कमैया राख्ने आँट कसैले गर्दैन त्यसपछि उनीहरू दुवै जना निराश भएका छन् । यसबाट सुदूरपश्चिम नेपालको तराईमा गरिब र धनीबीचको खाडल व्यापक रूपमारहेको छ । त्यहाँका निम्न वर्गीय किसानहरू भूमिहीन छन् जसका कारण उनीहरू जमिनदारहरूको घरमा बँधुवा मजदुरको रूपमाकाम गरेर बस्न बाध्य भएका छन् । अर्कोतर्फ तिनै मालिकले लिने चर्को ब्याजदरका कारण उनीहरूका सन्तान दरसन्तान समेत उक्त कमलरी प्रथाबाट कहिल्यै छुट्कारा नपाउने स्थितिमा पुगेका छन् भन्ने यथार्थलाई कथाकारले यस कथामा अभिव्यक्त गरेका छन् ।

'सुँडी दमिनी' मा सुदूरपश्चिम नेपालको ग्रामीण भेगमा बसोबास गर्ने दलित तथा उपेक्षित जातिको दिनचर्याको अवस्थालाई दर्साइएको छ । गाउँका मालिकहरूका मैला लुगा टालटुल गर्ने सिउने काम गरेर प्राप्त गरेको अन्न तथा पैसाबाट आफ्नो जीविकोपार्जन गर्ने सुँडी दमिनी र प्रभु दमाई छोराछोरीको व्यवहारबाट आजित भएका छन् । बुढाको मृत्युपछि सुँडी दमिनीले एक्लै आफ्नो जीवन धानेकी छे । उसले गाँउमा आफ्नो स्थान आफै बनाएकी छे । समाजका प्रत्येक सुखदुःखमा सहभागी हुने सुँडी दमिनीप्रति गाउँलेहरू सबैको माया र स्नेह रहेको छ । प्रत्येक वर्षको दशैँमा गाउँका सबै मालिक मालिक्नीको हातबाट टीका थाप्न चाहने सुँडी दमिनीले आफ्नै झुपडीमा प्राण छोडेको कुरा 'म' पात्रले थाहा पाएसँगै कथाको अन्त्य भएको छ । यसबाट समाजका तल्लो जात मानिने दलितहरूको आर्थिक अवस्था निकै कमजोर रहेको र उनीहरू आफ्नो हातमुख जोर्नका लागि मालिकका घरघर गएर मैला लुगा सिउँदै हिँड्नु पर्ने परिस्थिति एकातिर रहेको छ । अर्कातर्फ आफ्नै सन्तानले समेत काम गर्न नसक्ने भएपछि हेला र तिरस्कार गर्ने हालको नेपाली समाजको प्रवृत्ति स्पष्ट भएको छ ।

यस कथा सङ्ग्रहभित्र सुदूरपश्चिमी समाजमा विकृत परम्पराका रूपमा व्याप्त देउकी प्रथालाई कथाकारले 'सरु र सपनाको राजकुमार' कथाका माध्यमबाट अभिव्यक्त

गरेका छन् । सानै उमेरमा आफ्नै बावुद्वारा एउटा महाजनकहाँ बेचिएर देउकी बन्न बाध्य गराइएकी सरु, देउकी बनेपछि थुप्रै पुरुषबाट यौन शोषित भई पीडादायी जीवन बाँच्न विवश भएकी निम्नवर्गीय असहाय र समाजबाट तिरस्कृत भएकी नारी पात्र हो । त्यस्तै कथाको पुरुष पात्र शालुले सरुलाई पत्नीका रूपमा स्वीकार गर्छु भन्ने सुनेपछि ऊसँग घरजम गरेर बस्ने इच्छा गरेकी सरुलाई शालुका बावुले कुटपिट गरी छुट्याइ दिएपछि सरुको घरजम गर्ने सपना भताभुङ्ग भएको छ । सानैमा साहुमहाजनको हातमा बेच्ने सरुको बावुले आश्रय खोज्दै आएकी आफ्नै छोरीलाई आश्रय नदिएपछि अन्त्यमा बाध्य भएर आफ्नै आश्रममा फर्किएर ऊ यौन पेसालाई अँगाल्न बाध्य भएकी छे । यसबाट सुदूरपश्चिमा जातीय तथा वर्गीय विभेदका साथै अशिक्षाले जरा गाडेर बसेको सत्य उद्घाटित भएको छ । समाजका आर्थिक रूपमा सम्पन्नहरूले त्यहाँका चेलीबेटीहरूलाई आफ्नो स्वार्थका लागि किन्ने र विभिन्न बहानामा देवीदेउताका नाममा चढाउने अनि अन्त्यमा आफैले तिनीहरू माथि यौनशोषण गरेर उनीहरूको जीवन नै बर्बाद गरिदिने गरेको कुरा यस कथाबाट प्रस्ट भएको छ ।

### २.३.२ विदेशी समाजको सामाजिक संरचना

कथाकारले नेपाल बाहिर विदेशी पृष्ठभूमिमा देखेभोगेका अनुभवलाई कलात्मक स्वरूप दिएर यस कथा सङग्रहमा सङ्कलित 'प्रिटोरियाको चिसो रात', 'नाइट क्लव', 'वोल्सेई थिएटर वरिपरी', 'ड्याफडिलका फुलहरू' जस्ता कथाको रचना गरेका छन् । यी कथामा गृहयुद्धका कारण त्यस क्षेत्रका मानिसले भोग्नु परेका दुःख पीडाको चित्रण गर्नुका साथै पाश्चात्य संस्कृतिले गाँज्दै लगेको विकृत विसङ्गत अवस्थाको यथार्थ चित्रण गरिएको छ ।

'प्रिटोरियाको चिसो रात' कथामा गृहयुद्धका कारण तहसनहस भएको अफ्रिकी मुलुक प्रिटोरियामा कार विस्फोटनका कारण आमा गुमाएको र जुलुसमा भाग लिँदा बाबुको मृत्यु भई टुहुरो बन्न पुगेको जिमोलाई प्रिटोरिया सहरमा चिसो रात बिताउन गर्नु परेको सङ्घर्षलाई कथावस्तुका रूपमा प्रस्तुत गरिएको छ । एक्लो असहाय र गरिब जिमो माग्ने तहको बालक हो । उसको शरीरमा राम्ररी ढाकिने एकसरो लुगा पनि छैन । जुन महिनाको मुटु कमाउने प्रिटोरिया सहरमा रात बिताउन ज्यादै कठिन भएको छ । टाउको घुँडामुनि घुसारेर गुँडल्किँदै सुतेको जिमोले मध्यरातमा आफ्नी आमालाई सम्भन्छ, आमा भइदिएको भए आज आफूले न्यानो लुगा लगाउन पाउने कल्पना गर्छ । अन्त्यमा बिहानको तातो

घामको प्रतीक्षामा 'ऊ' डल्लो परेर सुत्छ । यसबाट अफ्रिकी मुलुकमा भएको गृहयद्धका कारण त्यहाँ रोजगारको अभाव र गरिबीको समस्या दिनप्रतिदिन बढिरहेको छ । सयौँ मानिस घरबार विहीन भएका छन् । त्यहाँ हजारौँ नागरिकले अनाहकमा ज्यान गुमाउनु साथै उक्त युद्धका कारण सयौँ बालबालिका आमाबावु विहीन भएको तथ्य उद्घाटित भएको छ । त्यहाँ सयौँ मानिस घरबारविहीन भएका छन् । अधिकांश बालबालिका पेट पाल्ने समस्याकै कारण माग्ने बनी आफ्नो जिन्दगी बिताउन बाध्य छन् भन्ने कुरा यस कथाबाट स्पष्ट बुझिन्छ ।

'नाइट क्लव' मा दक्षिण अफ्रिकी राष्ट्र मोजाम्बिकलाई परिवेश बनाई पाश्चात्य सङ्गीत र नृत्यको सङ्गतमा परी आजका युवा पुस्ता पतनोन्मुख हुँदै गइरहेको अवस्थालाई कथामा अभिव्यक्त गरिएको छ । कथाको केन्द्रीय पात्र जोओ विपन्न परिवारको सदस्य हो । उसको बावु गृहयुद्धका कारण बेपत्ता भएको छ भने घरमा ढोकाको चुकुल समेत नलगाई सुत्ने अन्धी आमा र वनमा बयर टिप्न जाँदा जमिनमुनि लुकाइ राखेको माइन पड्केर लङ्गडो बनेको भाइ छ । घरको सम्पूर्ण व्यवहार धान्ने र परिवार चलाउने दायित्व उसैको भएपनि भोकाएका आमा र भाइका लागि पाउरोटी किन्न बाहिर निस्किएको जोओ नाइटक्लबकी पेसेवर रोजाको प्रेममा लठ्ठिन पुग्छ । फलफूल बेचेर जम्मा गरेको रकम बोकेर हिँडेको जोओ दश हजार मेटिकाइज तिरेर नाइट क्लबभित्र प्रवेश गर्छ । ऊ नर्तकी रोजालाई बियर पियाउँदै नाचेरै रात बिताउँछ । आफ्नो खल्तीको पैसा सकिएपछि रोजा छोडेर जान्छे । त्यसपछि बल्ल ऊ आफ्नो विपन्नता, आफ्नी अन्धी आमा, लङ्गडो भाई र तिनका भोका पेट सम्झँदै पछुताउँछ । यसबाट मोजाम्बिक सहरमा आर्थिक अभाव छ, गृहयुद्धका कारण त्यहाँ धेरै मानिसले अनाहकमा ज्यान गुमाइरहेका छन् । थुप्रै मानिसहरूले अपाङ्ग भई जीवन बिताउनु परेको छ भन्ने तथ्य उद्घाटित भएको छ । त्यस क्षेत्रमा भएको रोजगारको अभावले युवतीहरूले नृत्य पेसा अँगालेका छन् । वर्तमान युवा पुस्ता त्यही पाश्चात्य संस्कृतिमा फँसेर आफ्नो पारिवारिक दायित्व नै बिर्सँदै गइरहेको कुरा यस कथाबाट प्रस्ट हुन्छ ।

'वोल्सेई थिएटर वरिपरी' कथा पूर्व सोभियत संघको राजधानी मास्को शहरको सामाजिक परिवेशमा हुर्कँदै गएको बाल यौन व्यापारलाई विषयवस्तु बनाएर रचना गरिएको छ । कथामा मारिक नामक दश वर्षे बालकलाई मारिया नामकी बालिका बनाई यौन

क्रियाकलापमा संलग्न हुन बाध्य गराइएको छ । मारिकलाई अलपत्र परेको अवस्थामा भेटाएर पावेलले आफ्नो फ्ल्याटमा लिएर आउँछ । यौनव्यापारी पावेलले आफ्नो पेसामा प्रयोग गरेका अन्य बालवालिकाहरू भन्दा मारिक ज्यादै सुन्दर बालक भएकाले उसबाट धेरै फाइदा लुटेको छ । मारिकले दिनमा दुई तीन जना ग्राहकहरूलाई खुसी पार्दा पावेलले पाँचसय रुवलसम्म हात पार्छ तर मारिकलाई उसले बल्लबल्ल दस बीस रुवल दिन्छ । एक दिन वोल्सेई थिएटरनिर पावेललाई पर्खिरहेको बेला मारिकले आफ्नो उमेरसँग मिल्ने सुन्दर केटी देख्छ । पावेलबाट प्राप्त गरेको रुबल खर्च गरेर मारिकले एउटा क्रिसमसको गुलाफी कार्ड किनेर त्यही केटी अर्थात् सोन्यालाई दिन्छ । सोन्याले पनि एउटा गुलाफी खाममा मारिकलाई क्रिसमस कार्ड दिन्छे । केटी साथी भनेर खुसीले पुलकित भएको मारिकले कार्ड पढेपछि आफू जस्तै बालिका बनेको सोन्या पनि केटी नभएर सेर्गेइ नामको केटो भएको थाहा पाउँछ । यसबाट मास्को सहर जस्ता पश्चिमी देशहरूमा बाल यौनव्यापार फैलँदै गएको, आधुनिक जीवनशैली अपनाउने नाममा मानिसमा अन्याय, दुराचार, विकृति र विसङ्गति बढ्दै गएको देखाइएको छ । यस्तो विकृतिबाट मास्को सहरका मात्र नभएर विश्व भरकै बालबालिकाहरू शारीरिक शोषणका शिकार बन्दै गइरहेको सामाजिक सत्यतालाई कथामा चित्रण गरिएको छ ।

## २.४ 'सिपाहीकी स्वास्नी' सङ्ग्रहका कथामा सामाजिक संरचना

महेशविक्रम शाहको 'सिपाहीकी स्वास्नी' २०५९ सालमा प्रकाशित कथासङ्ग्रह हो । प्रस्तुत कृतिमा १८ वटा कथाहरू सङ्गृहीत छन् । यस कथा सङ्ग्रहका कतिपय कथाहरू मनोविज्ञानमा आधारित छन् । कतिपय कथाहरू विदेशी पृष्ठभूमिमा लेखिएका छन् । कुनै स्वदेशी भावभूमिका साथै त्यहाँका सामाजिक, संस्कृति झल्काउने कथा छन् । ती कथामा युद्ध र द्वन्द्वको चित्रण पाइन्छ । कथाकार शाहले धेरैजसो कथामा सामाजिक विकृति र विसङ्गतिलाई केलाउने काम गरेका छन् ।

'सिपाहीकी स्वास्नी' कथासङ्ग्रहका कथामा प्रत्यक्ष रूपमा द्वन्द्वको चरम सीमा र सामाजिक यथास्थितिका साथै यथार्थपरक जीवन भोगाइको चित्रण गरिएको छ । यी कथामा कथाकारले छुट्टाछुट्टै परिवेश र पृष्ठभूमिमा फरक फरक खालका कथाहरू रचना गरेका छन् । अतः प्रस्तुत शीर्षकमा यस सङ्ग्रहका कथामा आएका ती भिन्न समयका परिवेशले निर्माण

गरेका सामाजिक संरचनाका सन्दर्भहरू कस्ता छन् र तिनलाई कथाकारले कसरी प्रस्तुत गरेका छन् भन्ने कुरालाई देखाइएको छ ।

### २.४.१ नेपाली समाजको समाजिक संरचना

दशवर्षे सशस्त्र द्वन्द्वको समयमा शाहले आफूले भोगेका विविध विषयलाई आफ्ना कथाहरूमा अभिव्यक्त गरेका छन् । यस कथा सङ्ग्रहभित्रका अधिकांश कथाहरूमा शाहले दशवर्षे जनयुद्धका क्रममा भएका भौतिक तथा मानसिक क्षतिको गहिरो सर्वेक्षण गरेका छन् ।

जनयुद्धका क्रममा सत्तापक्ष र विद्रोही पक्षबीच विकसित रक्तपातपूर्ण क्रियाप्रतिक्रिया तथा त्यसले जन्माएको संवेदनायुक्त मानसिक परिवेशलाई समेटेर 'खुमा' कथा लेखिएको छ । कथामा रोल्पाको थवाङ गाउँमा शिक्षकका रूपमा 'म' पात्र आएका छन् । थवाङ गाउँ हरियाली तथा प्राकृतिक दृश्यले मनोरमपूर्ण छ । त्यस ठाउँका विद्यालयहरूमा दिनानुदिन विद्यार्थी घट्दो अवस्थामा छन् । थवाङ युद्धको कालो छायाँले गाँजेको ठाउँ हो । त्यस ठाउँका गाउँ बस्ती सुनसान भइसकेका छन् । 'म' पात्र/शिक्षकले सुरुका अवस्थामा देखेका विद्यार्थीहरू इमान, पर्छे, हर्के, खुज्नी र पुमा स्कूलबाट ओझेल परिसकेका छन् । स्कूल हेर्दाहेर्दै खाली भइसकेको छ । उक्त घटनाले युद्धकालीन समयका कारण बालबालिका यसको रापमा परेको र उनीहरू कठोर जीवन भोग्न बाध्य भएका छन् । उक्त समयमा द्वन्द्वका क्रममा बालबालिका अपहरण गर्ने र छापामार युद्धमा संलग्न गराउने प्रवृत्तिलाई कथाकारले 'खुमा' कथाका माध्यमबाट अभिव्यक्त गरेका छन् ।

'समय र चित्कार' कथामा पनि द्वन्द्वका कारण जताततै आतङ्क फैलिएको छ । आतङ्कका कारण त्यसको दुष्परिणामलाई कथाकारले सशक्त रूपमा कथामा अभिव्यक्त गरेका छन् । कथाकारका मानसपटलमा आएकी बालिकाको बम विस्फोटका कारण अनुहार क्षतविक्षत भएको छ । त्यसपछि कथाकारको मानसपटलमा एउटा अशक्त बुढो र दमकी रोगी बुढी देखापर्छे । उनीहरूले युद्धमा आफ्नो छोरो गुमाएका हुन्छन् । त्यसैगरी उनको मस्तिष्कमा विधवा र मरेको लास देखापर्छन् । लासले समाजका लागि केही गर्न खोजेको तर अनाहकमा मर्नु परेको दुखेसो गर्छ । यसबाट युद्धकालीन समयमा नेपालमा युद्धबाट कोही पनि अछुतो रहन नसकेको, युद्धमा छापामारका रूपमाअबोध बालबालिका प्रयोग गरेर ती

बालबालिकाले अकालमा ज्यान गुमाउनु परेको तथा कैयौँ बावुआमाले छोराछोरी गुमाउनु परेको छ । युद्धको आतङ्कबाट सम्पूर्ण समाज नै धमिलिन पुगेको यथार्थलाई अभिव्यक्त गरेका छन् ।

'सिपाहीकी स्वास्नी' कथा पनि युद्ध र द्वन्द्वसँग सम्बन्धित कथा हो । यसमा सशस्त्र युद्धका कारण युद्धमा संलग्न नरनारीको स्थितिलाई चित्रण गरिएको छ । कथाकी प्रमुख पात्र कमलीले छोरालाई दुध लिन बजार पठाउँछिन् । पसलेले आफूप्रति गरेको नकारात्मक टिप्पणी छोराले घरमा आइ सुनाउँछ । कमलीलाई पँधेरामा पानी लिन जाँदा हाकिमकी श्रीमती रमलाले श्रीमानको खबर कस्तो रहेको भनी सोधेर व्यङ्ग्य गर्छे । कमलीलाई भेट्न आएका आफ्नै बुवा आमाले ज्वाईँलाई सिपाहीको जागीर छोड्न सल्लाह दिन्छन् । कमलीलाई भेट्न आउने नातागोता, इष्टमित्र सबैले आफ्नो श्रीमानको जागीरप्रति नकारात्मक भाव व्यक्त गरेको देख्दा कमलीको मन व्यथित बन्न पुगेको छ । यसबाट द्वन्द्वरत अवस्थामा युद्ध प्रभावित क्षेत्रमा खटिएका सिपाहीका स्वास्नीप्रति समाजले राखेको नकारात्मक दृष्टि तथा देशको सुरक्षार्थ खटिएका सिपाही पेसाप्रतिको नकारात्मकतालाई कथाकारले अभिव्यक्त गरेका छन् ।

'सन्त्रस्त मनहरू' कथामा पनि द्वन्द्वरत अवस्थामा सर्वसाधारणहरू गाउँबाट विस्थापित हुनुपरेको तथा शरणार्थी जीवन बिताउँदा पनि उनीहरूलाई कहिले विद्रोही पक्ष त कहिले सरकारी पक्षबाट यातना सहनु परेको यथार्थलाई कथाकारले अभिव्यक्त गरेका छन् । जसमाया र उनको श्रीमान पेवाराम आफ्नो छोरालाई माओवादीका कारण गुमाउनु परेकाले रोल्पाको इरिवाङबाट विस्थापित भएर लिवाङ आएका छन् । आफ्नो निर्दोष छोरालाई रक्ताम्य बनाएर मारिएको दृश्यले ती दुवैको मानसिकतामा गहिरो चोट पुगेको छ । त्यही मानसिक चोटका कारण ऊ रक्सीको लतमा फसिरहेको छ । एकदिन जसमायाको घरमा आफ्नै गाउँका द्यौली र मनकुमारी नामका दुई केटीहरू आउँछन् । जसमायाले ती दुई केटीलाई आफ्नै बहिनीहरू सम्झिएर माया गर्छे तर पेवाराम भने शङ्काको दृष्टिले हेर्छ । त्यसै कारण उनीहरू त्यहाँ नबसेर बाहिर निस्कन्छन् । उनीहरू निस्किएको एकछिन पछि घरबाहिर बम विस्फोट हुन्छ । पेवारामको घर बाहिर पुलिसहरू आएका हुन्छन् । माओवादीलाई संरक्षण गरेको आरोपमा पेवारामलाई पुलिसहरूले प्रक्राउ गर्छन् । यसबाट उक्त द्वन्द्वकालीन समयमा सरकारी पक्ष र विद्रोही पक्षले एकले अर्कालाई प्रत्यारोप लगाउने प्रक्रियाका कारण धेरै

सर्वसाधारणले जसमाया र पेवारामले जस्तै सास्ती भोग्नु परेको यथार्थलाई कथाकारले यस कथामा अभिव्यक्त गरेका छन् ।

यस कथा सङ्ग्रहका यी सबैजसो कथाहरूमा कथाकारले दशवर्षे जनयुद्धका क्रममा नेपाल र नेपाली जनताहरूले भोगेका यथार्थ घटनाहरूलाई कथाको आधार बनाएका छन् । 'समय र चित्कार' कथामा स्वैरकल्पनाका माध्यमबाट उनले युद्धरत अवस्थामा सर्वसाधारणले भोग्नुपरेको वास्तविकतालाई कलात्मक ढंगले चित्रण गरेका छन् ।

कथाकार शाहले आफ्ना कथामा मानव जीवनका यावत् घटना, श्रृङखला, बाध्यता, विवशता, पीडा, व्यथा र वेदनाहरूलाई कथामा उतार्ने काम गरेका छन् । समाजका शोषक वर्गले गरिबहरूलाई गर्ने व्यवहार तथा सामाजिक सांस्कृतिक विचलनजस्ता कुराहरू प्रस्तुत गरेका छन् ।

'कमारो' कथामा पनि त्यस्तै विषयवस्तु आएको छ । यस कथामा अदाने नामको निम्नवर्गीय कमारो र कमारो भएकै कारण उसको जहान परिवारले घृणित तथा अमानवीय व्यवहार सही बाँच्नु परेको बाध्यतालाई सशक्त ढंगबाट व्यक्त गरिएको छ । कथामा कमारोले मालिकको वासनापूर्तिका लागि आफ्नी श्रीमती मालिकलाई सुम्पेर कोठाबाहिर जानुपर्ने र कहिले एक घण्टा कहिले दुई घण्टा नै कुकुरसँग रात बिताएको छ । कमारो अदाने र उसकी श्रीमतीले मालिकलाई प्रसन्न पार्ने चिन्ताले मालिकको अमानवीय पतनयुक्त व्यवहारलाई चुपचाप सहेर बस्न विवश छन् । यसबाट नेपाली समाजमा वर्गीय तथा जातीय विभेद निकै व्याप्त रहेको छ । धनीहरूको सामन्तवादी प्रवृत्तिका कारण गरिबहरू शोषणमा परेका छन् । धनीहरूले गरिबहरूलाई पशुवत व्यवहार गर्ने गरेका छन् । गरिबमा भएको चेतना र अशिक्षाका कारण उनीहरूले आङ् ढाक्न र दुई छाक पेटभरि खान पनि नसकिरहेको तथा यसका लागि कुकुरभन्दा पनि तल्लोस्तरको जीवन बिताउनु परेको कुरालाई यस कथामा सफलतापूर्वक अभिव्यक्त गरिएको छ ।

'गोरा बाबु' कथामा पनि सबै गोराहरू सच्चा इमान्दार र धनी हुन्छन्, उनीहरूले अर्काको भविष्य बनाइदिन खोज्ने हुनाले, उनीहरू झुट हुँदैनन् भुन्ने गलत विश्वासका कारण यस कथामा आएकी सानी बालिका गुड्डीले भोग्नु परेको दुष्परिणामलाई कथामा देखाइएको छ । कथामा गोराबाबु नामक विदेशीले गुड्डी नामक बालिकालाई दिनदिनै

चकलेट खेलौना र लुगा किनिदिँदै अमेरिका लाने प्रलोभनमा पारेर फसाउँछ । यस सिलसिलामा गुड्डीको आमाले पनि गुड्डीलाई गोरा बाबुले भविष्यमा अमेरिका लैजान सक्ने छोरीले धेरै पैसा कमाएपछि सुखी जीवन बिताउन पाइने लोभमा छोरीलाई दिनदिनै गोराबाबुको कोठामा जान उक्साउँछिन् । गुड्डी दिनदिनै आफ्नो कोठामा आउन थालेपछि उसले आफ्नो राक्षसी व्यवहार पूरा गर्न बालिका बलात्कार गर्छ । गोराहरूलाई विशेष र उच्च तथा आफूलाई कमजोर र निरीह ठान्ने रङ्गवादी चिन्तनको परिणति मात्र नभई आर्थिक विपन्नताका कारण गोराहरूलाई विश्वास गर्दा गुड्डी जस्ता बालिकाहरूको जीवन नारकीय बन्न पुगेको सामाजिक विडम्बनालाई यस कथामा प्रभावकारी ढङ्गले अभिव्यक्त गरिएको छ । यसबाट नेपाली समाजमा रङ्गभेद विद्यमान रहेको र नेपालीले अझै पनि सुकिला मुकिला गोराप्रति अन्धविश्वास गर्ने हुनाले उनीहरूको जीवन नारकीय बन्न पुगेको अवस्थालाई यस कथामा कथाकारले अभिव्यक्त गरेका छन् ।

'जीवन एक कम्प्रोमाइज' कथामा पनि कथाकारले सामाजिक यथार्थलाई केलाउने काम गरेका छन् । कथाका प्रमुख पात्र समू र प्रोमी एक अर्काको गहिरो प्रेममा परेका छन् । समूले जातीय प्रश्न उठाएर आफ्नो आमाबावुको इच्छा अनुसारको केटीसँग विवाह गरेर प्रोमीलाई धोका दिन्छ । आफ्नो प्रेमीबाट धोका खाएपछि प्रोमी जीवन जिउनका लागि सन्तान समेत भएको पुरुषसँग सम्झौता विवाह गर्छे । केही समयपछि, समू प्रोमीको घर जान्छ । त्यहाँ सानो बच्चा देखेपछि समूले त्यसको नाम सोध्छ । प्रोमीले उसको नाम शम्भु भएको बताउँछे । आफ्नो प्रेमलाई ताजा राख्नको लागि शम्भु नाम राखेकोमा ऊ खुसी भएसँगै कथाको अन्त्य हुन्छ । यसबाट कथाकारले नेपालमा कानूनी रूपमा जातीय विभेदको अन्त्य भइसकेपनि व्यवहारमा त्यस्तो हुन नसकेको देखिन्छ । समाजका उपल्लो जाति भनिनेहरूले कथित तल्लो जातिका मानिसहरूको जीवनमा खेलवाड गर्ने प्रवृत्ति नेपाली समाजमा विद्यमान रहेको यथार्थलाई कथामा अभिव्यक्त गरिएको छ ।

'गनाउने चामल' कथामा वर्तमान समयका सरकारी कर्मचारीको जीवन भोगाइको यथार्थलाई कथाकारले कथामा उतार्ने काम गरेका छन् । प्रस्तुत कथामा 'म' पात्र आफ्नी श्रीमती बबीसँगै खाना खान बस्छ । श्रीमतीले 'गनाउने चामलको भात खान्न' भन्दै फालेपछि 'म' पात्र श्रीमतीलाई सम्झाउन थाल्छ । आफ्नो पाँच हजार आम्दानीले घरखर्च जुटाउन तथा छोराछोरीको स्कुलको फि तिर्न गाह्रो भएकोमा 'म' पात्र दुःखी भएको हुन्छ ।

यसबाट वर्तमान परिप्रेक्ष्यमा नेपालमा इमान्दार कर्मचारीलाई आफ्नो तलबले मात्र घर धान्न निकै मुस्किल भएको र कर्मचारीलाई महङ्गी अनुसार आवश्यक तलब भत्ता नहुँदा परिवारमा नै विखण्डन आएको तीतो यथार्थलाई कथाकारले यस कथा मार्फत प्रस्तुत गरेका छन् ।

'निभेको गुलुप' कथामा कथाकारले संयुक्त परिवारमा निस्किएको झिनो समस्या र उक्त समस्या समाधान गर्न भएको हानथापलाई निकै रोचक ढंगले प्रस्तुत गरेका छन् । भु.पु. कर्नेल कर्णमणिको घरको मूलद्वारमा बिजुलीको गुलुप निभेको छ । गुलुप निभेपछि त्यस घरमा अँध्यारोले सन्नाटा छाएको छ । गुलुप निभेकाले कर्णेल कर्णमणि र उनकी श्रीमती करसाहेबनी सबै भन्दा धेरै चिन्तामा छन् उनका छोराछोरी कसैले पनि उक्त निभेको गुलुपप्रति चासो प्रकट गर्दैनन् । उनीहरू गुलुप फेर्ने विषयमा एकले अर्काको मुख ताकेर बस्छन् । एकदिन घरको गुलुप अचानक आफै बल्छ । गुलुप कसरी बल्यो कसैलाई थाहा हुँदैन । यसबाट संयुक्त परिवारमा घरको सानो कामको लागि एकले अर्काको मुख ताक्ने, संयुक्त रूपमा भएको सम्पत्तिलाई सबैको हो भनेर वास्ता नगर्ने नेपाली समाजको प्रवृत्तिलाई कथामा देखाइएको छ ।

'एकजोर छालाको जुत्ता' कथामा पनि नेपाली समाजको अशिक्षा अन्धविश्वास र कुरीतिलाई देखाइएको छ । यस कथाको प्रमुख पात्र 'म' हर्कबहादुरको घरमा डेरागरी बसेको छ । हर्कबहादुरका ३ वटी छोरीहरू मध्ये जेठी छोरी गुलाफी 'म' पात्रको कोठामा रेखदेख गर्न खटिएकी छे । दशैंको चाडको बेला 'म' पात्र सहर जान्छ उसले गुलाफीको लागि एकजोर जुत्ता ल्याइदिन्छ तर गुलाफीका अरु बहिनीहरूका लागि चक्लेट मात्र ल्याइदिन्छ । गुलाफीलाई जुत्ता ल्याइदिएपछि उसका भाइबहिनी कोही पनि 'म' पात्रसँग बोल्दैनन् भने हर्कबहादुरले छोरी गुलाफीलाई पिट्छन् । अन्त्यमा गुलाफी त्यो जुत्ता आफूले नलगाई 'म' पात्रलाई नै फिर्ता ल्याइदिन्छे । यसबाट निश्छल र माया ममतापूर्वक ल्याइदिएको कोसेलीमा पनि दुश्चरित्रता देख्ने हाम्रो समाजमा अझै पनि अशिक्षाका कारण अन्धविश्वासले जरा गाडेर बसेको छ । नेपाली समाजमा भएको पछौटेपनाले अझैपनि छोरीहरूलाई स्कुल नपठाई घरधन्दा गराएर राख्ने यथार्थलाई यस कथामा कथाकारले सशक्त ढंगले अभिव्यक्त गरेका छन् ।

यस्तै 'वेड नं. ९९' कथामा मानिसमा भएको शंका उपशंका र अन्धविश्वासका कारण मानिस मृत्यु शैयासम्म पनि पुग्न सक्छ भन्ने यथार्थलाई देखाइएको छ । वेड नः ९९ मा सुतेको बिरामी असामान्य मनोविज्ञानको शिकार बनेको छ । उसले आफ्नो श्रीमतीको पेटमा हुर्किएको बच्चा समेत आफ्नो नभएको शंका गरेर अस्पतालमा भर्ना भएको छ । जसको कारण उसकी श्रीमती समेत उसँग आजित भएकी छे । जति सम्झाउँदा बुझाउँदा पनि उसमा शंकाको कालो बादल हट्न सकेको छैन । अन्त्यमा डाक्टरले मनोवैज्ञानिक उपचार गरेपछि निको हुन्छ । नाटकीय रुपमा लेखिएको यस कथाबाट नेपाली समाजमा महिलामाथि नचाहिने कुरामा शङ्का उपशंका गर्ने प्रवृत्तिका कारण धेरै मानिसका घरबार बिग्रिएका छन् भने धेरै मानिस मानसिक रोगको शिकार समेत हुनपुगेको यथार्थलाई कथामा देखाइएको छ ।

'खोर भित्रको घर' कथामा नेपाली समाजमा रहेको गरिबी र अभावमा पिल्सिएर बाँच्न विवश नेपालीको पीडा व्यथालाई प्रस्तुत गरिएको छ । यस कथाको प्रमुख पात्र 'म' तीजको अवसरमा आमासँगै वैद्यनाथ देवताको दर्शन गर्न जान्छ । आमाले नदीमा पसेर नुहाएपछि 'म' पात्र पनि बुढीगंगा नदीमा लुगा नखोलीकनै पस्छ, उसको हाफ पाईन्ट बुढीगंगाले बगाउँछ । छोरो नाङ्गै भएपछि छोरालाई कपडा किन्ने हेतुले कपडा बेच्ने मानिसलाई जियाले घरमै लिएर जान्छिन् । आफूले राखेको पैसा आफ्नो बाकसमा नपाएपछि उनले घरका सम्पूर्ण सदस्यलाई पैसा हराएको बारे सोध्छिन् । बुहारीले पैसा चोरेको आरोप लगाएको भन्ठानी सासु, ससुरा देवर सबै जना रिसले आगो हुन्छन् । परिवारमा तनाव बढ्दै गएपछि जियाका आमा छोरा छुट्टिएर बाखाको खोरमा बस्न थाल्छन् । आमासँग हाफ पाइन्ट किन्ने पैसा नभएकाले ऊ नाङ्गै स्कुल जान बाध्य हुन्छ । यसबाट नेपाली समाजमा भएको आर्थिक अभावका कारण यहाँका बासिन्दालाई दुईछाक मीठो मसिनो खान तथा नाङ्गो ढाक्न निकै मुस्किल परिरहेको अवस्थाको चित्रण एकातर्फ छ । अर्कातर्फ बुहारीलाई घरको सदस्यका रूपमा नगन्ने तथा उनीहरूलाई हेय दृष्टिले हेर्ने लैङ्गिक विभेदयुक्त पछौटे प्रवृत्ति पनि यथावत् नै रहेको कुरालाई यस कथामा अभिव्यक्त गरिएको छ ।

'मोल' कथामा नेपालमा रहेको भ्रष्टाचारी प्रवृत्तिलाई औँल्याइएको छ । भ्रष्टाचारले ज्यादती बढाइरहेको सरकारी कर्मचारीबाट सोझा सीधा जनताहरू ठगिन पुगेको कुरालाई कथाकारले यस कथामा प्रस्तुत गरेका छन् । कथामा एक दम्पत्ति विवाह उत्सव मनाउन

गएका बखत होटलको एक कोठामा बसिरहेका हुन्छन् । राती सुतिरहेको अवस्थामा प्रहरीले ती दम्पत्तिलाई गिरफ्तार गर्छन्, त्यसपछि प्रहरी, इन्सपेक्टर, वकील, प्रशासनिक अधिकृत, पत्रकार र चिकित्सकको सल्लाह र मिलेमतोमा उनीहरूलाई अपराधी साबित गर्ने प्रयास हुन्छ । उनीहरूले आफूहरू निर्दोष रहेको भनेर जतिसुकै दाबी गरेपनि प्रशासन उनीहरूको पक्षमा हुँदैन । उल्टै वकिलले वेश्यावृत्ति वा जीउ बेच्ने मुद्दा चलाउन सकिने कुरा व्यक्त गर्दछ । अन्त्यमा ती दम्पत्तिले दुईलाख रुपैयाँ दिए सबै कुरा मिलाइ दिने कुरामा सहमति हुन्छ । ती दुवै दम्पत्ति आफूसँग भएको गरगहना र नगद बुझाएर होटलबाट हिँड्छन् । यसबाट नेपाली समाजमा भ्रष्टाचारले जरा गाडेर बसेको कुरा उद्घाटित गर्दै कथाकारले नेपालको प्रशासनिक क्षेत्रमा प्रशासनको रूपमा कार्यरत भ्रष्ट कर्मचारीहरूले अनेक जालझेल बुनेर निर्दोष नागरिकलाई झुक्याउने र फसाउने प्रवृत्ति नेपाली संस्कार जस्तै नै भइसकेको यथार्थलाई यस कथामा अभिव्यक्त गरेका छन् ।

यसरी यस कथासङ्ग्रहमा आएका यी विभिन्न कथाहरूको अध्ययन गर्दा नेपाली समाजमा अझै पनि अशिक्षा र गरिबीले जरा गाडेर बसेको हुनाले यहाँका मानिसलाई बिहान बेलुका हातमुख जोर्न पनि निकै सास्ती भोग्नु परेको छ । वर्ग विभेदको अन्त्य भई नसकेको हुनाले सामन्तीहरूले गरिबहरूलाई शोषण गर्ने आफ्नो इच्छा अनुसार प्रयोग गर्ने प्रवृत्ति पनि उत्तिकै देखिन्छ । समाजमा भएको लिङ्ग विभेदका कारणले छोरालाई स्कुल पठाउने र छोरीलाई घर धन्दामै लगाउने तथा उनीहरूमाथि चाहिँदो नचाहिँदो निगरानी राखेर बन्धनमा पार्ने प्रवृत्तिको चित्रण पनि यस सङ्ग्रहका कथामा गरिएको छ ।

### २.४.२ विदेशी समाजको समाजिक संरचना

'सिपाहीकी स्वास्नी' कथा सङ्ग्रहभित्र सङ्गृहीत 'टिमोर टिमुर' कथा कथाकार विदेशी भूमिमा रहँदा आफ्नो देशलाई उपनिवेश बनाएका कारण त्यहाँका जनताले पाएको दुःखलाई अभिव्यक्त गरेका छन् । कथामा अगस्टा, फ्रान्सिस्को र ब्रिटो तीन जना मिल्ने साथीहरू छन् । तिनीहरूका बावुआमा गरिबीमा पिल्सिएका कारण छतविनाको घरमा बसिरहेका हुन्छन् । ती तिनै जना कामको खोजीमा हिँडछन् उनीहरूको मातृभाषा इन्डोनेसियन तथा तेतुम भएका कारण उनीहरूलाई अंग्रेजी बोल्न आउँदैन । त्यसै कारणले उनीहरूले कहीँ पनि रोजगारको अवसर पाउँदैनन् । बेरोजगारकै कारण उनीहरू बरालिएर समुद्रको छाल गन्दै बस्छन् । एकदिन उनीहरूको साथी ब्रिटो समुद्री किनारमा आउँदैन ।

ब्रिटोले अंग्रेजी जानेकोले काम पायो होला भन्ने अगस्टा र फ्रान्सिस्कोले सोच्छन् तर उनीहरूको सोचाइ विपरीत ब्रिटो एउटा घर फोरेको आरोपमा जेल पर्छ । ऊ जेल परेकोमा उसका साथीहरू दुःखी हुनुको सट्टा खुसी हुन्छन् किनभने उनीहरूका आमाबावुले अब आफूहरूलाई ब्रिटोसँग तुलना गर्ने छैनन् । यसबाट उपनिवेशवादबाट स्वतन्त्र भएर पनि उपनिवेशवादी दुर्भाग्य व्यहोर्न बाध्य बनेका पूर्वी टिमोर तथा त्यहाँका बासिन्दाको यथास्थितिलाई यस कथामा अभिव्यक्त गरिएको छ ।

'सुँगुरको पाठाको मृत्यु' कथामा पनि सानो निहुँ पाउनासाथ बढीभन्दा बढी फाइदा उठाउन खोज्ने पूर्वी टिमोर गाउँका बासिन्दाको यथार्थलाई प्रस्तुत गरिएको छ । कथामा पूर्वी टिमोर जाँदा 'म' पात्रको गाडीले एउटा सुँगुरको पाठो मारिदिन्छ । त्यहाँका स्थानीय बासिन्दाले त्यस पाठाले भविष्यमा कमाउन सक्ने सबै मोल हिसाब गरेर दिनुपर्ने कुरा उठाउँछन् । उनीहरूले त्यस सुँगुरका पाठाका दश पाठाहरू हुन सक्ने सम्भावना देखाउँदै सुँगुरको मूल्य एघार लाख बताउँछन् । त्यसैबीच म पात्रले एउटा जुक्ति निकालेर आफूसँग भएको क्यामेराले सुँगुरका मालिक मालिक्नीको फोटो खिचिदिन्छन् । त्यसपछि त्यहाँका सबै मानिसले आ-आफ्नो तस्वीर खिचिदिन आग्रह गर्छन् । 'म' पात्रले तिनीहरूको फोटो खिचिदिन्छन् र आफूले खिचेको सबै तस्वीरको पैसा दिन भन्छन् । तस्वीरको सबै मूल्य कटाएर म पात्रले रु ५०,००० ।- सुँगुरको मालिकलाई दिएसँगै कथाको अन्त्य हुन्छ । यसबाट पूर्वी टिमोरमा रहेको अशिक्षा र गरिबीका कारण त्यस ठाउँका बासिन्दाको जीवनस्तर निकै दयनीय रहेको छ । उनीहरूको आम्दानीको प्रमुख स्रोत पशुपालन रहेको यथार्थतालाई देखाउँदै उनीहरूले आफूहरूमाथि आइपरेको आपत्‌विपत्‌मा कुराकानी गर्नुपर्दा गाउँको मुखिया तथा नेतालाई अघि सार्ने परम्परा वा संस्कृतिको झलक पनि प्रस्तुत कथामा दिइएको छ ।

यसै सङ्ग्रहको 'काँडा फुल्ने बगैँचा' कथा पनि विदेशी पृष्ठभूमिमा लेखिएको छ । कथामा 'म' पात्रको बाबु समलैङ्गिक तथा आमा परपुरुषसँग लागेकोले छोराछोरीमा आएको मानसिक प्रताडनाका कारण हत्यारा समेत बन्न पुग्ने यथार्थलाई वर्णन गरिएको छ । जेम्सका बाबु समलिङ्गी हुनाले उनीहरूको दाम्पत्य जीवन कष्टकर बनेको छ । समलिङ्गी हुनाकै कारण उसको बावुले आफ्नो छोराबाटै यौन सन्तुष्टि पाउने प्रयास खोज्छ । यसका साथै अन्य केटीहरूलाई घरमा ल्याउने र सम्बन्ध राख्ने काम पनि गर्दछ । उसकी आमा

पनि समलिङ्गी पतिका कारणले आफ्नै लोग्नेको साथीसँग अवैध सम्बन्ध गाँस्न थाल्छे । आमाबाबुका यस्ता क्रियाकलापले जेम्स विक्षिप्त बनेको छ । जेम्सको बाबु एकदिन आफ्नै छोराको प्रेमिकासँग यौन क्रियाकलापमा संलग्न भएको देखेपछि उसले आफ्नी प्रेमिकाको हत्या गर्छ । यसबाट युरोपियन मुलुकमा समलिङ्गी समस्या बढ्दै गएको छ । त्यहाँका मानिसले समलिङ्गी व्यवहार भएका मानिसहरू नचिन्नाले उनीहरूको परिवारले ठुलो क्षती भोग्नु परेको छ । अर्कोतर्फ युरोपियन समाजमा आफ्नी श्रीमती हुँदाहुँदै आफूभन्दा दोब्बर उमेरले कान्छी केटीसँग अवैध सम्बन्ध राख्ने तथा श्रीमतीले पनि परपुरुषसँग यस्ता सम्बन्धहरू राख्नाले उनीहरूका छोराछोरी आक्रामक हुने, तिनमा बावुआमाप्रति नै वितृष्णाको भाव जागृत हुँदै जाने कुरालाई कथामा अभिव्यक्त गरिएको छ ।

## २.५ 'अफ्रिकन अमिगो' सङ्ग्रहका कथामा सामाजिक संरचना

महेशविक्रम शाहको *अफ्रिकन अमिगो* (२०६०) सालमा प्रकाशित कथा सङ्ग्रह हो । प्रस्तुत कृतिमा १५ वटा मौलिक कथाहरू सङ्गृहित छन् । कथावस्तु, कथाका पात्र वा चरित्रहरूका आधारमा *'अफ्रिकन अमिगो'* सङ्ग्रहका धेरै जसो कथाहरू नेपाली पृष्ठभूमिमा आधारित छन् । कतिपय कथाहरू कथाकार आफू विदेशी भूमिमा जाँदा देखेका त्यहाँका मानिसका वास्तविकतालाई आधार बनाएर लेखेका छन् । महेशविक्रम शाहले *'अफ्रिकन अमिगो'* सङ्ग्रहका कथाहरूमा सामन्तवर्गप्रति व्यङ्ग्यप्रहार गर्नुका साथै उत्पीडित निम्नवर्गका मानिसका जीवनका संवेदनशील पक्षहरूको विश्लेषण गरेका छन् । उनका अधिकांश कथाहरूमा तराई र भित्रीमधेश अनि सुदूरपश्चिममा व्याप्त अशिक्षा, अज्ञानता र गरिबीको भुङ्ग्रोमाथि पिल्सिन बाध्य नेपाली जनजीवनको यथार्थलाई प्रस्तुत गरिएको छ ।

प्रस्तुत कथासङ्ग्रहका १५ कथामध्ये ८ वटा कथा 'माघी', 'मेरी पाटु', 'पुनरागमन', 'चियाईरहेका सपनाहरू', 'सरजु लाला', 'फागुको रङग', 'चोखाउनी' र 'चरकी' तराई र भित्री मधेशका अत्यन्त तल्ला वर्गका मानिसहरूको जनजीवनको चित्रण गरिएका कथाहरू हुन् । त्यस्तै 'यात्राहरू जुन कहिल्यै टुङ्गिँदैनन्', 'किमधाराको खर्क' र 'गाउँमा हलचल' कथामा पश्चिमको पहाडी भेगको कठोर जनजीवनको जीवन्त प्रस्तुति भेटिन्छ । 'अफ्रिकन अमिगो', 'चिहान' र 'मृगतृष्णा' विदेशी पृष्ठभूमिलाई आधार बनाएर सृजना गरिएका कथा हुन् । कथाकार शाहले 'प्रकृति र मान्छे' कथा बेग्लै पृष्ठभूमिमा लेखेका छन् जहाँ गाउँ र सहर दुवैको मिश्रण भेटिन्छ । यसरी हेर्दा यस सङ्ग्रहका कथाले विशिष्ट सामाजिक पृष्ठभूमि

प्राप्त गरेका छन् । प्रस्तुत उपशीर्षकमा कथाले प्राप्त गरेका यिनै सामाजिक पृष्ठभूमिका सन्दर्भको अध्ययन गरिएको छ ।

## २.५.१ नेपाली समाजको सामाजिक संरचना

प्रस्तुत सङ्ग्रहका कथामा कथाकारले आफ्नै गाउँठाउँ र सेरोफेरोमा बाल्यकालदेखि देखे भोगेका घटना तथा यथार्थलाई माघी, फागुको रङ्ग, पुनरागमन, सरजु लाला, चोखाउनी, चरकी कथाका माध्यमबाट प्रस्तुत गरेका छन् ।

पश्चिम तराई भेगमा बसोबास गर्ने थारु जातिमा संस्कृति बचाउने बहानामा ऋण काढेर चाड मनाउने कुरीतिलाई आधार बनाइ 'माघी' कथाको रचना गरिएको छ । यस कथाका प्रमुख पात्र भिखवा र फिरिया त्यस भेगका आर्थिक कमजोरीले थिलथिलो भएका समग्र थारु समुदायको प्रतिनिधित्व गर्ने पात्र हुन् । जग्गा जमिनको अभाव र आर्थिक स्रोतको कुनै विकल्प नभएकाले उनीहरूलाई एकातिर बिहान बेलुकाको छाक टार्न धौधौ परेको जटिल अवस्था छ । अर्कातिर थारु जातिकै महान चाड 'माघी' भव्यतवरले मनाउनै पर्ने बाध्यात्मक परिस्थिति छ । यस्तो बेला भिखवासँग ऋण काढ्नका लागि धितो राख्ने वस्तु केही नभएकाले आफ्नी आठ बर्षकी छोरी ठुन्डीलाई साहु कहाँ बन्धक राखी ऋण लिएर ऊ भोजको आयोजनागरी माघी मनाउँछ । यसबाट पश्चिम तराईको थारु समुदायमा वर्गभेदको विकराल स्थिति छ । त्यहाँका आदिवासी थारु जातिमा संस्कृति बचाउने नाममा अन्धविश्वास र कुरीतिले जरा गाडेर बसेको छ भन्ने कुरालाई देखाइएको छ । सम्पन्न सामन्तवर्ग शक्तिशाली छ र उक्त वर्गले विपन्न वर्गलाई आर्थिक तथा मानसिक शोषण गरिरहेको कुरा पनि प्रस्तुत कथाबाट स्पष्ट हुन्छ ।

'फागुको रङ्ग' कथा नेपालको सुदूरपश्चिमका थारु जातिको संस्कृतिको यथार्थतालाई आधार बनाएर रचना गरिएको छ । दुई वर्षअघि फागुको अवसर पारेर छोट्कुसँग वैवाहिक बन्धनमा बाँधिएकी रामकली दुईवर्ष पछिको फागु चाडकै दिन आफ्नै भाउजू नथुनीलाई भगाएर वेपत्ता भएपछि यसपालीको फागुचाड उसलाई निकै खल्लो लाग्छ । त्यसपछि उनीहरूको परिवारमा जेठाजु, बुहारीमात्र बस्दै आएका छन् । ती दुवैमा भित्रभित्रै एकले अर्कोलाई मन पराए पनि सामाजिक बन्धनका कारण बाहिर प्रकट गर्न सक्ने सामर्थ्य छैन । यस वर्षको फागुको दिन रामकली जेठाजुलाई रङ दलिदिएर प्रेम प्रस्ताव राख्ने सोच

गर्छे । त्यसै अवस्थामा उसको जेठाजु, भिङरान थारुकी विधवा बुहारी चिङ्कीसँग होली खेलिरहेको देखेपछि उसको सपना चकनाचुर हुन्छ । यसले थारु जाति संयुक्त तथा ठूलो परिवारमा बस्नुका साथै उक्त समुदायमा बहुबिवाह गर्ने प्रचलन विद्यमान रहेको छ । त्यस्तै देवर, भाउजू तथा जेठाजु बुहारीबीच पनि विवाह हुन सक्ने कुरालाई यस कथा मार्फत् अभिव्यक्त गरिएको छ ।

'चोखाउनी' कथामा नेपालको थारु संस्कृति र त्यहाँ विद्यमान विकृतिको चित्रण छ । कथामा आएको प्रमुख पात्र झिङ्रानले घरमा जेठी स्वास्नी हुँदाहुँदै कान्छी स्वास्नी बिहे गर्छ । आफ्नो श्रीमानले हेला गरेपछि जेठी स्वास्नी कुम्रीले छिमेकी दैतान माइलासँग सम्बन्ध राखी आफ्नो यौनइच्छा पुरा गर्छे । झिङ्रानले दैतान माइला आफ्नी जेठी स्वास्नी कुम्रीको कुन्टीभित्र रहेको थाहा पाउँछ । अर्को दिन झिङ्रानले उक्त कुरा त्यहाँको पञ्चलाई जानकारी गराउँछ । उनीहरूले थारु संस्कृति अनुसार कुम्रीको योनी शुद्धीकरण गर्नुपर्ने प्रस्ताव गर्छन् । कुम्रीको योनी शुद्धिकरण वापत दैतान माइलाले गाउँलेलाई भोजभतेर खुवाउँछ । त्यसपछि झिङ्रान आफ्नी जेठी पत्नीलाई स्वीकार्छ । यसरी पश्चिम नेपालको थारु समुदाय आर्थिक रुपले विभेदयुक्त रहेको छ । लैङ्गिक असमानता हुनुका साथै अशिक्षाले त्यस समाजमा जरा गाडेर बसेको छ । त्यसैले त्यहाँ बहुविवाह गर्ने अनि योनी शुद्धिकरणका नाममा पटक पटक भोजभतेर खुवाउने खाने प्रचलनलाई पश्रय दिइरहेको अवस्थालाई यस कथामा कथाकारले अभिव्यक्त गरेका छन् ।

थारु सामाजिक पृष्ठभूमिमै रचिएको 'चरकी' कथामा थारु समाजमा निम्नवर्गका मानिसहरूले छोरीको विवाह गरिदिन नसक्दा सन्तानले विष सेवनगरी आफूहरूबाट मुक्त हुँदा समस्या समाधान भएको अनुभूतिलाई देखाइएको छ । 'चरकी' कथाको प्रमुख पात्र निम्नवर्गीय लखन महतो हो । सम्पत्तिको नाममा एककट्ठा जमिन र चरकी नामको दुहुनो गाई बाहेक अरु केही छैन । त्यसै गाईको दुध बेचेर आएको पैसाले उसको घरखर्च चलेको छ । दाइजो दिने सम्पत्ति आफूसँग नभएकोले उमेर पुगेकी छोरी कुम्रीको बिवाह गरिदिन नसक्दा उसकी स्वास्नी र ऊ अत्यन्त चिन्तित छन् । छोरीको विवाह गरिदिँदा सम्पत्तिको नाममा रहेको एकमात्र गाई पनि गुमाउनुपर्ने र नगरिदिँदा छोरीको भविष्य अन्धकारमय हुनुका साथै आफ्नो इज्जत पनि गुम्न सक्ने डरले दुवै दम्पत्ती आकुलव्याकुल हुन्छन् । यसै अवस्थामा एकदिन कुम्रीले विष सेवनगरी आत्महत्या गर्छे । त्यसपछि उनीहरूको

जीवनमाथि आईपरेको बज्रपात हटे जस्तो हुन्छ र दुवैले मुक्ति पाएको श्वास फेरेसँगै कथाको अन्त्य भएको छ । यो र यस्तै घटना सन्दर्भबाट नेपालको थारु समाज आर्थिक विपन्नताले ग्रस्त रहेको र त्यसमाथि दाइजो प्रथाको प्रचलनले गर्दा छोरीबुहारीले आत्महत्या गर्न बाध्य हुनु परेको त्रासदीयुक्त सामाजिक परिवेश कायम रहेको देखिन्छ । यसले उक्त समाज आर्थिक विपन्नताका साथै चेतनागत दृष्टिले पनि पछाडि रहेको सङ्केत गर्दछ ।

कथाकार शाहले नेपालको सुदूरपश्चिम भेगका वादीजातिमा व्याप्त रहेको गरिबीलाई कथावस्तु बनाएर 'पुनरागमन' कथाको रचना गरेका छन् । कथामा बादी जातिको सर्पेले सुवालाई भर्खरै विवाह गरेर ल्याएको छ । चरम गरिबीको मार खेपिरहेको बादी जातिको पुर्ख्यौली नाच्ने र गाउने पेसालाई सर्पेले पनि निरन्तरता दिँदै आएको छ । उसले प्रमुख चाडपर्वहरूमा साहुमहाजनका घर घरमा गएर गीत र नाचका माध्यमबाट मनोरञ्जन दिएपछि प्राप्त हुने रकमले बिहान बेलुकाको छाक टार्दै आएको छ । सर्पेको गरिबीको फाइदा उठाउँदै इन्द्रजितले सुवाको सतित्वमा कालो दाग लगाउन खोज्छ । पवित्र हृदयकी सुवा त्यसको प्रतिकार गर्न कडा प्रतिक्रिया दिन्छे तर अन्त्यमा साहु महाजनको अगाडि हात नजोरी आफ्नो मुखमा माड नलाग्ने वास्तविकता बुझेपछि ऊ पुर्ख्यौली पेसामा लाग्न बाध्य हुन्छे । यसबाट नेपाली सामाजिक संरचनाको अँध्यारो पाटो उद्घाटित भएको छ । नेपाली समाज आर्थिक विषमतायुक्त वर्गभेदमा संरचित छ । अनि, आर्थिक दृष्टिले सम्पन्न सामन्त वर्ग शक्तिशाली छ । त्यही शक्तिका कारण त्यस वर्गका मानिसले आर्थिक रुपमा कमजोर तथा शक्तिहीन समुदायका महिलालाई जबर्जस्ती यौनव्यापारमा संलग्न गराएर यौनतुष्टि लिने काम गरिरहेका छन् भन्ने कुरा कथाबाट स्पष्ट भएको छ ।

'सरजु लाला' कथामा सुदूरपश्चिमको ग्रामीण परिवेशको चित्रण गरिएको छ । प्रस्तुत 'सरजु लाला' कथामा भारतीय नागरिक भएर पनि नेपाल र नेपालीप्रति हृदयदेखि नै छताछुल्ल माया ओछ्याउने, सदैव नेपालीहरूको भलाई र उन्नति चाहने सरजु लालाको साँचो मायालाई प्रस्तुत गरिएको छ । कैलाली जिल्लामा पाताभर भन्ने ठाउँमा पसल खोली उसले यहाँका बासिन्दाहरूलाई आफूले सक्ने जति सेवा पुऱ्याएको छ । उसको सेवाबाट त्यस ठाउँमा बसोबास गर्ने सम्पूर्ण गाउँलेहरू सन्तुष्ट देखिन्छन् । समय बित्दै जाँदा सरजुलालाको समाजप्रतिको सेवालाई नरुचाउने उसलाई नेपालबाट पलायन गराउन सक्दा आफूहरूले मनग्य आम्दानी कमाउन सक्ने लोभमा केही स्वार्थी मानिसहरूले अपमानजनक

ढङ्गले नेपालबाट लखेटेको घटनालाई कथामा प्रस्तुत गरिएको छ । भारतीय नागरिक सरजु लालाले नेपालीप्रति गरेको सेवा र समर्पणको भावलाई त्यहाँका बासिन्दाले आदर र सम्मान गर्नुको सट्टा अपमानजनक ढङ्गले गाउँबाट निकालिदिएका छन् । यसरी नेपालमा नैतिकताको भाव हराउँदै गएको, एकले अर्कोलाई सम्मान गर्ने प्रवृत्ति हट्दै गएको छ । मानिस मानिसबीच प्रतिस्पर्धा बढ्दै गएको स्वार्थी प्रवृत्तिलाई कथामा देखाइएको छ ।

यसरी सुदूरपश्चिममा रहेको थारु समुदायमा आर्थिक विपन्नताका साथै अशिक्षाको ठूलो खाडल छ । आर्थिक अवस्थाले कमजोर वर्ग आर्थिक रुपले सम्पन्न वर्गबाट शोषित बन्न पुगेका छन् । अशिक्षित तथा विपन्न हुनुकै कारणले यहाँका मानिसहरू नराम्रा संस्कारलाई पनि अनुशरण गर्दै अगाडि बढेका छन् । अर्कोतर्फ त्यस समाजमा रहेको दाइजो प्रथाले गर्दा गरिब आमाबावुमा मानसिक विक्षिप्तता पलाउँदै जानु तथा छोरी बुहारीले आत्महत्या गर्न बाध्य हुनु परेकोले उक्त समाज अझै पनि पछौटे हुनुका साथै वर्गीय विभेदबाट मुक्त हुन नसकेको कुरालाई कथाकारले यी कथाहरू मार्फत अभिव्यक्त गरेका छन् ।

प्रस्तुत कथा सङ्ग्रहमा सङ्गृहित 'यात्राहरू जुन कहिल्यै टुङ्गिँदैनन्', 'किमधाराको खर्क', 'गाउँमा हलचल' कथाहरूमा पश्चिम पहाडी समुदायका मानिसहरूले भोग्नु परेका पीडा, दुःख र कष्टकर जीवन बिताउन बाध्य हुनुपरेको यथार्थलाई कथाकारले यी कथाहरूमा प्रस्तुत गरेका छन् ।

यथार्थ र वास्तविकताले भरिएको यस्तै कथा हो, 'यात्राहरू जुन कहिल्यै टुङ्गिँदैनन्' । सुदूरपश्चिममा अवस्थित अत्यन्त विकट क्षेत्रका बासिन्दाले मालिकको भेँडो गोठालो बनेर बिताउनुपर्ने दिनचर्याको पीडालाई यस कथामा उद्घाटित गरिएको छ । कथामा हिमाली क्षेत्रमा अत्यधिक चिसोका कारण कृषिकार्यबाट कम उब्जाउ हुने र रोजगारीको अवसर नहुँदा त्यहाँका बासिन्दाहरू भरिया ज्याला मजदुरी गरेर दैनिक जीवन गुजार्नुपर्ने कारुणिक अवस्थाको चित्रण गरिएको छ । कथाको प्रमुख पात्र महावीरे आफ्नी स्वास्नी र छोराको निम्ति लुगा र दुई पाथी नून प्राप्त गर्न जाडोयामका चार महिना हिमालको बाटोमा चिसो हिउँ र बतासको सिरेटो नभनी मालिकको भेँडा खेद्ने तथा भरिया बनेर उकाली ओराली गर्नुपर्ने करुण अवस्था रहेको छ । नून प्राप्त गर्नका लागि मालिकको भान्जा बोक्ने र पैँतालीसवटा भेँडा खेद्ने जिम्मा उसैमाथि आइ लागेको छ । हिमपातबाट कुटिँदै, भेँडा खेद्दै

'म' पात्रलाई डोकामाथि बोकेर ऊ भट्टेडाँडा आइपुग्छ । त्यहाँ मालिकले भैँडा गन्दा एउटा भैँडा नपुगेपछि महावीरेले मालिकको गाली खानुपर्छ । यस्तो वचनरुपी वाण सुनेपछि मालिकसँग वाक् युद्धगरी ऊ अज्ञात स्थलतर्फ लाग्छ । यसरी नेपाली पहाडी समाजमा वर्गभेद विद्यमान रूपमारहेको छ । समाजका धनीमानी शोषक वर्गका मानिसहरूले गरिबमाथि अन्याय अत्याचार र शोषण गरिरहेका छन् । अर्कोतर्फ उक्त समाजमा जातीय विभेद पनि विद्यमान रहेको छ । समाजका उपल्लो जात मानिनेहरूले तल्लो जातका मानिसहरूको श्रमको शोषण गर्नुका साथै उनीहरूको स्वाभिमान माथि आँच आउने कार्यहरू गरेकाले त्यस समुदायमा आर्थिक तथा जातीय विभेद विद्यमान छ भन्ने कुरा थाहा पाउन सकिन्छ ।

'किमधाराको खर्क' कथामा पनि नेपालको सुदूरपश्चिम पहाडी जनजीवनको दुःख कष्ट र पीडालाई अभिव्यक्त गरिएको छ । आफ्नो बाबु धन कमाउन बम्बई गएकाले 'म' पात्र लेकाली खर्कमा गाइबस्तु पाल्दै आएकी आफ्नी आमासँग बस्छ । उसका हजुरबुवा हजुरआमा औलमा बस्छन् । 'म' पात्र दिनहुँ कोदोको रोटी खाँदा दिक्क भइसकेको हुन्छ । आफूले मारेका २ वटा चरा लिएर ऊ आमासँग भात खानका लागि हजुरबुबा आमा भएको ठाउँमा पानीमा पिटिँदै जान्छ । छिप्पँदो रातमा घर पुगेको नातिलाई घरमा राखी बुहारीलाई गाइवस्तुको राम्रोसँग हेरचाह नगरेको भन्दै गाली गरी 'म' पात्रको आमालाई पुनः किमधाराको खर्क पठाएसँगै कथाको समाप्ति भएको छ । यसबाट सुदूरपश्चिमको नेपाली समाज आर्थिक दुरवस्थामा जकडिएको र तिनको जीवन दुरुह रहेको कुरा यस कथामा चित्रित छ । नेपाली समाज गरिबीको भुङ्ग्रोमाथि पिल्सिनुका साथै अझैपनि लैङ्गिक विभेद हटिसकेको छैन । यहाँ बुहारीहरूलाई हेला तथा तिरस्कार गर्ने परम्परा रहिआएको छ । अर्कोतर्फ दिनरात हाड घोट्दा पनि दुईछाक खान नपाउनु, कमाइका लागि लोग्नेहरू विदेशिएपछि नाबालक छोराछोरी लिएर महिलाहरू मान्छेको आवतजावत नहुने एकान्त ठाउँहरूमा पशुपालन गरी जीविका चलाउन बाध्य नेपाली समाजको यथार्थपरक अभिव्यक्ति यस कथामा पाइन्छ ।

'गाउँमा हलचल' कथामा विकासबाट पछिपरेको शिक्षाको पारिलो घामले नछोएको र आर्थिक अवस्थाबाट पिछडिएको दुर्गम पहाडी भेगको वास्तविकतालाई कथाकारले यसमा कथावस्तुका रूपमा प्रस्तुत गरेका छन् । पश्चिम पहाडी जिल्ला प्युठानको मेलाचौर डाडाँमा

अकस्मात् बेलुकीपख नेपाली सेनाको व्यारेक पाल टाँगेर अस्थायी रूपमा बसेपछि त्यस भेगका मानिसहरू हर्षले गद्‌गद् हुन्छन् । उनीहरूले आफूहरूसँग उत्पादन भएका विविध सामग्री तथा वस्तुहरू बेचविखन गरेर मनग्य आम्दानी कमाउने सोँचमा हुन्छन् । अलिकति उमेर पुगेका युवतीहरू सेनासँग बिहे गरेर घरजम गरेर बस्ने सोँचमा हुन्छन् । यस्तैगरी गाउँमा हलचल तथा गाईंगुईं हुँदाहुँदै अर्कोदिन बिहानै सेनाको व्यारेक उठिसकेको खबरले सबै गाउँलेहरूमा निराशा छाउँछ । गाउँलेको सपना भताभुङ्ग भएसँगै कथाको अन्त्य हुन्छ । यसबाट नेपाली पहाडी दुर्गम समाज अशिक्षा र गरिबीको चपेटामा परेको छ । आम्दानीको स्रोत र रोजगारको अवसर नभएको नहुँदा सेनाको आगमनले मात्र पनि मानिसहरू आशावादी र हर्षित हुनुपर्ने अवस्था विद्यमान रहेको कुरा कथाले स्पष्ट पारेको छ ।

यी कथाहरूको आधारमा नेपाली पहाडी समाजमा वर्गभेद विद्यमान रहेको छ । समाजका धनीमानी शोषक वर्गका मानिसले गरिब माथि अन्याय अत्याचार र शोषण गरिरहेका छन् । अर्कोतर्फ जातीय विभेद पनि उत्तिकै रहेको छ । समाजका उपल्लो जात मानिनेहरूले तल्लो जातका मानिसहरूको श्रमको शोषण गर्नुका साथै उनीहरूको स्वाभिमानमाथि आँच आउने कार्यहरू गर्ने हुनाले त्यस समुदायमा आर्थिक तथा जातीय विभेद विद्यमान छ । प्रस्तुत सङ्ग्रहका कथाले पश्चिम नेपाली समाजको विविधतायुक्त सामाजिक परिवेशबाट कथारचनाको पृष्ठभूमि प्राप्त गरेका छन् ।

प्रस्तुत कथा सङग्रहमा कथाकारले कतिपय कथाहरूमा ग्रामीण समाज र त्यस ठाउँका मानिसहरूले भोगेका समस्यालाई कथावस्तुका रूपमाप्रस्तुत गरेका छन् भने यसै कथा सङग्रहमा सङ्गृहीत ‘चियाइरहेका सपनाहरू’ कथामा सहरिया परिवेशमा आमाबावु विहीन बालबालिकाले भोग्नुपरेको दुःख पीडाको वास्तविकतालाई कथावस्तुका रूपमा प्रस्तुत गरेका छन् । कथामा आएको प्रमुख पात्र ‘ऊ’ आमाबावुबाट सानैमा अलग्गिएपछि पहिले खाते र त्यसपछि चोर बन्न पुगेको छ । उसले दिनदिनै विविध प्रकारका सामान चोरेर कोठामा ल्याउने र थरीथरीका लुगा लगाउने उसलाई बानी भइसकेको हुन्छ । आफ्नो झुपडीबाट सँगै उमेर मिल्ने स्कुले केटीलाई बारम्बार महलतर्फ चियाएर हेरिरहन्छ । त्यो ठिटी पनि उसलाई त्यसरी नै हेर्न थाल्छे । एकदिन ‘ऊ’ खुसी हुँदै केटीले आफूप्रति गरेको व्यवहार साथीलाई सुनाउन सडकमा जान्छ, त्यो दिनदेखि ऊ पुनः कहिल्यै छाप्रोमा फर्कँदैन तर केटी भने केटाको पर्खाइमा निरन्तर छाप्रोमा आँखा बिछ्याइरहेकै अवस्थामा कथाको

समाप्ति भएको छ । यसबाट सहरी समाजमा गरिब र धनीबीचको खाडल व्यापक छ । हुनेखानेका छोराछोरी सुविधा सम्पन्न विद्यालयमा पढिराखेका छन्, सबै सेवा सुविधाको उपभोग गरिराखेका छन् । उनीहरूको भविष्य उज्वल छ । अर्कोतर्फ गरिबहरू आर्थिक अभावका कारण आफ्ना बालबालिकालाई पालन पोषणसमेत गर्न नसक्ने स्थितिमा छन् जसले गर्दा आफ्ना बालबच्चा अलपत्र छोडिदिएर बेवारिसे बनाइनुका साथै उनीहरूको भविष्य समेत अन्धकारमय बन्न पुगेको यथार्थताको अभिव्यक्ति यस कथामा गरिएको छ ।

## २.५.२ विदेशी सामाजको समाजिक संरचना

कथाकार शाह आफू अफ्रिकी मुलुक तथा युरोपियन मुलुकमा रहँदा बस्दा देखेका घटनाहरूलाई  लिएर 'अफ्रिकन अमिगो', 'मृग तृष्णा' तथा 'चिहान' कथाको रचना गरेका छन् । गृहयुद्धका कारण तहसनहस भएका राष्ट्रले भोग्नु परेको वास्तविकताको वर्णनका साथै युरोपियन मुलुकको धर्मप्रतिको विषयवस्तुलाई लिएर यी कथाको विषयवस्तु रचना गरिएको छ ।

'अफ्रिकन अमिगो' कथामा अफ्रिकी मुलुक मोजाम्बिकमा भएको गृहयुद्धका कारण त्यहाँका बालबालिहरू बालमजदुर बन्न पुगेका छन् । त्यही सन्दर्भलाई पृष्ठभूमि बनाएर यस कथाको रचना गरिएको छ । कथामा सोही पृष्ठभूमिबाट आएको इरिक करिब बाह्र तेह्र वर्षको केटो छ । उसकी आमाले उसलाई अवैध रूपमा जन्माएकी हुँदा उसको वास्तविक बाबुको पहिचान खुल्न सकेको छैन । झड्केलो बाबुले उसलाई मायाँ गर्दैन । विद्यालयमा पढ्ने कुरा त परै जाओस ऊ आफ्नो खर्च धान्न तथा आमाको खर्च जुटाउनका लागि केटी दलाली पेसा अँगाल्छ । केही समयपछि उसकी आमाले उसलाई अलपत्र छोडेर अर्को युवकसित बिहे गर्छे । त्यसपछि ऊ कोइलाभट्टीमा बालमजदुरको रूपमाकाम गर्न विवश हुन्छ । यसरी अफ्रिकी मुलुक मोजाम्बिक गृहयुद्धले तहसनहस हुँदै गएकोले त्यहाँ राजनीतिक अस्थिरता हुनुका साथै सामाजिक संरचना एवम् भौतिक सम्पदा क्षतविक्षत हुन पुगेपछि आर्थिक दुरवस्थाका कारण त्यहाँका बालबालिका कोही यौनपेसा अँगाल्न पुगेका छन् भने कोही बालमजदुरको रूपमा जोखिमपूर्ण काममा लाग्नु परेको छ । गरिबीका कारण पढ्ने उमेरका बालकहरू ग्राहकलाई केटी मिलाईदिने दलाल बन्नु, युवतीहरू पन्ध्र वर्ष नपुग्दै अवैध सन्तान जन्माउन पुग्नु, सानै उमेरमा युवतीहरू एड्स जस्तो भयावह रोगबाट मृत्युको मुखमा पुग्नु, बालबालिकाहरू बालमजदुर हुन बाध्य हुनुजस्ता कारणहरूले त्यहाँको

समाज आर्थिक विपन्नता रोजगारीको अभावका साथै चेतनागत दृष्टिले पनि निकै पछाडि परेको कुरा कथाकारले यस कथामा देखाएका छन् ।

प्रस्तुत कथा सङ्ग्रहमा आएको 'मृगतृष्णा' कथामा पनि यस्तै सामाजिक पृष्ठभूमि देखिन्छ । कथाकारले अफ्रिकन मुलुक मोजाम्बिक पुगेका बखत गृहयुद्धका कारण गरिबीको चपेटामा पिल्सिन बाध्य नारीको दयनीय र पीडादायी अवस्थाको मार्मिक र कारुणिक चित्र यस कथामा उतारेका छन् । कथाकार अफिसको कामले मोजाम्बिक राष्ट्रको राजधानी मपुतोको बसाइका क्रममा त्यहाँको करीब बीस वर्ष जतिकी टेरेजा नामकी युवतीलाई घरायसी काम गर्नका निम्ति राख्छन् । आर्थिक स्थिति जर्जर भएकाले टेरेजाको परिवारले आर्थिक समस्या झेलिरहेको हुन्छ । अर्थोपार्जनको कुनै उपाय नहुँदा टेरेजा पन्ध्र वर्षकै उमेरदेखि देहव्यापारमा लागेकी छे । उसका दुई अवैध सन्तान छन् । ऊ अझै पनि स्थायी लोग्नेको खाँचो महसुस गर्दै कथाकारलाई नै उक्त प्रस्ताव राख्छे । कथाकारले उक्त प्रस्ताव अस्वीकार गरेसँगै कथाको अन्त्य भएको छ । यसबाट गृहयुद्धको चपेटामा रुमलिएको मोजाम्बिक राष्ट्र आर्थिक विपन्नतमा गुज्रिएको, त्यहाँका किशोरीहरू हातमुख जोड्ने समस्याको समाधानका निम्ति देहव्यापारमा लागेको अनि अर्कोतर्फ त्यही गरिबीको फाइदा लिँदै त्यहाँका पुरुषहरूले नारीहरूको जीवनमा तुषारापात गरेको कुरालाई कथाकारले यस कथामा प्रस्तुत गरेका छन् ।

विदेशी पृष्ठभूमिको प्रयोग गरेर लेखिएको 'चिहान' कथामा युरोपेली मानिसहरूमा रहेको क्रिश्चियन धर्मको प्रभावलाई आधार बनाएर कथावस्तुको सिर्जना गरिएको छ । आफ्नो ज्यानको भन्दा आफ्नो लाशको बढी माया भएको कथाको प्रमुख पात्र जेम्सलाई बुढ्यौलीले छुँदै गएको छ । मरेपछि आफ्नो लाशलाई चर्चित एवम् पवित्र स्थलमा समाधिस्थ गर्ने उद्देश्यले 'ऊ' ट्रष्टमा अग्रिम किस्ताबन्दीको रुपियाँ बुझाउँदै जान्छ । चिहानमा रुपियाँ बुझाउने 'ऊ' जस्ता धेरै बुढाहरू पालोमा बसेका छन् । त्यस चर्चमा अब सीमित व्यक्तिका लाशका लागि स्थान खाली रहेकाले छिटो रकम बुझाउने व्यक्तिले मात्र चिहान सुरक्षित गर्नसक्ने हुँदा चिहानका लागि बुढाहरूमा तीव्र होडबाजी चल्न थाल्छ । जेम्सको आर्थिक अवस्था मजबुत नभएकाले किस्ताबन्दीको रकम अग्रिम बुझाउन सक्ने अवस्था उसको छैन । फलतः ऊ चिहानका लागि अरुले उछिन्लान भन्ने भयले त्रसित भएर चिहान प्राप्तिको रोलक्रममा रहेका चारजना बुढालाई गोप्य रूपमा हत्या गर्दै जान्छ तर पाँचौँ

बुढाको हत्याको आरोपमा ऊ पक्राउ पर्छ र प्रहरीले जेल चलान गर्छन् । यसबाट युरोपियन समाज धर्मप्रति रुढिग्रस्त रहेको छ । त्यहाँका मानिसहरूले मरेपछि पुण्य कमाउने आशामा जस्तोसुकै कार्य पनि गर्ने गरेको तथ्य उद्घाटित गर्दै उनीहरूको धर्मप्रतिको अन्धभक्तिलाई अभिव्यक्त गरेका छन् ।

'प्रकृति र मान्छे' विदेशी सामाजिक परिवेशसँग सम्बद्ध छ । कथाकार शाहले स्वैर कल्पनाको सृजनागरी यस कथाको कथावस्तु निर्माण गरेका छन् । कथाअनुसार यस कथामा प्रमुख पात्रका रूपमा बाजे, छोरो र नातिगरी तिन पुस्ता देखिन्छन् । कथाको बाजे गाउँको प्राकृतिक वातावरणमा हुर्किएर बुढेसकालमा सहर पसेको छ । उसको छोरो विद्यालयस्तरीय शिक्षा पूरागरी उच्च शिक्षाको लागि सहर पसेपछि ठुलो आविष्कारक भएको छ । ऊ प्राकृतिक भन्दा कृत्रिम वातावरणमा बढी रमाउँछ र सन्तान जन्माउनु व्यर्थ ठान्छ । उसले आफ्नो बावुको इच्छा पूरा गरिदिन कृत्रिम मान्छे अर्थात् नातिको रूपमा *रोवोर्ट* बनाउँछ । *रोबोर्ट*लाई आफ्नो साँच्चिकै नाति सम्झिएर ऊ राति नातिसँगै सुत्ने इच्छा व्यक्त गर्छ । *रोवोर्ट* कृत्रिम भएको रहस्य थाहा पाउने डरले आफ्नो बाबुलाई *रोबोर्ट*सँग सुत्न नदिएर प्रयोगशालातर्फ लैजान्छ र *रोबोर्ट* खोलेर त्यसको व्याट्री चार्ज गर्न थालेसँगै कथाको अन्त्य हुन्छ । यसबाट सहरी समाजलाई प्रविधिले छोइसकेको सन्दर्भमा केटाकेटीहरू मानिससँग भन्दा प्राविधिक वस्तुसँग समय बिताउन चाहन्छन् । वर्तमान सहरी समाज प्रकृतिभन्दा कृत्रिमतातर्फ ढल्कँदै गइरहेको कुरा कथाकारले यस कथामा अभिव्यक्त गरेका छन् ।

## २.६ 'छापामारको छोरो' सङ्ग्रहका कथामा सामाजिक संरचना

'छापामारको छोरो' (२०६३) महेश विक्रम शाहको चौथो कथा सङ्ग्रह हो । यसमा १८ वटा कथाहरू सङ्गृहीत छन् । यी सबै कथाहरू नेपाली सामाजिक सन्दर्भसँगै सम्बन्धित छन् । कथाकार स्वयम्कै स्वीकृति अनुसार यो द्वन्द्व तथा युद्धकालको सङ्ग्रहका रूपमा प्रकाशित भएको छ । यस अनुरुप यसका सबै कथाहरू नेपालको दशक लामो सशस्त्र द्वन्द्वले निर्माण गरेको विशिष्ट परिवेशसँग सम्बन्धित छन् र तिनले रचनाकालको नेपाली समाजलाई प्रस्तुत गरेका छन् । यद्यपि युद्धलाई हेर्ने कथाकारको आफ्नै दृष्टिकोण छ । त्यसै अनुरुप उनले बोध गरेको द्वन्द्वकालीन नेपाली समाजको चित्रण कथामा प्रस्तुत छ । एउटा कालखण्डको नेपाली राष्ट्रिय जीवनको आख्यानात्मक प्रस्तुति उनका कथाको महत्त्वपूर्ण पक्ष हो र कथा रचनाको अभीष्ट पनि हो । सशस्त्र द्वन्द्वको समय र परिवेश फरक फरक रहेका

छन् । त्यस अनुरुप कथामा ती फरक परिवेश आएका छन् । अतः प्रस्तुत शीर्षकमा यस सङ्ग्रहका कथामा आएका ती भिन्न समयका परिवेशले निर्माण गरेका सामाजिक संरचनाका सन्दर्भहरू कस्ता छन् र तिनलाई कथाकारले कसरी प्रस्तुत गरेका छन् भन्ने कुराको उल्लेख गरिएको छ ।

### २.६.१ नेपाली समाजको सामाजिक संरचना

प्रस्तुत सङ्ग्रहमा एकथरी कथाहरू कथाकारले भनेझैँ प्रत्यक्ष रूपमा सशस्त्र द्वन्द्वकै सन्दर्भसँग सम्बन्धित छन् । खासगरी २०५२ यता विकसित माओवादी सशस्त्र विद्रोह र त्यसलाई दमन गर्नका लागि तत्कालीन राज्यसत्ताबाट भएको सशस्त्र कार्वाहीले जन्माएको हिंसाप्रतिहिंसाको स्थितिबाट सिङ्गो राष्ट्र र राष्ट्रिय जीवन गहिरो गरी प्रभावित भयो । कथाकारले समाजको बनोटका सूक्ष्म र त्यसभित्रको बहुपक्षीय अन्तर्विरोधको चित्रण भन्दा पनि मुख्यतः त्यही द्वन्द्व र युद्धका प्रभाव सन्दर्भलाई कथा रचनाको मूल पीठिका बनाउने काम गरे । त्यसैले यस सङ्ग्रहका प्रायः जसो कथामा यही द्वन्द्वग्रस्त नेपाली समाजको चित्रण पाइन्छ ।

नेपाली समाज सशस्त्र द्वन्द्वले अक्रान्त बनेको र त्यसले राष्ट्रिय जीवनका सबै पक्षलाई प्रभाव पारेको यथार्थ यस सङ्ग्रहका कथामा अभिव्यक्त छ । यस क्रममा कथाकार सशस्त्र द्वन्द्वप्रति निरपेक्ष छन् र कुनै पनि प्रकारको हिंसाप्रति असहमत छन् । हिंसा प्रतिहिंसा मानवीय आदर्श र अभीष्ट हुन सक्दैन भन्ने विचारधाराका पृष्ठभूमिमा कथाकारले द्वन्द्वकालीन समयको समाजलाई प्रस्तुत गरेका छन् । उक्त द्वन्द्वका परिणाम स्वरुप हत्याको शृङखला बढ्दै गएका कारण मानिसहरू मारिनेक्रम बढदै गएको त्रासद स्थितिको गम्भीर्यतालाई व्यक्त गर्ने क्रममा कथाकारले स्वैर कल्पनाको सहयोग लिएर सिंगो देश मानव बधशालामा रुपान्तरित भएको कल्पना गरेका छन् ।

'वधशालामा बुद्ध' यस सङ्ग्रहको यस्तै कथा हो । कथामा एउटा बधशालाको चित्रण छ जहाँ कनिष्ठ र वरिष्ठ वधिकहरू छन् र तिनका नायक महानायकहरू पनि छन् । ती नायक महानायकको आज्ञा शिरोधार्य गर्नु र बधशालामा ल्याइएका विभिन्न उमेर समूह र लिङ्गका मानिसको बध गर्नु बधिकहरूको कर्तव्य हो । प्रश्न र आदेशको अवज्ञा त्यहाँ निषिद्ध छ, बधशालाको नियमले त्यसलाई निषिद्ध गरेको छ । एकदिन बधशालाको प्रमुख

बधिकबाट विभिन्न आशङ्का र आरोपमा हत्या गर्न ल्याइएका व्यक्तिहरूमध्ये विशिष्ट स्वभावको एकजना युवकको बध गरिएपछि भने बधशालाको परिवेशमा नाटकीय परिवर्तन हुन्छ । प्रमुख बधिक त्यस घटनापछि युवकको निर्भिक तर शान्त प्रतिवादका स्मृतिले सोचमग्न हुन्छ र आफ्नो मानवहन्ता बधिक कर्मप्रति प्रायश्चित भावको अनुभूति गर्न थाल्छ । उसमा क्रमशः अहिंसाको चेतना उद्भव हुन्छ र ऊ वधशालाबाट पलायन हुन खोज्छ । तर लगत्तै बधशालाका नायक महानायकका आदेश अनुरुप ऊ प्रक्राउ पर्छ र उसलाई पनि बधशालामा मृत्युदण्ड तोकिन्छ । उसको बधको तयारीसँगै मृत्युउत्सव मनाउँदै गर्दा भने बधस्थलमा स्वयं उसभित्र पनि युवकको स्मृतिसँगै बुद्धत्वको बोध विकसित हुन थाल्छ भने सिंगो बधशालामा पनि बुद्धध्वनि गुञ्जायमान भई एउटा बेग्लै बुद्धत्वको सात्विक परिवेश विकसित हुन्छ । बधशालाका नायक महानायक अवाक, निःशब्द र आश्चर्यचकित हुन्छन् । कथाकारकै शब्दमा भन्दा उक्त बुद्धध्वनिले उनीहरूभित्रको बुद्धलाई बिस्तारै बिउँताउन थाल्छ ।

प्रस्तुत कथामा चित्रण गरिएको बधशाला र बधशालाको बुद्धमय परिवेशमा रुपान्तरणको सन्दर्भलाई स्वैरकल्पनाको स्पर्श दिएर प्रस्तुत गरिएको छ र यसले विक्रमको पचासको दशकमा विकसित हिंसामय परिवेशलाई अभिव्यञ्जित गरेको छ । सामाजिक संरचनाका सन्दर्भमा यसले नेपाली समाज विगत दशकमा द्वन्द्वमा फसेको तथा हत्याहिंसाको शृङ्खला व्याप्त रहेको सन्दर्भलाई प्रभावकारी रूपमा प्रस्तुत गरेको छ । वास्तवमा सामाजिक अन्तर्विरोधहरूको समाधान उपयुक्त र न्यायिक ढंगले नहुँदा त्यसका विकृत परिणतिहरू देखा पर्छन् र प्रस्तुत कथाको बधशाला र मानवबधको सन्दर्भले त्यसकै सङ्केत गरेको छ ।

'बधशालामा बुद्ध' जस्तै 'पशुअवतार' कथाले पनि नेपाली समाजमा विकसित हिंसाजन्य परिवेशकै तीव्रतर अभिव्यक्ति गरेको छ । 'बधशालामा' जस्तै यस कथामा पनि स्वैरकल्पनाको प्रयोग गरी नेपाली समाजको मानववस्ती जङ्गल र मानिसहरू सबै पशुअवतारमा फेरिएको सन्दर्भलाई मुख्य कथ्य विषय बनाइएको छ । जङगलको राजा सिंह लगायत सम्पूर्ण हिंस्रक जनावरहरूले मानववस्तीमा आक्रमण गर्छन् र अब मानिसहरू मानिस नै नरहेको आफूहरू जस्तै हिंस्रक पशुमा फेरिएको भन्दै जङ्गलतुल्य मानववस्तीमा आफनो राष्ट्र कायम भएको घोषणा गर्छन् । मानिसहरूले सिंहहरूका अगाडि आफूहरू मानव नै भएको दावी गरेपनि सिंहहरूले ती मानिसहरूमा पशुहरूभन्दा पनि बढी हिंस्रकता

विकसित भएको र अब मान्छेहरूमा  मानवीयता नभई पाशविकता व्याप्त भएको आरोप लगाउँदै मानवता सिद्ध गर्न सक्दैनन् एउटा अन्तिम अवसर दिन्छन् तर त्यस अवसरमा पनि मानिसहरू आफ्नो मानवीयता सिद्ध गर्न सक्दैनन् र अन्ततः उनीहरू पशुअवतार मै फेरिएको पुष्टि हुन्छ । अन्त्यमा पशु अवतारमा फेरिएका मानिसहरू स्वंय सिंहका अगाडि गिडगिडाउँदै यस्तो भन्न बाध्य हुन्छन् :

'हामी पशुहरू हौ'

'हामी चारखुट्टे जनावर हौ'

'मान्छेहरू मुर्दावाद'

'पशुअवतार जिन्दावाद'

मान्छेहरूको यो स्वीकारोक्तिसँगै कथावाचकले अन्तमा 'मानवपुरमा जङ्गलको राज कायम भएको र हिंस्रक जनावरहरूको क्रीडास्थल बनेको' बताउँदै कथा टुङ्ग्याइएको छ । यो एउटा स्वैरकाल्पनिक सन्दर्भ हो तर यसका माध्यमबाट कथाकारले नेपाली समाजको चरित्रलाई इङ्गित गर्न खोजेका छन् । माथि उल्लेख गरिए जस्तै पचासको दशकयता नेपाली समाजमा सशस्त्र द्वन्द्वका सहउत्पादकका रूपमा विकसित भएको दण्डहीनता, हिंस्रकता, क्रुरता जस्ता चरित्र र आचारले गर्दा मानिसहरूमा मानवीयता हराउँदै गएको तथा पाशविक वृत्ति र स्वभाव बढ्दै गएको सन्दर्भलाई व्यङ्ग्यात्मक स्तरमा कथाले प्रस्तुत गरेको छ । मानिसको पशुअवतारमा अवतरण र त्यसमा मान्छे कै स्वीकारोक्ति देखाएर कथाकारले व्यापक सन्दर्भको मानव समाज र हाम्रा सन्दर्भमा नेपाली समाज पशुतुल्य बन्न पुगेको यथार्थतालाई गम्भीर रूपमा आख्यानीकृत गरेका छन् ।

कथाकार महेशविक्रम शाहका यी कथामा सूक्ष्म समाज र सो कथामा नेपाली समाजको द्वन्द्वको चित्रण छ । द्वन्द्वको क्रममा नेपाली समाजमा हत्याहिंसाको त्रासदी रहेको र मानिसहरूमा हत्या हिंसाको पशुवृत्ति विकसित हुँदै अमानवीय शैली बढ्न थालेको यथार्थलाई उनले प्रतीकात्मक र प्रभावकारी ढङ्गले प्रस्तुत गरेका छन् ।

यस सङ्ग्रहमा लेखिएका कथाहरूमा द्वन्द्वले ग्रस्त अवस्थामा पुगेको नेपाली समाजको चित्रण छ । द्वन्द्वरत अवस्थामा नेपाली भू-भागमा मान्छे मार्ने तथा मर्ने प्रक्रिया चलिरहेको

छ । मानिस आफ्नो वरिपरि पड्किएको बन्दुकको आवाजले भयभीत र त्रसित देखिन्छन् । यस्तो अवस्थामा मानिसमा संवेदना हराउँदै गइरहेको यथार्थलाई कथाकार शाहले 'गाउँमा गीत गुञ्जिँदैनन्', 'बाबुको काँधमा छोरो सुतिरहेको देश', 'म र मुर्दाहरू', 'एकादेशमा', 'बन्द ढोका र समय', 'भत्केका ढोका र सपनाहरू', 'ह्युमन फार्मिङ', 'किडी जियाले कर्नालीमा फाल हालिन्', 'युद्धविराम जिन्दावाद', 'मेरो कुकुर अझै भुकिरहेको थियो' कथा मार्फत् प्रस्तुत गरेका छन् ।

कथाकारले 'गाउँमा गीत गुञ्जिँदैनन्' कथामा द्वन्द्वले मानव मस्तिष्कमा पारेको प्रभावलाई प्रस्तुत गरेका छन् । कथाअनुसार पहिले पहिले निर्धक्कसाथ गाउँ गएको 'म' पात्र अहिले गाउँ आउँदा यस्तो अवस्था हुँदैन । अपरिचित भेषमा गाउँ पुगेको 'म' पात्रले गाउँमा शून्यता पाउँछ । गाउँमा मान्छेहरू यन्त्रबाट सञ्चालन भए जस्ता देख्छ । अतिथि देख्ने बित्तिकै स्वागत सत्कार गर्ने, गाउँलेहरूलाई नयाँ मानिसको आगमनप्रति कुनै चासो देखिँदैन । आफ्नो गाउँको दुरवस्था देख्दा 'म' पात्रलाई गहिरो मानसिक चोट पर्छ । आफ्नी आमाले चिठ्ठीमा वर्णन गरेको कुरा उसलाई यथार्थ लाग्छ । आफ्नो हजुरबुवाले "नचिनेका मान्छेहरू मात्र यहाँ घुमिरहन्छन्" (पृ: १७) । भन्ने भनाइले युद्धले गाँजेको आफ्नो गाउँको दुर्दशाको यथार्थ चित्रण थाहा पाउँछ । राती खाना खाएर सुत्न आफ्नो कोठामा गएपछि गाउँमा बन्दुक पड्केको आवाज बुलन्द हुन्छ । यो आवाजले 'म' पात्रकी आमा डराउँछिन र हतार हतार हातमा झोला दिएर छोरालाई भगाउँछिन् । 'म' पात्रको मनमा हिजोको रमणीयता आत्मीयता, सामाजिक जमघट, बाललीला, आनन्दमय क्षण सबै युद्धले ध्वस्त पारिसकेको हुन्छ । अब छिट्टै शान्ति स्थापना भएर आफ्नो गाउँ पहिलेको अवस्थामा परिवर्तित भइ निर्धक्कसित आफ्नो गाउँ फर्कन सकुँ भन्ने आशा बोक्दै कथाको अन्त्य भएको छ । यसबाट नेपाली समाज युद्धले भयभीत र आतङ्कित छ, गाउँमा मानिस त्रसित भई बाँच्न विवश छन् । मानिसहरू युद्धको चपेटामा परेर दिनप्रतिदिन पलायन भइरहेका छन् । सम्पूर्ण गाउँ बस्तीमा सन्नाटा छाएको छ । यस्तो अवस्थामा सम्पूर्ण गाउँ वस्तीमा शान्ति स्थापनाको कामनासँगै मानवीय संवेदनाको पुनः स्थापना भई जीवन चेतनाका गीतहरू गाउने मानिसहरूमा इच्छा पलाएको कुरालाई कथाकारले यस कथामा अभिव्यक्त गरेका छन् ।

'बाबुको काँधमा छोरो सुतिरहेको देश' कथामा पनि द्वन्द्वको विद्रुपता देखाइएको छ । नेपालको दशवर्षे सशस्त्र द्वन्द्वकालको सामाजिक अवस्थालाई कथामा कथावस्तुको रूपमा

प्रस्तुत गरिएको छ । यस कथामा कथाको प्रमुख पात्रको छोरालाई हतियारधारीले जङगलमा लगेर हत्यागरी लास वेपत्ता पारेको र टाउको मात्र फेला परेको छ । उसले अनुहारबाट मात्र आफ्नो छोरो चिन्छ । आफ्नो छोरो देशको निर्दोष नागरिक भएकाले हत्यारालाई कानुनले सजायँ दिन्छ भन्ने विश्वासले न्यायका लाागि गाविस अध्यक्षलाई गुहार्छ तर गाविस अध्यक्षले सडेको टाउकोबाट आएको दुर्गन्ध सहन नसकेर सुरक्षाकर्मीकोमा जान निर्देशन दिन्छ । सुरक्षाकर्मीले पुलिस चौकीमा जान आग्रह गर्दछन् । पुलिसकहाँ जाँदा देशमा संक्रमणकालीन अवस्था भएकाले आफूहरू जङ्गलमा जान नसक्ने हुँदा पुनः गाविस अध्यक्षकोमा पठाउँछन् । अन्तमा ऊ झिनो आशा लिएर सिडिओ कार्यालय जान्छ तर त्यहाँ न्यायको साटो अपहेलना र तिरस्कार पाउँछ । आफ्नो आशाको अन्तिम ज्योति निभेकोले उसको छातीभित्र पीडा र वेदनाका ज्वारभाटाहरू उर्लन थाल्छन् । ऊ बेहोस भइ भुईंमा पछारिन्छ, छोराको टाउँको गुड्दै ढुंगामा बजारिन्छ । होसमा आई आँखा खोल्दा उसले आस्था र विश्वास टुटेको, वर्तमान र भविष्य चुँडेको अन्धकार देख्छ । यसबाट नेपाली समाजका निर्दोष नागरिकलाई सशस्त्र युद्धले दिएको घातप्रति घात, पीडा र वेदनाहरू देखिन्छन् । सर्वसाधारणले अनाहकमा ज्यान गुमाउनु परेको छ । त्यस्तै दोषीमाथि कारवाही गर्न नसक्ने निरीह प्रशासनले गर्दा उक्त समयमा जनताहरूले निकै सास्ती भोग्नु परेको अवस्थाको यथार्थ अभिव्यक्ति कथाकारले यस कथामा दिएका छन् ।

'म र मुर्दाहरू' कथामा हराउँदै गइरहेको मानवीय संवेदनालाई कथावस्तुको रुप दिइएको छ । कथाको प्रमुख पात्र 'म' लाई देशभरि युद्धमा मारिएका लासहरू देख्दा देख्दै संवेदनाले छुन छोडिसकेको छ । ऊ त्यस्ता घटनाहरूलाई थाहा नपाए झैँ गरी वेवास्ता गर्छ । उसलाई यस्ता भयावह दृश्यभन्दा आफ्नो परिवारप्रतिको जिम्मेवारी ठूलो लाग्छ । यसै क्रममा छोराछोरीलाई स्कुल पुऱ्याउन जाँदा बाटोमा स्कुलको बस दुर्घटनामा परी बालबालिकाको मृत्युको खबर सुन्दा समेत ऊ आफ्ना छोराछोरी सकुशल भएकोमा खुसी हुन्छ । देशको विषम परिस्थितिले आफ्नो व्यवसायलाई पार्न सक्ने नराम्रो असरप्रति ऊ चिन्तित देखिन्छ । *सपिङ्कम्प्लेस*मा बम विस्फोट हुँदा परेका मानिसहरू जीवन र मरणको दोसाँधमा छटपटाएर पानी भनेर चिच्याउँदा समेत पानी खुवाउने प्रयत्न गर्दैन । उक्त घटनामा आफू र आफ्नो परिवारलाई केही नभएकोमा दङ्ग पर्छ । यसबाट नेपालमा चलेको सशस्त्र द्वन्द्वले निम्त्याएको हत्या हिंसाबाट सिंगो मानव समाज जड बन्दै गइरहेको अवस्था देखिन्छ । मानिसहरूमा संवेदना हराउँदै गएको छ । लासहरू देख्दा मानिसले सहानुभूतिका

दुई थोपा आँसु नझार्नुले मानिसमा दिन प्रतिदिन आफूभित्रको माया ममताको भाव गुमाउँदै विवेकशून्य भइरहेको छ । द्वन्द्वकालीन चरमावस्थामा मृत्युले मान्छेलाई पलप्रतिपल पछ्याइरहेको घटनाले मानवीय संवेदना विहीन अवस्थालाई कथामा प्रस्तुत गरिएको छ ।

'एकादेशमा' कथामा पनि द्वन्द्वकालीन नेपाली समाजको अभिव्यक्ति पाइन्छ । कथा अनुसार गाउँको एउटा घरमा द्वन्द्वरत पक्षबाट कुनै व्यक्तिको हत्या गरी लास घरमै छोडेको हुन्छ । लासको दुर्गन्धले मानिसहरू निसास्सिन थाल्छन् । लास कसको हो, किन मारिएको हो, सो बारे सोध खोज गर्ने कसैको आँट हुँदैन भेलामा बस्दा कसै कसैले सो बारेमा सोधखोज गर्न खोजे पनि अन्ततः डराएर उनीहरू मौन बसेका छन् । सवै मानिसहरू मनमनै लासप्रति तर्क वितर्क गर्छन् । लासको दुर्गन्धका कारण गाँउमा महामारी फैलन गई मान्छेहरू हताहत मर्न थाल्छन् । बाँचेकाहरू त्यहाँबाट पलायन हुँदै जानाले गाउँ नै रित्तिसकेको छ । यसबाट द्वन्द्वकालीन समयमा नेपाली समाजमा त्रासदीपूर्ण वातावरण थियो । मानिसहरू कुनै कुराको पनि प्रतिक्रिया गर्न सक्ने अवस्थामा थिएनन् । आफूहरूमाथि परेको अन्यायलाई प्रतिकार नगरी चुपचाप सही बस्नु परेको अवस्था थियो । कथाकारले यसै अवस्थालाई कथाको पृष्ठभूमि बनाएका छन् ।

'बन्द ढोका र समय' कथामा पनि द्वन्द्वग्रस्त मानसिकताको चिरफार गरिएको छ । युद्धले त्रास, भय र आतङ्कको सिर्जना गरेको हुनाले सर्वसाधरण यसबाट विक्षिप्त हुनुपरेको अवस्थाको यथार्थलाई कथावस्तुको रूपमा प्रस्तुत गरिएको छ । कथा अनुसार घरबाहिर बन्दुकधारीलाई देखेपछि नन्दा र उनको श्रीमानको मनमा त्रासले बास लिन थाल्छ । हतियारधारीको आगमनपछिको सम्भावित दुर्घटनाले नन्दा आफूसँग भएको अन्नपात सम्पत्ति सबै लुकाउँछे । उसलाई आफूसँग भएको सम्पत्ति भन्दा पनि आफ्नो लोग्ने र छोरीको पिरले रन्थनिन थाल्छे । गाँउमा यमबहादुरकी छोरीमाथि बन्दुकधारीहरूले गरेको दुर्व्यवहार सम्झिएर लोग्ने स्वास्नी दुवै चिन्तित हुन्छन् । छोरीलाई भकारीमा लुकाउन खोज्दा नअट्नुले उमेर नपुग्दै छोरी ठुली भएकोमा रोष प्रकट गर्छन् । नन्दा अनेक उपाय निकाल्दै छोरीलाई परालमुनि लुकाउँछिन् र त्यसैमाथि डसना राखेर तन्ना बिछ्याउँछिन् । निनु अर्धचेत अवस्थामा आफ्नो जीवन रक्षा गर्छे । निनुका बुवा आमा छोरीलाई लुकाएर सम्भावित घटनाबाट बँच्न सकेकोमा खुसी हुँदै बाहिर निस्कन्छन् । ढोका खोल्दा उज्यालो भइसकेको हुन्छ र त्यहाँ बन्दुकधारी पनि कोही हुँदैन । यसबाट सम्पूर्ण नेपाली समाज युद्धले भय र

त्रसित रहेको छ । द्वन्द्वरत अवस्थामा सम्पूर्ण नेपाली समाजका मानिसहरू निनु, निनुको आमा र निनुका बुवा जस्तै त्रास, भय र आतङ्कको भूमरीमा रुमलिएको स्थितिलाई अभिव्यक्त गरिएको छ । उनीहरू आफ्नो स्वतन्त्रता गुमाई घरभित्रै त्रासपूर्ण वातावरणमा बाँच्नु परेको छ । प्रस्तुत कथाले यही आतङ्कपूर्ण परिवेशलाई कथा रचनाको पृष्ठभूमि बनाएको छ ।

'भत्केका ढोका र सपनाहरू' कथामा पनि सशत्र द्वन्द्वको चरम अवस्थालाई देखाइएको छ । यस कथाको प्रमुख पात्र जसमाया युद्धमा लागेको आफ्नो छोरा र बेपत्ता लोग्नेको सम्झनामा दिनरात काटिरहेकी छन् । उनी सात वर्षअघि जङ्गल पसेको आफ्नो छोरो आउलाकी भन्ने आशामा दिन गनिरहेकी छन् । छोरो विद्रोहमा लागेका कारण लोग्नेलाई सुरक्षाकर्मीले घरबाट लगेर बेपत्ता पारेका छन् । यता सुरक्षाकर्मीहरू अनेक बहाना बनाउँदै दिनदिनै ढोका ढक्ढक् पार्ने घरमा आउने र जसमाया तथा उनको बुहारीमाथि अनैतिक कार्य गरेका छन् । अन्तिम पटक ढोकाबाट ढकढक आवाज आएको सम्झँदै उनी सुरक्षाकर्मीले बेपत्ता पारेको आफ्नो लोग्ने घर फर्केको कल्पना गरेर ढोका खोल्छिन् तर वास्तविकता कल्पनाभन्दा टाढा हुन्छ । केवल मनभित्रको आँधी लोग्ने र छोरा प्रतिको जिजीविषा मात्र भेटिन्छ । उनीले छोरा र लोग्ने नहुँदाका कहाली लाग्दा र त्रासदीपूर्ण रातहरू प्रत्येक घरका सदस्यका लागि कति पीडादायी थिए भन्ने कुरा स्मरण गर्छिन् । विद्रोही र सुरक्षाकर्मीको दोहोरो मारमा परेका गाउँलेहरूका छोरीचेलीहरूको असुरक्षा देखेर मर्माहत हुन्छिन् । अन्त्यमा बाहिरको वातावरणलाई बेवास्ता गर्दै निदाएकी जसमायाले आफ्नो लोग्ने र छोरो घर फर्केको गाउँमा खुसीयाली छाएको सपना साँचो भैदियोस् भन्दै ढोका खोल्दा चौकोस सहित ढोका भत्केको हुन्छ । यसबाट नेपाली समाजमा द्वन्द्व प्रतिदिन चर्किँदै गइरहेको छ । समाजमा हत्या, अपहरण र बेपत्ता पार्ने काम बढिरहेको छ । समाजमा लैङ्गिक हिंसा बढिरहेको छ । सर्वसाधारणहरू विद्रोही र सुरक्षाकर्मी दुवैको मारमा परेका छन् । आफ्नै परिवारका सदस्यहरूसँग बिछोडिनु परेको र उनीहरूकै यादमा आफ्ना कहाली लाग्दा दिनहरू बिताउनु परेको द्वन्द्वकालीन नेपाली समाजको यथार्थलाई कथाकारले यस कथामा अभिव्यक्त गरेका छन् ।

'किडीजियाले कर्नालीमा फाल हालिन्' कथा पनि दश वर्षे द्वन्द्वले दिएको दुःख, पीडा, वेदनाको यथार्थ प्रस्तुति हो । यस कथामा आएका प्रमुख पात्र 'म' र किडीजिया दुवै जना द्वन्द्वबाट विस्थापित छन् । 'म' पात्रले सदरमुकाममा ज्यालादारी काम गर्छ । दिनभर काम

गर्दा पनि उसलाई दुई छाक टार्न मुस्किल हुन्छ । गाउँमा वर्ष भरिको खेतीपातीको काम गर्दा पनि २ महिना खान नपुग्ने 'म' पात्र सिमीकोटमा आएर झनै अभावै अभावको जीन्दगी बाँच्नु परेको छ । केही दिनपछि उसैको गाउँकी किडीजिया द्वन्द्वले विस्थापित भएर उसलाई खोज्दै सदरमुकाम आइपुग्छिन् । उनलाई आफ्नो सारा सम्पत्ति छोडेर बिस्थापित हुनु परेकोमा चिन्ता छ । गाउँबाट विस्थापित हुनुपरेको र छोराले समेत छोडेर गएको हुनाले उनी दुःख पीडामा अल्झिदै जीवन जिइरहेकी छन् । सरकार र विद्रोही दुवैतिरको सहयोगको लागि याचना गर्दा दुवै पक्षबाट उपेक्षा र तिरस्कार बाहेक केही नपाएपछि बाँच्नुको सार्थकता नभेटाई उनी आत्महत्याको बाटो अँगाल्न बाध्य भएकी छन् । यसबाट कर्णाली प्रदेशमा व्याप्त रहेको गरिबी र त्यसैमाथि द्वन्द्वको मारले त्यहाँको समाजलाई झनै पीडा दिएको छ । द्वन्द्वको निसानामा परी गाउँबाट विस्थापित भई सदरमुकाम झरेका द्वन्द्व पीडितहरू सदरमुकाममा आश्रय नपाई कोही काला पहाड भासिएका र कोही कठिन परिस्थितिको सामना गर्दै जिउने लाख कोशिस गर्दा समेत विभिन्न समस्याहरूले जीवन धान्न नसक्ने अवस्थामा पुगेपछि अन्ततः आत्महत्याको बाटो अँगालेका छन् ।

'युद्धबिराम जिन्दावाद' कथाले द्वन्द्वकालीन अवस्थामा सशस्त्र र विद्रोही पक्षले भोगेको वास्तविकतालाई कथावस्तुको रूपमा प्रस्तुत गरेको छ । कथाको प्रमुख पात्र वीरबहादुर देशको अनकन्टार ठाँउमा कयौं पटक आफ्नो मृत्युलाई हत्केलामा राख्दै लडेको र आफू बाँचेको सम्झन्छ । युद्धले कुनै पनि बेला मृत्युको मुखमा पुऱ्याउन सक्ने भएकोले बेलाबेलामा ऊ आफन्त, घरपरिवार नाताकुटुम्बलाई सम्झिरहन्छ । मनमनै युद्ध त बलभद्र अमरसिंहले जस्तो पो लड्नु जसले नेपाल आमाको अस्तित्व रक्षाको लागि लडेका थिए भन्दै उसलाई आफ्नो देशभित्र दाजुभाइ बीचमा युद्ध लड्नु परेकोमा आत्मग्लानि हुन्छ । यसै अवस्थामा सरकार र विद्रोही दुवै पक्षबीच घमासान युद्ध हुन्छ । बीर बहादुरमाथि विद्रोहीले गोली प्रहार गर्छ । उसले पनि गोली प्रहार गर्छ र दुवै जना भुँइमा ढल्छन् । त्यही भीषण रणसंग्रामको बीचमा नै सरकार र विद्रोही दुवै पक्षबाट युद्धविराम भएको समाचार आउँछ । अन्त्यमा दुवै जना हात मिलाउँदै युद्ध विराम जिन्दावाद भन्छन् । यसबाट द्वन्द्वका बेला युद्धरत पक्षले दिएको पीडाको साथै युद्ध समाप्तिपछिको युद्धविरामलाई कथामा समेटिएको छ । यसरी द्वन्द्वकालीन समयमा आफ्नै बन्धुवान्धवको हत्या गर्न नपरोस् भन्ने मानसिकता समेत विकसित भएको नेपाली समाजको चित्रण कथाकारले यस कथामा गरेका छन् ।

'मेरो कुकुर अझै भुकिरहेको थियो' कथामा पनि अन्य कथामा जस्तै नेपाली समाजमा द्वन्द्वले दिएको पीडाको वर्णन छ । यस कथामा परिवारमा आएको विछोड र वियोगको वास्तविकरुप भेटिन्छ । कथाको बालपात्र 'म' आफ्नी आमासँग ढिँडो खाएर सुखदुःखका कुरा गर्दै सुतिरहेको हुन्छ । एक्कासि ब्युँझदा आमालाई नदेखेपछि ऊ छट्पटाउँदै खोज्न थाल्छ । उसको चित्कार सुनेर पीडा बुझेझैँ गरी उसको कुकुर भुक्न थाल्छ । ऊ आफ्नी आमाको खोजीमा रातभर चिच्याउँदै वरपर हिँडिरहन्छ । बन्दुकधारीको सन्त्रासले गर्दा उसका आफन्त तथा गाँउले कसैले पनि उसको चित्कार सुनेर न ढोका खोलेर बाहिर आउन सक्दछन्, न त उसलाई सान्त्वना दिन सक्छन् । आमालाई भेटाउन नसकेर थकित मानसिकताका साथ तड्पिँदै भौतारिँदै खेतको कान्लामा हिँडिरहेको बेला 'म' पात्र अचानक खेतमा पछारिन्छ र त्यहीँ निदाउँछ । 'म' पात्रको साथी कुकुर भने डाँडाकाँडा हेर्दै भुकिरहन्छ । यसबाट  द्वन्द्वकालीन समयमा नेपाली समाजमा सर्वसाधरणहरू सरकारी पक्ष र विद्रोही पक्ष दुवैतिरबाट असुरक्षित रहेका, तिनीहरूको न्यायको पक्षमा बोलिदिने कोही नभएकोले उक्त समयमा 'म' पात्र जस्ता हजारौँ बालबालिका घरबार विहीन भएको, यथार्थतालाई कथाले स्पष्ट पारेको छ । धेरै बालबालिकाले बावु आमा गुमाएका छन् । धेरै बालबालिका विक्षिप्त अवस्थामा पुगेका छन् । त्यसैगरी उक्त बालकले रातमा आमा खोज्न चीत्कार छोड्दै हिँड्नु तथा त्यस समयमा उसका आफन्त तथा गाउँले कसैले सहयोग नगर्नुले द्वन्द्वरत अवस्थामा नेपालका गाउँबस्ती र समाजमा मानवीय संवेदना हराउँदै गएको कुराको चित्रण भएको छ ।

नेपालमा चलेको सशस्त्र द्वन्द्वलाई आधार बनाएर लेखिएको 'छापामारको छोरो' कथामा बालमानसिकताको उद्घाटन गर्दै कथाकारले द्वन्द्वकालीन समयमा युवा, वृद्ध, बालक कोही पनि युद्धबाट अछुतो रहन नसकेको नेपाली समाजको चित्रण गरेका छन् । कथा अनुसार देश र जनताको सुरक्षार्थ खटिएको सैनिक कमाण्डर छापामाररुपी रक्तबीजकी श्रीमतीलाई सन्देश आदानप्रदान गरेका कारण पाँच वर्षको छोरो सहित जेल चलान गर्छ । उसले छापामारको छोरो भएकै कारण पाँचवर्षीय बालकको अनुहारमा पनि बाबुको क्रुरता खोज्ने प्रयास गरेको छ । आफ्नो छोरो र उसको छोरोको अनुहारको निश्छलतामा समानता देखेरपनि उसको छापामार बाबुको हिंसात्मक प्रवृत्तिका लक्षणहरू खोजेको र छोरो मार्फत् आफूलाई हाँक दिइरहेको अनुभूति उसले गर्दछ । यसबाट आफ्नै नेपाली दाजुभाइलाई शत्रु ठान्ने प्रवृत्ति दुवैथरी हतियारधारीमा रहेको संकेत गर्दै बालबालिकालाई युद्धकला सिकाउने

तथा युद्धमा होमिन प्रेरित गरिनुले उनीहरूको भविष्य अनिश्चित र अन्धकारमय देखिएको कुरालाई कथाकारले उद्घाटित गरेका छन् । हिंसाले चरम सीमा नाघेको तत्कालीन समाजका मानिसमा हिंसाप्रति प्रतिरोध तथा बदलाको भावना बढ्दै गएको कुरालाई पनि यस कथामा मुख्य कथ्य सन्दर्भ बनाइएको छ ।

यस कथासङ्ग्रहमा लेखिएका कथाहरू सबै द्वन्द्वरत समयमा नेपाली समाजको चित्रण गरी लेखिएका कथाहरू छन् । त्यस्तै 'मिसन इन नेपाल' कथामा कथाकारले द्वन्द्वले क्षतविक्षत बनाएको नेपालमा शान्ति सेनाको आगमनले राष्ट्रिय पहिचानमा असर पुग्ने हुँदा द्वन्द्वको छिटै अन्त्य होस् भन्ने सम्पूर्ण नेपालीको चाहना रहेको कुरालाई अभिव्यक्त गरेका छन् । कथामा आफ्नो साथी लिनो शान्ति सेनाका रूपमा नेपाल आएको देखेर कथाकारलाई हीनताबोध हुन्छ । ती दुवै जना आ- आफ्नो देशको दुरवस्थाको आत्म पीडालाई साटासाट गर्छन् । लिनोले आफ्नो देशमा गृहयुद्धका कारण बेरा, नाम्पुला र मापुतो सहरका गगनचुम्बी घरहरू खरानीमा परिणत हुनुका साथै आगोमा होमिन कुनै घर परिवार बाँकी नरहेको कुरा बताउँछ । त्यही युद्ध गर्नेहरूलाई पछि जनताले नै लखेटेको तथा हाल मोजाम्बिक राष्ट्र विकास गर्नअघि बढेको कुरा सुनाउँदै नेपालमा पनि छिट्टै शान्ति स्थापना हुने अपेक्षा राख्दछ । टेलिभिजनको पर्दामा पहिले नेपाल शान्तिको देश, गौतमबुद्धको देश, सगरमाथाको देश, प्राकृतिक सुन्दरता भएको देश भनेर संसारभर चिनाउने विदेशी समाचार संस्थाहरूले हाल गरिब, सामाजिक दुरवस्था, युद्धले क्षतविक्षत भौतिक संरचनाको समाचार बनाउनुले 'म' पात्रको स्वाभिमानमा चोट पुगेसँगै 'म' पात्र निद्राबाट ब्युँझन्छ र आफूले देखेको सपना सपनामा मात्र सीमित रहोस् भन्ने कामना गर्दै कथाको अन्त्य भएको छ । यसरी कथाकारले नेपाल गृहयुद्धको चपेटामा परी मोजाम्बिक सहर जस्तै तहसनहस हुन सक्ने हजारौँ मानिस घरबारविहीन भएर बस्नु पर्ने परिस्थति आउन सक्ने हुनाले त्यस्तो परिस्थति नेपालले भोग्नु नपरोस् भन्ने सम्पूर्ण नेपालीको शान्तिको कामनालाई कथामा अभिव्यक्त गरेका छन् ।

यस सङग्रहका कथामा दशवर्षे सशस्त्र द्वन्द्व तथा हिंसात्मक परिस्थितिमा जकडिएको नेपाली समाज देखिन्छ । कतिपय कथामा युद्ध गरेर होइन शान्तिपूर्ण तरिकाले परिवर्तन होस् भन्ने सामाजिक भावना वा चेतनाको अभिव्यक्ति पाइन्छ ।

देशमा शान्तिपूर्ण परिवर्तन होस् भन्ने चेतनाको प्रतिनीधित्व 'सडकमा गान्धीहरू' कथाले गरेको छ । यस कथाको प्रमुख पात्र 'ऊ' ले आफ्नो समाज तथा राष्ट्रमा रहेको

परम्परागत, सामाजिक तथा राजनीतिक संस्कृतिको आमूल परिवर्तनगरी क्रान्ति नायक बन्ने लक्ष्य लिएर हतियार उठाएको देखिन्छ । बन्दुकको प्रयोगबाट विद्रोहले पूर्णता पाएर आफ्ना लागि जताततै सुन्दर अवसरका ढोकाहरू खुल्ने अनुभूतिले ऊ राइफल उचाली उचाली चिच्चाएको छ । उसले अचानक जुलुसमा शिक्षक, विद्यार्थी, व्यापारी, व्यवसायी, नेता, कार्यकर्ताको उपस्थिति देख्छ । उक्त उपस्थितिले उसको मनमस्तिष्कमा गान्धी दर्शनको प्रभाव पर्छ । अन्त्यमा उसले हातमा लिएको बाजेको बन्दुकलाई घनले हानी टुक्रा पारेर फ्याँक्छ । यसबाट शान्तिपूर्ण तरिकाले जनआन्दोलनमा सहभागी भइ आफ्ना अधिकार माग्न प्रेरित भएको घटनालाई यस कथाले छर्लङ्ग पारेको छ ।

त्यस्तै 'सिपाही र सालिक' कथामा परम्परागत सामन्तवादी आर्थिक, सामाजिक तथा राजनीतिक निरङ्कुश राजतन्त्रलाई निरन्तरता दिन शक्तिको केन्द्रमा रहेकाले जनताहरूलाई दमन गर्न आफ्नो सम्पूर्ण शक्तिको प्रयोग गरेको छ । नेपाली जनताहरू सुरक्षा घेरा तोडेर शान्ति, मुक्ति र आमूल परिवर्तनको चाहनालाई लयात्मक नारा घन्काउँदै तत्कालीन शासकलाई झुकाएको सन्दर्भलाई प्रस्तुत गरिएको छ । यसरी नेपाली समाजले नयाँ राजनीतिक संस्कृतिको निर्माण गरी निरङ्कुश शासनको अन्त्य गरेको नेपाली समाजमा नौलो बिहानी छाएको कुरालाई कथाकारले यस कथाको माध्यमबाट अभिव्यक्त गरेका छन् ।

## २.६.२ विदेशी समाजको सामाजिक संरचना

'ह्युमन फर्मिङ' कथा कथाकारले स्वैरकल्पनाको प्रयोग गरेर लेखेका छन् । यस कथामा देशमा सशस्त्र द्वन्द्वका कारण गरिबी र अभावले पिल्सिएका मानिसहरूको वीभत्स अवस्थालाई देखाइएको छ । देशमा चर्कँदै गएको युद्धले गर्दा *ह्युमन मेसिन* उत्पादनमा आएको बृद्धिले *ह्युमन फार्म*को डाइरेक्टर सन्तुष्ट र खुसी देखिन्छ । यस पटकको मानव*अर्डर*को सन्देश हेर्छ । त्यहाँ बोल्न नसक्ने, सुन्न नसक्ने, सोच्न नसक्ने शक्तिशाली तर देख्न सक्ने एकलाख मानव मेसिनको माग गरिएको हुन्छ । एक मेसिन पठाए बापत दश हजार डलर पाउने कुरा आफ्ना स्टाफहरूलाई सुनाउँछ । ऊ आदेश बमोजिमका *ह्युमन मेसिनको* नयाँ पुस्ताको खोजी गर्न कम्प्युटरको सहयोग लिन्छ । कम्प्युटर चलाउँदै जाँदा उसले एउटी आइमाइको तस्वीर भेटाउँछ । त्यसका अङ्ग प्रत्यङग नियालेर हेर्दा उसमा एउटा नयाँ सोच आउँछ । आइमाईको गर्भाधानको समयमा *कम्प्युटराइज्ड* गर्भाधानको प्रयोग गरी भ्रुणमा निहीत मानवीय गुणहरू आउट गरी मेसिनको *फोर्थ जेनेरेशन* हुने कुरा

सोच्छ । त्यसरी जन्मिएका मानिस लाटा बहिरा तर शक्तिशाली हुने सोँच्छ । विदेशी माग बमोजिम *ह्युमन मेसिन* सप्लाइ गर्न सके देशमा भोकमरी अनिकाल र गरिब नहुने भन्दै कथाको अन्त्य हुन्छ । यसरी कथाकारले कथामा स्वैरकल्पनाको प्रयोग गरे पनि द्वन्द्वरत अवस्थामा नेपाली समाजका युवा युवतीहरू विदेसिन बाध्य भएका छन् । त्यहाँ उनीहरूले न्यूनतम ज्यालामा कठोर परिश्रम गर्नुपरेको अवस्थालाई देखाउन खोजेका छन् । द्वन्द्व र विध्वंशको कारण नेपालमा अशिक्षा र गरिबीले जरा गाडेको हुँदा मानिसहरू यान्त्रिक हुन थालेको यथार्थ स्थितिलाई  कथाकारले अभिव्यक्त गरेका छन् ।

## २.७ 'काठमाडौंमा कामरेड' सङ्ग्रहका कथामा सामाजिक संरचना

'काठमाडौमा कामरेड' कथाकार शाहद्वारा (२०६५) मा लिखित पाँचौं कथासङ्ग्रह  हो । यस कथासङ्ग्रहभित्रका कथाहरूमा युद्धपछि माओवादी पार्टी र यसका क्रियाकलाप, नेपाली समाजमा बढ्दै गइरहेको विकृति विसङ्गति, तराई क्षेत्रमा बढिरहेको आतङ्कित प्रवृत्ति, नेपाललाई छिमेकी देशहरूले गरिरहेको हेपाहा व्यवहार, माओवादी छापामारको अनिश्चित क्यान्टोनमेन्ट बसाई, लोकतन्त्रका नाममा बढ्दै गइरहेको मनपरीतन्त्र, नेपाललाई आफ्नो मुठीभित्र कैदगरी राख्ने नेताहरूको प्रवृत्ति, राजतन्त्रको अन्त्यपछि राजपरिवारप्रति आश्रित हुने राजाका भरौटेहरूको बिचल्ली आदि जस्ता विषयवस्तुहरू समेटिएको छ । यस सङ्ग्रहका कथामा मूलतः राजनीतिक, आर्थिक, सामाजिक, धार्मिक, सांस्कृतिक आदि परिवर्तनले समाज र सामाजिक व्यवस्थामा परिवर्तन ल्याउन सकिन्छ भन्दै गरिएका आन्दोलन र यसबाट विकसित भइरहेको सङ्क्रमणकालीन जटिलतालाई उजागर गर्ने प्रयास गरिएको छ ।

### २.७.१ नेपाली समाजको समाजिक संरचना

यस सङ्ग्रहको पहिलो कथाका रूपमा आएको 'काठमाडौंमा कामरेड' कथामा समाजमा विद्यमान असमानतालाई अन्त्यगरी देशमा क्रान्तिकारी परिवर्तन ल्याउने चाहनासाथ लडेको पार्टी विस्तृत शान्ति सम्झौतापछि राजनीतिक रुपान्तरणको लागि काठमाडौंमा आर्थिक संकलन गरिरहेको छ । कथाको 'ऊ' पात्र कामरेडको निर्देशन अनुसार कम्मरमा पिस्तोल राखेर चन्दा सङ्कलन गरिरहेको छ । आफू सँगसँगै युद्ध लडेका साथीहरू चिल्लाकारमा हिँडेको देख्छ । युद्ध अझै नसकिएको, युद्धको रुपमात्र फेरिएको कामरेडको

भनाइले आफूहरूको उज्वल भविष्यको सपना निकै टाढा रहेको देख्छ । यसैक्रममा उसको कम्मरमा रहेको पेस्तोल हराउँछ जसले गर्दा उसले आफूलाई निकै असुरक्षित भएको ठान्छ । यसैबीच हतियार विहीन मानिसहरूको भीड आफूतिर आइरहेको देखिसकेपछि उसले आफूलाई त्यसैमा समाहित गर्छ र आफूलाई निकै सुरक्षित भएको ठान्छ । यसबाट युद्ध समाप्त भइसकेपछि पनि नेपालमा शान्ति छाउन नसकेको स्थिति छ । एकले अर्कालाई धम्काउने, दम्काउने, चन्दा असूल गर्ने प्रवृत्ति कायमै रहेको अवस्थाको विश्लेषण कथाकारले यस कथामा गरेका छन् ।

'ऊ पनि काठमाण्डू' कथामा काठमाडौंको विकसित समाजको यथार्थ चित्रण गरिएको छ । कथामा आफ्नो मनलाई अहिले नै उसको मोटर बाइकमा चढेर काठमाडौंको सडकहरूमा चिप्लेटी खेल्न उद्वेलित थियो भन्ने सपनामा परेकी 'म' पात्रले कहिले मनकामना, नगरकोट, धुलीखेल, ठमेल, झोँछे गल्ली जस्ता सहरी एवम् विकसित ठाउँमा घुम्ने, मोबाइल चलाउने, कारमा चढ्ने आशा गरेकी छ । ऊ रातभर *डिस्को तथा रेस्टुरेन्टमा रेडवाइनको चुस्की* लिँदै नाच्न चाहन्छे । काठमाण्डौका पाँच तारे होटलका मेनुमा औँला नचाउँदै *भी.आइ.पी. लन्च* र *डिनर* पार्टीहरूमा *अटेन्ड* गर्ने, प्रेमीसँग *डेटिङ*मा जाने चाहनामा डुबेकी 'म' पात्र काठमाण्डौ कै प्रतिक्षामा नगरबधु बन्न बाध्य बनेकी छ । यसबाट यहाँका युवतीहरूमा रहेको उच्च महत्त्वकांक्षाकै कारण काठमाण्डौ सहर पनि अब बिस्तारै मुम्बई, दिल्ली र बैङ्कक जस्ता बेश्यालयका अखडा बन्दै गइरहेको अवस्थाको चित्रण यस कथामा अभिव्यक्त भएको छ ।

'हराएको देश खोज्दै जाँदा' कथामा देशको पीरले आफ्नो देश खोज्न हिँडेको छोरो साँझपर्दासम्म पनि नफर्किएपछि छोराको पीरले उसको बावु बाटोघाटो तथा गल्ली गल्लीमा हराएको देश खोज्न हिँडेको आफ्नो छोरो कहाँ गयो भन्दै सोध्दै हिँड्छ । उसको कुरा सुनेर सबैले उसलाई पागल सम्झन्छन् । आफ्नो छोराले हराएको देश खोज्न जान्छु भनेको भन्दा आश्चर्य मान्ने मानिसहरू आज त्यही सडकमा टायर बाल्दै नाराबाजी गर्दै तोडफोड गरेको देख्दा उसलाई पनि वास्तवमै आफ्नो देश हराएको अनुभूति हुन्छ । छोरो खोज्दै जाँदा सिंहदरबारको गेटमा आफ्नो छोरोको आवाज सुने जस्तो लागेर ऊ गेटतिरै दौडिन्छ तर उसको छोरोलाई पागलखानामा लैजान प्रहरीले भ्यानमा कोचेर राखेपछि ऊ त्यसै गाडीको पछिपछि पागलझैँ दौडिन्छ । यसबाट सङ्क्रमणकालीन समयमा देशको दुरावस्थाप्रति चिन्ता

गर्ने देशभक्त नागरिकहरूलाई प्रशासनमा रहेका उच्च पदाधिकारीहरूले विभिन्न बहाना बनाउँदै पागलको संज्ञा दिएर थुन्ने प्रवृत्ति रहेको छ । त्यसै कारण यस ठाउँमा सज्जन र देशभक्त नागरिकलाई टिक्न गाह्रो भएको यथार्थ यस कथामा अभिव्यक्त भएको छ ।

सङ्क्रमणकालीन अवस्थाकै यथार्थपरक प्रस्तुति 'गुलाव सिंह बन्यो विस्फोट सिंह' कथामा नेपालको तत्कालीन दुरवस्थाको उल्लेख गरिएको छ । नेपालका राजनीतिक दलका नेता आफ्नो स्वार्थका लागि जे पनि गर्न तयार हुने कुरालाई चित्रण गरिएको छ । यस कथाको प्रमुख पात्र गुलाब सिंह सुरुमा गुलाब जस्तै नरम र कोमल स्वभावको देखिन्छ । विभिन्न राजनीतिक दलका नेताहरूले उसलाई मन्त्री बनाई दिने आश्वासन दिएर मधेशमा हत्या, हिंसा, काटमार, गाउँ निकाला, मतदान केन्द्र कब्जा जस्ता कार्यमा संलग्न गराउँछन् । यस्ता क्रियाकलाप गर्दागर्दै अन्ततः ऊ जेल पर्छ । आफूलाई जेलबाट छुटाउन पार्टीका मान्छे आउँछन् भन्ने कुराले ऊ पूर्णतः विश्वस्त हुन्छ तर जेल परेपछि उसलाई भेट्न पार्टीका मान्छे कोही पनि आउँदैनन् । ऊ जेलबाट भाग्दै छ रे भन्ने थाहा पाएर उसकै पार्टीको एक समूह नारा जुलुस गर्दै आउँछ । जुलुसको नाइकेले यो देखावटी मात्र हो भन्दै जेलरसँग गुलाब सिंहलाई त्यहीँ सडाउनु पर्छ भन्ने आदेश दिन्छ । विस्फोट सिंहको जेल बसाईको अनिश्चिततासँगै कथाको अन्त्य भएको छ । कथामा सङक्रमणकालीन समयमा राजनीतिक दलका नेताहरूले सर्वसाधारणहरूलाई आफ्नो स्वार्थको लागि विविध तरिकाले प्रयोग गरेर अन्त्यमा निकम्मा बनाएर फ्याँकिदिने गरेको कुरालाई यस कथाले स्पष्ट पारेको छ ।

'क्यान्टोनमेन्ट' कथामा द्वन्द्वको समाप्ति पश्चात् जनताको अधिकारप्रति ध्यान दिँदै वर्तमान सरकारले सेना व्यवस्थापन गर्न खोजे पनि उचित कार्यशैलीको अभावमा सो कार्य अधुरो र शान्ति प्रक्रिया ओझेलमा परेकाले छापामारको विजोग अवस्थालाई यसको कथावस्तु बनाइएको छ । छापामारहरू *क्यान्टोनमेन्ट*भित्र आउँदा साह्रै रमाइरहेका थिए । म पात्रले उनीहरूले राता तुल, झण्डा, फेटा, ध्वजा पताका बाँधेर र मसालहरू बालेर उत्सव मनाइरहेको देख्छ । ऊ कोठा भित्रैबाट तिनीहरूका क्रियाकलापले जोसिन्थ्यो र आफू सहभागी हुन नपाएकोमा आँसु झार्दथ्यो । अर्कोतर्फ आफ्नो घरपरिवार तथा समाजमा आफ्नो नगण्य स्थानले उसलाई झकझकाउँदथ्यो । आफ्ना भाइ बहिनीहरू पढेलेखेर ठूला ठूला ओहोदामा पुगेका होलान् तर आफूसँग न सामाजिक प्रतिष्ठा छ न पढाइ छ भन्ने जस्ता कल्पनाले गर्दा भित्रभित्रै ऊ आफ्नो अन्धकार भविष्यप्रति अवाक् हुन्थ्यो । छापामारहरू

बिचबिचमा हतियार सहित बाहिर निस्कँदा यो देशमा फेरि युद्ध चर्कने हो कि भन्ने डरले भयभीत भएको छ । क्यान्टोनमेन्टको वरिपरि विदेशी झण्डा फहराइरहेको देखेपछि आफ्नो झण्डा हराएकोमा ऊ चिच्चाउँछ र बाहिर हाम फाल्न खोज्छ । युद्धको अभिघातले उसलाई *क्यान्टोनमेन्ट*भित्र कैद गरिएको हुँदा बाहिर निस्कन सक्दैन । यसबाट सशस्त्र द्वन्द्व समाप्ति पश्चात्‌को समयमा *क्यान्टोनमेन्ट*भित्र बसेका छापामारहरूको भोलिको भविष्य कस्तो हुने हो भन्ने विषयमा कसैलाई पनि सरोकार नभएको अन्यौलपूर्ण नेपाली समाजको अवस्थालाई कथामा दर्साइएको छ ।

'ऊ एक पात्र लोकतन्त्रको' कथामा कथाकारले लोकतन्त्रको स्थापनाका लागि सर्वसाधारणले आफ्नो बलिदान दिएपनि त्यसको कदर हुनसकेको छैन । ठूलाबडालाई लोकतन्त्र आएपनि सर्वसाधारणहरू सधैँ रोग, भोक र गरिबीकै कारण आफ्नो ज्यान गुमाइरहनु परेको यथार्थलाई अभिव्यक्त गरेका छन् । काठमाडौको एक गल्लीमा चिया पसल गरेर बसिरहेको 'ऊ' पात्रकी श्रीमती प्रसव पीडाले छटपटाइ रहेकी हुन्छे । जेठो छोरो जनआन्दोलनमा सहभागी हुँदा मृत्युवरण गरेपनि लास नभेटिएकाले 'ऊ' सहिद हुन सकेको छैन । श्रीमतीको उपचार गर्ने खर्च जुटाउनका लागि चिया बेच्दै गर्दा आधा दिन बिताउन नपाउँदै लोकतन्त्रको नारा घन्काउँदै आएका आन्दोलनकारीले उसको पसल तोडफोड गरिदिन्छन् । त्यसपछि सुत्केरी व्यथा लागेकी श्रीमतीलाई ठेलागाडामा राखेर ऊ अस्पताल लैजान हिँड्छ तर अस्पताल लैजान नपाउँदै उसकी श्रीमतीको बाटैमा मृत्यु हुन्छ । यसबाट तत्कालीन समयमा लोकतन्त्रको नाममा हुने मनपरी तन्त्र, अराजकता, तोडफोड, सडकजाम आदि कारणले गर्दा सर्वसाधारणहरूले उपचार नपाएर अकालमै मृत्युवरण गर्नुपरेको यथार्थलाई कथामा अभिव्यक्त गरिएको छ ।

'नयाँ राजाहरू' कथामा पनि लोकतन्त्रको प्राप्तिपश्चात् राजा फालेसँगै सहमति र सहकार्य गरेका दलका नेताहरूमा रहेको होडबाजी र खिचातानी प्रवृत्तिलाई देखाइएको छ । कथामा सिंहदरबारको बन्द कोठाभित्र बसेका नेताहरू आ-आफ्नो प्रदेशको राजा बन्ने सपना बुनेर बसेका छन् । आफू राजा भएको, चौरासी व्यञ्जन खान पाएको, सुरा र सुन्दरी छेउमा बसेको, मोजमस्तीसँग जीवन बिताइरहेको सपनामा डुबिरहँदा त्यसै बेला जनताले बाहिरबाट ढुङ्गामुढा गरेको हिउँले हानेको दिवास्वप्न देखेसँगै उनीहरू श्रीपेचसितै पछारिन्छन् । वर्षैपिच्छे चुनाव लड्न नपर्ने, रोग, भोक अभावसँग लड्न नपर्ने सपना देखेका

नेताहरू एकआपसमा झगडा गर्दै श्रीपेच खोसाखोस गर्छन् । यसबाट देशमा जुनसुकै तहका नेता आएपनि देशमा कुनै परिवर्तन नदेखिएको नेताको आनीबानी उस्तै रहेको, दुराचारी एंव भ्रष्टाचारी प्रवृत्ति झन् बढ्दै गएको जनताको चाहना केवल कोरा चाहना मात्र भएको कुरालाई यस कथामा अभिव्यक्त गरिएको छ ।

'कामरेड अब ती दिन पुराना भए' कथामा लोकतन्त्र प्राप्तिपछि नेताहरूले जनताहरूप्रति गरेको व्यवहार नेताहरूको स्वार्थी प्रवृत्ति तथा आफ्नो धरातल बिर्सँदै जाने गरेको कुरालाई कथामा अभिव्यक्त गरिएको छ । कथाको प्रमुख पात्र कामरेड युद्धकालीन समयमा युद्ध जितेर नेता बन्न पुगेको छ । नेता बनिसकेपछि उसले गाउँमा आफू फर्किनु पर्ने कुरा बिर्सिसकेको छ । आफूलाई युद्धकालीन समयमा प्राण बचाइदिएका कामरेड भेट्न आउँदा समेत कसैको वास्ता गर्दैन । दक्षिणकाली पूजा गर्न निस्कन लागेको अवस्थामा उसलाई भेट्ने पालो पर्खेर बसेको उसको साथी कामरेडले पुराना दिनको स्मरण गराउन चाहे पनि प्रतिउत्तरमा उसले ती दिन अब पुराना भए कामरेड देशमा गणतन्त्र आइसक्यो भन्दै बेवास्तागरी हिँड्छ । यसरी जनतालाई विविध आस्वासन बाँड्दै हिँड्ने नेता सत्तामा पुगिसकेपछि सबै कुरा बिर्सिएर मोजमस्ती र विलासितामा भुल्ने नेपाली नेताको प्रवृत्तिलाई यस कथामा औँल्याइएको छ ।

'रोजर सेन्ड ओभर' कथामा सङ्क्रमणकालीन समयमा नेपालमा आन्दोलन चलिरहेको अवस्थामा विभिन्न राजनीतिक पार्टीका सङ्गठनहरूले आन्दोलनमा भाग लिएका थिए । उक्त नाराबाजी र जुलुसलाई शान्त पार्न प्रशासनका उच्च पदाधिकारीहरूले आफूभन्दा तल्लो निकायका कर्मचारीलाई कुनै आदेश नदिई आफ्नो विवेकको प्रयोग गर्नुहोस् भनी आफूहरू तर्किएका छन् । यसले गर्दा त्यहाँ साङ्गठनिक कार्यकर्ताहरूले नाराजुलुस गर्दै तोडफोड गर्ने, आफ्ना विपरीत विचारका मानिसहरूलाई जबर्जस्ती कुट्ने पिट्ने जस्ता घटनाहरू भएको र प्रहरी प्रशासनले राम्रोसँग नियन्त्रण गर्न नसक्दा आन्दोलनले उग्ररुप लिँदै गएको घटनालाई यस कथामा अभिव्यक्त गरिएको छ ।

## २.८ 'ज्याक्सन हाइट' सङ्ग्रहका कथामा सामाजिक संरचना

महेशविक्रम शाहको *ज्याक्सन हाइट* (२०६९) सालमा प्रकाशित छैठौँ कथासङ्ग्रह हो । प्रस्तुत कृति एक्काइस वटा मौलिक कथाहरूको सङ्ग्रह हो । कथावस्तु, कथाका पात्र वा

चरित्रका आधारमा *ज्याक्सन हाइटका* कथाहरू विदेशी पृष्ठभूमिमा आधारित छन् । यस कथा सङ्ग्रहमा शाहले २०५० देखि २०५९ सालसम्म उत्तर अमेरिका, युरोप, अष्ट्रेलिया, अफ्रिका र एसिया जस्ता थुप्रै मुलुकहरूको भ्रमण गर्ने क्रममा प्राप्त अनुभव र अनुभूतिलाई मूल विषयवस्तु बनाएका छन् ।

यस सङ्ग्रहमा सङ्गृहीत कथाहरूमा पूर्ण रूपमा विदेशी संस्कृतिमा रमाउँदै गएको समाज र फेसनका रूपमा विदेशिने मानवीय प्रवृत्तिको चित्रण गरिएको छ । गृहयुद्धले तहसनहस भएका देशका नागरिकहरू रोग, भोक र गरिबीको शिकार बन्नु परेको यथार्थलाई कथाकार शाहले आफ्नै देशमा जनयुद्धद्वारा प्रभावित नेपाली समाजको अवस्थासँग तुलनीय रहेको देखाएका छन् । यसै सन्दर्भमा यस कथा सङ्ग्रहको भूमिका लेख्दै रमेश विकल भन्छन् "आफ्नो धरतीको माटोद्वारा निर्मित मात्र होइन आफ्नो यात्राको क्रममा टेकेको विदेशी धरतीको पृष्ठभूमिमा रचित उनका कथामा पनि नेपाली मुटुको धड्कन स्पष्ट सुनिन्छ ( अफ्रिकन अमिगो, २०६०) ।" विकलको यस भनाइले पनि यस सङ्ग्रहका कथाको परिवेश नेपाल बाहिर भए पनि तिनमा नेपाली जीवन र समाजको सन्दर्भ कुनै न कुनै रुपले आएको पुष्टि गर्छ । यसरी हेर्दा यस सङ्ग्रहका कथाले विशिष्ट सामाजिक पृष्ठभूमि प्राप्त गरेका छन् । तलका उपशीर्षकहरूमा कथाले प्राप्त गरेका यिनै सामाजिक पृष्ठभूमिका सन्दर्भको अनुशीलन गरिएको छ ।

### २.८.१ विदेशी समाजको सामाजिक संरचना

कथाकार शाहले शान्ति सैनिकका रूपमा अफ्रिकी मुलुक जाँदा गृहयुद्धका कारण त्यहाँका जनताले भोग्नु परेका पीडाहरूलाई आफ्ना कथाहरूमा अभिव्यक्त गरेका छन् । 'काली केटी' कथा त्यसै पृष्ठभूमिमा लेखिएको छ । सामाजिक संरचनाका हिसाबले हाइटी सहरमा निवासी निम्नवर्गीय काला जातिले जीवन निर्वाहको लागि गर्नु परेको संघर्षलाई यसमा प्रस्तुत गरिएको छ । हाइटी सहरमा विभिन्न देशका पर्यटकहरू आउने र उनीहरूले अनेक बहानमा त्यहाँका निम्नवर्गीय काला जातिलाई सदियौँदेखि शोषण गर्दै आएको घटना कथामा प्रस्तुत छ । अर्कोतर्फ आफ्नै देशका घरानिया नागरिकहरूले समेत निम्नवर्गको आर्थिक शोषण गरेको कुरालाई प्रस्तुत गरिएको छ ।

'काली केटी' कथामा गृहयुद्धका कारण तहसनहस भएको हाइटीका निम्नवर्गीय मानिसहरूले अपनाउँदै आएको यौनपेसालाई कथावस्तुका रूपमाप्रस्तुत गरिएको छ । कथाको प्रमुख पात्र मम्वाली र जुले स्वदेशी र विदेशी पुरुष ग्राहकहरूलाई उनीहरूको भोगेच्छा पूरा गरिदिने पेसेवर दलालका रूपमा सक्रिय भूमिका खेल्दै आएका छन् । नाइट क्लबमा आएको युरोपियन मुलुकको जस्तो देखिने ग्राहकलाई उनीहरूले धेरै केटीहरू देखाउँछन् तर उसले कुनै पनि केटी मन पराउँदैन । उसले भने जस्तो काली केटी नपाएपछि मम्बालीले आफ्नै श्रीमती ग्राहकको अगाडि टक्र्याउँछ र उसबाट एकसय डलर प्राप्त गर्छ । ऊ खुसी हुँदै सय डलरलाई सुमसुम्याउँदै अँध्यारोमा लुप्त हुन्छ । यसबाट हाइटी क्षेत्रमा जातीय तथा वर्गीय विभेद रहेको विद्रुप अवस्था छ । गृहयुद्धका कारण तहसनहस भएको हाइटी क्षेत्रमा रोजगारीको अभावका कारण त्यहाँका निम्नवर्गीय महिलाहरूले जीविकोपार्जनको लागि यौनपेसालाई अँगाल्दै आएको कुरा स्पष्ट हुन्छ ।

'ऐना' कथामा पनि अफ्रिकी मुलुक बोकाचिकाको समुद्री किनार र त्यसक्षेत्रमा फैलँदै गएको सामाजिक विकृतिलाई उल्लेख गरिएको छ । यस कथाकी प्रमुख पात्र ऐना आफ्नो देश गृहयुद्धले तहसनहस भएपछि आफ्ना दुई छोरी, भाइ र बुढी आमालाई पाल्नका लागि रोजगारीको खोजीमा बोकाचिका पुगेकी छ । उसले त्यस क्षेत्रमा गएर सुरुमा रोटी, बदाम र चिप्सको व्यवसाय गरेकी छ । पछि ऊ हात खुट्टाका नङ काटेर मिलाइदिने काम गर्छे । अन्त्यमा अझै धेरै अर्थ आर्जन गर्ने उद्देश्यले ऊ यौन व्यवसायमा समेत संलग्न हुन पुगेकी छ । यसबाट गृहयुद्धका कारण तहसनहस भएको अफ्रिकी मुलुकमा गरिबी व्याप्त छ । त्यस क्षेत्रमा रोजगारीको अभाव छ अनि बाँच्नको निम्ति त्यस क्षेत्रका मानिसले खुला यौनव्यापार जस्तो पेसालाई अँगालिरहेका छन् भन्ने कुरा स्पष्ट भएको छ ।

'रोजा' कथामा हाइटी राष्ट्रको सामाजिक, आर्थिक दुरवस्थाका कारण त्यस देशका नागरिकले भोग्नु परेको समस्यालाई प्रस्तुत गरिएको छ । कथाकी प्रमुख पात्र रोजा आर्थिक अभावका कारण संयुक्त राष्ट्रसङ्घीय मिसनद्वारा सञ्चालित शान्ति सुरक्षाका निम्ति विभिन्न देशबाट आएका सुरक्षाकर्मीलाई आफ्नो शरीर सुम्पिएर आफ्नो परिवारको गुजारा टार्न विवश छे । अर्कोतर्फ गृहयुद्धका कारण थिलथिल भएको हाइटी राष्ट्रको आर्थिक दुरवस्थाको फाइदा उठाउँदै त्यहाँका नारीहरूलाई पैसाको आश्वासन दिएर जनताको सुरक्षार्थ खटिएका सुरक्षाकर्मीले नै यौन शोषण गर्ने गरेको कुरालाई यस कथामा कथाकारले प्रस्तुत गरेका छन् ।

त्यस्तै 'लुँडी' कथामा पनि हाइटी सहरको स्वतन्त्रता, धनसम्पत्ति, मनोरञ्जन र प्रेमका नाममा हुने यौन दुराचारलाई कथाकारले कथावस्तुका रूपमा प्रस्तुत गरेका छन् । यस कथाकी प्रमुख पात्र लुडी आफ्नो रुप र सौन्दर्यलाई सर्वोपरि महत्त्व दिन्छे । आफ्ना छोराछोरी तथा लोग्नेको वास्ता नगरी आफ्नो प्रेमी जिललाई बढीभन्दा बढी माया, ममता र समय दिएकी हुन्छे । ऊ प्रेमीलाई खुसी पार्न विभिन्न शारीरिक अभिनय र वेषभूषा धारण गर्छे । अर्कोतर्फ जिल भने थोरै आर्थिक सहयोग गरेझैँ गरी लुडीको शारीरिक र मानसिक शोषण गरिरहेको हुन्छ । यसरी कथाकारले हाइटी सहरको यौन स्वतन्त्रता तथा उक्त सहरका मानिसले भोग्नु परेको आर्थिक दुरवस्थाको फाइदा उठाउँदै त्यहाँका मानिसलाई विभिन्न प्रलोभनमा शारीरिक र मानसिक शोषण गरेको यथार्थलाई यस कथामा चित्रण गरेका छन् ।

'डर्ली र सेतो घोडा' कथामा पनि त्यस्तै सामाजिक पृष्ठभूमि पाइन्छ । कथाकी प्रमुख पात्र डर्ली निम्नवर्गीय केटी हो । कलेज जाने क्रममा अमेरिकन गोराले मोबाइल नम्बर मागेपछि उसको मनमा उठेका उतारचढावलाई कथामा वर्णन गरिएको छ । ऊ आफ्ना साथीहरू क्याटलिन ,कर्लिन र सिमेलियाको जस्तै आफ्नो पनि अमेरिकन गोरो प्रेमी हुने स्मरणले खुसी देखिन्छे । उसले गोराको सहयोगमा आफ्नो कपाल दिनहुँ बनाइ रहने, धक फुकाएर खर्च गर्ने, नयाँनयाँ डिजाइन र फेसनका लत्ताकपडा लगाउने अमेरिकी धर्तीमा पाइला टेक्ने सुन्दर सपना देख्छे । उसको प्रेमी अमेरिकन गोरा (जोनास) ले भने डर्लीलाई प्रेम गरेको स्वाङ पार्दै आफ्नो कामवासना पुरा गरेर होटलमै छोडिदिन्छ । यसबाट आर्थिक रुपले विपन्न अफ्रिकी मुलुकका युवतीहरूमा गोराहरू सम्पन्न र सभ्य हुन्छन् भन्ने भ्रम रहेको तथा उनीहरूमा रहेको यसै भ्रमको फाइदा लिँदै गोराहरूले त्यहाँका युवतीको जीवनमाथि तुषारापात गर्ने गरेको कुरालाई कथामा प्रस्ट पारिएको छ ।

'मिसन डार्फर' कथामा पनि गृहयुद्धको चपेटामा परेको सुडान राष्ट्रमा शान्ति सेनाको रूपमा गएको 'म' पात्रले कमान्डरको आज्ञा उल्लङ्घन गर्दा मृत्यु वरण गर्नुपरेको घटनालाई देखाइएको छ । कथाको प्रमुख पात्र 'ऊ' लाई कमाण्डरले आफ्नो ड्युटी सम्हाल्न बिर्सेर यहाँ केटीहरूसँग आँखा नजुधाउनु भन्ने आदेश दिएको हुन्छ । दिनदिनै तरकारी किन्न बजार जाने 'म' पात्रको भने जाँदा त्यहाँकी व्यापारी युवती (माटिडा) सँग आँखा जुध्न पुग्छ । उसले आफ्नो यौवन, रुप, सौन्दर्य र नम्र बोलीबाट 'म' पात्रलाई प्रेममा पार्न सफल हुन्छे ।

‘म’ पात्रले युवतीलाई माया गरेको कुरा व्यक्त गरेपछि मटिडाले उसलाई पेस्तोल झिकेर हान्छे । कमान्डरको आज्ञा उल्लङघन गर्ने ‘म’ पात्र मृत्युवरण गर्न पुग्छ । यसरी विभिन्न कारणले गृहयुद्धको शिकार बन्न पुगेका अफ्रिकी मुलुकमा जाने शान्ति सेनाहरूले द्वन्द्व पीडित महिलाहरूलाई गर्न खोज्ने अनैतिक कार्यले मृत्यु वरण गर्नुपर्ने यथार्थको अर्को पाटोलाई यस कथामा प्रस्तुत गरिएको छ ।

गृहयुद्धको चपेटामा परेको अफ्रिकी मुलुक विकास निर्माणका कार्यमा निकै पछाडि परेको छ । त्यहाँका मानिस गरिबी, अशिक्षाका कारण शोषणमा परेका छन् । रोजगारीको कुनै विकल्प नहुँदा त्यहाँका महिलाले देहव्यापार जस्तो पेसा अपनाउनु पर्ने बाध्यता देखिन्छ । कथाकारले यी सन्दर्भलाई प्रस्तुत गर्दै अन्ततः त्यस ठाँउमा अझै पनि जातिभेद, रङ्ग भेद र वर्गीय भेदको अन्त्य भइ नसकेको साथै उक्त क्षेत्रमा सामाजिक र आर्थिक दुरवस्था अहिलेसम्म कायमै रहेको कुरालाई कथामा प्रभावकारी ढङ्गले अभिव्यक्त गरेका छन् ।

यसै सङ्ग्रहभित्रको ‘म्युजियममा मेरो गाउँ’ कथामा कथाकारले अमेरिकामा आफूले देखेको कुरालाई जस्ताको तस्तै अभिव्यक्त गरेका छन् । अमेरिकाको कुनै ठाउँमा उनले आफ्नै जन्मस्थलको थारु जातीय सामाजिक जीवनशैलीको प्रतिबिम्ब फेला पारेका छन् । कथामा सत्रौं शताब्दी पूर्वका अमेरिकन आदिवासीको प्रतिबिम्बको रुप देखिन्छ । त्यस म्युजियममा नेपालको कैलाली जिल्ला अन्तर्गत थारु समुदायका पिछडिएको मानव समाजको यथार्थ जीवन आएको छ । नेपाली समाज अझै पनि अमेरिकाको सत्रौं शताब्दीमा रहेको समाज जस्तै छ । यहाँका आदिवासीहरू प्राचीन जीवन शैलीभन्दा माथि उठ्न नसकेको वास्तविकतालाई कथाकारले यस कथामा अभिव्यक्त गरेका छन् ।

‘कन्ट्रयाक्ट’ कथामा धन दौलत र सुख सुविधाको उच्च महत्त्वाकाङ्क्षा बोकेर अमेरिका जस्तो विकसित देशमा जान खोज्ने नेपालीलाई अमेरिका गइसकेपछि विकास र सभ्यतामा अगाडि बढेका अमेरिकीहरूले गर्ने व्यवहारलाई प्रस्तुत गरिएको छ । कथाकी प्रमुख नारी पात्र ‘ऊ’ प्रशस्त धनसम्पत्ति कमाउने उच्च अभिलाषाका साथ अमेरिका पुगेकी छे । अमेरिकामा गइसकेपछि स्थायी प्रवेश आज्ञा प्राप्त गर्न ऊ अमेरिकन हब्सीसँग सम्झौता विवाह गरेर आफ्नो यौवन, रुप सबै सुम्पिएकी छे । विवाहको कागजातमा हस्ताक्षर गर्छु भनी उसको सम्झौताको श्रीमान रिचर्डले उसलाई आफूमात्र नभई आफ्नो साथी ज्याकलाई समेत कोठामा ल्याएर शारीरिक तथा मानसिक शोषण गरेको घटना कथामा उल्लेख छ ।

यसबाट विकासोन्मुख देशका नागरिकहरूमा पलाउँदै गएको आर्थिक सम्पन्नता प्राप्त गर्ने महत्त्वाकाङ्क्षी विचार तथा सूचना प्रविधिमा भएको तीव्र विकासका कारण उनीहरू विकसित देशका नागरिकहरूबाट आर्थिक, शारीरिक, मानसिक रूपमा शोषित हुनुपरेको घटनालाई दर्साइएको छ ।

'मेट्रो एउटा घुम्ती संसार' कथामा पनि म पात्र आफू अमेरिका रहँदा गरेको अनुभूतिलाई कथामा अभिव्यक्त गरेका छन् । रेलभित्र विभिन्न रङ्गका सेता सफा र आकर्षक मानिस देखिन्छन् । संसारका सबै देशका मानिसहरू एउटै ठाँउमा देखिन्छन् । त्यहाँ सबैका हातमा *आइप्याड* र *आइफोन* देखिन्छन् । विज्ञान र प्रविधिको द्रुततर प्रगतिले गर्दा एप्पल कम्पनीले सञ्चार जगतमा क्रान्ति ल्याई दिएको कुरा 'म' पात्र सम्भन्छन् । 'म' पात्रले रेलमा एकजोडी बुढाबुढीको प्रेमालाप दृश्य देख्छन् । तिनको उमेरमा असमानता रहे पनि एकअर्कामा समर्पण भाव प्रकट गर्नु, युवा पुस्ताहरू *आइफोन ल्यापटप* जस्ता आधुनिक प्रविधिका सामग्रीमा व्यस्त रहेको देखिनु जस्ता कारणले आधुनिक अमेरिकी सहर विज्ञान र प्रविधिको द्रुततर विकास र उन्नतिले नेपाली मात्र नभई विश्व समुदायको आकर्षणको केन्द्रविन्दु बन्न पुगेको यथार्थलाई अभिव्यक्त गरिएको छ ।

शाहको 'ज्याक्सन हाइट' कथामा पनि अमेरिकाको व्यस्त शहर न्यूयोर्कको एक छेउमा रहेको आधुनिक सभ्यता र संस्कृतिमा रहेको 'ज्याक्सन हाइट' मा नेपालीहरूले भोग्नु परेका पीडा र यथार्थलाई वर्णन गरिएको छ । मानिसलाई धनसम्पत्ति र ऐस आरामको प्रलोभनमा जीवनभर दास बनाउने 'ज्याक्सन हाइट' को वर्णन कथामा गरिएको छ । कथाका प्रमुख पात्र म, ऊ र युवतीको दिनचर्याका आधारमा कथावस्तु रचिएको छ । यी तिनै जना धेरै पैसा कमाउने उच्च अभिलाषाका साथ अमेरिका पुगेका छन् । कथाको ऊ पात्र पढाइको सिलसिलामा अमेरिका पुगेको छ । पढाई पुरा गर्न नसकेपछि उसले *रेस्टुराँ* मालिककोमा काम गर्न थाल्छ । न्यून तलबमा काम गर्नुपर्ने हुनाले ज्याक्सन हाइटको महङ्गीसँग जुध्दाजुध्दै उनीहरूले पैसा जम्मा गर्न सक्दैनन् । कथाको अर्को पात्र युवती आफ्ना साना दुई छोरा नेपालमै छोडेर धेरै धन सम्पत्ति जोड्ने अभिलाषाका साथ अमेरिका आएकी हुन्छे । उच्च महत्त्वकांक्षी युवतीले अमेरिका आउनासाथ उसले आफ्नो श्रीमान छोडेर अर्को केटासँग विहे गर्छे । त्यस केटाले पनि धोका दिएपछि ऊ कुलतमा फसेकी छे र अन्ततः जीविकोपार्जनको अन्तिम बाटो वेश्याबृतिलाई अँगाल्न पुगेकी छे । यसरी नेपाली युवायुवती

अमेरिका गइसकेपछिका सुनौला सपना र त्यहाँको वास्तविक जीवनमा बाँच्नका लागि गर्नुपर्ने संघर्षलाई कथामा प्रस्तुत गरिएको छ ।

'हान् घण्टा हान्' कथामा डिवी परेर अमेरिका पुगेका नेपालीहरूको दिनचर्या र जीवन भोगाइका वास्तविकतालाई कथावस्तुको रूपमा उतारिएको छ । अमेरिका जान पाए त के- के गरुँला भनेर डि.वी पर्ना साथ भएभरको सम्पत्ति बेचेर अमेरिका पुग्ने नेपालीहरू त्यहाँ गइसकेपछि काम नपाएर एकातर्फ भौँतारिँदै हिँडिरहेका हुन्छन् । अर्कोतर्फ काम पाइ हाले पनि अत्यन्तै तल्लो स्तरको पाइने, चौबीसै घण्टा काम नगरे भोकै बस्नु पर्ने अवस्थाले त्यहाँ मानिस यन्त्रवत् जीवन बिताउन बाध्य भएका छन् । अमेरिकामा रहेका नेपालीको व्यस्त जीवनशैलीलाई कथाकारले कथामा अभिव्यक्त गरेका छन् । यसबाट कथाकार शाहले अल्पविकसित तथा विकासोन्मुख मुलुकका मानिसहरूको अमेरिका जस्तो विकसित देश प्रतिको बढ्दो मोह र त्यहाँ गइसकेपछि उनीहरूले भोग्नु परेका शारीरिक तथा मानसिक, दु:ख, पीडालाई यी कथामा प्रस्तुत गरेका छन् ।

युरोपियन संस्कृतिमै लेखिएको 'लभ लक' कथामा युरोपियन समाजमा प्रेमका नाममा बढ्दै गएको विकृतिलाई कथावस्तुका रूपमा प्रस्तुत गरिएको छ । कथाको प्रमुख पात्र एलिना सच्चा र हार्दिक प्रेम चाहने युवती हो । ऊ डिनोलाई हृदयदेखि नै प्रेम गरेकी हुन्छे तर केही समयपछि नै उनीहरूको प्रेममा खटपट सुरु हुन्छ । अन्ततः एक अर्काबाट छुटिन्छन् । केही समयपछि फेरि एलिना रक्कोलाई दोस्रो प्रेमीको रूपमा स्वीकार्छे दोस्रो प्रेमीले पनि केही समयपछि धोका दिएपछि उ मानसिक रूपमा विक्षिप्त बन्न पुग्छे । अन्ततः ऊ प्रेम शब्दलाई नै घृणा गर्दै लभ लक होइन, ओपन द लक अफ लभ लेख्दै जुलियटको नाङ्गो तस्विरलाई पछ्यौरीले ढाकिदिन्छे र आफूले डिनो र रक्कोसँग प्रेम गर्दा लगाएको ताल्चा पनि तोडिदिन्छे यसबाट युरोपियन मुलुकमा कसैले कसैलाई हार्दिक प्रेम नगर्ने, प्रेमलाई सस्तो वस्तुको रूपमा ठान्ने तथा एकअर्कालाई धोका दिने प्रवृत्ति बढ्दै गएको यथार्थलाई कथाकारले कथामा अभिव्यक्त गरेका छन् ।

त्यस्तै 'मिस्टर पाउल' कथा पनि 'लभलक' कथाकै पृष्ठभूमिमा संरचित कथा हो । युरोपियन समाजमा आर्थिक अभावका कारण नारीहरूले आफ्नो जीवन बन्धक राख्न विवश भएको सामाजिक तथ्यलाई यस कथामा कथाकारले कथावस्तुका रूपमा प्रस्तुत गरेका छन् । 'म' पात्र बिदा मनाउने सिलसिलामा क्यारिवियन सागरको एउटा होटलमा बसेको हुन्छ ।

त्यसै सिलसिलामा मिस्टर पाउल पनि बिदा मनाउन तथा बुढेसकालमा आफ्ना पट्यारलाग्दा दिनहरू काट्न त्यही होटलमा बसेको हुन्छ । मिस्टर पाउल उमेरमा ६०-६५ वर्ष उमेरको छ । उसले क्यारिबियन समुद्री तटमा आफू भन्दा दोब्बर तेब्बर कान्छी युवतीसँग प्रणयलीला गरेर आफ्नो यौनप्यास मेटाउँछ । एकदिन 'म' पात्र पनि पाउलसँगै क्यारेबियन समुद्री किनारमा जान्छ । त्यस ठाँउमा बुढा र तरुनी केटी बाहेक कोही पनि देखिँदैनन् । म पात्रले बुढाको देश, परिवार र साथी संगतिका बारेमा जिज्ञासा राख्छ । उसले प्रतिउत्तरमा दुनियाँमा साथी जहाँ गयो त्यहीँ भेटिने हुनाले आफ्नो परिवार कोही पनि नभएको, दुनियामा आफू एक्लो भएको कुरा गर्छ । यसबाट युरोपेली समाजमा धनी र गरिबबीचको खाडल एकातर्फ छ भने अर्कातर्फ रोजगारको अभाव पनि बढ्दै गइरहेको छ । आर्थिक अभावले त्यहाँका महिलाहरूले यौनपेसालाई अर्थोपार्जनको माध्यम बनाएका छन् । त्यहाँ रहेका धनी मानिस पैसाकै भरमा गरिब महिलाहरूलाई शारीरिक तथा मानसिक शोषण गरिरहेका छन् । पैसाकै भरमा धनीहरूले आफ्नो परिवारप्रतिको दायित्व बिर्सँदै जाने र अन्ततः जीवनमा एक्लो भएर पट्यार लाग्दा दिनहरू काट्नका लागि विकृति र विसंगतिमा फँस्दै जाने जस्ता विविध विसङ्गतिजन्य सामाजिक सन्दर्भलाई यस कथामा अभिव्यक्त गरिएको छ ।

कथाकार शाहले प्रस्तुत सङ्ग्रह एकथरी कथामा आफू अष्ट्रेलिया रहँदा देखे भोगेका कुरालाई कथावस्तुका रूपमा प्रस्तुत गरेका छन् । प्रस्तुत कथा सङग्रहमा आएका 'एबोरिजनल केटो', 'आम्सटर्डमको रातो गल्ली' कथामा कथाकारले आफू अष्ट्रेलिया रहँदा बस्दा देखेका घटनालाई कथावस्तुका रूपमा प्रस्तुत गरेका छन् । युरोपियन गोराहरूले अस्ट्रेलियन आदिवासीलाई शोषण गरेको कुरा *आमस्टर्डमको* रातो गल्लीभित्र फैलिएको खुला यौन व्यापारलाई प्रस्तुत गरिएको छ ।

अष्ट्रेलियन पृष्ठभूमिमा लेखिएको 'एबोरिजनल केटो' कथामा त्यहीँको आदिवासी एबोरिजन केटोलाई प्रमुख पात्रका रूपमा ल्याएका छन् । आफ्ना पुर्खाहरूलाई अमेरिकन गोराहरूले दास बनाएर आफ्नो मौलिक अधिकार कुण्ठित गराएको र अहिलेसम्म पनि आफूहरू गोराकै अधीनमा चल्नु परेको तथा आफूहरूका घरजग्गा अतिक्रमण गरी सुकुम्बासी नागरिक तुल्याएको यथार्थ कुरालाई एबोरिजनल केटोले गाली गलौज मार्फत् अभिव्यक्त गरेको छ । यसबाट अस्ट्रेलियामा अझै पनि वर्गीय तथा जातीय विभेद सम्बन्धी उत्पीडन कायमै छ । युरोपेलीहरूले अष्ट्रेलियन आदिवासीमाथि आफ्नो प्रभुत्व जमाई आर्थिक

शोषण गरेकै कारण उनीहरू आजसम्म पनि घरबारविहीन हुनु परेको छ भन्ने यथार्थलाई यस कथामा अभिव्यक्त गरेका  छन् ।

'आमस्टर्डमको रातो गल्ली' कथामा कथाकारले अस्ट्रेलियामा बेरोजगारी बढ्दै गएको र उक्त बेरोजगारी समस्याससँगै फैलिँदै गएको वेश्यावृतिलाई यस कथामा देखाएका छन् । वर्तमान समयमा अस्ट्रेलिया आधुनिक सहरका रूपमा परिवर्तन हुँदै गएको छ । शहरी समस्याले गर्दा एकातर्फ आर्थिक अभाव देखिन्छ । मानिसलाई दैनिक समस्या टार्न मुस्किल छ भने अर्कोतर्फ आधुनिकताको नाममा वेश्याबृत्ति चलाई रातारात धनी हुन खोज्ने विकृति पनि देखिन्छ । कथामा आएका अल्बर्ट र वीर बहादुर निम्नवर्गीय पुरुष पात्र हुन् । उनीहरू दुवै घरपरिवारको बेवास्तागरि *रेडलाइट एरिया*भित्र गई वेश्याहरूसँग मोजमस्ती गरेर आफूसँग भएको  पैसा  खर्च गर्ने र आफ्नो परिवारलाई भोकभोकै राख्ने दुष्चरित्र भएका व्यक्तिहरू हुन् । अर्कोतर्फ कथामा आएकी नारीपात्र जो ट्याक्सी चलाएर आफ्नो जीविकोपार्जन गर्दै आएकी छे, ऊ आफ्नो परिश्रम र पेसामा सन्तुष्ट देखिन्छे । ऊ पैसाका लागि आफ्नो शरिर बेच्न चाहन्न । बढ्दो शहरीकरणसँगै मानिसमा विकसित उच्च महत्त्वाकांक्षाका कारण मानिसहरू रातारात धनी बन्ने सपनाले वेश्यावृत्ति जस्तो व्यवसाय मौलाउँदै गएको निम्नवर्गीय पुरुषहरू तिनै वेश्यालयमा गई आफूसँग भएभरको पैसा सकाउनाले घरपरिवार भोकभोकै बस्नु परेको यथार्थलाई कथाकारले यस कथामा अभिव्यक्त गरेका छन् ।

'दश हजार फ्रयाङ्क' कथा फ्रान्सेली पृष्ठभूमिमा संरचित छ । कथामा नेपाली नागरिक तथा फ्रान्सेली गैर प्रवासी व्यक्ति 'ऊ' फ्रान्सेली नागरिकको सहयोगमा कला सिक्न फ्रान्स पुगेको छ । फ्रान्स पुगिसकेपछि सुरु सुरुमा पैसा कमाउन नसकेकोले ऊ नेपाल फर्किन सकेको छैन भने पछि आफ्नी विदेशी श्रीमती सोफीको जिद्दीका कारण नेपाल फर्किन सक्दैन । मृत्युपश्चात् मात्र उसलाई कफिनमा हालेर नेपाल ल्याइन्छ । यसबाट 'ऊ' पात्रले आफ्नो चित्रकला प्रतिभाको लोकप्रियता प्राप्तिपछि नेपालमा आई कला पाठशाला खोलेर विशिष्ट चित्रकार सिर्जना गर्ने लक्ष्य लिएर फ्रान्सको राजधानी पेरिस गए पनि ऊ आफ्नो सम्पूर्ण जीवन विदेशी भूमिमै बिताउन बाध्य भएको छ । यसबाट नेपालमा सीपमूलक शिक्षाको उचित अवसर छैन यहाँका मानिसमा आर्थिक अभाव छ । आर्थिक अभावका कारण राम्रो शिक्षादीक्षा लिन बर्सेनि नेपालीहरू विदेशिने गरेको तथा आफ्नो सीपलाई नेपालमा

ल्याएर केही गर्ने सपना देखेपनि त्यहाँ गइसकेपछि त्यहीँको संस्कृतिमै डुबेर उनीहरू नेपाल फर्किन नसक्ने अवस्था सिर्जना भएको यथार्थलाई यस कथामा अभिव्यक्त गरिएको छ ।

'आइफल क्याफे' कथामा पनि युरोपेली समाजमा बढ्दै गएको दाम्पत्य जीवनप्रतिको उतार चढावलाई कथामा प्रस्तुत गरिएको छ । कथाको प्रमुख पात्र लोला र लुइस विवाहको तेस्रो वर्षगाँठ मनाउन आइफल क्याफेमा गएका छन् । विवाहको पहिलो वर्षगाँठ मनाउन आउँदा जस्तो उनीहरू दुवैमा उमङ्ग देखिँदैन । यस पटकको विवाह उत्सवमा उनीहरू दुवै जना निराश देखिन्छन् । कथाकी प्रमुख पात्र लोला आफ्नो वैवाहिक जीवनप्रति असन्तुष्टी देखिन्छे । ऊ मन नपरेको कुरालाई श्रीमान समक्ष राख्न नसक्ने अन्तर्मुखी स्वभावकी नारी छे । जसका कारण उनीहरूको वैवाहिक सम्बन्धमा तिक्तता बढ्दै गएको छ । यसरी पश्चिमा देशमा श्रीमान् श्रीमतीबीचमा हुने असमझदारी तथा होडबाजी प्रवृत्तिका कारण उनीहरूको वैवाहिक सम्बन्ध छिटै खटपट हुने हुनाले सम्बन्ध बिच्छेद हुने र उनीहरू वर्षैपिच्छे विवाहको नयाँ वर्षगाँठ मनाउँदै त्यसैमा रमाउने युरोपियन संस्कृतिलाई कथाकारले यस कथामा प्रस्तुत गरेका छन् ।

'लासभेगासकी सुनकेस्रा' कथामा पनि कथाकारले युरोपियन मुलुकमा फैलँदै गएको गरिबी र अभाव तथा बेरोजगारीको समस्याले त्यहाँका बासिन्दाले अँगाल्दै गएको यौन पेसालाई प्रमुख विषयवस्तु बनाएर कथावस्तुको रचना गरेका छन् । कथाकी प्रमुख पात्र सुनकेस्रा नेपाली मूलकी केटी हो । उसको हजुरबुवा २०/२१ वर्षको उमेरमै युरोप गएको हुनाले उसको बाबुले युरोपियन केटीसँग विवाह गर्छ । ३/४ सन्तान जन्माई सकेपछि बाबुआमाको सम्बन्ध विच्छेद भइसकेपछि उ आफ्नो हजुरबुवासँग बस्दै आएकी छे । उसकी आमा दोस्रो विवाह गरेर दोस्रो श्रीमानसँग बस्छे । उसलाई आफ्ना दाजु दिदीको बारेमा कुनै जानकारी छैन । आफ्नो आर्थिक अवस्था मजवुत नभएकै कारण ग्राहकलाई भी.आइ.पी सर्भिस दिएर आएको पैसाले आफ्नो खर्च, टार्ने काम गरेकी छे । यसबाट युरोपियन समाजका नरनारीहरूमा वैवाहिक जीवनप्रति असन्तुष्टि रहेको र उनीहरूले सन्तान जन्माइ सकेपछि सम्बन्ध विच्छेद गर्नाले उनीहरूको पारिवारिक जीवन नै अस्तव्यस्त बन्न पुगेको यथार्थलाई यस कथामा चित्रण गरिएको छ ।

यसरी विकसित देशहरूमा बढ्दै गएको सहरीकरणसँगै त्यहाँका मानिसहरूमा मित्रताको सम्बन्ध हराउँदै गएको, पारिवारिक सम्बन्धलाई महत्त्व नदिने, प्रेमलाई क्षणिक

सम्झने जस्ता कारणहरूले त्यहाँका मानिसहरूमा विकसित भएको वेचैनीलाई कथाकारले यी कथामा प्रस्तुत गरेका छन् ।

यस कथासङ्ग्रहको 'लिउ' कथा चिनीया पृष्ठभूमिमा आधारित भई रचिएको छ । कथाकार शाह आफू चीन जाँदा त्यहाँ देखेको घटनालाई आधार बनाएर यसको कथावस्तु निर्माण गरेका छन् । यस कथाको प्रमुख पात्र लिउ आर्थिक अभावका कारण बिचैमा पढाई छोडी गितार बजाएर अभिभावक लगायत आफ्नो पेट पाल्न विवश पात्र हो । लिउले 'मो' को प्रभावबाट गितार बजाउन सिकेर आफ्नो पकेट खर्च जुटाउँदै आएको छ । आफ्नै कमाइले एउटा पुरानो गितार किनी त्यही गितार बजाएर आर्जन गरेको पैसाले घरायसी खर्च चलाउने 'ऊ' खुसी देखिन्छ । उसलाई आफूले पढ्न नसकेकोमा पश्चाताप छैन । उसलाई आफू स्वाभिमानी भई गितार बजाएर पेट पाल्न सकेकोमा गर्व छ । एकदिन उसलाई गितार बजाउँदा बजाउँदै कसैले पाँच डलरको नोट दिन्छ । उक्त डलरबाट विभिन्न सामान खरिद गर्न ऊ पसलमा जान्छ तर उसको खल्तीको प्वालबाट उक्त डलर पहिले नै खसिसकेको हुनाले ऊ निराश हुन्छ । यसबाट आधुनिक विकास निर्माण र प्रविधिको हिसाबले अगाडि बढिरहेको चीनमा गरिबी र अशिक्षा व्याप्त हुनु, गरिबी कै कारण त्यहाँका बालबालिकाले अत्यन्तै निम्नस्तरीय जीवन भोग्न बाध्य चिनियाँ समाजको यथार्थको एउटा पाटो हो भन्ने कुरालाई कथाकारले कथावस्तुमा प्रस्तुत गरेका छन् ।

## २.९ 'भुइँखाट' सङ्ग्रहका कथामा सामाजिक संरचना

महेश विक्रम शाहद्वारा लिखित *भुइँखाट* (२०७४) कथासङ्ग्रह भित्रका अधिकांश कथामा प्राकृतिक तथा मानव निर्मित विषयलाई कथा रचनाको आधार बनाइएको छ । यस सङ्ग्रहका कथामा उनले देशभित्र र बाहिरका विभिन्न खालका भोगाइहरूलाई प्रस्तुत गरेका छन् । 'सिंहदरबार', 'टेपरी गाउँ', 'प्रभुको सालिक', 'गुलाफ', 'रु दश लाख', 'बिजुली देवी', 'पचास बिडा पान' शीर्षक कथामा तराई आन्दोलनबाट उत्पन्न भएको मानवीय सङ्कटलाई चित्रण गरिएको छ । 'भुइँखाट', 'निना' र 'मध्यरातमा न्यानहटन' कथामा यौनलाई विषयवस्तु बनाइएको पाइन्छ । 'बडा डन' र 'सुपारी' कथामा सहरमा फैलिँदै गएको गुण्डागर्दीको चित्रण गरिएको छ । 'थाक्पा', 'शीतलहर' कथामा जीवनका अनुभूतिलाई प्रस्तुत गरिएको छ ।

### २.९.१ नेपाली समाजको सामाजिक संरचना

नेपालको दशवर्षे सशस्त्र युद्ध समाप्त भइसकेपछिको संक्रमणकालीन समयमा लेखिएको 'सिंहदरबार' कथाको प्रमुख पात्र 'ऊ' सशस्त्र युद्धको समय प्राणको आहुति समेत दिन तयार भएको व्यक्ति हो । उसले जनयुद्धमा लड्दा लड्दै आफ्नो दाहिने खुट्टा गुमाउन पुगेको छ । उसले देशमा क्रान्तिकारी परिवर्तन गरेर सम्पूर्ण नेपालीको सुनौलो भविष्य बन्ने सपना देखेको छ । युद्धको समयमा कामरेड चिल्ला र चाप्ला भाषण छाँट्दै हिँडेर आफूहरूलाई प्रभावित पारेकोले युद्धमा मर्न कति पनि डर लाग्दैनथ्यो । तर उसलाई आज तिनै कामरेडको व्यवहारप्रति घृणा जाग्दै गएको छ । युद्धमा लाग्दा कलिलै उमेरमा आफ्नो पढाइ तथा घरपरिवार समेत छोडेर हिँडेको ऊ आज विद्रोहीको गोली लागेर अपाङ्ग हुनुपरेको छ भने अर्कोतर्फ आफूलाई युद्धमा होमिन उक्साउने कामरेडहरूले युद्ध समाप्त भइसकेपछि आफ्नो भविष्यप्रति कुनै चासो नदेखाउनाले ऊ मानसिक रुपमै विक्षिप्त बन्न पुगेको छ । यसबाट संक्रमणकालीन समयमा सत्ता र शक्तिमा हुने जुनसुकै नेताले पनि जनताहरूलाई आफूसत्तामा जानको लागि प्रयोग गर्ने र सत्तामा गइसकेपछि उनीहरूमाथि तुषारापात गर्ने नेपाली राजनीतिक दलको स्वार्थ प्रवृत्तिलाई यस कथामा स्पष्टसँग प्रस्तुत गरिएको छ ।

तराई मधेश जनआन्दोलनको समयलाई पृष्ठभूमि बनाएर 'रु. दश लाख' कथा लेखिएको छ । कथाको प्रमुख पात्र मुकेश निम्नवर्गीय भएपनि जनआन्दोलनको समयमा आफ्नो ज्यानै दिएर लागेको छ । आन्दोलन समाप्त भइसकेपछि ऊ घर फर्किन्छ । उसका छर छिमेकी, उद्योगी, व्यापारी, व्यवसायीहरूले ऊ ज्यानै दिएर आन्दोलनमा लागेपनि परिवर्तन हात लाग्न नसकेको कुरा व्यक्त गर्दछन्, छ महिनाको आन्दोलनले उल्टै आफूहरूको रोजी रोटी खोसिएको आक्रोश व्यक्त गर्दै उसलाई भनेका छन् 'के छ ? नेताजीको खबर' भन्दै व्यङ्ग्यवाण प्रहार गर्छन् । श्रीमतीले आफ्नो घरमा वृद्ध बाबुआमा, छोराछोरी, श्रीमती सहित छ जनाको परिवार भएपनि ६/६ महिनासम्म लोग्ने आन्दोलन भन्दै परिवारको वेवास्ता गरी हिँड्दा परिवार चलाउन नसकेको गुनासो गर्छे । छिमेकीले आन्दोलनमा शहादत प्राप्त गरेर उसको परिवारले दश लाख पाएर घरपरिवार सजिलैसित चलाउन सकेको कुरा व्यक्त गर्छे । आफ्नो भने श्रीमान् भएर पनि आर्थिक समस्याले झेलेको कुरा अभिव्यक्त गर्दछे । यसै सिलसिलामा उसलाई काठमाडौंबाट वरिष्ठ नेताले फोन गरेर

'सरकारसँगको हाम्रो वार्ता भङ्ग भयो, पहिलेभन्दा अझै सशक्त ढंगले आन्दोलनमा लाग्नुपर्छ है' भनेपछि उसले मनमनै 'दोस्रो आन्दोलनमा सबैभन्दा पहिले मारिने व्यक्ति मै बन्ने छु, कम्तीमा म मारिएँ भने मेरो परिवारले दश लाख त पाउने छ' भन्ने सोच्छ र यही सोँचसँगै कथा टुङ्गिएको छ । यसबाट तराईको नेपाली समाजमा वर्गीय विभेद, आर्थिक विपन्नता र अशिक्षाले जरो गाडेको स्थिति व्याप्त रहेको यथार्थतालाई उद्घाटित गरिएको छ । देशमा जस्तो सुकै क्रान्तिकारी परिवर्तन भए पनि त्यस्ता क्रान्तिमा निम्नवर्गीय मानिसहरूलाई प्रयोग गरिन्छ तथा क्रान्तिका नाममा हुने बन्द हडतालले सर्वसाधारणलाई दैनिकी चलाउन निकै समस्या परेको छ । आर्थिक रूपमा सम्पन्नशाली टाठाबाठा पहुँचवालाले सत्ता हात पारे पनि विपन्नहरू सधैं रोजगारीकै समस्यामा पिरोलिनु परेको हुनाले उनीहरू आन्दोलनको समयमा बरु सहादत प्राप्त गर्न सके परिवारको आर्थिक समस्या टर्ने धारणा राख्छन् भन्ने कुरालाई यस कथामा प्रस्तुत गरिएको छ ।

नेपालको तराईको पृष्ठभूमिमा लेखिएको 'नवाबगन्ज' कथा तराई आन्दोलनलाई आधार बनाएर लेखिएको छ । कथामा सिकन्दर मधेसी पार्टीको सैन्य गुन्डाहरूको नाइके हो उसले गाउँमा मास्टर जस्ता सोझा सीधा मानिसलाई अपहरण गर्ने फिरौती माग्ने जस्ता कार्यहरू गर्दै आएको छ । मास्टरलाई अपहरण गरेपछि उसले ५० लाख रुपैंया फिरौती रकम माग्छ । उसकी स्वास्नीले त्यत्रो रकम दिन नसक्ने बताएपछि उसलाई जथाभावी गाली गर्दै मास्टरलाई अनेक यातना दिइरहेको छ । उसले मास्टरलाई मात्र होइन त्यस क्षेत्रका उद्योगी, व्यवसायी, पत्रकार, प्रहरी, सबैलाई आतङ्कित पारेको छ भने कतिपय प्रशासनका लोभी मानिसहरूले पैसाको लोभमा परेर आफ्ना गोप्य सूचनाहरू उसलाई दिन्छन् जसबाट उसको गुन्डागर्दी क्रियाकलाप बढ्दै गइरहेको छ । यसबाट नेपालको सङ्क्रमणकालीन अवस्थामा समाजका टाठाबाठा र शोषकहरूले विभिन्न नामका पार्टीहरू खोल्ने, विभिन्न षड्यन्त्रहरू बुन्ने, सर्वसाधारणलाई डर, त्रास र धम्की देखाउँदै रातारात धनी बन्न खोज्ने तथा देशको सुरक्षा निकायका पदाधिकारीहरू समेत पैसाको लालचमा परेर जनताहरूलाई सुरक्षा दिन नसकेकाले उनीहरू असुरक्षित भई बाँच्नु परेको नेपाली समाजको यथार्थलाई यस कथामा प्रस्तुत गरिएको छ ।

मध्यपश्चिम नेपालको तराईको सामाजिक पृष्ठभूमिमा 'टेपरी गाउँ' कथा लेखिएको छ । वर्षातको बाढीले आफ्नो पुर्खाहरूको खेत सबै बगाइदिएपछि कथाको प्रमुख पात्र

रहमलाल पुर्खादेखि नै कमैया बन्न बाध्य बनेको एक निम्नवर्गीय व्यक्ति हो । नेपालमा कमैया मुक्तिको घोषणा पछि मात्र ऊ स्वतन्त्र श्रमिकको रूपमा आफ्नो जीवन बिताउन पाएको छ । कमैया मुक्तिको घोषणा पछि सरकारले उनीहरूको रोजगारको विषयमा कुनै व्यवस्था गर्न नसक्दा उसको जीवन झन् कष्टकर र दुखी बनेको छ । आफ्नो परिवारको लागि मीठो खुवाउनका लागि उसले राप्तिमा ठूलो बाढी आएको बाढीले आफ्नो गाउँवस्ती सबै डुबानमा पारेको र सरकारले हेलिकोप्टरबाट चाउचाउ, बिस्कुट, चिउरा जस्ता खाद्य सामग्री बाँडेको चाउचाउ, बिस्कुट खान पाएर आफ्नो छोरो बच्चु खुसी भएको कल्पना गर्छ । एकदिन उसले देखेको सपना साँचो भइदिन्छ । उसले राहतमा चाउचाउ बिस्कुट पनि पाउँछ तर उसको सम्पूर्ण परिवारलाई राप्तिले भेलसँगै लिएर गइसकेको हुनाले रहमलालका मरुस्थल बनेका आँखाहरू झरी बनेर बर्षिन थालेसँगै कथाको पनि अन्त्य भएको छ । यसबाट नेपाली समाजमा वर्गीय विभेद छ । वर्गीय विभेदको कारण निम्नवर्गीय भूमिहीनहरू पुस्तौंदेखि मजदुरी काम गरेर बस्न बाध्य छन् भने उनीहरूलाई काममा लगाएर जमिन्दारहरू मालिक बनेका छन् । देशमा कमैया मुक्तिको घोषणा भएपनि राज्यले उनीहरूको रोजगारको लागि कुनै व्यवस्था गर्न नसक्दा उनीहरूको जीवन झनै कष्टकर भएको छ । आर्थिक अभावकै कारण आफूहरूले मिठो खानको लागि प्राकृतिक विपत्ति आइदियोस् भन्ने अज्ञानताको सोच उनीहरूमा रहेकाले नेपाली समाज अझैपनि वर्गीय विभेदमा रुमलिएको, अशिक्षा र अज्ञानताको अँध्यारो पाटोमा नै रहेको कुरा यस कथाबाट प्रस्ट हुन्छ ।

पश्चिम नेपालको तराईलाई पृष्ठभूमि बनाएर ‘गुलाफ’ कथा लेखिएको छ । कथाकी प्रमुख पात्र ‘गुलाफ’ बादी समुदायको निम्नवर्गीय पात्र हो । परिवारको नाममा उसँग एउटी छोरी मात्र छे । आफ्नो नृत्य प्रदर्शन गरेर जीविकोपार्जन गर्दै आएकी गुलाफलाई गाउँलेले कसैले छोरा बिगारेको, कसैले नाति बिगारेको, कसैले आफ्ना लोग्नेहरू समेत बिगारेको आरोप लगाउँदै घृणाको नजरले हेर्छन् । गाउँको जमिन्दार कृष्ण सिंहको लसपसबाट छोरी जन्मिएपछि कृष्णसिंहले उसका सयौं लोग्ने भएको हुनाले त्यो छोरी आफ्नो होइन भनि पन्छिएको छ । गुलाफकी छोरीको उमेर हुँदै गएपछि कृष्णसिंहले उसकी छोरीप्रति बक्रदृष्टि राख्छ । एक दिन कृष्णसिंह उसको छोरीसँग सुतेको अवस्थामा गुलाफले ती दुवैको हत्या गरेर जेल जीवन बिताउन पुग्दछे । यसबाट नेपालमा अझै पनि वर्गीय तथा जातीय विभेद अनि अशिक्षाले जरो गाडेर बसेको छ । उच्चवर्गले निम्नवर्गलाई शोषण गर्न तथा

उनीहरूबाट शारीरिक सन्तुष्टि लिने र अन्ततः बेकम्मा बनाएर फालिदिने प्रवृत्ति रहेको छ भने निम्न आर्थिक अवस्थाकै कारण सबैका अगाडि आफ्नो नृत्य प्रदर्शन गर्दै आफ्नो इज्जत बेचेर दुई छाक खानुपर्ने बाध्यता नेपाली समाजका बादी समुदायमा रहेको यथार्थलाई यस कथामा प्रस्तुत गरिएको छ ।

नेपालको हिमाली क्षेत्रको पृष्ठभूमिमा लेखिएको 'थाक्पा' कथाको प्रमुख पात्र थाक्पा रहेको छ । ऊ एक निम्नवर्गीय भैंडो गोठालो हो । सल्लाको काठ लिन जङ्गल गएको दाजु भिरबाट लडेर मरेपछि उसकी भाउजूले अर्कैसँग विहे गरेपछि ऊ पर्यटकका भारी बोकेर भतिजोको लालन पालन गर्छ । भतिजो पनि ठुलो भएर वेपत्ता भएपछि ऊ विक्षिप्त भएर मुस्ताङको कागवेनीमा झरेर च्याङ्ग्राको गोठालो बनेको छ । वर्तमान अवस्थामा उसले गाउँका पाँच घरका झन्डै तीनसय वटा च्याङ्ग्राहरू हेर्छ तर उसले ज्यालाका रूपमा दुई छाक खान मात्र पाउँछ । गरिबीकै कारण राम्रो पोषण नपाएर उमेरमै चाउरिएको उसको अनुहार, तीन वर्ष अगाडि भरिया बन्दा विदेशीले दिएका लुगा आजसम्म फेर्न नपाएर धुजाधुजा हुँदासम्म पनि लगाउनु परेको छ । नुहाउन नपाएर मैलाले लट्टेदार भएको केश देखेर आफू बस्दै आएका गाउँलेले समेत पागलको संज्ञा दिएका छन् । उक्त घटनाले ऊ आफ्नो जीवनप्रति नै निराश देखिएको छ । म पात्रको भेट र भलाकुसारी पछि 'म' पात्र जहिले आउँदा पनि आफूलाई त्यही अवस्थामै भेट्न सक्ने कुरा अभिव्यक्त गरेसँगै कथाको अन्त्य भएको छ । यसबाट नेपालको हिमाली भेगमा वर्गीय विभेद रहेको देखिन्छ । अधिकांश महिना हिउँ परिरहने भएकाले त्यस ठाउँका मानिसहरूको जीवन अत्यन्तै कष्टकर रहेको छ । त्यस्तै त्यहाँ बसोबास गर्ने उच्चवर्गका मानिसले त्यस ठाउँका निम्नवर्गीय मानिनेहरूलाई आर्थिक रुपले शोषण गरिरहेको स्थितिलाई कथामा देखाइएको छ । दिनभर आफूहरूका भैंडाको गोठालो बनेपनि दुई छाक खान बाहेक उसको निम्ति अरु कुनै पनि व्यवस्था नगरी असहाय र सहाराविहीन मानिसलाई उच्च सम्मान र श्रद्धा गर्नुको सट्टा उसलाई झन् घृणाको भावले हेर्ने नेपाली समाजको यथार्थलाई यस कथामा कथाकारले सटिक ढङ्गले प्रस्तुत गरेका छन् ।

नेपालको तराईको पृष्ठभूमिलाई आधार बनाएर 'बिजुलीदेवी' कथा रचना गरिएको छ । कथाको प्रमुख पात्र बिजुलीदेवी भारतको विहारबाट भर्खरै नवबधुका रूपमा नेपालको सञ्जय बाबुको घरमा भित्रिएकी छन् । बिवाहको दिन गाउँलेहरु तथा घर परिवारले भव्य

स्वागत गरेकाले मख्ख परेकी विजुली देवीको खुसी अर्को दिनसम्म पनि टिक्न सकेन । बिवाहको भोलिपल्ट उनलाई शौच गर्न मन लाग्छ तर शौच गर्नका लागि उनले कतैपनि पाइखाना देख्दिनन् । टोलका सबै मानिस लोहोटामा पानी बोकेर सडक तथा खेतका डिलमा बसेको देखेपछि उनी पनि लोहोटामा पानी बोकेर शौच गर्न सडकमा निस्किन्छिन् । नव विवाहित दुलही जहाँ पायो त्यहीँ शौच बस्न लाज हुने डरले उनलाई हम्मे परेको हुन्छ । शौचले निकै च्यापेपछि उनी त्यहीँ नजिकैको सार्वजनिक स्थलमा बस्छिन् तर बिजुलीबाट आइरहेको प्रकाशले उनको सम्पूर्ण लाज उदाङ्गिदिएको देखेपछि उनले बिजुलीको चिम नै फुटालिदिन्छिन् । त्यसपछि त्यहाँका सबै पोलमा झुण्डिएका चिमहरू एकपछि अर्को गर्दै झ्याम झ्याम फोरिदा त्यहाँ पहिले जस्तै अँध्यारो छाउँछ र त्यस ठाउँका मानिसहरू आनन्दले शौच गर्दछन् । कथाकारले नेपालको तराई क्षेत्र अशिक्षा र अज्ञानताको ठुलो चपेटामा परेको छ । जहाँ राज्यले विकासका पूर्वाधार पुऱ्याए पनि स्थानीय जनताहरूमा सरसफाइको कमी हुनुका साथै संसार जतिसुकै परिवर्तनशील भएपनि त्यस ठाउँका मानिसहरू यथास्थितिमा नै बस्न चाहेकोले तराई समाज चेतनाको हिसाबले निकै पछाडि छ भन्ने कुरालाई अभिव्यक्त गरेका छन् ।

त्यस्तै तराई क्षेत्रलाई नै पृष्ठभूमि बनाएर 'शीतलहर' कथा लेखिएको छ । यस कथाको प्रमुख पात्र बच्चुको परिवारमा बुढो बाबु, आफूहरू लोग्ने, स्वास्नी र एक छोरा मात्र छन् । बच्चुले जाडोमा न्यानो ओढ्ने लुगा आफ्नो परिवारलाई जुटाउन नसक्दा चिन्तातुर छ । उसले धेरै वर्ष पहिले जाडोले आफ्नी आमाको मृत्यु हुँदा राहत स्वरुप १,००० रुपियाँ र दुई ओटा कम्बलसमेत प्राप्त गरेको कुरा सम्झन्छ तर अहिले ती सबै च्यातिसकेकोले उसलाई सहिनसक्नु जाडो भएको छ । यस पटकको जाडोमा राहत वितरण गर्न मन्त्रीहरू आउने कुरा थाहा पाएर ऊ पनि राहत वितरण गर्ने ठाउँमा पालो कुरेर बस्छ । राहत वितरण गर्ने हाकिमले तिम्रो बाबु जाडोले मऱ्यो भने तिमी पनि राहत पाउने छौ भन्ने जवाफ पाएपछि उसको दिमागमा अनेक कुविचार आउन थाल्छ । राहत पाउने लोभमा एक रात बाबुलाई घर बाहिर शीतमा सुताएर उसको बाबुको मृत्यु हुन्छ र राहत थाप्न जाँदा पच्चीस हजार नगद तथा राहत भनेर थुप्रै सामग्री घर भित्रिएपछि बच्चु र उसकी श्रीमती खुशीले गद्गद् हुन्छन् । यसबाट नेपालको तराई भेगमा अशिक्षा, आर्थिक विपन्नता व्याप्त रहेको र आर्थिक विपन्नताकै कारण यस क्षेत्रका मानिसहरू वर्षायाममा बाढी पीडित र हिउँद याममा जाडो पीडित बन्न बाध्य भएको साथै राहत पाउने लोभमा आफ्नै परिवारका

सदस्यको मृत्यु हुँदा समेत खुसी मनाउनु पर्ने बाध्यत्मक स्थिति रहेको नेपाली समाजको परिस्थितिलाई यस कथामा प्रस्तुत गरिएको छ ।

नेपालको सहरी क्षेत्रलाई पृष्ठभूमि बनाएर लेखिएको 'बडा डन' कथामा नेपालमा मौलाउँदै गएको गुण्डागिरी प्रवृत्तिलाई उदाङ्ग पारिएको छ । कथाको प्रमुख पात्र 'म' ले आफू जिमखानामा जाँदा एउटा सुटेड बुटेड लगाएको डन देख्छ । उसले मोवाइलबाटै साना डनहरूलाई व्यापारी, उद्योगीहरूबाट पैसा माग्ने, चन्दा उठाउने आदेश दिन्छ । चन्दा दिन नमान्ने तथा आफ्नो विरूद्धमा आवाज उठाउनेलाई गोली ठोक्ने आदेश दिन्छ । उसलाई विभिन्न राजनीतिक दलका व्यक्तिहरूले समेत प्रयोग गरिरहेका छन् र ऊ थुनामा परेका बेला उसको पक्षमा आवाज उठाउने गरेका छन् । त्यस्तै गुण्डागर्दी गर्दागर्दै एकदिन ऊ मारिन पुग्छ । डन नं. १ विदा भइसकेपछि फेरि त्यसै ठाउँमा अर्को लामा लामा केश राशी भएको डन नं. २ देखिन्छ । ऊ पनि आफ्नो मोवाइलबाट आफ्नो मातहतमा रहेका साना डनहरूलाई चन्दा बटुल्ने मार्ने आदेश दिइरहेको छ । यसबाट नेपालको सहरी क्षेत्रमा दिनदिनै गुण्डागर्दी क्रियाकलाप बढ्दै गइरहेको र राजनीतिक दलका नेताहरूले उनीहरूको संरक्षण र बचाउ गर्दै गएकाले एकपछि अर्को डन बन्ने प्रवृत्ति बलियो हुँदै गइरहेको यथार्थलाई कथामा प्रस्तुत गरिएको छ ।

## २.९.२ विदेशी समाजको सामाजिक संरचना

'मध्यरातमा म्यानहटन' कथा विदेशी पृष्ठभूमिमा लेखिएको कथा हो । कथाको प्रमुख पात्र *रेड इन्डियनले हाइस्क्वायर*को एक गल्लीमा भुइँ तल्लामा पसल चलाएको छ भने माथिल्लो तल्लामा लुकीचोरी यौनधन्दा व्यवसाय पनि चलाउँदै आएको छ । यसै कथाकी अर्की नारी पात्र माया एसियन मूलकी केटी हो । काम र मामको खोजी गर्दै सुन्दर संसार बनाउने सपना देख्दै ऊ अमेरिका भासिएकी छ । आफूले सोचे जस्तो काम नपाएपछि ऊ आफ्नो शरीर बेच्न बाध्य भएकी छ । ऊ त्यहाँ यौन पेसालाई अँगाल्ने पुगेकी छ । आफ्नो शरीरको जिउँदो मासु बेचेर सकिसक्दा पनि आफ्नो देश फर्किन सक्ने रकम समेत कमाउन नसकेकोमा उसलाई आफ्नो जीवनसँग घृणा लाग्न थालेको छ । यसबाट विकासोन्मुख मुलुकका मानिसमा अमेरिकाप्रतिको बढी मोह र जीवन जिउने उच्च अभिलाषाका कारण जसरी पनि अमेरिका जाने सपना देख्ने गरेको तर त्यहाँ पुगेपनि उनीहरूले अत्यन्तै घृणित काम गर्नु परेको यथार्थलाई यस कथामा प्रस्तुत गरिएको छ ।

## २.१० निष्कर्ष

महेशविक्रम शाहका कथासङ्ग्रहको सामाजिक संरचनाको कोणबाट अध्ययन गर्दा दुई खालको सामाजिक संरचना पाइन्छ । ती हुन् (क) स्वदेशी सामाजिक संरचना (ख) विदेशी सामाजिक संरचना यी दुवै पृष्ठभूमिमा आधारित भएर कथाहरु रचिएका छन् ।

स्वदेशी सामाजिक पृष्ठभूमि अन्तर्गत शाहले विविधतायुक्त नेपाली समाजको चित्रण गरेका छन् । प्रारम्भमा लेखिएका *सटाहा, अफ्रिकन अमिगो* जस्ता कथासङ्ग्रहमा नेपालको थारु समुदायका मानिसहरुको सामाजिक आर्थिक, सांस्कृतिक तथा अशिक्षाको अन्धकारमय पाटोलाई उद्घाटन गरेका छन् । उक्त समुदायमा आर्थिक रूपमा सम्पन्नहरूले कमैयाहरूलाई अनेक प्रकारले शोषण गर्दै उनीहरूको जीवनस्तरलाई माथि उठ्न नदिएको देखिन्छ । त्यस्तै उक्त समुदायमा रहेको पुरातनवादी सोचका कारण त्यस समुदायका महिला तथा नयाँ पुस्ताले भोग्नु परेको समस्यालाई पनि चित्रण गरिएको छ । त्यसै सङ्ग्रहमा सङ्गृहित कतिपय कथामा भने पहाडी तथा हिमाली समुदायमा रहेको आर्थिक असमानताका कारण निम्नवर्गीयले खेप्नुपरेको दुरवस्थाको चित्रण छ । त्यस्तै पछिल्लो समयमा लेखिएका सिपाहीकी स्वास्नी, छापामारको छोरो, काठमाडौंमा कामरेड जस्ता कथासङ्ग्रहमा नेपालको वर्गीय असमानतालाई अन्त्य पार्ने उद्देश्यले गरिएको गृहयुद्ध र त्यसबाट उब्जिएको दुष्परिणामलाई अभिव्यक्त गरेका छन् । त्यस्तै भुइँखाट सङ्ग्रहमा सङ्गृहित कथामा तराई मधेसमा चलेको जनविद्रोह र त्यसको परिणति तथा त्यहाँ रहेको अशिक्षा र अज्ञानताको अँध्यारो पाटोलाई उद्घाटन गरिएको छ ।

विदेशी सामाजिक पृष्ठभूमिमा आधारित भएर लेखिएको कथामा अन्तर्राष्ट्रिय स्तरमा रहेको सामाजिक, आर्थिक, राजनीतिक विषमताका कारण त्यस क्षेत्रका बासिन्दाले जीविकोपार्जनको लागि गर्नुपरेको संघर्षको अवस्थालाई चित्रण गरिएको छ । त्यस्तै सम्पन्न राष्ट्रका मानिसहरुले विकासोन्मुख तथा विपन्न राष्ट्रका मानिसहरुलाई गरेको कुकृत्य, धर्मको नाममा हुने आर्थिक होडबाजीका कारण त्यहाँका मानिसमा उत्पन्न भएको कुविचार, जातीय विभेद तथा रङ्गभेद आदिलाई कथामा प्रस्तुत गरिएको छ ।

# परिच्छेद तीन

# महेशविक्रम शाहका कथामा अभिव्यक्त वर्गीय विश्वदृष्टि

## ३.१ विषयपरिचय

प्रस्तुत परिच्छेद महेशविक्रम शाहका कथासङ्ग्रहका कथाहरूमा सामाजिक संरचनाको सैद्धान्तिक स्वरुपको विश्लेषणमा केद्रित छ । यसमा विश्वदृष्टिको सैद्धान्तिक चिनारी दिएपछि शाहका *सटाहा, अफ्रिकन अमिगो, सिपाहीकी स्वास्नी, छापामारको छोरो, काठमाडौंमा कामरेड, ज्याक्सन हाइट र भुइँखाट* कथा सङ्ग्रहका कथाहरूको वर्गीय विश्वदृष्टिका आधारमा विश्लेषण गरिएको छ

## ३.२ विश्वदृष्टिको सैद्धान्तिक स्वरूप

गोल्डमानले विश्वदृष्टि सम्बन्धी मान्यता साहित्यको समाजशास्त्रीय अध्ययनका निम्ति सैद्धान्तिक मापदण्डको रूपमा विकसित गरेका छन् । गोल्डमान साहित्यको समाजशास्त्रीय अध्ययनलाई संस्कृतिसँग जोडेर हेर्ने काम गर्दछन् । उनका अनुसार प्रत्येक कृति लेखकको व्यक्तिगत रचना भए पनि त्यसले लेखकको समाजको अभिव्यक्ति गर्दछ । लेखकले साहित्यमा अभिव्यक्त गरेको विचार तथा चेतना त्यस समाजका विभिन्न वर्गका व्यक्ति तथा समूहका व्यक्तिका व्यवहारबाट प्रभावित हुन्छ । यसरी लेखककै समुदायका विचार, भावना, चेतना आदि लेखकको विचारसित अन्वित भई विश्वदृष्टिको निर्माण गर्दछन् । त्यसैले विश्वदृष्टिको निर्माण समाजका मानवीय समुदायमा र खासगरी एउटै समुदायका वैचारिक धारणा भएका मानिसका बीच हुन्छ । विश्वदृष्टिको संरचना लेखकद्वारा निर्मित भएको हुँदैन बरु त्यस वर्ग र अन्य वर्गका अरु मानिसहरू विश्वदृष्टिको निर्माणमा सहभागी भएका हुन्छन् (पाण्डेय, सन् १९८९, १४८-४९) ।

विश्वदृष्टिको विकासको सम्बन्ध समाजका वर्ग र समूहको इतिहाससँग हुन्छ । एउटा समयमा जुन विश्वदृष्टि देखिन्छ, समय परिवर्तन हुँदै जाँदा अर्को समयमा अर्को विश्वदृष्टि पनि विकसित हुन सक्छ । त्यसैले समाजका वर्ग वा समूहको इतिहासको बोधबाट कृतिमा व्यक्त विश्वदृष्टिको बोध गर्न सकिन्छ । कृतिमा विश्वदृष्टिको खोजी गर्ने सन्दर्भमा ऐतिहासिक प्रक्रियामा त्यसको सम्बन्धबारे पनि विवेचना गर्न सकिन्छ (गोल्डमान

सन् १९८०: २१-२२) । एलेन सिङ्गउडले गोल्डमानको विश्वदृष्टिका सन्दर्भमा यो समष्टिगत चेतनाको अवधारणामा केन्द्रित रहेको हुन्छ भन्ने विचार व्यक्त गरेका छन् (जैन, सन् १९९२: १००) । गोल्डमानले विश्वदृष्टिलाई विचार र भावनाको रुप मानेका छन् जसले वर्गविशेषका सदस्यहरूलाई एक आपसमा सहबद्ध गराएको हुन्छ ।

विश्वदृष्टिले समग्र जीवनको अभिव्यक्ति गर्दछ । प्रतिभा सम्पन्न व्यक्तिहरू विश्वदृष्टिलाई सिर्जनात्मक विचारको स्तरमा मूर्तरुप प्रदान गर्दै त्यसमा धेरै भन्दा धेरै सुसङ्गति ल्याउने प्रयास गर्दछन् (जैन, सन् १९९२: १०१-१०२) । समाजमा विभिन्न विशेषता भएका मानिसहरू हुन्छन् । विश्वदृष्टि समान विशेषता भएका मानिसहरूका समुदायमा साझा/सामूहिक चेतनाका रूपमा विकसित हुन्छ । पछि वर्ग तथा समूहको त्यही सम्भावित चेतनालाई साहित्यकारले कृतिमा व्यक्त गरेका हुन्छन् । कृतिमा अभिव्यक्त चेतनाका माध्यमबाट कृतिभित्रको समाज र त्यस समाजका वर्ग वा समुदायका मानसिक संरचनाबारे अर्थबोध गर्न सकिन्छ । समाजका वर्ग वा समूहको मानसिक संरचनामा अन्तर एकता रहे जस्तै साहित्यकारका कृतिमा फरक विश्वदृष्टि र समाजको विश्वदृष्टिमा एकात्मकता रहेको हुन्छ (छेत्री, २०६४: ५०) । कुनै वर्ग वा समूहको विश्वदृष्टिको संरचना र काल्पनिक कृतिमा रचित संसारको संरचनाबीच समानधर्मिता हुन्छ । साहित्यको समाजशास्त्रीय अध्ययनले कृति र समूहबीचको समानधर्मिताको खोजी गर्दछ । जुन कृतिमा वर्ग वा समूह तथा साहित्यबीच सुसङ्गत रूपमा समानधर्मिता प्रकट भएको हुन्छ, त्यही कृति नै महान् हुन पुग्छ । एउटा समाजमा एकै समयमा लेखिएका विभिन्न लेखकका कृतिहरूमा अभिव्यक्त चेतनाको संरचनामा समानता वा समानधर्मिता पाइन्छ भन्ने गोल्डमानको विचार रहेको छ ।

कृतिमा व्यक्त विश्वदृष्टिको माध्यमबाट कृति तयार भएको समाज र त्यस समाजका वर्ग वा समूहको मानसिक संरचनाबारे जान्न सकिन्छ (गोल्डमान, सन् १९६४: ८५) । गोल्डमानले फ्रान्सका सत्रौँ शताब्दीका दार्शनिक पास्कल र नाटककार रेसिनका रचनाहरूको विश्लेषण गरेका छन् । उक्त कृतिहरूको अध्ययनका क्रममा त्रासदीय स्वरुपलाई स्पष्ट पारेका छन् । उनले साहित्यिक कृति अनि सामाजिक इतिहास र सामाजिक वर्गको विश्वदृष्टिको संरचनात्मक सम्बन्धको खोजी गरेका छन् ।

गोल्डमानका अनुसार कृतिमा अभिव्यक्त समाज र समाजबाट प्रभावित कृति अर्थात् साहित्यका आधारमा समाज र समाजका आधारमा कृतिको खोजी भएको छ । कृतिमा अभिव्यक्त संसार, वर्ग वा समूहको विश्वदृष्टिको संरचनात्मक सम्बन्धका बीचमा समानधर्मिताको पहिचान गराएका छन् (पाण्डेय सन् १९८९: १५१-१५२) । कुनै पनि वर्गले अन्य वर्गका मानिससँग विभिन्न प्रकारको सम्बन्ध बनाउने क्रममा विचारको एउटा व्यवस्था निर्माण गरेको हुन्छ । यही व्यवस्थाको प्रकृतिबाट समाजका समूहमा एउटा विचार व्यवस्थाको विकास हुन्छ जसले विश्वदृष्टिको रुप धारण गरेको हुन्छ । यसको निर्माण कुनै एक व्यक्तिबाट नभएर कुनै एउटा वर्ग वा समुदायबाट भएको हुन्छ । समाजको चेतना तथा विश्वदृष्टि त्यस समाजमा रहेका वर्ग वा समूहको कर्म, चिन्तन तथा भावनामा प्रकट हुन्छ । रचनाको स्तरमा धारणा वा विचारका माध्यमबाट यसको अभिव्यक्ति हुन्छ । विश्वदृष्टि समाजको प्रारुप हो जसको सामाजिक जीवनमा वास्तविक आधार हुन्छ । त्यसै कारण यो काल्पनिक होइन निश्चित कालखण्डमा र त्यस समाजका वर्ग वा समूहको मानसिक संरचनामा विद्यमान हुन्छ र त्यसलाई चिन्न सकिन्छ । (गोल्डमान १९६४: ८५)

निष्कर्षमा साहित्यको समाजशास्त्रीय अध्ययन परम्परामा विभिन्न विद्वानहरूको महत्त्वपूर्ण योगदान रहिआएको छ । यस परम्परालाई अगाडि बढाउँदै गोल्डमानले विश्वदृष्टि सम्बन्धी दृष्टिकोण प्रस्तुत गरेर साहित्यको समाजशास्त्रीय अध्ययन परम्परामा नयाँ आयाम थपेका छन् । एउटा निश्चित कालखण्डमा एउटा वर्ग वा समुदायको विचार, अनुभूति र व्यवहारलाई नै विश्वदृष्टिले समग्रतामा समेटेको हुन्छ । विश्वदृष्टिको सिर्जना नभएर विकास हुन्छ र विकासका निम्ति पनि सङ्घर्ष अनि आन्दोलनको आवश्यकता हुन्छ भन्ने गोल्डमानको धारणा रहेको छ । यसको विकासको प्रक्रियाले समाज विकासको प्रक्रियालाई उद्घाटित गर्दछ । विश्वदृष्टिको विकासको अध्ययनबाट समाजको चरित्र र विकास प्रक्रिया बुझ्न सकिन्छ । प्रस्तुत अध्यायमा यसै परिप्रेक्ष्यमा शाहका कथाको विश्लेषण गरिएको छ ।

## ३.३ 'सटाहा' सङ्ग्रहका कथामा अभिव्यक्त वर्गीय विश्वदृष्टि

'सटाहा' कथासङ्ग्रहका धेरै जसो कथा स्वदेशी पृष्ठभूमिमा आधारित छन् । कथाकारले आफू थारु परम्परा र संस्कृतिमा हुर्केका हुनाले त्यही जातिको रहनसहन, बिवाह, जातीय आचरण, गरिब परिवारको दुःख, विडम्बना, अन्तर्राष्ट्रिय घटना, देशको यथार्थता,

कमैयाको कथा, आधुनिक विकृति र विसङ्गतिले गाँजेको विश्व जस्ता विषयवस्तुको प्रयोग गरेर यस सङ्ग्रहका कथाको रचना गरेका छन् ।

कथाकार शाहले सामाजिक यथार्थवादी दृष्टिकोणलाई अँगालेर कथा लेखेका छन् । उनका कथामा सामाजिक सांस्कृतिक परिवेश तथा समाजमा त्यसको प्रभावको जीवन्त प्रस्तुति पाइन्छ । यिनका कथामा मूल रूपमा ग्रामीण समाजको चित्रण मूल विषयवस्तु बनेर आएको देखिन्छ । यही विषय प्रस्तुतिका क्रममा उनका कथामा उच्चवर्ग तथा निम्नवर्गले जीवनयापनका क्रममा आ-आफ्ना विश्वदृष्टिको निर्माण गरेका छन् । यस अध्यायमा तिनै वर्गको विश्वदृष्टिलाई उल्लेख गरिएको छ ।

रामजनमको पाल्तु घोडाको मर्मलाई केलाई 'टाँगन घोडा' नामक कथा लेखिएको छ । रामजनमले बच्चा घोडालाई काम लिनका लागि राम्रोसँग पालनपोषण गर्नुका साथै माया ममता देखाई स्याहार गरेको छ । समय बित्दै जाँदा घोडा बुढो हुँदै जान्छ । त्यसले टाँगा तान्न नसक्दा खानपान तथा हेरचाहमा वास्ता गर्दैन । उसले बुढो घोडालाई सदाका लागि हटाइ रकमसमेत हात पार्ने मनशाय व्यक्त गरेको कुरा कथामा यसरी आएको छः "घोडालाई पानी दिन आएको रामजनमले घोडा बसेको देखेपछि घोडा कसैलाई बेचिदिन पाए थोरै रकम भएपनि हात लाग्थ्यो" (पृ: २४) । रामजानमको यस सोचाइबाट मानिसमा स्वार्थी तथा शोषकीय प्रवृत्ति हावी रहेको छ । समाजमा घोडारुपी शोषित समुदायलाई शोषक वर्गले शरीरमा शक्ति र तागत हुन्जेल काम लिने गर्दछन् । शोषितहरू काम गर्न नसक्ने भएपछि अन्ततः उनीहरूलाई पन्छ्याउन खोज्ने प्रवृत्ति रामजनमको मात्र नभई सम्पूर्ण सामन्तवर्गको साझा विश्वदृष्टिको अभिव्यक्ति यस कथामा गरिएको छ ।

अफ्रिकी मुलुकलाई कथा रचनाको पृष्ठभूमि बनाएर लेखिएको 'प्रिटोरीयाको चिसो रात' कथामा एक अफ्रिकी असहाय बालक जिमोको जीवन चरित्रलाई केलाउने प्रयास गरिएको छ । अफ्रिकी मुलुकमा भएको गृहयुद्धका कारण कार विस्फोटमा परेर बाबु आमाको मृत्यु भइसकेपछि जिमो सडक बालकका रूपमा जीवनयापन गर्दै छ । जनवरी महिनाको मुटु काप्ने जाडोमा ऊ खाली खुट्टा सुतिको सर्ट र हाफ पाईन्टमा जाडो छल्ने गरी डल्लो परेर बसेको छ । उसलाई रात बिताउन निकै हम्मेहम्मे परेको छ । यस्तो अवस्थामा जिमोले आफ्ना अभिभावकलाई सम्झेको कुरा कथामा यसरी आएको छः "कार विस्फोट नभइदिएको

भए मेरा बाबा आमा अहिले पनि बाँचेका हुने थिए, मेरो निम्ति एकजोर ऊनी कपडा शरीरमा टाँसिएको हुन्थ्यो र यो चिसो मध्यरात तातो हुन्थ्यो मेरो लागि..... (पृ: ४९)

बालपात्र जिमोको उक्त स्मृतिजन्य अभिव्यक्ति निकै भावपूर्ण छ । यसबाटै पनि ऊ र ऊ जस्ता द्वन्द्वपीडित बालबालिकाको विश्वदृष्टि सङ्केतित छ । उसको बाबु जुलुसमा गएर मारिएकाले ऊ अनाथ बन्न पुगेको छ । त्यसै कारण उसको जीवन त्रासदीमय बन्नपुगेको अनुभूति उसले गरेको छ । यसबाट ऊ र ऊ जस्ता बालबालिका द्वन्द्व, युद्ध चाहँदैनन् र यसले मानिसहरूको जीवन अन्धकारमय तथा त्रासदीययुक्त बन्न पुग्छ भन्ने उनीहरू ठान्छन् । यो युद्धविरोधी शान्तिकामी विश्वदृष्टि हो ।

गृहयुद्धकै पृष्ठभूमिमा रचिएको ‘नाइट क्लब’ कथामा अफ्रिकी मुलुक मोजाम्बिकका जनताले गृहयुद्धका कारण भोल्नु परेको वास्तविकतालाई कथामा प्रस्तुत गरिएको छ । कथामा जोओ उसकी आमा र भाइ विपन्न वर्गको प्रतिनिधि पात्र हुन् । कथाको मुख्य पात्र जोओ दुःख गरेर फलफूल बेचेर प्राप्त भएको पैसाले अन्धी आमा र लङ्गडो भाइका लागि पाउरोटी किन्न निस्कन्छ तर खल्तीमा राखेको पैसा लिएर ऊ नाइट क्लबभित्र छिर्छ । त्यहाँ पुगेपछि पाश्चात्य संस्कृतिमा चुर्लुम्म डुबेकी रोजाको नृत्यको रमाइलोमा डुबेर ऊ आफ्नो खल्तीमा भएको पैसा रित्याउँछ । यसबाट अफ्रिकी युवाहरूमा आधुनिक पश्चिमी संस्कृतिप्रति मोह बढ्दै गएको देखिन्छ । उनीहरू उक्त संस्कृतिमा रम्दै हराउँदै वर्तमान जीवनलाई सुखमय बनाउने र भावी जीवनको वास्ता नगर्ने गरेको कुरा रोजाले जोओलाई भनेकी छः “जोओ भोली आउने दुखको हामीलाई किन चिन्ता ? हामीले भोगेको र अनुभव गरेको दुःख भन्दा ठुलो अरु दुःख के नै छ” (पृ: ७३) । यसबाट अफ्रिकी मुलुकका जनताले गृहयुद्धका कारण ठुलो पीडा भोग्नु परेको छ । अफ्रिकी मुलुक आर्थिक रूपमा कमजोर हुँदा त्यहाँका जनताहरू युद्धजनित आतङ्क, दरिद्रता र विपन्नतामा भासिँदै गएका छन् । युद्धबाट पीडित समुदायका जनतामा ‘गृहयुद्धको अन्त्य होस्, भन्ने भाव जागृत भएको छ । त्यसैले उक्त समुदायमा आत्मसम्मान र स्वाभिमानी तरिकाले बाँच्न पाउँ भन्ने विचार सृजना भएको छ । यो विचार गृहयुद्धबाट पीडित अफ्रिकी समुदायको साझा विचार हो र उनीहरूमा युद्धको अन्त्य र शान्ति स्थापनाको चाहना सामूहिक चेतना अर्थात् विश्वदृष्टि बनेर आएको छ ।

नेपालको सुदूरपश्चिममा विद्यमान कमैया प्रथाको पृष्ठभूमिमा 'चम्पी' कथा लेखिएको छ । कथामा उच्चवर्गको प्रतिनिधित्व चम्पीका मालिक मालिक्नी, 'म' पात्रका बावुआमा र दुखीरामका मालिकहरूले गरेका छन् । निम्नवर्गको प्रतिनिधित्व चम्पी, उसका बाबुआमा र उसको पतिले गरेका छन् । जमिन्दारहरूले आफ्ना छोराछोरीलाई राम्रो शिक्षादीक्षा दिन स्कुल पढ्न पठाउने गरेका छन् तर त्यसै उमेरकी कमैयाकी छोरी चम्पीलाई बिहानदेखि बेलुकासम्म काम गराएर आफ्नै सेवामा राख्ने गरेका छन् । उनीहरूले चम्पीका बावु आमालाई पनि त्यसैगरी श्रम शोषण गरेका छन् । कथामा पाँच हजार तिरेर ल्याएको चम्पीको बाबुलाई एक वर्षको काम खाएपछि महङ्गो भएको ठानी उसलाई बेचिन बाध्य बनाएर अर्को कमैया खोजेको कुरा कथामा 'म' पात्रले यसरी व्यक्त गरेको छः "हामीले चम्पीहरूलाई एक वर्ष पहिले पाँच हजार रुपियाँ तिरेर ल्याएका थियौं । यो वर्ष उनीहरूलाई दस हजारमा बेचेर अर्को कमैयालाई हामी चार हजार सौंकी बुझाएर मात्र प्राप्त गर्न सक्थ्यौं" (पृ: २३) । भन्ने भनाइबाट नै प्रस्ट हुन्छ । 'म' पात्रका बाबुले चम्पीका बाबुलाई एउटा जमिन्दारबाट पाँच हजारमा किनेर एकवर्ष काम खाएको छ । उसले अर्को वर्ष दशहजारमा बेचेर छ हजार नाफा खाएको छ जसले गर्दा चम्पीका बाबुआमाको टाउको माथि दशहजार ऋण रहन्छ । सामन्तहरूले भूमिहिन मजदुरहरूको श्रम शोषण गर्नुका साथै पशुवत् व्यवहार गर्दै किनबेच गरी नाफा खान्छन् । उनीहरूले कमैयाकै टाउकोमाथि ऋणको भारी बोकाइ दिँदै मृत्युपछि पनि सन्तान दर सन्तानलाई कमैया राखिरहन चाहन्छन् । यस्तो चाहना म पात्रका बाबुको मात्र नभई सम्पूर्ण सामन्तवर्गको भएकोले यस कथामा सामन्तवादी विश्वदृष्टि देखिन्छ ।

सुदूरपश्चिम नेपालको ग्रामीण परिवेशमा लेखिएको 'सुँडी दमिनी' कथामा ग्रामीण निम्नवर्गीय समुदायको दिनचर्यालाई प्रस्तुत गर्ने काम गरिएको छ । कथामा 'म' पात्रको परिवार तथा अन्य गाउँलेले सामन्तवादी आर्थिक, सामाजिक प्रभुत्व कायम गरेर त्यसै अनुरुपको विश्वदृष्टि निर्माण गरेको देखिन्छ । कथाको सुरुमै मालिककोमा टीका थाप्न आएका सुँडी दमिनी र प्रभु दमाइले भनेका छन्: "हजुरको जय होस् राजमान बढोस् प्रानीमा सन्चो रहोस् अर्को साल पनि यसैगरी मालिकको दरबारमा टीका थापी लाउन र बाबर खान पाउँ मालिक मेरो प्रभु" (पृ: १०६) । भन्ने वाक्यांशबाट सुँडी दमिनी र प्रभु दमाई मालिकहरूको सामान्तवादी आर्थिक प्रभुत्वका कारण अधीनस्थ बनेका देखिन्छन् । ती दम्पत्तिले पुर्खादेखि जसका लुगाफाटा सिउँथे तिनका सन्तानलाई समेत मालिक मालिक्नी

भनेर सम्बोधन गर्थे र उनीहरूकै हातबाट दशैंमा टीका थाप्न जाने, मिठो खान पाइने आशमा जय जयकार गर्ने गरेकाले उनीहरू आर्थिक तथा जातीय रुपले नै सामन्तवर्गबाट शोषित छन् । अर्कातर्फ उनीहरू पुस्तागत रूपमा आफ्नै छोराहरूबाट समेत शोषित बन्न पुगेका छन् । कथामा दमको रोगले थलिन पुगेर सहारा खोजेका बाबुआमालाई आफ्नै माहिलो छोराले "तिमीहरू यहाँ के छ र आउँछौ " (पृ: १०८) ? भनेको भन्दै सुँडीले बिलौना गरी आफ्नी मालिक्नीलाई सुनाएकी छन् । प्रभुको छोराको यस भनाईले वर्तमान पुस्ताले आफ्नो जिम्मेवारी बिर्सँदै गएका छन् । आफूलाई जन्म दिने बावुआमालाई बोझको रूपमा लिएर उनीहरूबाट सकेसम्म पन्छिन खोज्ने प्रवृत्ति छ । यस्तो प्रवृत्ति प्रभु दमाइका छोराहरूको मात्र नभएर वर्तमान पुस्ताको हो । पुरानो पुस्तालाई हेला र तिरस्कार गर्न खोज्ने साझाइच्छा अर्थात् विश्वदृष्टि बनेर आएको छ ।

'सरु र सपनाको राजकुमार' कथामा सुदूरपश्चिममा कायम रहेको देउकी प्रथा र त्यसबाट उत्पन्न परिस्थितिलाई उजागर गर्ने काम गरिएको छ । यस कथामा सदियौंदेखि चलिआएको सामन्तवादी आर्थिक, सामाजिक र पुरुषसत्तावादी सामाजिक प्रभुत्व कायम गरेको एउटा सामन्तवर्ग छ । सरु, सरुका बाबुआमा, निरु र मन्दिरमा चढाउन भेला गरिएका बालिकाहरूले शोषित वर्गको प्रतिनिधित्व गरेका छन् । कथामा ठकुरी शाह र उसकी श्रीमतीले सरुका बा जस्ता विपन्नवर्गलाई कृषि उत्पादनका लागि प्रयोगगरि श्रम शोषण गर्दछन् । आफ्नो सन्तान सुख प्राप्तिका लागि पैसाको भरमा अर्काका छोरीचेली खरिद गरेर मन्दिरमा चढाउनुले उनीहरूमा सामन्ती प्रवृत्ति देखिन्छ । कथामा आर्थिक रुपले सरुका बुवा सामन्त वर्गबाट शोषित देखिन्छन् तर पारिवारिक रुपले ऊ पुरुषसत्ताको प्रतिनिधि पात्रका रूपमा देखिन्छ । बाल्यकालमै बेचिएर अन्तिम सहारा लिन घर फर्किएकी छोरीलाई हर्षले गद्‌गद् हुँदै अंगालोमा हालेर आँसु बगाउँदै सरुकी आमाले भनेकी छः "तँलाई तेरो बाले बेचे पनि मेरो मनमा रहेको तेरो माया कसैले बेच्न सकेन छोरी" (पृ: १२२) । भन्ने भनाइले सरुलाई बेच्दा सरुकी आमाको स्वीकृति नलिएको देखिन्छ । आफ्नी छोरीलाई भेट्दा हर्षले गद्‌गद् भएकी सरुकी आमासँग विरोधस्वरुप सरुका बुवाले " सरु देउकी हो । हामीले त हाम्री छोरीलाई सानैमा बेचिसक्यौं" (पृ: १२२) । भन्ने अभिव्यक्ति दिएबाट आमाले छोरीलाई माया ममता दिएर आफ्नै काखमा राखेर हुर्काउन खोजे पनि उनलाई त्यो अधिकार नभएको स्पष्ट हुन्छ । यसबाट सरुकी आमा आफ्नै पतिबाट शोषित हुनपुगेकी छ । त्यस्तै आफूले छोरीलाई बेचेर घरको न घाटको बनाएको अवस्थामा पुऱ्याएको कुरा बिर्सिएर सरुका

बुवाले देउकीलाई घरमा राखे, अनिष्ठ हुन सक्ने तथा आफ्नो इज्जतमा दाग लाग्न सक्ने ठानी गाउँबाट निस्केर जान भन्नुले उसमा पुरुषसत्तावादी विश्वदृष्टि देखिन्छ । कथामा शोषकवर्गबाट अधीनस्थ गराइएका शोषितवर्गको पनि विश्वदृष्टि देखिन्छ । कथामा सरुसँग सालुले बिवाहको प्रस्ताव राखेपछि सरुले भनेकी छः "सालु, बिवाह शब्ददेखि नै अब मलाई घृणा छ, मेरो नारीत्व र आत्मसम्मान लुटिएको छ । यही हतियार प्रयोग गरेर पुरुषहरूले मेरा सुन्दर सपनाहरूमाथि घातक प्रहार गरेका छन्" (पृः ११२) । भन्ने विचार व्यक्त गरेबाट उसमा पुरुष जाति र उसको सत्ताप्रति मोहभङ्ग भएको स्पष्ट हुन्छ । यस अभिव्यक्तिले पुरुषसत्ता नारी अस्मिताको उत्पीडक रहेको र नारीको अस्मिता तथा आत्मसम्मानको रक्षा पुरुषबाट सम्भव नरहेको विचार उसको विश्वदृष्टि बन्न पुगेको सङ्केत गर्दछ । यो विश्वदृष्टि नारी अस्मिताको हरणकर्ता पुरुषसत्ता र वर्चस्वका विरुद्ध प्रतिरोधी चेतनासँगै नारी स्वतन्त्रताको चेतना लिएर देखापरेको छ । यसलाई नारीवादी विश्वदृष्टिका रूपमा पनि लिन सकिन्छ ।

'वोल्सेइ थिएटर वरिपरी' कथा पश्चिमा संस्कृतिमा बढ्दै गइरहेको विकृतिलाई आधार बनाएर रचना गरिएको छ । कथामा रुसको मास्को सहरमा व्याप्त बाल यौनव्यापारको झलक दिइएको छ । कथामा शोषकवर्गको प्रतिनिधि पावेल नामक यौनदलालले मारिक नामक दश वर्षे बालकलाई बालिका बनाएर यौनव्यापारमा लगाएको छ । त्यस क्षेत्रमा त्यस्ता यौन दलाल पावेल मात्र नभई अन्य थुप्रै यौनदलाल रहेका र उनीहरूले मारिक र सर्गेइ जस्ता बालबालिकालाई यौनव्यापारमा संलग्न गराएर थुप्रै पैसा असुल्ने गर्दछन् । त्यसबाट थोरै अंशमात्र ती बालबालिकालाई दिएर उनीहरूलाई शोषण गरेका छन् । कथामा आएको "पाभेलले मारिकका लागि तीन जना ग्राहकहरू जुटाएर जम्माजम्मी पाँच सय रुबल कमाउन सफल भएको र मारिकले आज पाभेलबाट पुरस्कार स्वरुप बीस रुबल प्राप्त गरेको थियो ।" (पृः १०४) भन्ने प्रसङ्गबाट यौन दलालहरूले बालबालिकालाई प्रयोग गरेर उल्टै उनीहरूबाट आर्थिक शोषण गरिरहेको देखिन्छ । यसबाट उक्त युरोपेली समाजमा अन्याय शोषण, दुराचार, विकृति र विसङ्गति बढ्दै गएको छ । विश्वकै बालबालिका आफ्ना अभिभावक जस्ता व्यक्तिहरूबाट आर्थिक तथा यौन शोषणका शिकार भएका छन् । अर्कातिर उक्त पश्चिमी समाजमा मानव देहव्यापार जस्ता जघन्य अमानवीय कार्य गरेरै भए पनि पैसा कमाउने चरम भोगवादी विश्वदृष्टि व्याप्त रहेको सङ्केत पनि पाइन्छ ।

'सहर' कथा नेपालको सहरी समाजमा फैलँदै गएको वेश्यावृत्ति तथा यौनधन्दा र परम्परागत पुरुष सत्तावादी संस्कृतिको पृष्ठभूमिमा रचना गरिएको छ । कथामा बेचिएका चेलीहरू, वेश्याहरू, नीरमाया, नीरकला र उसका बुवाआमा निम्नवर्गीय समुदायका प्रतिनिधि पात्र हुन् । त्यस्तै पुरुषसत्तावादी सामन्तको प्रतिनिधित्व ट्याक्सी ड्राइभर, गस्ती प्रहरी, हवल्दार, वेश्याको दलाल, पत्रकार जस्ता पात्रले गरेका छन् । यिनीहरूले प्रशासनलाई आफ्नो हातमा लिएर गाउँकी सोझी नारी नीरकलामाथि गरेको कुकृत्यको प्रस्तुति यस कथामा गरिएको छ । कथामा धनपैसा कमाउन गाउँबाट सहर आएकी नीरकलालाई सहारा विहिन अवस्थामा देखेर ट्याक्सी ड्राइभरले स्वार्थ लुट्ने उद्देश्यले बिना भाडा टयाक्सीमा चढ्न बोलाएको छ । नीरकलाले स्वार्थी ड्राइभरलाई गाली गरेपछि उसले बदलाको भावना लिने उद्देश्यले प्रहरी हवल्दारसँग वेश्याको पुस्ट्याइँ गर्न झुट्टा बयान दिएर पुरुषसत्तावादी हैकम जमाएको छ । हवल्दारले पनि मध्यरातमा अलपत्र परेकी नारीलाई उद्धार गर्न छोडेर उसैमाथि गिद्दे दृष्टि राख्दै उल्टै वेश्याको आरोप लगाई डन्डा बजाउँदै घिसार्दै लगेर सामूहिक बलात्कार गरी नीरकलालाई निर्मम हत्या गरेको छ । यस्ता घटनाक्रमहरू कथामा आएबाट पुरुषवादी शोषक वर्ग तथा प्रशासनको उच्च ओहोदामा रहेकाहरूले समेत महिलामाथि हैकम जमाएको देखिन्छ । नीरकलाको मृत्युको विषयलाई लिएर प्रसिद्ध दैनिक समाचार पत्रको मुखपृष्ठमा लेखिएको हुन्छः "बढी पैसा कमाउने लोभमा एकैपटक धेरै जनासँग यौन सम्पर्क गर्दा अत्यधिक रक्तश्राव भएर हिजो राति एउटी वेश्याको मृत्यु" (पृः ८८) भन्ने समाचार सम्प्रेषण भएको कुराबाट प्रशासनको उच्च ओहोदामा रहेका तथा आर्थिक रुपले सम्पन्न पुरुष सत्तावादीहरूले महिलामाथि प्रभुत्व जमाउँदै शोषण गरिरहेको स्पष्ट हुन्छ । यसरी कथामा नीरकला पुरुषहरूको सामन्तवादी सत्ताबाट अधीनस्थ बनेकी छ । नीरकलाका आमा बावुले अरुको देखासिकी गर्दै आफ्नी छोरी पनि सहर गएर पैसा कमाए हुन्थ्यो भन्ने मनसाय व्यक्त गर्नुका साथै आफू पनि राम्रो लगाउने र मिठो खाने रहरले सहर पसेकी भए पनि ऊ त्यहाँ गएर दुर्व्यवहारमा फसेकी छ । ऊ आफ्नो अस्तित्व रक्षाको लागि ड्राइभर तथा पुलिससँग प्रतिरोध गर्न खोजेकी छ । ट्याक्सी ड्राइभरले भाडा दिनु पर्दैन भन्दै ट्याक्सीमा बस भन्दै लालची आँखाले उसको भिजेको शरीर ताकिरहेको अवस्थामा प्रतिक्रियास्वरुप नीरकलाले भन्छेः "नकचरो कहाँको ...." (पृः ८३) । नीरकलाको यस भनाइले आत्मसम्मान र अस्मिताको रक्षा गर्नको लागि ड्राइभरसँग प्रतिवाद गरेको देखिन्छ । यसलाई उसमा विकसित प्रतिरोधी विश्वदृष्टिका रूपमा लिन सकिन्छ ।

## ३.४ 'सिपाहीकी स्वास्नी' सङ्ग्रहका कथामा अभिव्यक्त वर्गीय विश्वदृष्टि

*सिपाहीकी स्वास्नी* कथा सङग्रहमा प्रत्यक्ष रूपमा नेपालको राजनीतिक इतिहासमा तत्कालीन संविधानको विरोध गर्दै नयाँ संविधान जारी हुनुपर्ने तथा राज्य व्यवस्था प्रणालीमा आमूल परिवर्तन हुनुपर्ने माग राख्दै तत्कालीन माओवादीले २०५२ मा सशस्त्र द्वन्द्व थालेको थियो । त्यही युद्धलाई समाप्त पार्ने उद्देश्यले तत्कालीन सरकारले प्रतिरोध गर्न खोजेको थियो । यही द्वन्द्वको चरम सीमा र सामाजिक यथास्थितिका साथै यथार्थपरक जीवन भोगाइको चित्रण यी कथामा गरिएको छ । यी कथामा कथाकारले छुट्टाछुट्टै परिवेश र पृष्ठभूमिमा फरक फरक खालका कथाहरू रचना गरेका छन् र त्यसै अनुरुपको विश्वदृष्टिको निर्माण पनि गरेका छन् । प्रस्तुत 'सिपाहीकी स्वास्नी' कथासङ्ग्रहमा लुसिएँ गोल्डमानद्वारा प्रतिपादित विश्वदृष्टिलाई वर्गीय सापेक्षतामा विश्लेषण गरिएको छ ।

सामन्तवादी, आर्थिक, सामाजिक, संस्कृतिको पृष्ठभूमिमा लिखित 'कमारो' कथामा सामन्तवर्गको प्रतिनिधित्व मालिक र कान्छा मालिकले गरेका छन् । निम्नवर्गको प्रतिनिधित्व अदाने, उसका बाबु धनजिते अदानेको छोरो चन्द्रे, अदानेकी आमा र अदानेकी श्रीमतीले गरेका छन् । कथामा मालिकहरूले धनजिते र अदाने जस्ता विपन्न समुदायको गरिबीको फाइदा उठाउँदै मध्यरातमा गरिबका छाप्रोको ढोकामा लात्ताले बजारेर श्रीमानहरूलाई कुकुरको खोरमा पठाइ उनका श्रीमतीबाट यौन तृष्णा मेटेको देखिन्छ । कथामा आफ्नो श्रीमतीसँग जिज्ञाशा राख्दै अदानेले आज मालिकले हाम्रो ढोकामा कति लात बजारे भनी सोध्दा उसकी श्रीमतीले प्रतिउत्तरमा "मालिकले चार लात बजारेको र कमारो नाक चढेछ" (पृ: ३६) । भनेको भनी सुनाएबाट समाजमा रहेका सामन्तहरूले निम्नवर्गका मानिसलाई शारीरिक, मानसिक शोषण गरेको र त्यसमै आफूहरू रमाउँदै उक्त संस्कृतिलाई निरन्तरता दिएको देखिन्छ । समाजका निम्नवर्गप्रतिको यो व्यवहार मालिकहरूको मात्र नभई आर्थिक रूपमा सम्पन्नवर्गको साझा सामन्ती विचार भएकाले यो विश्वदृष्टिका रूपमा विकसित भएको छ । यसरी विकसित विचारलाई शोषकीय विश्वदृष्टिका रूपमा लिन सकिन्छ । अर्कोतर्फ यसै कथामा निम्नवर्गमा चेतनाको कमी छ । उनीहरू मालिकले गर्ने दुर्व्यवहारप्रति प्रतिक्रिया गर्नुको सट्टा चुपचाप सहेर बस्न बाध्य छन् । कथामा अदानेले आफू सानो छँदा आफ्नो बाबुले मालिक आइसकेपछि दिनदिनै कुकुरको खोरमा सुत्न लैजाने गरेको, खोरमा सुत्दा जाडो भएर बावुलाई घर जाउँ भनी अनुरोध गरे पनि बावुले सम्झाउँदै हामी कमारा

भएकोले मालिकको चाकरी नगरी हाम्रो घरमा चुलो बल्दैन त्यसैले हामीले मालिकले जे भन्यो त्यही मान्नुपर्छ भनी सम्झाएको घटना सम्झन्छ । आज आफूले पनि मुखमा माड लगाउनको लागि आफ्नो बावुले गरेको व्यवहार दोहोऱ्याउनु परेको, श्रीमतीको माया लागे पनि उसलाई सहारा दिनुको सट्टा मालिकलाई जसरी पनि खुसी राख्न निर्देशन दिएको घटनाले उसमा प्रतिरोधी चेतना होइन बरु आफूहरू निम्नवर्गको भएका कारण आफूहरूलाई मालिकले पीडित बनाए पनि त्यसलाई आफ्नो संस्कृति ठान्दै त्यसैमा रमाएको देखिन्छ । यस्तो विचार अदानेको मात्र नभई सम्पूर्ण अधीनस्थ समुदायको साझा विचार भएकोले यो विश्वदृष्टिका रूपमा विकसित भएको छ ।

नेपालको दशवर्षे सशस्त्र द्वन्द्वलाई पृष्ठभूमि बनाई 'खुमा' कथा लेखिएको छ । कथामा राज्यपक्ष र विद्रोही पक्षको व्यवहारका कारण सर्वसाधारण मानिसहरू गाउँ छोड्दै सदरमुकामतिर लागेका छन् । आफ्ना अभिभावक गुमाएकाले खुमा, हर्के, गुजू, खुज्नी, पुमा जस्ता बालबालिका पढाइ छोडेर घरव्यवहार चलाउन थालेका छन् । छिमेकीहरू घरबाहिर निस्किएर साँचो कुरा बोल्न नसकेको जस्ता घटनाक्रम कथामा आएबाट बन्दुकधारीको प्रभुत्वबाट त्यहाँका सर्वसाधारण भयभीत बन्न पुगेको देखिन्छ । खुमाको बारीमा लटरम्म फलेका स्याउका बोटहरू काटेको देखिसकेपछि 'म' पात्रले खुमासँग जिज्ञासा राख्दा खुमाले भनेकी छः "छीरबीरे लुगा लगाएकाले मेरो हात समात्दै हामीसँग जङ्गल हिँड भने म चिच्याएर रोए कराएपछि तिनीहरूले मलाई छोडे तर बन्दुक देखाउँदै भने तैँले एक न एक दिन हामीसँग जानै पर्छ, पर्खेर बसेस् ? भन्दै जङ्गलतिर लागे" (पृः १२) । खुमाको यस भनाइले तत्कालीन समयमा सर्वसाधारणहरूलाई बन्दुक देखाई जंगलतिर जबरजस्ती लैजान खोज्नु, जान नमान्दा जबरजस्ती गर्नुजस्ता घटनाले विद्रोही पक्षको प्रभुत्व कायम भएको देखाउन खोजिएको छ । यसरी राज्य पक्ष तथा विद्रोही पक्ष दुवैबाट सर्वसाधारण मानिसहरू भयभीत र आक्रान्त रहेको तथा उनीहरूले शान्तिको चाहना गरिरहेको सन्दर्भ कथामा मुख्य रुपले व्यक्त भएको छ । खुमाले विद्रोहीका आग्रहप्रति असहमति जनाउँदै आफ्नो शिक्षकसँग भनेकी छः "मलाई कला पहाड जान र जङ्गल बस्न मन छैन सर त्यसैले म सर जस्तो हुन्छु, गाउँका बालबच्चा पढाउँछु, पढेर ठुलो मान्छे बन्नुपर्छ भन्ने उनीहरूलाई सिकाउँछु" ( पृः १०-११) । खुमाका यस विचारले ऊ विद्रोहको बाटो होइन, शान्तिको बाटो हिँड्न चाहन्छे भन्ने कुरा स्पष्ट हुन्छ । यो खुमाको मात्र नभई सर्वसाधारण गाउँलेहरूको साझा इच्छा हो र

उनीहरूमा युद्धको अन्त्य र शान्ति कामनाको सामूहिक चेतना अर्थात् विश्वदृष्टि बनेर आएको देखिन्छ ।

'सिपाहीकी स्वास्नी' कथामा पनि तत्कालीन द्वन्द्वरत अवस्थामा सशस्त्र पक्षबाट सर्वसाधारणहरू अधीनस्थ बन्न पुगेका छन् । कथामा सर्वसाधारण जनताहरूलाई सशस्त्र पक्षले कहिले बम पड्काउने कहिले अपहरण गर्ने जस्ता क्रियाकलाप गरेर त्रसित बनाएका छन् । राज्य पक्ष तथा विद्रोही पक्ष दुवैबाट सर्वसाधारण मानिसहरू भयभीत रहेको कुरा कथामा यसरी आएको छः "आज यी निर्दोष र शान्तिप्रिय जनता हतियार बोक्नेहरूसँग डराएका छन्" (पृ: १०४) । भन्ने सर्वसाधारणकै भनाइबाट बन्दुकको भरमा शासन गर्नेहरूले बन्दुक देखाएर निर्दोष जनतालाई आफ्नो काबुमा पारेर उनीहरूमाथि प्रभुत्व जमाएर सर्वसाधाणलाई अधीनस्थ पारेका छन् । यसबाट सारा बन्दुकधारीमा उत्पीडक विश्वदृष्टि देखिन्छ ।

'सन्त्रस्त मनहरू' कथामा पनि सशस्त्र द्वन्द्वको समयमा सशस्त्र पक्षहरूले सर्वसाधरण माथि प्रभुत्व जमाउँदै गएका छन् । कथामा जसमाया, पेवाराम, जसमायाका छिमेकी बहिनीहरू च्यौली, तिलसरा तथा लिबाङ गाउँका सर्वसाधारणहरू तथा निम्नवर्गीयहरू अधीनस्थ बन्न पुगेका छन् । कथामा तत्कालीन विद्रोही पक्षबाट आफ्नो छोरो मरेपछि जसमाया र पेवाराम गाउँ छोडी सदरमुकाम झरेको प्रसङ्गले गाउँमा सर्वसाधारणहरूमाथि सशस्त्र पक्षले प्रभुत्व जमाउँदै गएको देखिन्छ । इरिवाङ गाउँबाट नून लिन भनी सदरमुकाम आएका च्यौली र तिलसरालाई पुलिसले माओवादीका नाममा कब्जामा लिएका छन् । जसमायाले ती बहिनीहरूलाई बास बस्न दिएकै कारण ढोकामा लात्ताले हानी पुलिसहरूले सास्ती दिएको कुरा कथामा यसरी आएको छ "आफूलाई शरणार्थी भन्ने तर भित्रभित्रै माओवादीलाई आश्रय दिने" (पृ: ७९) । भन्दै पेवारामलाई कुटपिट गर्दै पक्रेर लगेको कुरा व्यक्त भएबाट तत्कालीन युद्धरत समयमा सर्वसाधारण मानिसहरूलाई सत्तापक्षले विद्रोहीका नाममा, विद्रोहीहरूले सत्तापक्षको जासुस गरेको नाममा अनेक किसिमका पीडा दिएका छन् । आफ्नो जीविकोपार्जन गर्नका लागि रातदिन परिश्रम गर्ने निम्नवर्गीयलाई विभिन्न बहानामा समाउँदै कुकृत्यहरू गरेका घटनाले उक्त द्वन्द्वरत समयमा सशस्त्र पक्षको विध्वंशको चाहना सामूहिक चेतना अर्थात् विश्वदृष्टि बनेर देखापरेको छ ।

'समय र चीत्कार' कथामा पनि यस्तै खालको विश्वदृष्टिको निर्माण भएको छ । कथामा अकस्मात बम विस्फोट गराइँदा आँगनमा खेलिरहेकी अबोध बालिकाको अनुहार कुरुप भएको छ । उसको भाइको ज्यान गुमेको छ । धेरै बाबुआमाका काख रित्तिएका, धेरै चेलीका सिन्दुर पुछिएर एक्लो जीवन बाँच्नु परेको जस्ता घटनाहरू कथाभरि प्रस्तुत भएबाट सर्वसाधरण माथि सशस्त्र पक्षले प्रभुत्व जमाएका छन् । त्यस द्वन्द्वको क्रममा युद्ध तथा आतङ्कको भुमरीमा परेर वृद्धवृद्धाहरूले आफ्ना मुटुका टुक्रा जस्ता सन्तान गुमाइरहेका छन् । कतिपय बालबालिका बावुआमाविहीन बन्न पुगेका छन् । कतिपय मानिस बम विस्फोटमा परेर आफ्नो ज्यान गुमाउनुका साथै अपाङ्ग बनेर आफ्नो अन्धकार भविष्य लिएर बाँच्नु परेको कुरा कथामा सानी बालिकाले कथाकारसँग यसरी भनेकी छः "कथाकार मेरो भाइले किन वीभत्स मृत्युवरण गर्नुपर्‍यो ? भर्खर स्कुल जान थालेकी म सानी बालिका कुरुप र दृष्टिविहीन हुन पुगेँ । आफ्ना कथा मार्फत् तिमी मेरो प्रश्नको जवाफ खोजीदेऊ" (पृ: ५१) । बालिकाको यस भनाइले युद्धबाट प्रभावित सबै मानिसलाई युद्धले पीडा दिएको छ । उक्त पीडा कथामा आएका पात्रहरूको मात्र नभई वर्तमान समयमा बाँचिरहेका छोराछोरी गुमाएका बुवा आमा, विधवा पत्नी सबैको हो । त्यसैले यस्तो वीभत्स घटना श्रृङ्खलाको अन्त्य होस् देशमा शान्ति स्थापना होस् भन्ने सम्पूर्ण अधीनस्थ समुदायको साझा विश्वदृष्टिलाई कथामा प्रस्तुत गरिएको छ ।

यसरी समग्रमा यस सङ्ग्रहमा आएका द्वन्द्वसम्बन्धी लेखिएका सम्पूर्ण कथाहरूमा युद्धरत पक्षमा उत्पीडक विश्वदृष्टि देखिन्छ । युद्धरत पक्षबाट अधीनस्थ बन्न पुगेका सर्वसाधारणमा शान्तिको कामनाको विश्वदृष्टि देखिन्छ । कथाकारले यी कथामा प्रयोग भएका भिन्नभिन्न पात्रको प्रयोग गरेर युद्धको समाप्ति र विश्वशान्तिको कामनाको विश्वदृष्टि प्रस्तुत गरेका छन् ।

## ३.५ 'अफ्रिकन अमिगो' सङ्ग्रहका कथामा अभिव्यक्त वर्गीय विश्वदृष्टि

कथाकार शाहले *अफ्रिकन अमिगो* कथा सङ्ग्रहभित्र आएका 'किमधाराको खर्क', 'यात्राहरू जुन कहिल्यै टुङ्गिदैनन्', 'गाउँमा हलचल' कथाहरूमा नेपालको पहाडी जनजीवनका चरम गरिबी, अभाव र वेदनाहरू उल्लेख गरेका छन् । त्यसैगरी 'पुनरागमन', 'फागुको रङ्ग', 'माघी', 'चोखाउनी' र 'चरकी' कथामा नेपालको तराई तथा भित्री मधेसका अत्यन्त निम्नस्तरका मानिसहरूको कारुणिक अवस्थाको चित्रण गरेका छन् । त्यस्तै

‘अफ्रिकन अमिगो’, ‘मृगतृष्णा’, ‘चिहान’ कथाहरू विदेशी पात्र र विदेशी पृष्ठभूमिमा आधारित भई लेखेका छन् । विदेशी पृष्ठभूमिमा आधारित भई लेखिएका कथामा गृहयुद्धका कारण देश तहसनहस भएपछि त्यहाँका बालबालिका र युवा युवतीहरू विकृति र विसङ्गत जीवन बिताउन बाध्य भएको घटनालाई चित्रण गरेका छन् । त्यस्तै ‘प्रकृति र मान्छे’ कथामा स्वैरकल्पनाको आधिक्यता पाइन्छ, भने ‘चियाइरहेका सपना’ कथा सहरीया परिवेशमा आधारित भई रचिएको छ । यी कथाहरूमा अभिव्यक्त विश्वदृष्टिको पहिचान र विश्लेषण विश्वदृष्टिका केन्द्रका आधारमा गरिएको छ ।

नेपालको तराई र भित्री मधेसमा प्रचुर मात्रामा रहेको सामन्तवादी प्रथालाई आधार बनाएर ‘माघी’ कथा लेखिएको छ । थारु समुदायमा सामन्तवादी प्रभुत्व सहेर बस्नु परेका निम्नवर्गीयको जीवन भोगाइको करुण अवस्थालाई यस कथामा प्रस्तुत गरिएको छ । कथामा भिखवाका मालिकरुपी जमिन्दारहरूमा सामन्तवादी, आर्थिक, सामाजिक प्रभुत्व देखिन्छ । जमिन्दारहरूले भए भरको सम्पत्ति आफ्नो नाममा हडपेर त्यसै जमिनमा सोझासाझा गरिबहरूलाई पसिना पोख्न लगाई उनीहरूकै पसिनाबाट उत्पादित अन्नमध्ये आधा आफूले लिने र बाँकी आधा पनि आफूले दिएको ऋणबापत पुनः उठाउने गरेर उनीहरूमाथि शोषणै शोषण गरेको देखिन्छ । यसको पुष्टिको रूपमा कथामा माघी पर्व नजिकिँदै गर्दा फिरीयाका घरमा माघीका निम्ति नभई नहुने धान सकिएको र उक्त पर्व मनाउनका लागि धानको जोहो गर्ने क्रममा फिरीयाले भनेकी छः “यसपाली मालिकको खेती सोँचे अनुसार सप्रेन जम्मा जम्मी सात बोरा धान आफ्नो भागमा परेको र त्यसमध्ये पाँच बोरा मालिककै उधारो तिर्नुपऱ्यो” (पृ: ३५) । फिरीयाको यस भनाइले जमिन्दारहरूले गरिबहरूलाई शारीरिक तथा आर्थिक शोषण गर्दछन् । त्यस्तै आफ्नै खेतमा वर्षभरी परिश्रम गर्ने गरिबले वर्षको एकपटक आउने महान् चाड मनाउन अन्न सापटी माग्दा नपत्याएर आफ्नै छोरीलाई नोकर राख्न बाध्य पारिएको घटनाले उक्त समुदायमा जमिन्दारहरूले श्रमिक र तिनका सन्तान समेतलाई कमैया बनाई आफ्नो सम्पत्तिमाथि राज गर्दछन् । यस्तो प्रवृत्ति सम्पूर्ण जमिन्दारहरूको हुनाले यो उक्त समुदायको साझा विचार हो । यस चेतनालाई सामन्तवादी विश्वदृष्टि भन्न सकिन्छ ।

‘यात्राहरु जुन कहिल्यै टुङ्गिँदैनन्’ कथामा म पात्रका मामा पैँतालीस वटा भेँडाका मालिक भई आर्थिक रुपले विपन्न निम्नवर्गीय महाविऱ्या जस्ता गरिबलाई कज्याइ लेकबेसी

गर्ने गर्दछन् । उनले लेकबेसीका जङ्गल फाँड्दै आफू तथा आफन्तहरूका लागि समेत जमीन कब्जा गर्ने पनि गर्दछन् । यसबाट उनीहरूले सोझासीधा जनतालाई कज्याएर मालिक बन्नुका साथै राज्यको सम्पत्ति हडपेर जमिन्दार बन्ने सामन्तवादी प्रवृत्ति रहेको देखिन्छ । उनीहरूले प्रत्येक वर्ष गरिब महाविऱ्यालाई मलबारा लिएर जाने गर्दछन् । आफू रित्तै हिँड्ने, भेँडाको बथान धपाउँदै, मालिकको कपडा तथा भान्जा समेत ढकारमा राखेर बोकेर हिँडेको महाविऱ्यालाई ढिलो हिँडेको भनी व्यङ्ग्य गर्दै यस्तो वचनरुपी वाण प्रयोग गरेको छः "कति छँटा आइस ए महाविऱ्या ? हामी बस्ती गाउँ पुऱ्याएपछि आया हुँदैन हो" (पृः १५) । भन्ने भनाइले उनीहरू आफूभन्दा दोब्बर उमेरले जेठा बाबु समानको व्यक्तिलाई मान सम्मान गर्नुको सट्टा हेय भाव राख्ने तथा उनीहरू माथि आर्थिक शोषण गर्ने गरेको देखिन्छ । त्यस्तै भट्टेडाँडाको चौतारीमा बास बस्ने हेतुले विश्राम लिएका मामाले भेँडाको गन्ती गर्ने क्रममा पैँतालिस वटा भेँडालाई चौवालिस वटा देख्छन् । महाविऱ्याले पहिले नै आफूले गन्दा पैँतालिस भेटेको हुनाले ढुक्कसाथ मालिकको प्रश्नको उत्तर फर्काउँदा महाविऱ्यासँग मुख लाग्दै "ए कमारा । जाजा ऐलै बाइजा जहाँबाट भयापन मेरो बाधा खोजीकन ल्या" (पृः २८) । भेँडा मालिकको यस भनाइबाट समाजका उच्चवर्गले आर्थिक रूपमा कमजोर वर्गलाई निकृष्ट व्यवहार गर्ने प्रवृत्ति देखिन्छ । गरिबहरू माथि आर्थिक तथा श्रम शोषण गर्दै आफूहरू सम्पन्न बन्न खोज्ने प्रवृत्ति सबै सम्पन्नवर्गमा हुने हुनाले यो उनीहरूको साझा विचार हो । यसलाई शोषकीय विश्वदृष्टिका रूपमा लिन सकिन्छ । अर्कातर्फ यसै कथाको महाविऱ्या आफ्ना जहान परिवारलाई एकसरो लुगा किनीदिने र अलिनो तरकारीमा नूनको जोहो गर्ने सपना देख्दै हरेक वर्ष मालिकका भेँडा खेज्दै, भारी बोक्दै उकाली ओराली गरेको छ । त्यस्तै उसले आफ्नो छोरालाई समेत तिनै मालिकहरूको घरमा गोठालो राखेको छ । यसले गर्दापनि ऊ आर्थिक हिसाबले निम्नवर्गीय पात्र हो भन्ने देखाउँछ । सुरुमा ऊ मालिकको सामन्तवादी प्रवृत्तिबाट अधीनस्थ बनेको देखिन्छ । कथाको अन्त्यमा भने उसमा मानसिक परिवर्तन भएको छ । भट्टे डाँडा पुगेपछि मालिकले भेँडा हरायो भन्दै विनासित्तिमा आफूमाथि आरोप लगाएको महसुस गरी "दे ! म क्या राउँ त ! न मैले जानीजानी बाटाउँदी छोडी आयाँ, न त आगाउँदो पोली खायाँ । उसै मलाई क्यान बाँची लाउनु हुन्छ हजुर" (पृः २८) । भन्दै आफूले आधा बाटोसम्म भरिया भएर लिएर आएका सम्पूर्ण सामानहरू समेत यत्तिकै छोडिदिएर रित्तै हात आफ्नो घर फर्किएकोले आफ्नो स्वाभिमानमाथि आँच लगाउनेसँग प्रतिवाद गरेको छ । समाजमा सामन्तवर्गले गरिबहरूलाई

पीडित पार्न खोजे पनि समयको अन्तरालसँगै उक्त उत्पीडित समुदायमा चेतनाको विकास हुँदै जाने र अन्त्यमा उक्त चेतना प्रतिरोधी विश्वदृष्टिको रूपमा विकास भएको देखिन्छ ।

त्यस्तै सामन्तवादी आर्थिक, सामाजिक तथा सांस्कृतिक पृष्ठभूमिमा लिखित 'पुनरागमन' कथामा नेपालमा बसोबास गर्ने वादीसमुदायको जीवनशैली समेटिएको छ । कथामा गाउँको गन्यमान्य, धनीमानी, खानदानी, पहुँचवाला र सबैले 'राजा' सम्बोधन गर्ने खाइलाग्दो इन्द्रजितले सामन्तवर्गको प्रतिनिधित्व गरेको छ । त्यस्तै अरुको घरघर चहार्दै आफ्नो गाउने र नृत्यकला प्रस्तुत गरेर जीविकोपार्जन गर्ने सर्पेवादी र उसकी श्रीमती सुवाले निम्नवर्गीय समुदायको प्रतिनिधित्व गरेका छन् । कथामा इन्द्रजीतको परिचयका क्रममै आएको "गाउँको गन्यमान्य धनीमानी, खानदानी, पहुँचवाला र सबैले राजा सम्बोधन गर्ने रातोपिरो र खाइलाग्दो जीउडालको इन्द्रजितले आफ्ना लामा, बाक्ला जुँगामा ताउ लायो" (पृ: ७६) । भन्ने कुराले इन्द्रजितले समाजमा सर्वसाधारणमाथि सामाजिक, आर्थिक प्रभुत्व कायम राख्न शारीरिक रूपमा नै बलियो बनेको छ भन्ने कुरा बुझिन्छ । कथामा सुवा नाचिरहँदा इन्द्रजितले भुइँमा पैसा फ्याँक्न छाडेर सय रुपैयाँको नोट हातमा देखाएको र उक्त नोट हात पार्न भनि नजिकिएकी सुवालाई नाचको सन्तुलन बिगारिदिँदै आफ्नो काखमा घोप्टिन बाध्य पारेको जस्ता घटना कथामा अभिव्यक्त छ । कथामा इन्द्रजितले समाजमा आर्थिक प्रभुत्व कायम राख्दै समाजका निम्नवर्गीय नारीहरूलाई पैसाको प्रलोभन देखाइ शोषण हुने गरेको कुरा मुख्य रुपले व्यक्त भएको छ । सुवाले इन्द्रजितको दमनात्मक व्यवहारलाई बुझेर उसले देखाएको पैसालाई वास्ता नगरी प्रतिरोध स्वरुप बलपूर्वक इन्द्रजितका हातबाट आफ्नो नाडी फुस्काउन खोज्दा इन्द्रजित क्रोधित भई यस्तो अभिव्यक्ति दिएको छ "सर्पे तेरी स्वास्नी त नकच्चरी रहिछे, आफ्नी स्वास्नीलाई हामी सम्मुख कसरी पेस हुनुपर्छ भन्ने कुरा राम्ररी सिकाएर मात्र फर्केस्" (पृ: ८२) । भन्दै सर्पेलाई तथानाम गाली गरेको घटनाबाट समाजका आर्थिक रूपमा सम्पन्नवर्गले विपन्नवर्गमाथि आफ्नो अहम्ता प्रदर्शन गर्नुका साथै पैसाको भरमा विपन्न नारीहरूलाई यौन शोषण गर्ने गरेको देखिन्छ । यस्तो इच्छा सामन्तवर्गको साझा इच्छा हो र उनीहरूमा आर्थिक शोषण सम्बद्ध सामन्तवादी विश्वदृष्टि सामूहिक चेतना बनेर आएको देखिन्छ ।

कथामा मालिकको आर्थिक तथा सामाजिक प्रभुत्वको गुणगान गाउँदै उनीहरूलाई खुसी पार्न तयार रहेको सर्पेमा रास मानसिकताको उपस्थिति पाइन्छ । आफूले मालिकको

प्रसंशात्मक स्तुतिगान गर्दा आफ्नी पत्नीलाई कुहिनाले हानेर नाच्न सङ्केत दिएको छ । इन्द्रजितको यौनपिपासु आँखाले आफ्नो शरीरलाई ताकिरहेको बुझ्केकी सुवाले सर्पेले दिएको सङ्केतलाई वास्ता नगरेपछि सर्पेले भन्छः "तँलाई मैले यहाँ मान्छेको मुख हेर्न साथै ल्याएको होइन बुझिस्" (पृ: ७८) । भन्दै आफ्नो रिस पोख्न झन् जोड्ले मादल ठोक्छ । आफ्ना बाबुले पनि यसरी जोड्ले मादल ठोक्दा आफ्नी आमा मालिकको काखमा बसेर मालिकलाई नचाएर खुसी पारेको सम्झन्छ । आफ्नी श्रीमती पनि आमा जस्तै गरेर मालिकलाई नचाएर खुसी बनाओस् भन्ने इच्छा सर्पेले राख्दछ । यसबाट ऊ तथा उसको बाबु श्रीमतीको ईच्छा बिना नै पैसाको निम्ति आफ्ना परिवारलाई अनैतिक कार्यमा लाग्न प्रोत्साहन गरेको देखिन्छ । त्यसैले उसमा स्वत्वहीन रास चेतना विश्वदृष्टि बनेर आएको देखिन्छ । त्यस्तै कथामा आफ्नै श्रीमानबाट अधीनस्थ बनेकी सुवामा भने प्रतिरोधी चेतनाको विकास हुँदै गएको देखिन्छ । सुवाले आफूलाई सयको नोट देखाउँदै बक्सिस दिने वहानामा गिद्धेदृष्टि राख्दै कहिले आफ्नो हात समाउने त कहिले चोलीभित्र हात राख्न खोज्ने जस्ता क्रियाकलाप देखाएको इन्द्रजितको प्रभुत्वका विरुद्ध प्रतिरोध गरेकी छ । ऊ इन्द्रजितको हातबाट आफ्नो हात फुस्काउँदै आफ्नो लोग्नेको छेउमा गएर बस्छे । आफ्नी पत्नीलाई परपुरुषले हातपात गर्दा समेत मौन रहँदै पैसामा लोभिरहने आफ्नो लोग्नेको विरुद्ध प्रतिकार गर्दै सुवा भन्छेः "तिमीलाई आफ्नी स्वास्नीको भन्दा नोटको माया छ होइन ? स्वास्नी नचाएर पेट पाल्न खोज्ने लाछी । म जातले बदिनी भएपनि रन्डी होइन याद राखेस" (पृ: ८४) । सुवाको यस भनाइले नारीहरूको शरीरमाथि पुरुषहरूले हैकम जमाउँदै गएको बुझिन्छ । त्यसैले नारी समुदाय पनि नारी अस्मीताको सम्मान तथा नारी शरीरको सुरक्षा पुरुषबाट हुने सम्भव नदेखेपछि त्यसको विरुद्ध आवाज उठाउँदै गएको देखिन्छ । यसलाई नारी चेतना तथा प्रतिरोधी विश्वदृष्टिका रूपमा लिन सकिन्छ ।

## ३.६ 'छापामारको छोरो' सङ्ग्रहका कथामा अभिव्यक्त वर्गीय विश्वदृष्टि

*छापामारको छोरो* कथासङ्ग्रह नेपाली समाजको यथार्थसँग सम्बद्ध कथासङ्ग्रह हो । नेपालमा चलेको सशस्त्र द्वन्द्व र त्यसको क्रियाप्रतिक्रियाद्वारा प्रभावित नेपाली समाज यसको पृष्ठभूमि हो । यस कथासङ्ग्रहका बारे कथाकार स्वयम् भन्छन्ः

"यो मैले भोगेको यथार्थ हो । म पनि सशस्त्र द्वन्द्वको एक पात्र । मैले सशस्त्र द्वन्द्वलाई फरक फरक समय र परिवेशमा आफ्नै आँखा अगाडि जसरी अनुभव र अनुभूति

गर्ने अवसर पाएँ, एक लेखकको हैसियतले त्यो अवसर पाउने म एक भाग्यमानी लेखक हुँ ।..... लेखकको रूपमा मलाई विद्रोही र राज्य पक्षबीचको सशस्त्र द्वन्द्वबाट पीडित बनेका सिपाही, विद्रोही र राज्य पक्षबीचको सशस्त्र द्वन्द्वबाट पीडित बनेका सिपाही विद्रोही छापामार र आम नागरिकहरू सबैको पीडाले संवेदनशील बनाएको र कुनै पक्षप्रति पूर्वाग्रह नराखी मैले आफूले अनुभव गरेका सशस्त्र युद्धका पीडालाई कथामा संश्लेषण गर्ने प्रयास गरेको छु । यस सङ्ग्रहभित्र सङ्गृहित मेरा कथाहरू देशले भोगेका दशवर्षे सशस्त्र द्वन्द्व र त्यस युद्धका जिउँदा जाग्दा तस्वीरहरू हुन् भन्दा अतिशयोक्ति नहोला" (भूमिका, पृ.झ)

यो कथाकारको सिङ्गो कथासङ्ग्रहबारेको धारणा हो । यस धारणाबाट यस सङ्ग्रहका सबै कथा सशस्त्र युद्धमय परिवेशमा लेखिएका छन् भन्ने बुझिन्छ । यसै विषय प्रस्तुतिका क्रममा यस सङ्ग्रहका कथामा विश्वदृष्टिको अभिव्यक्ति पनि भएको छ । विश्वदृष्टि कथाकार शाहको कथा रचनाको एउटा विशिष्ट अनुसन्धेय पक्ष हो । यहाँ त्यसकै आधारमा कथाहरूको विश्लेषण गरिएको छ ।

'बधशालामा बुद्ध' कथामा बधशालाका नायक महानायकमा हिंसावादी प्रवृत्ति देखिन्छ । यिनीहरूले आफ्नो विचार र दर्शन विरोधी मानिसहरूलाई पक्रन लगाई बधशालामा ल्याएर बध गर्न निर्देशन दिने, मानव बध गर्ने क्रुर तरिकाहरू सिकाउने प्रसङ्ग कथामा आएबाट उल्लिखित विचार बुझ्न सकिन्छ । कथामा बधशालाको महानायकले भनेको "तँ यस बधशालाको बधिक होस् तेरो धर्म मान्छेहरूको बध गर्नु हो । आफ्नो तरबारले दुस्मनका टाउका काट्नु तेरो कर्तव्य हो" (पृ: ३) । भन्ने भनाइबाट 'ऊ' पात्र आफूले गरेको काममा प्रफुल्ल भएको तथा आफूले गरेको कामलाई अझ निरन्तरता दिँदै गएकोले ऊ लगायत अन्य नायक महानायक बधिकहरूमा हिंसात्मक विश्वदृष्टिको विकास भएको देखिन्छ । कथाको अन्त्यमा बधशालाका नायक र महानायकको आज्ञालाई शिरोधार्य गर्दै भगौडा बधिकद्वारा सबैभन्दा अन्त्यमा बध गरिएको युवकले उनीहरूको मानव बध गर्ने सोँचमा परिवर्तन ल्याइदिएको छ । उसले आफू मारिनु भन्दा अगाडि शान्त स्वरमा बधिकलाई भनेको छः "तिमीले मलाई मार्न सक्छौ, तर मलाई पराजित गर्न सक्दैनौ वधिक" (पृ: २) । भन्दै हाँसी हाँसी मृत्युवरण गरेको घटनाले आफूलाई बध गर्ने बधिकभित्रको बुद्धत्वलाई समेत ब्युँताइदिएको छ । त्यस्तै बधशालाको महानायक र नायकहरू मध्येको एक जनाले बडेमानको तरबार लिएर बधिकतिर लम्कँदा उसको गलाबाट अनायास "बुद्धं शरणं

गच्छामि । धम्मं शरणं गच्छामि । सङ्घं शरणं गच्छामि (पृ: ६) को गम्भीर स्वर प्रस्फुटन हुँदै गएपछि वधशालामा एकोहोरो 'बुद्धं शरणं गच्छामि धम्मं शरणं गच्छामि' को ध्वनि गुञ्जायमान हुँदै जानुले गोल्डमानले भने झैँ इतिहासको कुनै एक कालखण्डमा देखिएको विश्वदृष्टि समयको अन्तरालपछि हराउँदै गएर नयाँ विश्वदृष्टिको निर्माण हुनसक्छ भन्ने कुरा यस उद्धरणबाट पुष्टि भएको छ । यसरी हिसांत्मक विचार रहेका वधिकमा हिंसात्मक विचारको अन्त्य भइ अहिंसात्मक विचार आउनु तथा सम्पूर्ण वधशालाभरि नै बुद्धत्वको ध्वनि गुञ्जायमान हुनुले हिंसा तथा युद्धको अन्त्य भई शान्ति कामनाको शान्तिकामी विश्वदृष्टि यस कथामा अभिव्यक्त भएको देखिन्छ ।

सशस्त्र द्वन्द्वकै पृष्ठभूमिमा लेखिएको 'पशुअवतार' कथामा मानवमा रहेको हिंस्रक पशुवत् व्यवहारलाई व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरिएको छ । नेपाली समाजको मानव बस्ती जङ्गल र मानिसहरू सबै पशुमा परिवर्तन भएका छन् । कथामा मानिसहरूले जङ्गली जनावर अर्थात् सिंहका अगाडि आफूहरू मानव रहेको घोषणा गरेपछि जङ्गली जनावरलाई विश्वास लाग्दैन र मानिसहरूलाई मानव भए मानव भएको कुरालाई प्रमाणित गरेर देखाउन आग्रह गर्दछन् । आफूहरूले परीक्षण गर्न दिएको समयमा उनीहरूले आफ्नो व्यवहार झन् बढी पशुवत् देखाएका छन् । मानिसहरू पशुहरू भन्दा बढी हिंस्रक भएको र मानिसहरूमा मानवीय गुण नभई पशुवत गुण व्याप्त भएको घोषणा उनीहरूले गर्छन् । मानिसहरू पनि उनीहरूले दिएको सुध्रिने अवसरको समयमा सुध्रिन नसकेपछि आफूहरू स्वयम्ले सिंहका अगाडि गिड्गिडाउँदै भनेका छन् "हामी पशुहरू हौं, हामी चारखुट्टे जनावर हौं, मान्छेहरू मुर्दावाद, पशुअवतार जिन्दावाद" (पृ: ८५) । यस स्वीकारोक्तिले मानवीय वस्तीमा जङ्गलको राज भएको त्यहाँका मानिसले मानिसलाई गरेका हिंस्रक र क्रुर व्यवहारले उनीहरू पशुतुल्य भएका छन् । त्यसैले उनीहरूमा रहेको हिंसात्मक भाव विश्वदृष्टिको रूपमा विकसित भएको छ ।

नेपालको दशवर्षे सशस्त्र द्वन्द्वकै पृष्ठभूमिमा लेखिएको "गाउँमा गीतहरू गुञ्जिँदैनन्" कथामा कथाकारले स्पष्ट रूपले प्रभुत्वशाली वर्गको किटान नगरे पनि कथामा आएका विभिन्न घटना र प्रसङ्गका आधारमा प्रभुत्वशाली पुस्ताको रूपमा सशस्त्र पक्षलाई नै लिइएको छ । कथामा सशस्त्र पक्षले भय र त्रास देखाई सम्पूर्ण गाउँलेहरूलाई अधीनस्थ पारेको कुरा हजुरबुवाले म पात्रसँग भनेको तलको भनाइबाट स्पष्ट हुन्छः "नचिनेका नयाँ

मान्छेहरू मात्र बन्दुक बोकेर घुमिरहन्छन् यहाँ" (पृः १८) । तथा त्यस्तै प्रसङ्गमा आएको "तिमीले बन्दुकको आवाज सुन्यौ ? ती बन्दुकहरू पड्किँदै हाम्रो घरमा आइपुग्दासम्म तिमी भागीहाल मेरो बाबु" (पृः २१) भन्ने 'म' पात्रकी आमाको भनाइबाट द्वन्द्वरत समयमा नेपाली समाजमा सर्वसाधारणहरू आफ्नो गाउँ फर्किएर जान सक्दैनथे । प्राणभन्दा प्यारा आफन्तजनलाई भेट गर्न तथा सुखदुःख साटासाट गर्न पाउँदैनथे । यदि गाउँमा नयाँ मानिसको आगमन भयो भने बन्दुकधरीहरू बन्दुक लिएर गाउँ पसिहाल्ने कुरा कथामा अभिव्यक्त भएबाट बन्दुकधारीहरूले सर्वसाधारणमाथि प्रभुत्व जमाउँदै गएको देखिन्छ । त्यस्तै सशस्त्र पक्षबाट सर्वसाधारण मानिसहरू भयभीत र आक्रान्त रहेको तथा उनीहरूले शान्तिको चाहना गरिरहेको सन्दर्भ कथामा मुख्य रुपले व्यक्त भएको छ । कथाका अन्त्यमा विद्रोहप्रति असहमति जनाउँदै 'म' पात्र यस्तो कल्पना गर्छ ।

समयको चक्रमा ऋतुहरू फेरिनेछन् । शीतलहरको चटारोले निखेका बन्जर रुखहरूमा पालुवाहरू टुसाउनेछन् । रुखका हाँगाहाँगामा चराहरू चिरबिर गर्नेछन् । वनफूलको महकले रङ्मङ्गिनेछ गाउँको वातावारण । गाउँमा वसन्त फर्कनेछ । गाउँलेका ओठहरूले जीवनका वासन्ती गीतहरू गुनगुनाउन थाल्नेछन् र त्यसबेला निडर , निश्चिन्त निस्फिक्री भएर म पनि सुसेली हाल्दै गाउँको धुलाम्मे डगरमा धुलो उडाउँदै आफ्नो गाउँ गइरहेको हुनेछु (पृः २२) ।

यसबाट ऊ विद्रोहको बाटो होइन, शान्तिको बाटो हिँड्न चाहन्छ भन्ने कुरा स्पष्ट हुन्छ । यो 'म' पात्रको मात्र नभई सर्वसाधारण गाउँलेहरूको साझा इच्छा हो । उनीहरूमा युद्धको अन्त्य र शान्ति स्थापनाको चाहना सामूहिक चेतना अर्थात विश्वदृष्टि बनेरै आएको छ ।

सशस्त्र द्वन्द्वकै विषयमा 'बाबुको काँधमा छोरो सुतिरहेको देश' कथा रचिएको छ । कथामा जङ्गलमा भेटिएको आफ्नो एक मात्र छोराको टाउको बोकेर न्यायका लागि ऊ पात्र कहिले गाविस अध्यक्ष, कहिले सुरक्षा अधिकारी, पुलिस अधिकारी र सिडिओकोमा समेत गई पालैपालो गुहारेको छ । उसले मेरो छोराको टाउको जङगलमा फेला परेको हो हजुर भन्दा सुरक्षा अधिकारीले भन्छः "जङ्गलमा टाउको भेटियो, गिँडको केही खबर छैन । यसको मतलब जङ्गलीले नै मारे जस्तो छ तिम्रो छोरालाई" (पृः २६) भन्ने जवाफ दिँदै पुलिस प्रशासनमा जान सुझाउँछन् । पुलिस अधिकारीले पनि जाँचबुझ बिना नै भन्छन्ः "सशस्त्र सङघर्षको बेला हामीहरू गाउँमा पस्न त गाह्रो छ भने जङगलमा गएर घटनास्थलको

मुचुल्का उठाउन झन् मुस्किल छ" (पृ: २८) भन्दै गाविस अध्यक्षलाई भेट्न सुझाव दिएकाले द्वन्द्वकालमा द्वन्द्वका नाममा जतासुकै मानिसले मानिसलाई मार्ने क्रियाकलाप विध्वंसात्मक रूपमा भएको र राज्यको सुरक्षा निकायले सुरक्षा दिनुको सट्टा एकले अर्कालाई दोषारोपण गर्दै तर्किने प्रवृत्ति व्याप्त रहेको देखिन्छ । तत्कालीन समयमा विद्रोहका नाममा सर्वसाधारणले कतैबाट पनि न्याय पाउन सकेका छैनन् । उनीहरूलाई न त सरकारी पक्षले शान्ति सुरक्षा दिन सकेको छ न विद्रोहीहरूले निर्भिकताका साथ बाँच्न दिएका छन् । यसबाट विद्रोही र सत्तापक्ष दुवै शक्तिशाली भएपनि साधारण मानिसप्रति तिनमा उपेक्षाको दृष्टि रहेको कथाकारले देखाउन खोजेका छन् । उनीहरूका दृष्टिमा सामान्य मानिसको जीवन मूल्यहीन रहेको कथाले देखाउन खोजेको छ ।

'युद्धविराम' कथामा युद्धजन्य परिस्थितिबाट पीडित पात्रहरूमा सशस्त्र युद्धको अन्त्य भएर शान्ति स्थापना होस् भन्ने भावना विकसित भएको देखिन्छ । कथा अनुसार गाउँमा नेतृत्व तहमा रहेका नेताले सयौं कार्यकर्ता अघिपछि लगाउँदै भाषणमा विद्रोहीहरूको उछितो काढ्ने गरेपनि वर्षेनी चन्दा, हातहतियार दिने गरेकाले सत्तामा रहेका ठुलाबडा नेताको घरमा दाग समेत लगाउन सकेका छैनन् । चन्दा दिन नसक्ने कार्यकर्ता तथा देशको सुरक्षार्थ खटिएका प्रहरीलाई भने पटक पटक दुःख दिएको कुरा कथामा आएबाट नेताहरूको चरित्र र विद्रोहीको दबाब उद्घाटित भएको छ । कथामा रोल्पाको लिवाङ प्रहरी पोष्टको सुरक्षार्थ खटिएको सिपाही वीरबहादुरको श्रीमती गौरीलाई विद्रोहीहरूले भनेका छन्: "तेरो लोग्नेलाई सिपाहीको जागीर नखा भन्, नत्र तिमीहरूलाई पनि बाँकी राख्दैनौं हामी" (पृ: ३३) । यस भनाइले तत्कालीन समयमा विद्रोहीहरूले नूनको जोहो गर्ने तथा ज्याला मजदुरी गरेर जीविकोपार्जन गर्ने सर्वसाधारणहरूलाई धम्की र त्रास देखाउँदै गएकोले विद्रोहीहरूमा प्रभुत्वशाली विश्वदृष्टि देखिन्छ । कथाको अन्त्यमा भने गोल्डमानले भने झैँ इतिहासको कुनै कालखण्डमा देखापरेको विश्वदृष्टि कहिलेकाहीँ भत्किने र नयाँ विश्वदृष्टि बन्न सक्ने कुरा आएको छ । सिपाही वीरबहादुर र विद्रोही छापामार भीषण युद्ध गरिरहेको समयमा एउटाले अर्कालाई सिध्याउने उद्देश्यले भुइँमा ढलेका छन् । युद्ध भइरहेकै अवस्थामा अकस्मात् विधवाले आफ्नो सिउँदो नउजाडिदिन आग्रह गर्नु, आफ्ना दुई छोरा गुमाएकी वृद्धाले 'युद्ध समाप्त गर' भन्दै हात जोड्नु, वृद्ध मानिसले एकअर्कालाई घृणाका आँखाले नहेर्न अनुरोध गर्नु, सम्पूर्ण नेपालीप्रति माया, अपनत्व र आदर भाव उमार्दै यो देश सबैको साझा फुलबारी भएको कुरा अभिव्यक्त गरेका छन् । साथै ती दुवै योद्धा घाइते अवस्थामै अकस्मात्

आफ्ना हातहरू माथि उठाएर एकसाथ "युद्धविराम जिन्दावाद" (पृ: ३९) भन्ने अभिव्यक्तिले उक्त समयमा युद्धको भयावह स्थितिबाट सम्पूर्ण मानिसहरू आजित भएका छन् । आफ्नै बन्धुबान्धवबीच भएको यस्तो युद्धको छिटै अन्त्य होस्, देशमा शान्ति स्थापना होस् भन्ने सम्पूर्ण नेपालीको साझा विचार विश्वदृष्टिका रूपमा अभिव्यक्त भएको छ ।

नेपालको राजनीतिक संस्कृतिलाई व्यङ्ग्य गर्दै लेखिएको 'कुर्सीपर्व' कथाको प्रमुख पात्र सूत्रधारले परम्परागत कुर्सीपर्वको आयोजनागरी भेला भएका सबै नागरिकलाई कुर्सीको लागि असफल प्रयास गरेको छ । कुर्सीपर्वको परीक्षा लिने, परीक्षामा छनोटको स्तर निर्धारण गर्ने तथा निर्णय गर्ने जस्ता महत्त्वपूर्ण कार्यहरूमा उसकै भूमिका देखिन्छ । मान्छेका अङ्ग अङ्गबाट बनेको कुर्सीमा प्रतिस्पर्धीलाई पालैपालो बस्न लगाई त्यस कुर्सीमा बस्दा भएको अनुभूति व्यक्त गर्न लगाएको छ । त्यस कुर्सीमा बस्दा कुर्सी काँपेको, कुर्सी कराइरहेको, रोइरहेको आर्तनाद गरेको कुर्सीको खप्पर तनावग्रस्त देखिएको जस्ता अनुभूति प्रतिस्पर्धीले अभिव्यक्त गर्दा उनीहरूका कुरा सुनेर सूत्रधार अट्टाहास गर्दछ र मनमनै खुसी हुन्छ । यसबाट जनताका प्रतिनिधिहरूले जनतालाई नै भ्रममा पार्दै अन्ततः आफूहरूले शक्ति हात पारेका हुन्छन् । कथामा आफ्नो पालो कुरेर बसेको सूत्रधारले जतातत‌ैबाट जनताले आफूलाई नै उक्त कुर्सीमा बस्न आग्रह गरेपछि उक्त आग्रहलाई नाईनास्ती गरेझैँ गरी अन्त्यमा कुर्सीमा बसेर यस्तो प्रतिक्रिया देखाउँछः "सूत्राधार कुर्सीमा बसेर प्रफुल्ल मुद्रामा मुसुमुसु मुस्कुराइरहेको थियो" (पृ: ६१) । यसबाट उसले योग्य नागरिकको प्रतिनिधि छनोट गरेझैँ गरी उक्त प्रतिनिधिलाई असक्षम घोषित गरी अन्ततः आफू नै त्यस कुर्सीको लागि सक्षम भएको घोषणा गरेको छ । यो विचार शासनसत्तामा आसिन हुनपुगेका र जनताको पसिनाको कमाइ खान पल्किएका सम्पूर्ण जनप्रतिनिधिको साझा विचार हो । यही विचार अर्थात् सत्ताप्रतिको मोह विश्वदृष्टिका रूपमा आएको छ ।

"मिसन इन नेपाल" कथा २०६२/६३ संयुक्त जनआन्दोलनको समाप्तिपछि शान्ति प्रक्रियाको स्थापनार्थ भएको अन्तर्राष्ट्रिय प्रयासलाई आधार बनाई लेखिएको छ । कथामा नेपालमा भएको गृहयुद्धका कारण शान्ति सेनाको रूपमा 'म' पात्रको साथी लिनो मोजाम्बिक देशबाट नेपाल आएको छ । लिनोले विद्रोहीको उद्गम स्थल रोल्पा जाने कुरा बताएपछि 'म' पात्रले विगतको स्मरण गर्छ । आफू गृहयुद्धका कारण मोजाम्बिक गएको र त्यस बखत उसले त्यहाँ धेरै बालबालिका टुहुरा भएका, धेरै मानिस घरबारविहीन भएका, ठूलो संख्यामा

मानिसहरू शरणार्थी भएको घटनालाई सम्झन्छ । उसले उक्त घटनालाई आफ्नै देशमा भएको घटनासँग एकाकार गर्छ । नेपाल पनि भोलिका दिनमा मोजाम्बिक राष्ट्र जस्तै गृहयुद्धका कारण तहस नहस भएको कल्पना गरेर त्रसित भएको हुन्छ । कथाकारले यदि नेपाल पनि मोजम्बिक देश जस्तो तहसनहस भइदियो भने यहाँ पनि हजारौँको संख्यामा मानिस घरबारविहीन हुनुका साथै विकास निर्माणमा समेत नेपाल निकै पछाडि पर्न गई नेपाली जनताहरूले सधैं दुःख पाउने कुरामा 'म' पात्र निश्चित हुन पुगेको छ । कथाको अन्त्यमा देशमा भयावह स्थिति हुनसक्ने डरले देशमा युद्धको छिटै अन्त्य होस् भनी प्रार्थना गरेको कुरालाई 'म' पात्रले यसरी भनेको छः "कहिलेकाहीँ सपना साँचो हुन्छ तर यी वीभत्स सपनाहरू कहिल्यै सत्य नभईदिउन् । यो मेरो मात्र नभई सम्भवतः सबै नेपालीको हार्दिक इच्छा हो" (पृ: ७६) । भन्ने शान्ति कामनाको इच्छा 'म' पात्रको मात्र नभई सशस्त्र द्वन्द्वबाट भय र त्रसित भई बाँचेका सम्पूर्ण नेपालीहरूको साझा इच्छा भएको हुनाले यो नै विश्वदृष्टि बनेर आएको छ ।

सशस्त्र द्वन्द्वकै पृष्ठभूमिमा 'बन्द ढोका र समय' कथा लेखिएको छ । कथामा सशस्त्र पक्षमा हिंसात्मक प्रवृति देखिएको छ । आफ्ना घरको झ्यालका प्वालबाट बाहिर हेर्दा कम्ब्याट पोसाकमा राइफल सोझ्याएर आफ्नो घरतिर फर्किरहेका हतियारधारीहरू उभिएको देखेपछि निनुका बा र आमामा ठूलो चिन्ता छाएको छ । निनुकी आमाले निनुका बुवासँग भनेकी छः "बाहिर बन्दुक बोकेका मान्छेहरूले हाम्रो घर घेरेका छन् । अब के गर्ने कसरी बाँच्ने होला निनुका बा" (पृ: ९३-९४) । निनुकी आमाको यस भनाइले द्वन्द्वरत समयमा बन्दुकधारीहरूको भयले गर्दा सर्वसाधारणहरू त्रसित छन् । उक्त समयमा ग्रामीण समाजमा सशस्त्रहरूले हत्या, हिंसा र लुटपाट गरिरहेका छन् । त्यस्तै बन्दुकधारीहरूबाट त्यस समयमा सम्पूर्ण सर्वसाधारणहरू दुवै पक्षबाट असुरक्षित रहेका छन् । निनुका बाले युद्धबाट त्रसित हुँदै निनुकी आमासँग भनेका छन्: "तँलाई थाहै छ निनुकी आमा न सहर बजारमा जानुहुन्छ न त जङ्गलमा छिर्न हुन्छ । यता गयौं भने हामी यतैका ठहरिन्छौं उता गयौं भने उतैका मानिन्छौँ यसो घरबाट एकदुई पाइला वरपर सऱ्यो भने दुर्गती आइलाग्ने भो" (पृ: ९५) । निनुका बुवाको यस भनाइबाट आफ्नो कामको सिलसिलामा जङ्गलतिर जाँदा विद्रोहीको सुराकी ठानिने र सरकारी कार्यालयतिर जाँदा सरकारी पक्षको सुराकी ठानी उनीहरूलाई दुवै पक्षबाट चरम यातना दिइन्छ । त्यस्तै कथामा विभिन्न पात्रहरूले भोगेका यथार्थको वर्णनका आधारमा उनीहरू अधीनस्थ बन्न पुगेको कुरालाई प्रस्ट्याउन सकिन्छ ।

अनाहकमा आफ्नो लोग्ने गुमाउँदा चुपचाप सहेर बस्न बाध्य रुपसरा, आफ्नै अगाडि इज्जत लुटिँदा समेत केही गर्न नसक्ने यमबहादुर, सशस्त्र द्वन्द्वकै कारण विदेश भासिनु परेको निनुको दाजु आदि जस्ता नेपाली ग्रामीण समुदायका सर्वसाधारण मानिसहरूले उक्त द्वन्द्वात्मक संस्कृतिको प्रतिरोध गर्न नसकेकोले उनीहरूमा अधीनस्थ विश्वदृष्टि देखिन्छ ।

सशस्त्र द्वन्द्वकै पृष्ठभूमिमा लेखिएको 'मेरो कुकुर अझै भुकिरहेको थियो' कथामा कथाकारले स्पष्ट रूपमा प्रभुत्ववर्गको किटान नगरेपनि कथामा आएका विविध घटना र प्रसङ्गका आधारमा सशस्त्र पक्षलाई उत्पीडक मानिन्छ । उक्त प्रभुत्वबाट सर्वसाधारणहरू उत्पीडित बन्न पुगेका छन् । कथामा सशस्त्र पक्षबाट हजारौँ युवायुवती बेपत्ता हुनुका साथै अबोध बालबालिकाले अभिभावक गुमाई टुहुरा बनेर बस्नु परेको छ । ती बालबालिकाको कलिलो मष्तिस्कमा ती बन्दुकधारीले नराम्रो छाप पारेको कुरा कथामा 'म' पात्रले भनेको तलको भनाइबाट स्पष्ट हुन्छः "म पनि आमासँगै डाँको छाड्दै बुवालाई बोलाउँदै रोएको थिएँ । ती बन्दुकधारीहरू मलाई सधैँ तर्साउने गरेको भूत जस्तै लागेका थिए (पृः १०१) । 'म' पात्रको यस भनाइले द्वन्द्वरत पक्षले हतियारको भरमा सर्वसाधारणमाथि आफ्नो प्रभुत्व जमाउँदै उनीहरूलाई अपहरण गर्ने थुन्ने लुटपाट गर्ने तथा घरपरिवारलाई समेत दुःख दिने जस्ता कार्यहरू दिनानुदिन गरिरहेका छन् । त्यस्तै 'म' पात्र आमा हराएपछि गुहार खोज्न निस्किएको अवस्थामा बन्दुकधारीको भय र त्रासले गर्दा उसका आफन्त तथा गाउँलेले समेत सान्तवना दिन नसकेको कुरा म पात्रको सानीमाले भनेको यस भनाइबाट स्पष्ट हुन्छः "अहिले घरमा गएर सुत् तेरी हराएकी आमालाई भोली खोजौँला" (पृः १०६) । सानीमाको यस भनाइले द्वन्द्वरत समयमा सम्पूर्ण सर्वसाधारणहरू बन्दुकधारीहरूबाट भय र त्रसित हुनुपरेको छ । द्वन्द्वकालीन समयमा ग्रामीण समुदायका सर्वसाधारणहरू रातको समयमा घरबाहिर निस्कन डराउने, गाउँमा जस्तो सुकै आपत्ति आइलागे पनि थाहा नपाए झैँ गरेर बस्नु पर्ने बाध्यात्मक परिस्थितिको सिर्जना भएको छ । उक्त समयमा बन्दुकधारीबाट सर्वसाधारणहरू अधीनस्थ भई बस्नु परेकोले सन्त्रासको विश्वदृष्टि विकसित भएको देखिन्छ ।

## ३.७ 'काठमाडौंमा कामरेड' सङ्ग्रहका कथामा अभिव्यक्त वर्गीय विश्वदृष्टि

समकालीन नेपाली साहित्यका आख्यान विधामा आफ्नो विशिष्ट उपस्थिति जनाइ सकेका महेशविक्रम शाहको *काठमाडौमा कामरेड* (२०६५) पाँचौं कथासङ्ग्रह हो । यो

देशका समसामयिक तथा संक्रमणकालीन कथाहरू बोकेको कथासङ्ग्रह हो । यस कथासङ्ग्रहभित्र देशको बिग्रँदो राजनीतिक अवस्था, खस्कँदो सामाजिक परिवेश, आर्थिक असमानता, वैदेशिक हस्तक्षेप बिग्रँदो शान्ति सुरक्षा, मानव विकास, ठूलोले सानोमाथि गर्ने हेपाहा प्रवृत्ति, युद्ध र द्वन्द्वरत घटनाहरू, युद्ध र ध्वंशले मानवीय जीवनमा पारेका नकारात्मक प्रभाव तथा अन्य सङ्क्रमणशील विषयका कथाहरू समेटिएका छन् । मूलतः यस सङ्ग्रहभित्र पचासको दशकदेखि विकसित वर्गीय द्वन्द्व अनि २०६२/०६३ को संयुक्त जनआन्दोलन, संविधान निर्माण तथा लोकतन्त्रमा हुने मनपरीतन्त्रलाई पाठक सामु प्रस्तुत गरिएको छ । यस परिच्छेदमा *काठमाडौंमा कामरेड* कथासङ्ग्रहका कथाहरूमा अभिव्यक्त विश्वदृष्टिलाई वर्गीयताका सन्दर्भमा विश्लेषण गरिएको छ ।

नेपालमा चलेको दशवर्षे सशस्त्र द्वन्द्वपछि भएको शान्ति सम्झौता र २०६२/०६३ को संयुक्त जनआन्दोलनपछिको नेपालको सङ्क्रमणकालीन पृष्ठभूमिलाई आधार बनाएर 'काठमाडौमा कामरेड' कथा लेखिएको छ । कथामा मन्त्री र ठूला तथा वरिष्ठ कामरेडहरू चिल्ला गाडीमा राष्ट्रिय झण्डा फहराउँदै अघिपछि हिँड्ने गरेका घटनाहरू आएबाट उनीहरूमा राजनीति प्रभुत्व देख्न सकिन्छ । आफ्ना कनिष्ठ कामरेडहरूलाई युद्ध जारी छ, युद्धको रुपमात्र फेरिएको छ भन्दै शान्ति र क्रान्तिको भ्रममा राख्दै नेतृत्व तहका कामरेडहरूले आफ्नो स्वार्थ पूरा गरेका छन् । कथामा वरिष्ठ कमान्डरले आफ्नो प्रभुत्व जमाउँदै कनिष्ठ कमान्डरहरूलाई आफ्नो वशमा राखेका छन् । ट्याक्सी ड्राइभरले चन्दा दिन नमान्दा आफ्नै छेउमा उभिएको वरिष्ठ कमान्डरले भन्छ "ए कामरेड । एउटा ट्याक्सीबाट चन्दा लिन आधा घण्टा लगाउन थाल्यौ भने कहिले पूरा रकम उठिसक्छ हँ" (पृ: १) भन्दै कनिष्ठ कामरेडसँग कराएको त्यस्तै "भएभरका कुटा कोदाला भकारीभित्र थन्क्याइसके, अब के नाप्छन् र यिनीहरूले भन्ने सोच्यो होला, एक पटक कम्मरमा बाँधेको कुरो झलक्क देखाइदिउँ न त्यसलाई" (पृ: १) । भन्दै चिच्चाएको घटनाले शान्ति सम्झौता भइसकेपछि पनि कामरेडहरूले जनताहरू समक्ष हातहतियार देखाई डर, त्रास र भय उत्पन्न गराइरहेको र चन्दा असुल्ने जस्ता अनैतिक कार्यहरू गरिरहेको अवस्थालाई देखाइएको छ । यसबाट कामरेडहरूमा हैकमवादी विश्वदृष्टि देखिन्छ । कथाको अन्त्यमा भने गोल्डमानले भने झैँ इतिहासको कुनै कालखण्डमा देखिएको विश्वदृष्टि समयको अन्तराल हुँदै जाँदा परिवर्तन भई नयाँ विश्वदृष्टि जन्मिन पुग्छ भन्ने कुराको पुष्टि देखिएको छ । कथाको सुरुसुरुमा कामरेडहरूले जनताहरू समक्ष हातहतियारको भरमा धम्क्याउने, दम्क्याउने, चन्दा असुल्ने

जस्ता कार्य गरे पनि कथाको अन्त्यमा कामरेडमा आएको अनुभूतिलाई यसरी प्रस्तुत गरिएको छः “पेस्तोल बोकेर जनताको माझमा हिँड्नुभन्दा निशस्त्र भएर हिँड्नुको आनन्द र गरिमा भिन्नै हुँदो रहेछ उसलाई आफू अझ बढी सुरक्षित र स्वतन्त्र भएको अनुभूति भयो” (पृ: ५) । कमाण्डरको यस अनुभूतिले युद्ध जित्नका लागि अब हतियार त्यागेर निशस्त्र भएर जनताको माझ उभिनु पर्छ । समय परिवर्तन भइसकेको छ । मानिसले अबको समयमा हातहतियार प्रयोग गरेर होइन विचारको क्रान्ति गर्नुपर्ने र निशस्त्र ढङ्गले पनि सामाजिक परिवर्तन गर्न सकिने शान्तिको विश्वदृष्टि कनिष्ठ कमान्डरहरूमा विकसित भएको देखिन्छ । यसले एउटा लडाकु समुदाय र लडाकुमात्र नभई शान्तिपूर्ण ढङ्गले परिवर्तनमा विश्वास गर्ने समुदायका विश्वदृष्टिको प्रतिनिधित्व भएको छ ।

प्रस्तुत ‘बहुमूल्य चोरी’ कथामा विश्वमानमा आर्थिक, सामाजिक तथा राजनीतिक शक्ति हावी रहेको देखिन्छ । उसको प्रभुत्वबाट प्रहरी इन्स्पेक्टरहरू शोषित बन्न पुगेका छन् । कथामा आफू राजनीति शक्तिबाट बाहिरिएपछि कमजोर महसुस गरेको म पात्रले आफू शक्तिमा आउन तथा आफ्नो पुरानो हैकम स्थापित गर्नका लागि उसले अनेक जालझेल बुनेर आफ्नो गुमेको परिचयलाई पुनस्थापित गराउन खोजेको छ । उसले म पात्रसँग भनेको छः “म आफ्नो गुमेको परिचयलाई स्थापित गर्न चाहन्थेँ यही उद्देश्यका खातिर मैले योजना मुताबिक चोरीको नाटक रचेँ र म आफ्नो योजनामा सफल पनि भएँ” (पृ: ३५) । भन्ने विश्वमानको भनाइले ‘ऊ’ कुनै बेला आर्थिक, राजनीतिक प्रभुत्व जमाएर बसेको र आज आफ्नो त्यो परिचय गुम्दा आफू अरुको अगाडि निरीह भएको महसुस भएको छ । उसले आफ्नो पुरानो परिचय स्थापित गरेर आफ्नो प्रभुत्व कायम गर्न खोजेको देखिन्छ । कथामा ‘म’ पात्रको परिवारमा समेत आर्थिक सम्पन्नशाली विश्वदृष्टि देखिन्छ । चोरीको घटना हुनुभन्दा अगाडि उसको श्रीमती श्रीमानलाई वृद्धावस्थामा एक्लै छाडेर अमेरिका गएकी छन् । आफ्नो श्रीमानले गुमेको परिचय पुनः प्राप्त गर्न थालेपछि उसकी श्रीमतीले आर्थिक लोभमा परेर उसलाई भनेकी छः “तपाईं फेरि पहिले जस्तै भए त म पनि फर्कन्थेँ नेपाल” (पृ: ३४) । श्रीमतीको यस विचारले समेत उनीहरू आफ्नो श्रीमानको मान पद हुन्जेलसँगै बसेको देखिन्छ । जब परिवारको मूली शारीरिक रूपमा कमजोर हुँदै, आर्थिक रूपमा विपन्न बन्दै जान्छ तब उसलाई आफ्नै जहान परिवारले समेत बेवास्ता गर्दै गएको कुरा स्पष्ट हुन्छ । यो विचार ‘म’ पात्रको श्रीमतीको मात्र नभई घरानिया परिवारका सबै मानिसको साझा विचार हो । सधैं आफूहरू मात्र सत्तामा आसिन भइरहन पाउँ तथा

समाजमा आफ्नो प्रतिष्ठामा कहिल्यै कमी नहोस् भन्ने चाहना सामूहिक चेतना विश्वदृष्टि बनेर आएको देखिन्छ ।

'क्यान्टोनमेन्टमा छापामारहरू' कथामा लोकतान्त्रिक नेताहरू, वरिष्ठ कामरेडहरूमा सामाजिक तथा राजनीतिक प्रभुत्व देखिन्छ । कथामा सशस्त्र शान्ति सम्झौता अनुसार *क्यान्टोनमेन्ट*मा राखिएका छापामारको सुनिश्चित भविष्यको निक्यौंल गर्नुको सट्टा वरिष्ठ कामरेडहरू आफू आफूमा एक अर्कासँग झगडा गर्दै *क्यान्टोनमेन्ट*भित्र छिरेका हुन्छन् । उनीहरूलाई नेपाल र नेपालीको सुनौलो भविष्य भन्दा सत्तामा को जाने भन्ने कुराले मात्र सताउँछ । यसबाट उनीहरू राज्यप्रति गैरजिम्मेवार रहेको स्पष्ट हुन्छ । म पात्रले *क्यान्टोनमेन्ट*भित्र देखेको घटना कथामा यसरी प्रस्तुत भएको छः *"क्यान्टोनमेन्ट*भित्र छिर्ने बित्तिकै विभिन्न उचाइ, मोटाइ, रङ्ग र अनुहारका लोकतान्त्रिक नेता र कामरेडहरूबीच वाक् हुन थालेको देखेपछि ऊ वाल्ल पऱ्यो" (पृ:४९) । भन्ने प्रसङ्गले देशमा लोकतन्त्र ल्याउनको लागि प्राणको आहूति दिएका जनताहरूलाई चटक्कै बिर्सिएर आफूहरू सत्तामा जानको लागि नेताहरू एकआपसमा झगडा गर्दै सत्ताको भागबण्डा गर्ने गरेको देखिन्छ । बरिष्ठ कामरेडहरूले द्वन्द्वकालीन समयमा युद्धको अभिघातले विक्षिप्त बनेका छापामारहरूलाई मनोपरामर्श तथा उपचार गरेर चहऱ्याएको घाउमा उपचार गर्नुको सट्टा *क्यान्टोन्मेन्ट*को अँध्यारो कोठामा फलामको सिक्रीले बाँधेर उनीहरूकै अगाडि सत्ताको भागबण्डा गर्दै लडाइँ गर्नुले वरिष्ठ कामरेडहरूले छापामारप्रति उपेक्षाको भाव राखेको देखिन्छ । अर्कोतर्फ यसै कथामा *क्यान्टोनमेन्ट*भित्र कैद गरेको छापामार युद्धप्रति वितृष्णाको भाव जगाउँदै आफ्नो घरपरिवार, बावुआमा सम्झँदै उच्चशिक्षाका लागि अमेरिका गएका भाइ बहिनीको पढाइसँग आफू छापामारमा लागेर पढाई छोडेकोसँग तुलना गर्छ । उसले युद्धप्रति असहमति जनाउँदै मनमनै कल्पना गर्छः "सायद क्यान्टोनमेन्टभित्रको यो अँध्यारो कोठाभन्दा लडाइँको खुला मैदान नै जाती थियो कि" (पृ: ४६) । भन्ने कामरेडको सोचाई तथा त्यसै प्रसङ्गमा आएको "यी हतियारहरूसँगै हाम्रा सपनाहरू पनि भण्डार गरिने त होइनन्" (पृ: ४७) भन्ने भनाइले उसलाई युद्धप्रति वितृष्णा जागेको देखिन्छ । छापामारको यस विचारले ऊ विद्रोहको बाटो होइन शान्तिको बाटो हिँड्न चाहन्छ भन्ने कुरा स्पष्ट हुन्छ । यो छापामारको मात्र नभई युद्धको अभिघातले विक्षिप्त सम्पूर्ण छापामारहरूको साझा इच्छा हो । उनीहरूमा युद्धको अन्त्य र शान्ति स्थापनाको चाहना सामूहिक चेतना अर्थात् विश्वदृष्टि बनेर आएको छ ।

सङ्क्रमणकालीन नेपालको राष्ट्रियताको पृष्ठभूमिमा लेखिएको 'छिमेकीको छाता र छाडा छोराहरू' कथामा छिमेकी शब्दले नेपालको छिमेकी देशलाई, छाताले छिमेकीको हस्तक्षेपकारी भूमिकालाई र छोराहरू भनेर नेपालका राजनीतिक दलहरूलाई संकेत गरेको छ । कथामा सुकबहादुरको छिमेकीमा आर्थिक, सामाजिक साथै विस्तारवादी नीति देखिन्छ । कथाको प्रमुख पात्र सुकबहादुरको छिमेकीसँग आलिसान महल र अन्य सम्पूर्ण सुख सुविधा छन् । उसले आफ्ना वरिपरिका छिमेकीका छोराछोरीहरूलाई खेलौना दिने, खानेकुरा दिने, कहिले ड्राइभिङ्ग सिक्न दिने, परिवारमा झगडा भएको बेला आश्रय दिने जस्ता कार्य गरेर बोल्न नसक्ने बनाइ दिएको छ । यसका साथै छिमेकी माथि प्रभुत्व जमाउनको लागि उसले आफ्नो वरिपरिका छिमेकीको छतमा सुरक्षाका छाताहरू बनाई राखेको छ । आफ्ना छिमेकीसँग चित्त नबुझेमा अजङ्ग र डरलाग्दा कुकुर तथा सिंहहरू पालेर सातो उडाइदिने जस्ता कुकृत्यहरु गरेको कुरा कथामा यसरी आएको छः "उसको महलबाट सिंह गर्जेको आवाज सुनिन्थ्यो सिंहको आकस्मिक र भयावह गर्जनले अरुको जस्तै मेरो पनि सात्तोपुत्लो उड्थ्यो" (पृः ३७) । भन्ने 'म' पात्रको भनाइबाट उसले आफ्ना कमजोर छिमेकीलाई हस्तक्षेप गर्नको लागि विविध उपाय खोज्दै आफ्नो वशमा पारेको छ । छिमेकीका साना किचलोहरूमा आफू बिना निमन्त्रणा सहभागी हुने र उनीहरूको पारिवारिक विखण्डन गराउने गरेको छ । 'म' पात्रको पारिवारभित्र पारिवारिक कलह भईरहेको बेला उसको छिमेकीले भन्छः "म पल्लो घरको छिमेकीको दुत हुँ । तपाईंको घरभित्रबाट आइरहेको कोकोहोलो सुनेपछि तपाईंहरूको घरभित्रको झगडा मिलाउन मालिकले मलाई पठाउनुभएको हो" (पृः ४३) । भन्ने भनाईले नेपालभित्र हुने विविध घटनाहरूमा छिमेकी देशहरूले राखेको वक्रदृष्टि र हस्तक्षेपकारी भूमिकालाई कथाले प्रस्ट पारेको छ । यसमा छिमेकीको हस्तक्षेपीय विश्वदृटि देखिन्छ । त्यस्तै हातमा आकर्षक छाता लिएर यो सुरक्षा छाता जसले ओढ्छ, यस घरको वास्तविक हकदार पनि उही हुने भन्दै उसले बाबु र छोराहरूको अनुहार नियालेको र सुरक्षा छाता ओढ्न वरिपरि घुमिरहेका 'म' पात्रका छाडा छोराहरूलाई "ल....ल दौड दौड । अँ, उफ्र.....उफ्र छाताभित्र पर्ने लाग्यौ । ल, ल फेरी उफ्र.....यसरी कहाँ हुन्छ र । छाताभित्र नै आउनुपर्‍यो नि" (पृः ४४) भन्दै भित्रभित्रै खुसी हुँदै जिस्क्याइरहेको छ । उनीहरू दौडँदा दौडँदै लखतरान भएर एक आपसमा घम्साघम्सी गर्न थालेको तथा उनीहरू भित्रको खिचातानी प्रवृत्तिको फाइदा लिँदै उनीहरूलाई झुक्याई झुक्याई पैतृक सम्पत्तिलाई आफ्नो

सुरक्षा घेराभित्र राख्ने चेष्टा गरेकोले उसमा परम्परागत आर्थिक, सामाजिक, विस्तारवादी र हस्तक्षेपकारी विश्वदृष्टि देखिन्छ ।

'नयाँ नेपाल' कथामा नयाँ नेपालका नेताहरूमा राजतन्त्रकालीन शासकीय सोँच देखिन्छ । कथामा नेताहरूले भित्तामा झुन्डाएको नेपालको नक्सालाई हेर्दै पालैपालो आफ्नो शिरमा श्रीपेच पहिरिने क्रममा पहिलोले अबको नेपालको सर्वेसर्वा आफू नै भएको र आफ्नो वरिपरि बसेका अन्य नेताहरू आफ्ना भारदारहरू मात्र भएको कल्पना गर्दै आफू राजा भएपछि आफ्नो राज्याभिषेक भएको सपना देखेको त्यस्तै दोस्रोले श्रीपेच लगाउँदै नयाँ प्रदेशको राजा भएको, तेस्रोले पहाडी भूभागको राजा भएको चौथोले तराई भूभागको राजा भएको सपना देख्छ । नयाँ नेपालका नेताहरूले पुरानो राजा र राजतन्त्रलाई समाप्त पारेपछि आफूहरू नयाँ राजा बन्नका लागि लालायित भएका छन् । पृथ्वीनारायण शाहको कुच्चिएको श्रीपेच धारण गरेर आफूलाई क्षेत्रीय राजा, जातीय राजा, आदिवासी राजा, जनजाति राजा, दलित राजा र प्रादेशिक राजाका रूपमा उभ्याउने प्रयास गरेबाट उनीहरूमा राजतन्त्रकालीन शासकीय विश्वदृष्टि व्याप्त रहेको स्पष्टसँग बुझ्न सकिन्छ । अर्कोतर्फ राजालाई गरिएको राज्याभिषेकको कार्यक्रममा उपस्थित जनताहरूकै बिचबाट कसैले ढुङ्गाले हानेर पहिलोलाई भुइँमा पछारेको, दोस्रोलाई महिलाहरूले हिउँले छोपिदिएर श्रीपेचसहित भुइँमा पछारि दिएको, अर्कालाई पहरेदारले जलिरहेको मसाल दरबारमा झोसिदिएको, अर्कोलाई विजयी पहलमानले नै पछारेर आफै राजा भएको घोषणा गरेपछि उनीहरूको सपना भताभुङ्ग भएको छ । त्यस्तै जनताले नेताहरूले गरेको ज्यादतीका विरुद्धमा आवाज उठाउँदै प्रतिरोध गरेको कुरा कथामा यसरी आएको छः "एउटा मानिसले हातमा रहेको ढुङ्गा जोडले उतिर हुत्याउँदै भन्यो, 'खबरदार' । ढुंगाको आकस्मिक र बलशाली प्रहारले ऊ श्रीपेचसहित हात्तीबाट भुइँमा पछारियो" (पृ: ७३) । यस प्रसङ्गले देशलाई खण्डखण्ड पार्दै आफू शासनसत्ताको बलियो मान्छे बनेर सर्वसाधारणमाथि आफ्नो प्रभुत्व कायम गर्न खोजेका नेतालाई जनताले नै उक्त सपना पुरा गर्न नदिएकाले उनीहरूमा प्रतिरोधी विश्वदृष्टि रहेको कुरा स्पष्ट हुन्छ ।

'ऊ पनि काठमाण्डु' कथामा आएको प्रमुख पात्र मलाई उसका प्रेमीहरू अर्थात् काठमाडौमा शारीरिक तथा मानसिक शोषण गरेका छन् । उसलाई प्रेमी भनाउँदाले प्रेम गरेको नाटक गर्दै विभिन्न लोभ लालच देखाउँदै कहिले रमणीय स्थलमा घुम्न लैजाने

आस्वासन देखाएको छ । कहिले मिठो मिठो खाना खुवाउने आस्वासन देखाएको छ । नाटकीय प्रेमीले विभिन्न प्रलोभन देखाउँदै प्रेमीहरूलाई आफ्नो वशमा पारेको र आफूलाई धोका दिएको कुरा गर्ल्स होस्टलकी केटीले यसरी सम्झिएकी छः "म साँझ आउँछु । तिमीलाई डिस्को लग्छु होटलमा डिनर खुवाउन लग्छु " (पृ: ७) । भनेको त्यस्तै "सुन्यौ, भोलि हामी क्याम्प फायर गर्न नगरकोट जाने, टावरमा उभिएर हिमाल हेर्न, पर्सि निकोर्सि मनकामना जाने " (पृ: ७) । भन्दै 'म' पात्रलाई प्रेमीले अनेक प्रलोभन र आस्वासन दिँदै ढुक्क पारेको छ । अन्त्यमा उसलाई लिन नआएकोले ऊ पात्र जस्ता काठमाण्डुहरू केटीलाई भोग्याको रूपमा लिने र आफ्नो स्वार्थ पुरा भएपछि अन्ततः आशामा राखेर सम्पर्कविहीन हुने गरेको देखिन्छ । यसबाट काठमाण्डुहरूमा भोगवादी विश्वदृष्टि देखिन्छ । अर्कोतर्फ पुरुषीय भोगवादी प्रवृत्तिबाट कुनै समय शोषित बन्न पुगेका नारी वर्गमा अन्ततः चेतना जागरण भई प्रतिरोधी चेतनाको विकास भएको छ । पुरुष सत्तावादी प्रभुत्वबाट अधीनस्थ बन्न पुगेका ग्रामीण चेलीहरूमा विस्तारै चेतनाको जागरण हुँदै गएको कुरा कथामा आफूलाई धेरै काठमाण्डुहरूले धोका दिएको सम्झेकी म पात्रको चेतना मनले भनेको "तँ अझै पनि उसको पछिपछि लागिरहे एकदिन तँलाई यस काठमाण्डूले नगरबधु बनाएर दिल्ली, मुम्बई र ब्याङ्कककका कोठीहरूमा समेत घुमाउनेछ फर्की फर्की, आफ्नो धरातलमा फर्की" (पृ: १०) । भन्दै उसको सचेत आत्माले झक्झक्याएकोले पुरुषसत्ता नारी अस्मिताको उत्पीडक रहेको र त्यस्ता उत्पीडकप्रति सचेत हुनुपर्ने विचार उसको विश्वदृष्टि बनेर आएको छ । यो विश्वदृष्टि नारी इज्जत लुटिदिने पुरुष वर्चस्वका विरुद्ध प्रतिरोधी चेतनासँगै नारी अस्मिताको चेतना लिएर देखापरेको छ । त्यसैले यसलाई नारीवादी चेतना पनि भन्न सकिन्छ ।

सशस्त्र द्वन्द्व तथा ०६२/०६३ को संयुक्त जनआन्दोलनपछिको सङ्क्रमणकालीन नेपालकै पृष्ठभूमिमा 'गुलाबसिंह बन्यो विस्फोट सिंह' कथा लेखिएको छ । कथामा गुलाबसिंह जस्तो नरम र सोझो स्वभाव भएको मान्छेलाई दलका नेताहरूले विभिन्न प्रलोभन देखाई छुट्टै पार्टी खोल्न लगाएका छन् । नेताहरूले आफ्नो दललाई विजयी गराउन विपक्षी दल विरुद्ध आक्रमक रुपले लाग्न प्रेरित गरेका छन् । त्यस्तै गुलाबसिंहलाई उनीहरूको हुकुम बमोजिम पार्टीको विजयका लागि अपराधिक गतिविधिमा संलग्न हुन प्रेरित गरेका छन् । ऊ आपराधिक गतिविधिमा संलग्न हुँदाहुँदै जेलपरेपछि आफूलाई छुटाउन राजनीति दलका नेता आउने आशामा बसेको छ । विस्फोट सिंहको समूहको एउटा नेताले

पार्टीको झण्डा बोकेर चार पाँच सय मानिसहरूको नेतृत्व गर्दै विस्फोट सिंहको रिहाइको लागि माग गरेको भूमिका खेल्दछ । उक्त नेताले सुटुक्क जेलरसँग गुलाब सिंहको भाग्ने योजना भएको कुरा सुनाइ दिँदै गुलाबसिंह जेलबाट भागेमा जेलरको जागीर नै चट गरिदिने तथा जेलमा सडाएमा उसको पदोन्नति गरिदिने लोभ देखाउँछ । यसबाट नेपालमा च्याउ जस्तै उम्रिएका राजनैतिक दल तथा त्यसमा कार्यरत नेताहरूले आफ्नो पार्टी तथा व्यक्तिगत स्वार्थका लागि निश्चल र सफा मन भएका सर्वसाधारणहरूलाई प्रयोग गर्दै आफूहरू सत्तामा जान खोज्ने प्रवृत्ति हावी छ । यसबाट राजनैतिक दलका नेताहरूमा स्वार्थी शासकीय विश्वदृष्टि देखिन्छ ।

सङ्क्रमणकालीन नेपालको पृष्ठभूमिमा लेखिएको 'कामरेड । अब ती दिन पुराना भए' कथा लेखिएको छ । कथाको प्रमुख पात्र 'आदर्श' युद्धकालीन आफ्नो राजनीतिक समयमा गरिब निमुखा जनतासँग गरेका बाचा कसमहरूलाई बिर्सिएर मन्त्री भएपछि कहिल्यै पनि गाउँ फर्किएको छैन । उसले आफ्ना मातहतका कमाण्डरहरू भने गाउँ बसिराखुन भन्ने इच्छा राख्दछ । कनिष्ठ कामरेडहरू गाउँ नगई सहर बसेको भन्दै उसले गाली गरेको कुरा कथामा यसरी आएको छः "म त हिँडे गाउँका अरु पनि हिँडेछन् । म पो नेता भएँ, मलाई पार्टीले केन्द्रमा बोलायो, अन्य कामरेडहरूले गाउँमै बसेर काम गर्नुपर्ने सबै हान्निएछन् सहरतिर" (पृ: ९७) । भन्ने भनाइ तथा बाथरुमभित्र पसेर पत्रिकामा आफ्नो गाउँको विषयमा लेखिएका खबर पढेपछि गाउँ फर्कूँ फर्कूँ लागे पनि बाथरुम बाहिर आउँदा आफ्नो पद, विलासिता, शक्ति र सम्पत्ति सम्झिएपछि सहर छोड्न मन नगर्नुले हरेक नेता सत्तामा आइसकेपछि मान र सम्पत्तिले उसमा अहंकार बढाउँदै लैजान्छ । राजनैतिक शक्तिका भरमा आफू भन्दा तल्लो तहका नेतालाई दुर्गम स्थानमा बसिदिए हुन्थ्यो भन्ने भाव राख्ने आफूले चाहिँ सुखी सम्पन्न ठाउँ छोड्न नखोज्नुले सत्तामा आसिन शक्ति सम्पन्न नेतामा राजनीतिक प्रभुत्वशाली विश्वदृष्टि देखिन्छ । त्यस्तै आफ्ना अभिन्न मित्रहरू मन्त्री क्वाटरमा भेट्न आएका बेला उनीहरूले पुरानो दिनको स्मरण गराउन खोज्दा उसले भनेको छः "ती दिन अब पुराना भए कामरेड हिम्मत । देशमा गणतन्त्र आइसक्यो । लालसलाम" ( पृ: १०५) । भन्दै गाडी हाँकेर हिँडेको घटनाले समेत नेपालका हरेक व्यक्तिहरू शासनसत्तामा आइसकेपछि आफ्नो धरातल बिर्सँदै जाने प्रवृत्ति हावी रहेको छ । आफ्नो धरातलबाट माथि उठाएर हरेक सुखदु:खमा साथ दिएका जनतामाथि तुषारापात गर्दै जाने नेपाली नेताको प्रवृत्तिबाट नेताहरूमा राजनीति हैकमवादी विश्वदृष्टि रहेको देखिन्छ ।

परम्परागत सामन्तवादी, आर्थिक, सामाजिकका साथै धार्मिक पृष्ठभूमिमा 'थुप्तेन ग्याछो' कथा लेखिएको छ । कथाअनुसार गुम्बाका रिम्पोछेहरूले प्रवचन दिँदै लोभ्याएर थुप्तेन ग्याछोहरूलाई भिक्षु बन्न र आफ्नो आज्ञाकारी भई गुम्बाको शोभा बढाउन प्रेरित गरेका छन् । आफूहरू तिनैका गुरु तथा महागुरु भई सुविधाभोगी बनेका छन् । शिष्यहरूले पाठ घोकेको अवलोकन गरिरहेका खेम्पोले, थुप्तेन ग्याछोले पुस्तकबाट आफ्ना आँखा हटाएर अन्य कुराको अवलोकन गर्दा गाली गरेका छन् । यसले गर्दा उनलाई आफ्नो सुविधा कटौती हुने हो कि भन्ने डर छ । यही डरका कारण शिष्यहरूलाई प्रलोभनमा पार्दै रिम्पोछे भन्छन्: "जो राम्ररी पढेर अब्बल आउँछ ऊ भोली गुम्बाको रिम्पोछे हुन्छ" (पृ: ६९) । उक्त भनाइबाट बालकहरूलाई पाठ घोक्न प्रलोभनमा पारेको देखिन्छ । त्यसैगरी गुम्बामा बस्दा उनीहरूले महङ्गो घडी लगाएका, मोबाइल बोकेका, रातो प्राडोमा पछाडि कुकुरलाई राखेर सयर गर्दै गुम्बाहरूमा प्रवचन दिन जाने गरेका जस्ता प्रसङ्ग कथामा आएबाट उनीहरूमा आर्थिक तथा धार्मिक प्रभुत्वशाली विश्वदृष्टि देखिन्छ ।

'ऊ एक पात्र लोकतन्त्रको' कथा पनि नेपालको सङ्क्रमणकालीन पृष्ठभूमिमा लेखिएको छ । कथामा बलेका बावुले लोकतन्त्रको नाममा भएको बन्द चक्काजामको समयमा आफ्नो चिया पसलमा चिया बेचिरहेका छन् । बलेका बावुको चिया पसलमा बसेका ग्राहकहरुले देशमा भविष्यमा जारी हुने भनिएको अन्तरिम संविधान सभा र सङ्घीय राज्य प्रणालीका बारेमा आफ्ना तर्क वितर्क राख्दै छलफल गरिरहेका छन् । त्यहाँ उपस्थित मानिसहरू मध्ये कसैले 'संविधानमा हाम्रो क्षेत्रको क्षेत्रीय स्वायत्तताका बारेमा व्यवस्था हुनैपर्छ' । भन्छन् भने कसैले 'हाम्रो पार्टीका नेता प्रधानमन्त्री बन्नैपर्छ, यसो भएन भने संविधान सभाको निर्वाचन असम्भव हुने' बताउँछन् । कसैले 'मन्त्रालय पाएको भए हाम्रा आधा जति सक्रिय कार्यकर्ताहरू त्यसैमा अटाउने थिए' भन्दछन् । छलफलको निष्कर्षपछि उनीहरूले सेतो कागजमा कसलाई कहाँ कहाँ जागिर लगाइदिने भनी लिस्ट तयार पार्छन् । यसबाट राजनीतिक पार्टीहरूले सरकारी कार्यालयहरूलाई भर्तीकेन्द्रको रूपमा प्रयोग गर्ने गरेको देखिन्छ । यसका साथै कथामा दलहरूमा आर्थिक राजनीतिक तथा प्रशासनिक दृष्टिले महत्त्वपूर्ण मानिने मन्त्रालय पाए सरकारमा जाने नत्र अनेक बहाना बनाएर विभिन्न मागहरू अघि सार्दै बन्द हडताल, चक्काजाम, तोडफोड, आगजनी जस्ता विध्वंसात्मक कार्य गर्न आफ्ना कार्यकर्तालाई उक्साउने खालको व्यवहार र चरित्र रहेको देखाइएको छ । कथामा आन्दोलनको क्रममा राजनैतिक दलका नेताले भनेका छन् "तँलाई पो आएछ लोकतन्त्र हँ ।

लौ साथीहरू यसको पसल फोड" (पृ: ६४) । भन्दै बलेका बावुको पसल फोड्न लगाएको घटनाले राजनीतिक दलका नेता तथा कार्यकर्ताको सर्वसत्तावादी तथा अलोकतान्त्रिक चरित्रलाई उदाङ्गो बनाएका छन् । यसबाट लोकतन्त्र भनेको उनीहरूका चाहना तथा दृष्टिकोण अनुरुप चलाउनु पर्ने व्यवस्था जस्तो हुन पुगेको छ । यसले उनीहरूमा सर्वसत्तावादी विश्वदृष्टि विकसित भएको कुरा कथाकारले देखाउन खोजेको बुझिन्छ ।

## ३.८ 'ज्याक्सन हाइट' सङ्ग्रहका कथामा अभिव्यक्त वर्गीय विश्वदृष्टि

*ज्याक्सन हाइट* महेश विक्रम शाहको छैटौं कथासङ्ग्रह हो । यो २०६९ सालमा प्रकाशित पछिल्लो कथासङ्ग्रह हो । एक्काइस वटा मौलिक कथासङ्ग्रह भएको प्रस्तुत कृतिमा विषयवस्तु, कथाले ओगटेको परिवेश, कथाका पात्र तथा चरित्र, कथाले दिन खोजेको सन्देशका आधारमा *ज्याक्सन हाइट* पूर्ण रूपमा विदेशी पृष्ठभूमिमा आधारित कथासङ्ग्रह हो । यस कथासङ्ग्रहमा लुसिएँ गोल्डमानले प्रतिपादन गरेको वर्गीय विश्वदृष्टिको आधारमा विश्लेषण गरिएको छ ।

अफ्रिकी पृष्ठभूमिमा आधारित भएर 'कालीकेटी' कथा लेखिएको छ । कथामा युरोपियन श्वेत वर्णका मानिसहरूले अफ्रिकी निम्नवर्गीय मानिसहरूलाई सदियौँदेखि आर्थिक तथा यौन शोषण गरेका छन् । अफ्रिकीहरूलाई निख्खर काली केटी खोजिदिन भन्दै रेष्टुरेन्टमा आएको गोरो वर्णको मानिसले भनेको छ: "तिमीले अझै मेरो इच्छा बुझ्न सकेनौ केटा ! म चाहन्छु निख्खर काली केटी, जसबाट कालो रङ्गको बाक्लो गन्ध आओस्, जस्तो जङ्गली कालो भालु" (पृ: ३) । गोराको यस भनाइले अफ्रिकन काला जातिमाथि प्रभुत्व जमाएको देखिन्छ । त्यसैगरी त्यस ठाउँका आर्थिक रूपमा उच्चवर्गले समेत त्यसै ठाउँमा बसोबास गर्ने निम्नवर्गमाथि जातीय तथा आर्थिक प्रभुत्व जमाएको देखिन्छ । कथामा मम्बालीले जुलेसँग आफ्नो दुःख पोख्ने क्रममा भनेको छ: "विदेशीहरूलाई एक रातको पाँच सय गुड्समा केटी मिलाइदियो भने हामीले पाउने त्यै सय गुड्स हो । त्यसभन्दा बढी कोही दिन चाहँदैन" (पृ: ३) । मम्बालीको यस भनाइले त्यस क्षेत्रका निम्नवर्गका मानिसहरूलाई जीविकोपार्जन गर्न समस्या छ । उनीहरू जातीय तथा आर्थिक रुपले उच्चवर्गबाट शोषित छन् भन्ने देखाउँछ । त्यस क्षेत्रका निम्नवर्गका मानिसले नचाहेर पनि जीवन गुजाराको निम्ति खुला यौन पेसा अँगाल्न बाध्य भएका छन् । यस्तो कार्यका लागि उनीहरू सकेसम्म आफ्ना गाउँघरका चेलीबेटी प्रयोग गर्दछन् भने तिनीहरू नभएको खण्डमा आफ्नै श्रीमती

समेत प्रयोग गरेर आर्थोपार्जन गरेको कुरा जुलेले यसरी भनेको छ: "मम्बाली, गजब गरिस् आखिर यो साँढेलाई हातबाट फुत्कन दिइनस् कहाँबाट ल्याइस् यो केटी" (पृ: ७) र मम्बालीले पनि निर्विकार रूपमाभनेको "यो मेरी स्वास्नी हो जुले" (पृ: ७) । यस भनाइले उनीहरूलाई जीवन गुजाराको निम्ति अन्य कुनैपनि विकल्प नहुँदा आफ्नै श्रीमती समेत बेचेर जीविकोपार्जन गर्न बाध्य हुनु परेको छ । यसबाट यिनीहरुमा जीवन निर्वाहमुखी विश्वदृष्टि देखिन्छ ।

अफ्रिकी पृष्ठभूमिमै 'एना' कथा लेखिएको छ । कथाकी प्रमुख पात्र 'एना' आफ्ना दुई छोरी र भाइको हेरचाह गरी बसेकी आमालाई खर्च पठाउनका लागि रोजगारीको सिलसिलामा विदेशिएकी छे । आफूले भने जस्तो काम नपाएपछि डोमिनिकनको बोकाचिका सहरमा पर्यटकको सौन्दर्य निर्माणजन्य पेसामा प्रवेश गरेर डान्स बारमा काम गरेकी छ । गृहयुद्धका कारण त्यहाँका बालबालिकाले आफ्ना अभिभावक गुमाएका छन् । साथै त्यस ठाउँका थुप्रै चेलीबेटीको सिन्दुर पुछिएर आफ्ना नाबालक छोराछोरीलाई एक्लै पाल्नु पर्ने बाध्यता छ । सम्मानित पेसा प्राप्त गर्न नसकेकाले त्यस ठाउँका महिलाले डान्सबारमा काम गर्नुका साथै यौन व्यवसाय समेत गर्न पछि नपरेको अवस्था कथामा यसरी प्रस्तुत भएको छ: "उसको लोग्ने सशस्त्र द्वन्द्वका क्रममा बेपत्ता पारिएको थियो । आफ्ना दुई नाबालिग छोरीको लालनपालन गर्न ऊ डान्स बारको भुइँमा प्यान्टी र ब्रा मात्र लगाएर नाचिरहेकी थिई" (पृ: १७) । यसबाट गृहयुद्धको मारमा रहेका निम्नवर्गीय महिलाहरू जीविकोपार्जन गर्ने कुनै पनि बाटो नहुँदा नचाहँदा नचाहँदै यौन पेसा अँगाल्नु परेको अवस्थालाई देखाइएको छ । यहाँ यी महिलाहरूमा जीवनप्रतिको कुनै विशेष सृजनात्मक दृष्टिकोणको विकास भएको छैन । उनीहरू देहव्यापार गरेर केवल दैनिक गुजारामै सीमित छन् । एक प्रकारले जीवनप्रतिको पराजित मानसिकता उनीहरूमा व्याप्त रहेको छ ।

शान्ति सुरक्षाका निम्ति खटाइएका सेनाहरूको व्यवहारको आधारमा 'रोजा' कथा लेखिएको छ । गृहयुद्धबाट तहसनहस भएको हाइटी क्षेत्रमा गएका सेनाहरूमा पुरुषसत्तावादी सोँच देखिन्छ । उनीहरूको प्रभुत्वबाट त्यस क्षेत्रका निम्नवर्गीय नारीहरू अधीनस्थ बन्न पुगेका छन् । कथा अनुसार शान्ति सेनाका रूपमा हाइटी क्षेत्रमा गएको 'रोजर' हाइटी क्षेत्रमा गइसकेपछि त्यहाँका निम्नवर्गीय नारीलाई प्रेमको नाटक गर्दै प्रभुत्व जमाएको छ । रोजर जस्ता सिपाहीहरूको झुटो आश्वासनमा विश्वस्त भएर त्यस क्षेत्रका

सोझा सीधा नारीहरू अधीनस्थ बनेका छन् । कथामा रोजर आउने र आफूलाई बिवाह गरेर लैजाने कुरामा विश्वस्त परेकी रोजाले भनेकी छः "ऊ फेरि एक वर्षपछि हाइटी आउँदै छ रे । मलाई कसैलाई ब्वाइफ्रेन्ड नबनाउनू भनेको छ" (पृ: ११४) । रोजाको यस भनाइबाट पनि अविकसित तथा द्वन्द्वग्रस्त क्षेत्रका आर्थिक अभावमा पिल्सिएर निम्नवर्गीय जीवन गुजार्न विवश नारीहरू पुरुषसत्ताबाट अधीनस्थ र आश्रित बनेको स्पष्ट हुन्छ । त्यस्तै पुरुषहरूले आफ्नो विलासिता पूरा भएपछि अनेक बहाना झिक्दै ती सोझा नारीहरूबाट आफूहरू पन्छिन खोज्ने स्वार्थी प्रवृत्ति रोजरले रोजालाई भनेको यस भनाइबाट स्पष्ट हुन्छः "तिमी आफूले केही नपाई अरुलाई केही दिन सक्तिनौ । मलाई महसुस भइरहेको छ, हाम्रो यो माया पनि केवल सौदाबाजी मात्र हो" (पृ: १२१) । यसबाट द्वन्द्वरत अवस्थामा त्यस क्षेत्रका पुरुषहरूले महिलाहरूलाई आफ्नो कामवासनाका लागि प्रयोग गर्ने र आफ्नो वासनाको पूर्ति भएपछि महिलाहरूलाई अनेक आरोप प्रत्यारोप गरि छोडिदिने गरेको घटनाले उनीहरूमा पुरुषसत्तावादी भोगवादी विश्वदृष्टि देखिन्छ जसले महिलालाई केवल उपभोगको वस्तुमात्र देख्छ ।

अमेरिकी पृष्ठभूमिमा आधारित भएर लेखिएको 'कन्ट्रयाक्ट' कथामा आएको अमेरिकन आदिवासी रिचर्ड र ज्याक सामाजिक, आर्थिक तथा पुरुषसत्तावादमा रमाएको देखिन्छ । उक्त प्रभुत्वबाट निम्नवर्गीय नेपाली नारी 'ऊ' शोषित बन्न पुगेकी छ । कथामा ऊ पात्र धनसम्पत्ति, ऐस, आराम र सुखसयलको उच्च महत्त्वाकाङ्क्षा बोकी नेपालबाट अमेरिका पुगेकी छ । उसले अमेरिकाको स्थायी भिसा प्राप्त गर्नको निम्ति अमेरिकन हब्सीसँग सम्झौता विवाह गर्छे । सम्झौताको श्रीमानले उसलाई चाँडै नै स्थायी भिसा प्राप्त गराइदिने प्रलोभन देखाउँदै आर्थिक शोषण गरिरहन्छ । विकासोन्मुख मुलुकबाट विकसित देशमा गएका युवायुवतीलाई त्यहाँका बासिन्दाले अनेक बहाना रच्दै मानसिक, शारीरिक तथा आर्थिक शोषण गरिहेको सन्दर्भ कथामा मुख्य रुपले व्यक्त भएको छ । अमेरिकन हब्सीले आर्थिक शोषण गर्दै ऊ पात्रसँग भनेको छः "भोलि न्यू योर्कमा रेस्लिङ हेर्न जानु छ … । मलाई तीन सय डलर चाहिन्छ । राता आँखा घुर्दै उसले भन्यो" (पृ: ५८) । हब्सीको यस भनाइले विकासोन्मुख देशका नागरिकलाई जसरी भए पनि आर्थिक शोषण गर्ने प्रवृत्ति रहेको स्पष्ट हुन्छ । त्यस्तै 'ऊ' पात्र अमेरिका गइसकेपछि आर्थिक रूपमा मात्र होइन यौन रूपमा पनि शोषित बन्न पुगेकी छ । कथामा अमेरिकन हब्सीले ऊ पात्र मोटी हुन थालेपछि यौन सन्तुष्टि दिन नसकेको भनी उसलाई गाली गर्दै भनेको छः "तँ मोटी हुन थालिस् ।

इभा इल्टन जस्तै पातली हो, अनि बल्ल विवाहको कागजमा हस्ताक्षर गर्छु" (पृः ६०) । त्यस्तै "म तिम्रा लागि केही दिनको लोग्ने बन्न तयार छु । तिमी आज एक दिनका लागि रन्डी बन्न सक्दिनौ बेवी" (पृः ६३) । भन्ने भनाइले विकसित र समृद्ध भनिने देशका मानिसहरूले विकासोन्मुख मुलुकबाट काम र मामको खोजी गर्दै विकसित देशमा पुगेका नारीहरूमाथि प्रभुत्व जमाउँदै आर्थिक तथा यौन शोषण गरेको देखिन्छ । यो विकसित देशका एकथरी विकृत मानसिकता भएको भोगवादी मानिसहरूको साझा विचार हो र यो उनीहरूको सामूहिक विचार विश्वदृष्टि बनेर आएको छ ।

अमेरिकाको व्यस्त सहर न्यूयोर्कको एक कुनामा रहेको आधुनिक सभ्यता र संस्कृतिको प्रतिनिधिमूलक स्थानको सचित्र वर्णनमा 'ज्याक्सन हाइट' कथा रचिएको छ । ज्याक्सन हाइटले मानिसलाई धनसम्पत्ति र रोमान्सको प्रलोभनमा दास बनाएको छ । यसले मानिसका चाहना, आवश्यकता र लक्ष्य कहिल्यै पूरा गर्न नसकी लाखौं मानिसका सपनाहरूलाई सुनौलो भविष्यको आशामा सदैव बाँधी राखेको छ । कथामा अमेरिकी भिसा पाएर बसेको श्रीमानले लगेकी आफ्नी श्रीमती अन्य पुरुषसँग हिँडेपछि त्यसका बारेमा 'म' पात्र र सहायक पात्रबीच यस्तो कुराकानी हुन्छः "उसले श्रीमतीलाई अमेरिका बोलाएर के के गर्छु भन्ने सोचेको थियो होला । कति सपनाहरू सजाएको थियो होला तर अमेरिकाले उसका सबै कुरा लुट्यो" (पृः १११) । म पात्रको यस भनाइबाट सामाजिक, आर्थिक, पेसागत, व्यवसायिक समृद्धि प्राप्त गर्ने उच्च अभिलाषाका साथ अमेरिका पुगेका नेपालीहरूलाई त्यहाँको वास्तविक जीवन दुःखदायी, कठिन र सङ्घर्षशील भएको, डलर र सुख सुविधाको खोजीमा अमेरिका पसेका नेपाली नर नारीहरू र त्यहाँको वास्तविक जीवनबीचमा धेरै भिन्नता रहेकोले उच्च महत्त्वाकाङ्क्षाबाट टाढा रहेर वास्तविक जीवनको बोध गर्नुपर्ने विश्वदृष्टि यस कथामा देखिन्छ ।

युरोपियन पृष्ठभूमिलाई आधार बनाएर 'मिस्टर पाउल' कथा लेखिएको छ । कथाको प्रमुख पात्र युरोपियन मूलको 'पाउल' ले क्यारिबियन सागरको किनारमा आफ्नो यौन व्यवसायलाई निरन्तरता दिँदै आएका नारीहरूमाथि यौन शोषण गरेको छ । मिस्टर पाउल आफ्ना बुढेसकालका पट्यार लाग्दा दिनहरू काट्न क्यारिबियन सागरको तटमा पुगेको छ । त्यस क्षेत्रमा पाउल जस्ता आर्थिक रूपमा सम्पन्न भएका बुढा मानिसहरू गई विपन्न नारीहरूमाथि यौन शोषण गर्ने गर्दछन् । कथामा म पात्रले सोही क्षेत्रमा जाँदा भनेको छः

"त्यहाँ प्रायजसो ६०-७० वर्ष उमेर पार गरिसकेका बुढाहरू थिए, जो आफूभन्दा तेब्बर-चौबर उमेरले कान्छा तरुनीहरूसँग प्रणयलीला गरिरहेका थिए" (पृ: ७८) । 'म' पात्रको भनाइबाट समाजका आर्थिक रूपमा सम्पन्न वर्गले विपन्न वर्गमाथि आफ्नो अहम्‌ता प्रदर्शन गर्नुका साथै पैसाको भरमा विपन्न नारीहरूलाई यौन शोषण गर्ने गरेको देखिन्छ । यस्तो इच्छा भोगवादी प्रवृति भएका सम्पूर्ण पुरुषहरूको साझा विचार भएकोले यो विश्वदृष्टि बनेर आएको देखिन्छ ।

## ३.९ 'भुइँखाट' सङ्ग्रहका कथामा अभिव्यक्त वर्गीय विश्वदृष्टि

*भुइँखाट* कथासङ्ग्रहमा सङ्गृहीत 'सिंहदरबार', 'नवावगञ्ज', 'प्रभुको सालिक', 'रु.दशलाख' र 'पचास बिडा पान' राजनीति विषयसँग सम्बन्धित कथाहरू हुन् । त्यस्तै 'थाक्पा' कथामा हिमाली प्रौढ भेँडा गोठालोको जीवनको चित्रण गरिएको छ । 'शीतलहर' कथामा तराईमा वर्षेनी हुने शीतलहरको समस्याको चित्रण गरिएको छ । 'टेपरी गाउँ' कथामा राहतकै आसमा गाउँमा बाढी पसोस् भन्ने कल्पना गर्ने एक अशिक्षित गाउँलेको कथा बुनिएको छ । त्यस्तै 'बडा डन' कथामा सहरमा फैलिँदै गएको गुण्डागर्दीको चित्रण गरिएको छ । 'गुलाफ' कथामा वादी महिलाले भोग्नुपरेको पीडाको अभिव्यक्ति छ । 'बिजुलीदेवी' कथामा गाउँमा बिजुली आउनु भनेको गाउँलेको शौचकर्मको लागि घातक भएको कुरालाई ल्याईएको छ । त्यस्तै मध्यरातमा 'म्यानहटन' कथामा विदेशी पृष्ठभूमिलाई आधार बनाएर रचना गरिएको छ । यी कथाहरूमा कथाकारले यथार्थपरक जीवन भोगाईको चित्रण गरेका छन् । *भुइँखाट* कथासङ्ग्रहका यिनै कथाहरूलाई वर्गीयताका आधारमा छुट्याई तिनमा अभिव्यक्त विश्वदृष्टिको अध्ययन गरिएको छ ।

नेपालको पश्चिमाञ्चल पहाडी भू-भागलाई पृष्ठभूमि बनाई 'थाक्पा' कथा लेखिएको छ । कथामा आएको प्रमुख पात्र थाक्पालाई भेँडा मालिकहरूले दिनमा दुई छाक खानमात्र दिएर दिनभर एक्लै दुई तीन सय भेँडाको गोठालो बन्न लगाएर उसलाई उत्पीडन गरेका छन् । उनीहरूले परम्परागत, आर्थिक, सामाजिक प्रभुत्व कायम गर्दै थाक्पा जस्ता घरबार विहीन निम्न वर्गीय मानिसहरूको श्रम शोषण गरेको कुरा कथामा मुख्य रुपले आएको छ, 'म' पात्रले उसको दैनिकीको बारेमा जिज्ञासा राख्दा थाक्पाले भनेको छ "मलाई कसैले ज्याला दिँदैनन् । मालिकहरू दुई छाक खान मात्र दिन्छन्" (पृ: ३८) । थाक्पाको यस भनाइबाट समाजका सामन्तहरूले गरिबहरूलाई काममा लगाए पनि ज्याला नदिने, काम

गरे बापत उनीहरूलाई दुई छाक खान मात्र दिँदा आफूलाई ठूलो ठान्ने संस्कृति रहेको संकेत पाइन्छ । गरिबहरूले सित्तैमा काम गरिदिए पनि मालिकहरूले आदर सम्मानको भावले हेर्नुको सट्टा गरिबहरूलाई झन् तिरस्कार, अपमान र घृणा गर्ने गर्दछन् । आफूलाई सबैले अपमान र तिरस्कार गरेको कुरा थाक्पाले यसरी व्यक्त गर्दछ: "सबै जना मलाई बैलाहा भन्छन्" (पृ: ४१) । यसबाट आर्थिक रूपमा सम्पन्न मानिसहरू गरिब निमुखा मानिसहरूको श्रम शोषण गर्दै आफ्नो आर्थिक जग बसालिदिने तिनै निम्नवर्गीय मानिसहरूलाई हेला, तिरस्कार गर्ने मालिकहरूमा गरिबप्रति घृणाको विश्वदृष्टि देखिन्छ । उनीहरूमा मालिकहरूको अहम् छ र यसले उनीहरूमा अहम्केन्द्री स्वार्थी मनोवृत्तिको विकास गरेको छ ।

नेपालको पूर्वी तराई क्षेत्रलाई पृष्ठभूमि बनाएर 'शीतलहर' कथा रचना गरिएको छ । यस कथामा आएको राहत वितरण गर्ने प्रशासनका कर्मचारीमा पेसागत प्रभुत्व देखिन्छ । उनीहरूको प्रभुत्वबाट बच्चु र बच्चुको बाबु अधीनस्थ बन्न पुगेका छन् । कथामा अशिक्षित गरिबीको रेखामुनि बस्न बाध्य पारिएका सर्वसाधारणमाथि प्रशासनका कर्मचारीले अधिनायकत्व जमाएका छन् । निम्नवर्गीय बच्चुको बाबु राहत लिन जाँदा बच्चुको बावुले भन्छ: "म ! म मर्दै छु हजुर । मलाई मर्नबाट बच्न राहत चाहियो" (पृ: ११३) । भन्दै हात जोड्दा त्यस शिविर भित्र राहत बाँड्न भनी गाउँ आएका मन्त्री, नेता, कर्मचारी सबै खित्का छोडेर हाँस्दै भन्छन्: "शीतलहरबाट मान्छे नमरी हामीले राहत दिन मिल्दैन । कथंकदाचित यो शीतलहरमा तिम्रो बा मऱ्यो भने राहत लिन आउ न" (पृ: ११३) । भनी उपहासपूर्ण जवाफ दिन्छन् । कर्मचारीको यस भनाइबाट गरिब निमुखा मानिसहरू भोकमरी तथा जाडोले मर्न लाग्दा समेत उनीहरूलाई उपहास गर्नु तथा सरकारबाट आएको राहत सामग्री पहुँचवालालाई वितरण गर्नु अनि पहुँच नभएकालाई रित्तो हात फर्काउनुले उनीहरूमा मानवद्वेषी, संवेदनाहीन शासकीय विश्वदृष्टि देखिन्छ । त्यस्तै प्रशासनका कर्मचारीको संवेदनहीनताको सिकार बन्न पुगेका बच्चु र उसको श्रीमती परिवारप्रति संवेदनहीन देखिन्छन् । कथामा बच्चुकी आमाले बच्चुसँग आफ्नो ससुरालाई हेला र तिरस्कार गर्दै भनेकी छ: "रोगी बूढा भनेर के गर्नु, खाना तिमी भन्दा धेरै हसुर्छन् । खोक्दै खोक्दै खाए दुई थाल भात । अझ पोलेको खुर्सानी माग्दै थिए, कहाँबाट ल्याउँ खुर्सानी । एक कोसो भए मरिजाउँ" (पृ: ११७) । यसरी नै बाबु मरेपछि राहत पाउने प्रलोभनमा परेर आफ्नो बाबुलाई रातभरिको कठ्याङग्रिँदो चिसो रातमा घर बाहिर राखेर बाबु मरिसकेपछि ऊ राहत थाप्न

गएको कुरा कथामा यसरी आएको छः “हामीले के नै गरेका छौं र रज्जो । भित्र सुतेको मान्छेलाई बाहिर सारेको मात्र गर्न नहुने काम त त्यो पापी शीतलहरले गऱ्यो” (पृ: ११९) । श्रीमान् श्रीमतीका यी भनाइबाट समेत अज्ञानता र अशिक्षाले गाँजेको नेपाली समाजमा आफ्ना वृद्धवृद्धा बाबु आमालाई मानसम्मान गरेर हेरचाह गर्नुको सट्टा उनीहरूलाई हेला र तिरस्कार गर्ने तथा राहत सामग्री खाने लोभमा आफ्नै परिवारका सदस्यलाई मृत्यु वरण गर्न बाध्य तुल्याउने नेपाली समाजको यथार्थता रहेको छ । राहत सामग्री खाने लोभमा आफ्ना रोगी बाबुलाई मृत्युका मुखमा पुऱ्याएर भएपनि राहत थापेर बाँच्न चाहने चिन्तन विसङ्गत र संवेदनाहीन दृष्टिको परिणाम हो र सँगसँगै यसले अत्यन्त स्वार्थी तथा व्यक्तिवादी विश्वदृष्टिको निर्माण गरेको छ ।

नेपालको पश्चिम तराईको सामाजिक पृष्ठभूमिमा ‘टेपरी गाउँ’ कथा लेखिएको छ । कथामा आएको प्रमुख पात्र रहमलाल निम्नवर्गीय पात्र हो । कथामा बाबुबाजेको पालादेखि नै कमैया बस्दै आएका रहमलालको परिवार सरकारले कमैया मुक्तिको घोषणा गरेपछि स्वतन्त्र हुँदै आएको छ । सरकारले कमैया मुक्तिको घोषणा गरिसकेपछि ऊ आफ्नो इच्छा अनुसार काम गरेर पेट पाल्ने काम गर्दछ । उसलाई मजदुरी गर्न दिनदिनै काम नपाइनाले आफ्नो एक छोरा, श्रीमती र आफू गरी तीन जनाको परिवार पाल्न पनि निकै समस्या परेको छ । उसले आफ्नो परिवारलाई मिठो मसिनो जुटाउन कहिल्यै सक्दैन । उसले आफूले संघर्ष गरेर आफ्नो पारिवारिक स्थिति मजबुत बनाउने सपना देख्नुको सट्टा सपनामा राप्तीमा बाढी आएको, चारैतिर जलमग्न भएको र नेपालगञ्जबाट हेलिकप्टरले राहत सामग्री बाँड्दै हिँडेको, उक्त सामग्री पाएर बच्चु र उसकी श्रीमती फुरुङ्ग भएको सपना देख्छ । यसबाट रहमलालको सोँचाइ अत्यन्त निम्नस्तरको रहेको कुरा कथामा मुख्य रुपले व्यक्त भएको छ । रहमलालकी श्रीमतीले काममा नगई घर बसेको आफ्नो श्रीमानलाई भनेकी छः “तिमी आज पनि काममा गएनौ” (पृ: २९) । यसका साथै त्यसको प्रतिउत्तरमा रहमलालले भनेको छः “मजदुरी गएर के गर्नु । कथमकदाचित राप्तीमा दिउँसै बाढी आयो भने तिमीहरूलाई कसले बचाउँछ” (पृ: २९) । यस भनाइबाट उसमा रहेको निम्नवर्गीय सोँच स्पष्ट हुन्छ । त्यस्तै रहमलालले आफ्नो गाउँमा बाढी आएमा आफू बसेको ठाउँ बगरमा परिणत हुने तथा उक्त बाढीबाट आफूलाई नाफै नाफा हुने कल्पना गरेको कुराको अभिव्यक्ति यसरी गरेको छः “भोलि नेपालगञ्जबाट राहत सामग्री बोकेर हेलिकप्टर बगर बनेको टेपरी गाउँ आइपुग्ने छ । हेलिकप्टरमा मेरो छोरालाई मन पर्ने चाउचाउ र

बिस्कुटका पाकेटहरू हुनेछन् र राहत सामग्रीहरू वितरण गरिनेछन्" (पृ: ३१) रहमलालको यस भनाइले ऊ पौरखी, परिश्रमी र सङ्घर्षशील हुनुभन्दा पराश्रित हुनुमै, सन्तोष र आनन्दको अनुभव गर्छ । ग्रामीण समुदायका निम्नवर्गीय मानिसहरू मिठो खान र राम्रो लगाउनका लागि प्राकृतिक प्रकोपको कल्पना गर्नुपर्ने अवस्थाको चित्रण कथाभरि नै भएकोले यस कथामा निम्नवर्गीय समुदायको नकारात्मक र हीनताबोधी विश्वदृष्टि देखिन्छ ।

अमेरिकी पृष्ठभूमिलाई आधार बनाएर 'मध्यरातमा म्यानहटन' कथा लेखिएको छ । यस कथाको प्रमुख पात्र *रेड इन्डियनले टाइम स्क्वायर* गल्लीमा आफ्नै पसल चलाउने काम गर्दछ । ऊ आर्थिक रूपमा सम्पन्न देखिन्छ । उनीहरूको सम्पन्नताबाट विकासोन्मुख मुलुकका 'नारीमाया' जस्ता नारीहरू उत्पीडित बन्न पुगेका छन् । कथामा पसलको मालिक *रेड इण्डियनमा* आर्थिक अहम्ता देखिन्छ । उसले *टाइम स्क्वायर*को गल्लीमा रहेको एकतले घरको भित्री कोठामा लुकीछिपी यौन व्यवसाय चलाउँदै आएको छ । पसलमा आएको ग्राहकसँग केटीको मोलमोलाई गर्ने क्रममा उसले भनेको छः "मात्र पचास डलर हो महाशय पचास डलरमा सुन्दरीको सम्पूर्ण शरीर तपाईंको काखमा हुनेछ । जे जे मन लाग्छ गर्नोस्" (पृ: ९३) । *रेड इन्डियनको* यस भनाइले उसले विकासोन्मुख मुलुकका नारीहरूलाई पशुवत् व्यवहार गरेको स्पष्ट हुन्छ । ऊ यौन व्यवसायी भएकाले विकासोन्मुख मुलुकका नारीहरूलाई किनबेच गर्दै अर्थोपार्जन गर्ने र त्यसै पैसाले उनीहरूलाई आफ्नो वशमा पारेको छ । विकासोन्मुख मुलुकका नागरिकलाई राम्रो र उच्च स्तरको काम गर्न नदिने, अत्यन्तै तल्लो स्तरका काममा लगाउने गरेको कुरा कथामा आएबाट विकसित मुलुकका मानिसमा स्वार्थी मानसिकताको विश्वदृष्टि देखिन्छ ।

नेपालको पश्चिमी तराईमा चलेको सशस्त्र आन्दोलनलाई पृष्ठभूमि बनाई लेखिएको 'नवाबगन्ज' कथामा आएको प्रमुख पात्र सिकन्दर र उसका आसेपासेमा शासकीय मनोवृत्ति देखिन्छ । उनीहरूको प्रभुत्वबाट मास्टर, मास्टर्नी तथा सम्पूर्ण सर्वसाधारणहरू उत्पीडित बन्न पुगेका छन् । कथाअनुसार सिकन्दर तथा उसका आसेपासेले मास्टर जस्ता गाउँका सर्वसाधारण मानिसहरूलाई अपहरण गर्ने, जति मन लाग्यो त्यति फिरौती रकम माग्ने जस्ता कार्यहरू गर्दछन् । त्यस्तै उनीहरूले अपहरण गरेर बन्धनमा पारेका मान्छे मात्र होइन उनीहरूका आफन्तलाई समेत फोनमा डरधम्की देखाई उनीहरू माथि प्रभुत्व जमाएको कुरा सिकन्दरले मास्टरकी श्रीमतीसँग फोनमा गरेको कुराबाट स्पष्ट हुन्छ । ऊ भन्छः "साँझ

पाँच बजे सम्म मागेजति पैसा दिइनस् भने तेरो लोग्नेलाई जिउँदै खाल्डोमा पुर्‍याउँछौं" (पृ: ५३) । सिकन्दरको यस भनाइले द्वन्द्वरत समयमा तराईमा गुण्डागर्दीका क्रियाकलाप बढ्दै गएको तथा राजनैतिक संरक्षणमा रहेका गुण्डा नाइकेहरूले सर्वसाधारण मानिसलाई अपहरण गर्ने, मनलागे जति चन्दा असुल्ने कार्य गरिरहेको यथार्थतर्फ सङ्केत गरेको छ । यसले दण्डहीनतामा आधारित सर्वसत्तावादी विश्वदृष्टिको सङ्केत गर्दछ ।

नेपालको तराई मधेशको जनआन्दोलनलाई पृष्ठभूमि बनाएर 'रु. दश लाख' कथा लेखिएको छ । यस कथामा आन्दोलनका नाइकेहरूले राजनैतिक शक्तिको आडमा सर्वसाधारणलाई आन्दोलनमा सरिक गराएर आफ्नो फाइदा लिँदै पटक पटक आन्दोलन गराएका छन । कथामा माथिल्लो तह तप्काका नेताले सर्वसाधारणलाई भनेका छन्: "सरकारसे वार्ता टुट भि सकि । हमनी सब अपन मागसे एक इन्च भि निचा नआएम । इसे भि निचा नआएम । इसे भि बड्का आन्दोलन के देशमे आँधीबेरी ल्यावके धम्की देहल बानि । तु भि त्यार होके रह" (पृ: १४९) । यस अभिव्यक्तिबाट माथिल्लो तहमा रहेका नेताहरूले तल्लो तहका नेताहरूमाथि प्रभुत्व जमाएको देखिन्छ । त्यस्तै नेताहरूको प्रभुत्वबाट अधीनस्थ बनेको जनताहरूमा बन्द र आन्दोलनले गर्दा आफूहरूको रोजीरोटी नै गुमेकोले उनीहरूमा उक्त आन्दोलन चर्काउने नेताहरूप्रति प्रतिशोधको भाव जागृत हुँदै गएको कुरा कथामा यसरी आएको छ :

ओ नेताजी, खै तिम्रो आन्दोलनले त केही लछारपाटो लाएन त ! आन्दोलन मात्र सफल होस्, के के न हुन्छ' भन्थ्यौ ! खाली हाम्रा पसल बन्द गरेर, हाम्रो उद्योग, व्यापार ध्वस्त पारेर के पायौ तिमीहरूले ? सक्छौ भने काठमाडौँ बन्द गर न - छ/छ महिनासम्म मान्छे घर भित्र थुनियो भने के हालत हुन्छ ? काठमाडौको चेत खुलाऊ (पृ: १५१) ।

जनताको यस भनाइले छ/छ महिनासम्म चलेको आन्दोलनबाट नेताहरूले फाइदा लिएपनि सर्वसाधारणले कुनै पनि फाइदा लिन नसकेको देखिन्छ । यही आन्दोलनले गर्दा झन् जनताको रोजीरोटी समेत गुमेको छ । आन्दोलनको समयमा कुनैपनि काम नपाएपछि रोजी रोटीको समस्या हुन्छ र उनीहरूमा प्रतिरोधको भाव जागृत हुँदै गएको देखिन्छ । कथाको प्रमुख पात्र मुकेशले जनतालाई आश्वासन दिँदै तराई मधेस आन्दोलनले एकदिन मधेशमा पक्कै परिवर्तन आउने र मधेसीका दिनहरू उज्याला हुने भन्दै जनतालाई आन्दोलनमा सक्रिय हुन प्रेरित गरेको छ । यस क्रममा जनताले आक्रोश व्यक्त गर्दै

प्रतिक्रियास्वरुप यस्तो जवाफ दिन्छन्: “कसरी ? के कारण परिवर्तन ल्याउँछ कि कुनै विदेशीको गोटी बनेर गरेको नाकाबन्दीले परिवर्तन ल्याउँछ” (पृ: १५२) । भनी जनताले दिएको प्रतिक्रियाबाट समेत नेपालका नेताहरू विदेशीका गुलाम बन्दै गएको सङ्केत गर्दछ । उनीहरूकै आदेश बमोजिम दिनदिनै बन्द हड्ताल गर्ने जस्ता घटनाहरूले गर्दा यहाँका जनताले निकै दुः ख, कष्ट भोग्नु परेको यथार्थ थाहा पाइसकेको देखिन्छ । यसले गर्दा यस्ता बद्नियत सोचाइ भएका मान्छेसँग सचेत भई समाज परिवर्तनको उच्च महत्त्वाकांक्षा साथ अगाडि बढ्नु पर्ने देखिन्छ । यसबाट जनताहरूमा प्रतिरोधी विश्वदृष्टि विकास हुँदै गएको देखिन्छ ।

नेपालमा चलेको दशवर्षे सशस्त्र द्वन्द्व समाप्त भइसकेपछि सङ्क्रमणकालीन नेपालको पृष्ठभूमिलाई आधार बनाएर ‘सिंहदरबार’ कथा लेखिएको छ । कथामा जनयुद्धमा हिँडेका वरिष्ठ कामरेडहरूले युद्धको समयमा आफ्ना मातहतका कनिष्ठ कामरेडहरू तथा छापामारहरूलाई युद्धमा होमिन हौस्याए तर युद्ध समाप्त भइसकेपछि छापामारहरूको भविष्यप्रति कुनै चासो देखाएका छैनन् । वरिष्ठ कामरेडहरूले आफूहरू सत्तामा जानका लागि छापामारहरूलाई विविध आश्वासन बाँड्दै चर्का चर्का भाषण छाँट्ने गरेका छन् । युद्ध सिद्धिएपछि आफूहरू आलिसान महल तथा गद्दीहरूमा बसेका, सुखभोग गर्दै जनतालाई वास्तै नगरी हिँडेका छन् । कथामा कनिष्ठ कामरेडले सम्झिएको “युद्धपश्चात् कामरेडहरू सिंहदरबार छिरे तर हामी युद्धका चिहानहरू रुँगेर बसिरह्यौं” (पृ: १२) । कामरेडको यस सोचाइले आफू शासन सत्तामा गइसकेपछि युद्धको समयमा प्राणको आहुति दिएका आफ्ना सहयात्रीहरूलाई वरिष्ठ कामरेडहरूले आफ्नो प्रभुत्वमा पार्दै बिर्सिंदै गएका छन् । उनीहरूको राजनैतिक प्रभुत्वबाट अधीनस्थ बन्न पुगेका छापामारहरूमा कामरेडहरूप्रति वितृष्णा जाग्दै गएको छ । आफ्नो कर्मशील उमेर युद्धमा लगाएर नेताहरुलाई सिंहदरबारसम्म पुऱ्याउन योगदान दिएका मित्रहरूलाई बिर्सिएको हुनाले छापामारहरूले वरिष्ठ कामरेडसँग प्रतिवाद गर्न खोजेको कुरा कनिष्ठ कामरेडले भनेको “किन यो सिंहदरबार हाम्रा आदरणीय कामरेडको मात्र निजी दरबार बन्यो” (पृ: १३०) भन्ने भनाइबाट सत्तासीन कामरेडहरूका विरुद्ध प्रतिरोध गर्नुपर्ने चेतनाको विकास उनीहरूमा हुँदै गएको देखिन्छ ।

नेपालको सुदूरपश्चिममा व्याप्त वादीहरूको समस्या र दुः ख पीडालाई आधार बनाएर ‘गुलाफ’ कथा लेखिएको छ । कथामा आएको कृष्ण सिंह तथा अन्य गाउँका साहु

महाजनहरूले गरेको अश्लिल व्यवहारले गर्दा 'गुलाफ' पीडित बन्न पुगेकी छ । गाउँको चोकचोकमा गुलाफले आयोजना गरेको नाच हेर्न जाँदा बदिनीको नाच हेरेर तँलाई पुगेन भन्ने म पात्रका बाबु आमाले आफ्नो प्रतिष्ठा देखाउँदै नाच सिद्धिएपछि उसका निम्ति केही पैसा बक्सिस र सामलतुमल दिएको घटनाले उनीहरूमा आर्थिक प्रभुत्वको भाव रहेको देखिन्छ । त्यस्तै गुलाफले आफूले जन्म दिएकी छोरी कृष्ण सिंहको भएको दाबी गर्दा कृष्णसिंहले प्रतिउत्तरमा भनेको छ "गुलाफ बदिनी हो उसका लोग्ने कति छन् कति । म कसरी यसको बाबु भएँ" (पृ: १४४) भन्ने भनाइबाट शोषक सामन्तले गाउँका निम्नस्तरीय जीवन जीउन बाध्य पारिएका सोझा सीधा नारीहरूलाई आर्थिक प्रलोभन देखाउँदै यौन शोषण गर्ने र अन्त्यमा आफूले गरेको कर्तुत अरुले थाहा पाइसकेपछि त्यसबाट आफू पन्छिन खोजेको बुझिन्छ । यसरी आफ्नो इज्जत लुटिदिने पुरुषको कर्तुत विरुद्ध 'गुलाफ' प्रतिरोधीको रूपमा उभिएकी छ । कथामा सामाजिक, आर्थिक तथा पुरुषसत्तावादबाट पीडित बन्न पुगेकी गुलाफले आफू जातले बदिनी भएकै कारण आफ्नो सतीत्व हरण गरेको तथा छोरीको समेत इज्जत लुटिदिने किस्न सिंह र आफ्नै छोरीको हत्या गरेको कुरा कथामा यसरी आएको छ "गुलाफले आज राती किस्न सिंह र आफ्नी छोरीको हत्यागरी (पृ: १४५) ।" यसबाट समाजका आर्थिक रूपमा सम्पन्नवर्गले विपन्न वर्गमाथि आफ्नो अहम्ता प्रदर्शन गर्नुका साथै पैसाको भरमा विपन्न नारीहरूलाई यौन शोषण गरेका छन् । ती नारीहरूमा प्रतिरोधको भावना विकसित हुँदै गएको देखिन्छ । नारी अस्मिता र स्वतन्त्रताको रक्षा पुरुषबाट हुने नदेखेपछि त्यसका विरुद्ध वादी समुदायका महिलाहरू स्वतन्त्रताको स्वर लिएर देखापरेका छन् । यसलाई प्रतिरोधी विश्वदृष्टि भन्न सकिन्छ ।

## ३.१० निष्कर्ष

शाहका कथामा वर्गीय समाजको सन्दर्भ छ । त्यहाँ विशेषतः सामन्तवर्गको प्रभुत्वशाली विश्वदृष्टिको अभिव्यक्ति भएको छ । उनीहरू विपन्नवर्गको श्रम शोषण गर्दै त्यसैमा रमाउन चाहेको शोषकीय विश्वदृष्टि देखिन्छ । शाहका *सटाहा, अफ्रिकन अमिगो* सङ्ग्रहका कथामा थारु समुदाय र उक्त समुदायमा रहेका कमैया प्रथा तथा त्यहाँ रहेको आर्थिक असमानताका कारणले समाजका आर्थिक रुपमा सम्पन्नहरुले निम्नवर्गीयलाई गरेको सामन्तवादी विश्वदृष्टिलाई प्रस्तुत गरिएको छ । त्यस्तै उनका कथामा नेपालमा चलेको सशस्त्र द्वन्द्वका कारण सत्ता पक्ष र विद्रोही पक्षले सर्वसाधारण मानिस माथि प्रभुत्व जमाउँदै

उनीहरूलाई अधीनस्थ पारेको देखिन्छ । यसबाट उनीहरूले सर्वसाधारण मानिसको जीवन मूल्यहिन रहेको अर्थात उपेक्षाको विश्वदृष्टि राखेको देखिन्छ । उक्त युद्धको भयावह स्थितिबाट पीडित जनसमुदायमा भने शान्तिकामी विश्वदृष्टि देखिन्छ । त्यस्तै शाहको पाँचौं कथासङ्ग्रहमा भने नेपालमा द्वन्द्व समाप्त भइसकेपछिको नेपाली समाज देखिन्छ जहाँ हतियारको भरमा लुट्नेहरूले अझैपनि सर्वसाधारणमाथि प्रभुत्व जमाउँदै त्यसै संस्कृतिमा आफूहरू रमाएको देखिन्छ । त्यस समयमा लेखिएका उनका कथामा युद्धको अभिघातले विक्षिप्त छापामारहरूमा बढ्दै गएको निराशाको विश्वदृष्टिलाई अभिव्यक्त गरिएको छ । शाहको छैठौं कथासङ्ग्रह *ज्याक्सन हाइटमा* भने कथाकार विदेशी भूमिमा जाँदा त्यहाँ रहेको गृहयुद्धका कारण जीवन जीउनका लागि सर्वसाधारणले गर्नुपरेको जीवननिर्वाहमुखी विश्वदृष्टिलाई प्रस्तुत गरिएको छ । जहाँ गोराहरूले कालामाथि सामाजिक तथा आर्थिक प्रभुत्व जमाउँदै शोषण गरेकोले सामन्तवादी विश्वदृष्टि देखिन्छ । शाहको सातौं कथासङ्ग्रह *भुइँखाट* नेपालको तराई क्षेत्रलाई पृष्ठभूमि बनाएर लेखिएको छ । यस कथासङ्ग्रहका कथामा नेपालको तराईमा चलेको आन्दोलनको फाइदा लिँदै त्यस ठाउँका नेताहरू सत्तामा जान चाहेकोले सर्वसत्तावादी विश्वदृष्टिलाई देखाइएको छ । कतिपय कथामा तराई क्षेत्रका मानिसले मिठो खाने, न्यानो लगाउने सपना पुरा गर्न प्राकृतिक प्रकोपको कल्पना गर्नुले त्यहाँको समुदायमा रहेको निम्नवर्गीय, पछौटे तथा व्यक्तिवादी विश्वदृष्टिको अभिव्यक्त गरिएको छ ।

# परिच्छेद चार

# महेशविक्रम शाहका कथामा अभिव्यक्त समुदायगत विश्वदृष्टि

## ४.१ विषयपरिचय

प्रस्तुत परिच्छेदमा आर्थिक बाहेक अन्यआधार धर्म, संस्कृति, पेसा, जाति, उमेर आदिका आधारमा महेशविक्रम शाहका *सटाहा, सिपाहीकी स्वास्नी, अफ्रिकन अमिगो, ज्याक्सन हाइट र भुइँखाट* सङ्ग्रहका कथाहरुको समुदायगत विश्वदृष्टिको विश्लेषणमा केन्द्रित रहेको छ ।

## ४.२ 'सटाहा' सङ्ग्रहका कथामा अभिव्यक्त समुदायगत विश्वदृष्टि

कथाकार शाहले नेपालको सुदूरपश्चिम तराई क्षेत्रमा बसोबास गर्ने थारु समाजको संस्कृतिलाई आधार बनाएर 'सटाहा' कथा लेखेका छन् । कथामा त्यसै संस्कृतिबाट उत्पन्न परिस्थितिमा वर्तमान पुस्ताले भोग्नु परेको पीडा चित्रित छ । प्रस्तुत कथामा आएकी प्रमुख पात्र अठार वर्षीय फेरुवाको आफ्नै भाउजूको बाह्र वर्षीय भाइ सोनालालसँग इच्छा विपरीत विवाह हुन पुगेको छ । फेरुवाले आफ्नो घर, श्रीमान् छोडी माइत आउँदा उसका बावुले यातना दिएको सन्दर्भ कथामा वर्णित छ । समाजका ठुलाबडाहरूको इज्जतमा दाग लाग्ने हुनाले छोरीलाई चित्त नबुझे पनि अभिभावकले बिहे गरेर दिएको जस्तो व्यक्तिलाई पनि पति स्वीकारेर घरमै बस्नु पर्ने उनीहरूको मान्यता छ । अर्कातर्फ रामप्यारीका बाबुले पनि बैवाहिक, पारिवारिक प्रेमप्रणयमा बाँधिएर हाँसीखुसी बसेकी आफ्नी गर्भवती छोरीलाई, बुहारी र उसका माईतीको बदलास्वरुप जबर्जस्ती घरबाट फिर्ता लगेको घटनाले रामप्यारीका बाबुमा परम्परागत सोँच देखिन्छ । कथामा "उनले आफ्नो भावुकतालाई वशमा राखेर बडघरको अहम् प्रदर्शन गर्दै आफ्नी छोरीको हात समातेर घिसार्दै लडियामा लगेर बसाले" (पृ: ८) । भन्ने प्रसङ्गबाट समेत परम्परागत पुस्ताले आफ्नो अहम् प्रदर्शन गर्दै उक्त पुरातन संस्कृतिलाई बचाउ गर्न चाहेकोले उनीहरूमा पुरातन विश्वदृष्टि देखिन्छ । अर्कातर्फ आफ्ना अभिभावक र समाजकै मिलेमतोमा बाँधिएको आफ्नो वैवाहिक सम्बन्ध पश्चात् आफ्नो दाम्पत्य प्रेम र गर्भमा रहेको आफ्नो सन्तानको भविष्यलाई बिगार्ने समाजका विरुद्ध रामप्यारी र उसको श्रीमान् बोल्न सकेका छैनन् तर यसै कथाकी फेरुवा भने उक्त

संस्कृतिलाई मान्न तयार छैन । परम्परागत संस्कृतिलाई चुनौती दिँदै ऊ आफ्नो अनमेल विवाहलाई चुँडाउनका लागि बरु मर्न तयार छे, तर बालकलाई पति मानेर समाजमा बाबुआमाको इज्जत ढाकेर बस्न तयार छैन । त्यसैले प्रतिरोध स्वरुप फेरुवाले भनेकी छः "जत्रा मरना चाहो मारो मै मुजैम तब्भु उ घर नैजिम" (पृ :५) । यो उसमा रहेको प्रतिरोधी विश्वदृष्टिको साक्ष्य हो । त्यसैगरी रामलीला नाचमा आएको बखत रामप्यारीले काखको सानो बच्चा फागुरामलाई जिम्मा लगाउँदै भनेको "हम्र आपन छावक सटाहा भ्वाज नै करव । म्वार बिन्ती बा फागु हम्र नै करव" (पृ.१०) । भन्ने रामप्यारीको भनाइबाट वर्तमान पुस्ताले उक्त गलत संस्कृति आफूहरूको विरुद्धमा भएकोले उक्त संस्कृतिको बचावट गर्दै जाँदा आफ्ना साखा सन्तानले समेत यसको दुष्परिणाम भोग्न सक्ने भएकै कारण उक्त संस्कृतिको प्रतिरोध गरेको देखिन्छ । यसरी यस कथामा प्रस्तुत बावु पुस्ताका एकथरी पात्रहरूमा नारी अस्तित्वलाई अधीनस्थ बनाउने पुरुषपीडक प्रभुत्वशाली विश्वदृष्टि आएको छ भने अर्कातिर युवा पुस्ताका पात्रहरूले परम्परालाई स्वीकार गर्ने नाममा अवैज्ञानिक र अन्यायपूर्ण चलनलाई अस्वीकार गर्ने प्रतिरोधी विश्वदृष्टिको निर्माण भएको छ । यस क्रममा पुरातन अन्यायपूर्ण संस्कार परिवर्तन गर्नुपर्ने परिवर्तनकारी लेखकीय विश्वदृष्टिको अभिव्यक्ति पनि भएको देखिन्छ ।

थारु जातिको संस्कृतिमा आधारित 'संस्कार' कथामा दाजुको मृत्यु पश्चात भाइले भाउजूसँग बिवाह गर्नुपर्ने संस्कृति उल्लेख गरिएको छ । कथामा भाउजूलाई बिवाह गर्नुपर्ने संस्कृतिलाई निरन्तरता दिँदै गाउँको बडघरले "ए धनिराम तै काजे लाज मानट्या । मै के त अपन भौजीसे भ्वाज करल बाटुँ । दोसर जन्नी जन्नया त इ गाउँसे निकारदिहब जन्ल्या" (पृ. ४४) । भनी दिएको चेतावनीले गाउँका ठालुहरूले भाउजूसँग बिवाह गर्नैपर्ने संस्कृतिलाई जसरी पनि स्विकार्नै पर्ने बाध्यकारी परिवेश सिर्जना गरेका छन् र यसका पृष्ठभूमिमा पश्चगामी सामन्ती विश्वदृष्टि सक्रिय रहेको देखिन्छ । त्यस्तै कथामा संस्कारका नाममा आफ्नी आमा समान भाउजूलाई इच्छा विपरीत पत्नी मान्न तथा छोरो समानको देवरलाई पति मान्न बाध्य पारिएका धनीराम र फूलमतीले उक्त संस्कारका विरुद्ध प्रतिरोध गरेका छन् । उनीहरू दुवै आफू जन्मे हुर्केको गाउँ समाज नै छोडेर अनकन्टार ठाउँमा लागेका छन् । धनीराम आफ्नी भाउजूलाई "मोर ! दाइ" भन्दै काखमा घोप्टो परेर रुन थालेको र फूलमतीले आफूलाई 'आमा' भनी सम्बोधन गरेको सुन्दा आफूलाई संसारकै भाग्यशाली आमा सम्झिएकी छ । त्यस्तो गलत संस्कृतिको लागि समाजका सामन्तहरू

विरुद्ध खुलेर कुनै किसिमको प्रतिकार गर्न नसके पनि मौन रूपमा त्यसको प्रतिरोध गरेको देखिन्छ । यसबाट उनीहरूमा प्रतिरोधी विश्वदृष्टिको विकास भएको छ ।

थारु समुदायको परम्परागत वैवाहिक संस्कृतिको पृष्ठभूमिमा लेखिएको 'तृष्णा' कथामा नारीहरूले भोग्नु परेको पीडा र व्यथालाई प्रस्तुत गरिएको छ । कथामा थारु समुदायको परम्परागत वैवाहिक संस्कृतिलाई जोगाउनका लागि सुक्नीका अभिभावकले सोह्र सत्र वर्षे किशोरी सुक्नीको विवाह १२ वर्षे बालक केटासँग गरिदिएकोले थारु समुदायका पुराना पुस्तामा परम्परागत प्रभुत्वशाली विश्वदृष्टि देखिन्छ । 'म' पात्र काठमाडौँबाट घर जाँदा आफ्नी साथी सुक्नीलाई भेट्न गएको छ । उसको श्रीमानका बारेमा सोध्दा सुक्नीले आफ्नो पति कान्छी श्रीमतीसँग बजार घुम्न गएको जनाउँदै "म्वार ठरुवक दोसर जन्नी हो । आब त मै बुऱ्हा गैनु । दुई बरस हुइल दोसर जन्नी लन्लक" (पृ: १८) भन्ने जवाफ दिन्छे । थारु जातिमा बालबिवाह तथा अनमेल बिवाहका कारण बालक पति जवान भएपछि अर्की श्रीमती ल्याउँदा आफूहरूको भविष्य अन्धकारमय बन्न पुगेको छ । यस समुदायमा रहेको उक्त संस्कृतिका कारण महिलाहरू अधीनस्थ बन्न पुगेका छन् । यस्तो किसिमको थारु संस्कार आफूहरूको हित विपरीत भएकोले यस्तो गलत संस्कृतिको छिटै अन्त्य होस् भन्ने थारु समुदायका महिलाहरूको अस्वीकृति सूचक विश्वदृष्टिको अभिव्यक्ति सुक्नीको प्रतिक्रियाबाट देखिन्छ ।

## ४.३ 'सिपाहीकी स्वास्नी' सङ्ग्रहका कथामा अभिव्यक्त समुदायगत विश्वदृष्टि

'जीवन एक कम्प्रोमाइज' कथा नेपाली समाजमा सदियौँ देखि चल्दै आएको जातीय भेदभावलाई पृष्ठभूमि बनाई लेखिएको छ । कथाका प्रमुख पात्र प्रोमी र सोमु दुवै जातिगत विभेदकै कारण वैवाहिक जीवन बिताउन असफल रहेका छन् । पाँच वर्ष पछिको भेटमा दुवैको पूर्व स्मृतिका आधारमा भएको कुराकानीमा "मलाई लाग्छ अन्तिम पत्रमा तिमीले आफ्ना मातापिताको इच्छा अनुसारको वैवाहिक जीवन सुत्रमा बाँधिने कुरा बताएका थियौ त्यो सुत्र नै हामी बीचको शुन्यताको प्रमुख कारण बन्यो" (पृ: ६३) । प्रोमीको यस भनाइबाट सोमु आफ्ना बाबुआमाको इच्छा अनुसारको वैवाहिक जीवनसूत्रमा प्रवेश गरेको छ । नेपाली समाजमा जातीय विभेदकै कारण वर्तमान पुस्ताले आफ्नो ईच्छा अनुसारको वैवाहिक सम्बन्ध जोड्न सकेका छैनन् । समाजमा रहेको कथित माथिल्लो जातले कथित तल्लो जातलाई घृणाको व्यवहार गर्ने, उनीहरूलाई मानवताको नाताले हेर्न नसक्ने, आफ्नै

सन्तानले मनपराएर बिवाहगरी ल्याएका छोरी समानका बुहारीलाई परिवारको सदस्यको रूपमा स्वीकार्न नसक्ने यथार्थता कथित माथिल्लो जातको साझा विचार हो र यही विचार जातीय विभेदको सामूहिक चेतना अर्थात् विश्वदृष्टि बनेर आएको छ ।

## ४.४ 'अफ्रिकन अमिगो' सङ्ग्रहका कथामा अभिव्यक्त समुदायगत विश्वदृष्टि

'फागुको रङ्ग' कथा नेपाली समाजमा रहेको परम्परागत पुरुषसत्तावादी पृष्ठभूमिमा लेखिएको छ । यस कथाको प्रमुख पात्र छोड्कुलालले फागुको रङ्ग खेल्दै रामकलीसँग प्रेम विवाह गरेको छ । छोड्कुलालले बिवाह गरेको दुईवर्ष बित्न नपाउँदै पुत्र शोकमा परेकी आफ्नी श्रीमतीलाई एक्लै बनाई भाउजू नथुनीसँग दोस्रो बिहे गर्छ । यसबाट ऊ बहुबिवाह गरी आफ्नी श्रीमतीलाई पीडा दिएको छ । कथामा छोड्कुलालले आफ्नी श्रीमतीलाई पीडा दिएको कुरा यसरी अभिव्यक्त भएको छः "ऊ अब आफ्नी स्वास्नी भन्दा भउजी नथुनीको ख्याल राख्न थालेको थियो" (पृ: १२५) । भन्ने प्रसङ्गबाट छोड्कुलाल बहुपत्नी बिवाह गर्दै नारीहरूलाई धोका दिने एक गैर जिम्मेवार पतिको रूपमा देखिएको छ । अर्कोतर्फ बड्कुलालले आफूभन्दा दोब्बर उमेरले कान्छी पत्नी नथुनीसँग बिवाह गरेको छ । त्यही श्रीमतीलाई आफ्नो भाइले भगाएपछि बड्कु आफ्नी भाइ बुहारीलाई विभिन्न आरोप र लाञ्छना लगाउँदै नराम्रो दृष्टिले हेर्न थाल्छ । कथामा बड्कुलालले मनमनै रामकलीलाई भनेको छः "तँ जाती भएकी भए मेरी स्वास्नीलाई तेरो पोइले किन भगाएर लग्थ्यो र" (पृ: १२६) । यस भनाईबाट पुरुष अहम् प्रवृत्ति अँगालेको बड्कुलालले बिना कसुर महिलामाथि आरोप प्रत्यारोप लगाउँदै अधीनस्थ बनाएको देखिन्छ । यो सम्पूर्ण पुरुष जातिको साझा विचार भएकोले यसलाई पुरुषसत्तावादी विश्वदृष्टिका रूपमा लिइएको छ ।

त्यस्तै 'चोखाउनी' कथा थारु संस्कृतिमा परपुरुषसँग यौन सम्बन्ध राख्ने थारु महिलाको योनी शुद्धिकरणका नाममा गरिने परम्परागत चलनको पृष्ठभूमिमा लेखिएको छ । कथामा झिङ्रानले आफ्नी जेठी पत्नी कुम्लीलाई करणी गरेको भन्दै दैतान माइला विरुद्ध बडघरसँग उजुरी दिन्छ । गाउँलेको भेलामा कुम्लीले आफ्नो पतिले आफूलाई वास्ता नगरी कान्छीसँग मात्र यौन सम्बन्ध राखेका कारण आफूले परपुरुषसँग यौन सम्बन्ध राख्नु परेको कुरा गाउँले सामु प्रस्तुत गर्छे । पत्नीले समाजका अगाडि आफ्नो इज्जतमा दाग लागेको कुरा व्यक्त गरेको ठानी उसलाई सबैको अगाडि दुर्व्यवहार र अश्लिल शब्द प्रयोग गरेर लज्जित बनाएको छ । कथामा झिङ्रानले कुम्लीलाई "छिनार रन्डी लाज नाछी लागठ

तँहिन और मनइके साथ सोइना" (पृ: १५१) । भन्दै गाली गरेकोले आफूले जे गरेपनि लाज नहुने तर श्रीमतीले चाहिँ आफ्नो स्वविवेक प्रयोग गरी कुनैपनि काम गर्न नहुने कुरा स्पष्ट भएको बुझिन्छ । त्यस्तै बडघरले जेठी स्वास्नीलाई वास्ता नगरेको भनी सोधेको प्रश्नको प्रतिउत्तरमा झिङ्रानले "वो बुढागैल । पाँचठो बच्चाके दाइ बन्गिल वो, अब् वो जवान नाहीँ हो" (पृ: १५२) । भन्दै जवान हुन्जेल जेठी श्रीमतीसँग शारीरिक स्वार्थ लिएको, ऊ बुढी भइसकेपछि कान्छी श्रीमती बिहे गरेको र कान्छीसँग मात्र यौन सम्बन्ध राखेको कुरा बताएको घटनाले ऊ बहुबिवाह गर्दै बहुपत्नीमा रमाउने एक पुरुषसत्तावादी सोँच अँगालेको व्यक्ति हो । कथामा जेठी श्रीमती राख्न चाहेको हो वा होइन भनी उसको मनसाय बुझ्दा त्यसको प्रतिउत्तरमा झिङ्रानले "यसलाई छोडेपछि घरको कामकाज कसले गरिदिन्छ" (पृ: १५३) । भन्दै कुम्लीतिर हेरेर दिएको जवाफले उसले जेठी श्रीमतीलाई माया ममता गरेर राख्न नचाहेको, आफ्नो सम्पत्तिको सुरक्षा गर्न नोकरको रूपमा घरमा राख्नुले उसमा सामन्तवादी सोँच देखिन्छ । यो सोँच उसको मात्र नभई उक्त समुदायको साझा सोँच भएकोले यसलाई सामन्तवादी विश्वदृष्टि पनि मान्न सकिन्छ । त्यस्तै भेलामा जम्मा भएका गाउँलेले दैतान माइला र कुम्रीको बिवाहका विषयमा जिज्ञासा राख्दा दैतान माइलाले प्रतिक्रिया दिँदै भन्छः "ना ना, घरमे मोर जन्नी बाटिस" (पृ: १५०) । भन्दै कुम्लीलाई अस्वीकार गरेको घटनाले उसले आफ्नो घरमा श्रीमती छँदाछँदै अन्य स्त्रीसँग स्वार्थ पूरा गर्ने र अन्त्यमा उसको विचल्ली बनाएर छोडिदिएको छ । त्यसैगरी दैतान माइला र झिङ्रानको चोखाउनी कामको कुरो मिलेपछि बड्घरले झिङ्रानलाई "अब चोखाउनी काम सुरु करो" ( पृ: १५५) । भन्दै निर्देशन दिएको र झिङ्रानले कुम्रीलाई मर्ने गरी पिटेर सबैका सामु माफी माग्न लगाए पछि बडघरले झिङरानकी श्रीमतीको योनी शुद्ध भयो, अब पिट्नु पर्दैन भनेको छ । यसबाट समाजमा आर्थिक प्रभुत्वका आधारमा बड्घर जस्ता मानिसले समाजका निम्नवर्गका मानिसलाई अनेक कुरीति सिकाउँदै त्यसैलाई निरन्तरता दिँदै गरेको देखिन्छ । कुरीतिका नाममा वर्षेनी भोज भतेर खाने र खुवाउने प्रचलनलाई निरन्तरता दिने सोँच राखेको पाइन्छ । यस्तो सोँच सम्पूर्ण सामन्तवर्गको भएको हुँदा यस कथामा सामन्तवादी विश्वदृष्टि देखिन्छ ।

'चरकी' कथामा नेपालको पश्चिम तराईको थारु समाजमा व्याप्त दाइजो प्रथा र उक्त प्रथाले ग्रसित समाजको चित्रण गरिएको छ । कथामा लखनले छोरी कुम्रीको बिवाहका लागि तीन चार महिनादेखि केटा खोज्दै गाउँगाउँ चहार्छ । पढेलेखेको तथा केही जान्ने बुझ्ने

केटाले पच्चीस हजार र अनपढले बाह्र तेह्र हजार रुपैयाँसम्म माग गरेकाले लखनलाई छोरीको बिवाह गरिदिन गाह्रो भएको छ । छोरीको बिवाहका लागि केटा खोज्दै हिँडेको लखन महतो बरहथवा गाउँ नजिकै पुग्दा, भैँसी चराउँदै गरेको एउटा गोठाले केटासँग भेट हुन्छ । बिवाहको कुराकानीका क्रममा केटाले लखन महतोसँग भन्छ: “मलाइ दहेजमा एक हल गोरु पेन्ट कमिज र हातमा सिको घडी चाहिन्छ” (पृ: १६४) । भन्दै दाइजो तोकेको र लखनले आफूले गोरु दिन नसक्ने बरु कपडा घडीमात्र दिने कुरा बताएपछि लखनसित क्रोधित हुँदै भनेको छ: “त्यति सस्तो छु र म” (पृ: १६४) । केटाको यस भनाइले पुरुष भएकै कारण समाजमा आफ्नो स्थान प्रतिष्ठित भएको र बिवाह गर्नका लागि आफूले चाहेमा जे पनि पाइने भन्ठानी जतिपनि दाइजो तोकेको छ । यसबाट नेपालको तराई समुदायमा छोरीको बिवाह गरिदिँदा केटा पक्षले भनेजति दाइजो दिनुपर्ने प्रावधान रहेको स्पष्ट हुन्छ । केटी पक्षले भनेजति दाइजो नदिएमा बिवाह नै नगर्ने तथा बिवाह गरि हाले पनि उनीहरूलाई हेला गर्नेदेखि लिएर ज्यानै सम्म लिएका घटनाले समग्र तराई समुदायका पुरुषहरूमा पुरुषसत्तावादी मात्र नभई आर्थिक रुपले भोगवादी अर्थवादी विश्वदृष्टि व्याप्त रहेको देखिन्छ ।

‘किमधाराको खर्क’ कथामा नेपालको पहाडी भेगमा बसोबास गर्ने नारीहरूले भोग्नु परेको जीवन सङ्घर्षको वेदनालाई उतारिएको छ । कथामा ‘म’ पात्रका हजुरबुवा हजुरआमाले पुस्तागत प्रभुत्व कायम गरेका छन् । उक्त प्रभुत्वबाट ‘म’ पात्रकी आमा अधीनस्थ भएकी छिन् । कथामा दिनदिनै कोदाको रोटी खाँदा दिक्क परेको ‘म’ पात्र एकदिन चरा मारेर त्यही चराको झोलसँग भात खान आफ्नी आमासँग साँझमा गाईवस्तु थन्काएर भीषण वर्षा सहँदै भारी बोकेर लेकबाट बेँसी झर्दछन् । घरमा पुगिसकेपछि सासुससुराले उनीहरूले ल्याएका कोसेलीसँगै नातिलाई खोसेर बुहारीलाई घरभित्रै पस्न नदिइ एक्लै लेकतिर फर्काएका छन् । यसबाट नेपाली समाजमा पुरानो पुस्ताले बुहारीबाट जन्मिएका सन्तानलाई आफ्नो प्राण मान्ने तर त्यही बुहारीलाई परिवारको सदस्यका रूपमा नगन्ने परम्परा विद्यमान छ । कथामा छोराको भात खाने जिद्दीका कारण आफू औल झर्नुपरेको कुरा बताइरहेकी बुहारीलाई रिसले क्रोधित हुँदै प्रतिक्रियास्वरुप सासु ससुराले भन्छन्: “फेरि जाजा ऐल्यै खर्क बाइजा काम गर्नाका झालले छोराको निहुँ पाड्डी नकच्चरी उठ् उठ् छँटा खर्क बाइजा । त्याँ गोरु, बाखा बाघले खाइहेल्यो हो जङ्गलैको खर्क” (पृ: ७४) । उनीहरुको यस भनाइबाट छोरी समानकी बुहारीलाई बाघका मुखमा पारेर आफ्ना पशु

चौपायाको सुरक्षार्थ मध्यरातमा एक्लै जङ्गलमा खटाउने, मान्छेलाई भन्दा आफ्ना गाईबस्तुलाई केही हुने हो की भन्ने चिन्ताले पिरोलेको देखिन्छ । बुहारीको जीवनलाई पशुजत्तिको महत्त्वपूर्ण पनि नठान्ने, बुहारीलाई नोकरको रूपमा स्थापित गरेर श्रम शोषण गर्दै अर्थोपार्जन गर्ने नेपाली समाजका पुराना पुस्ताको साझा इच्छा हो । यो पुस्तागत प्रभुत्वशाली विश्वदृष्टिको रूपमा विकास भएको छ ।

## ४.५ 'ज्याक्सन हाइट' सङ्ग्रहका कथामा अभिव्यक्त सामुदायगत विश्वदृष्टि

अस्ट्रेलियन पृष्ठभूमिमा 'एबोरिजन' कथा लेखिएको छ । कथामा अस्ट्रेलियन आदिवासी कालाजातिलाई सदियौँदेखि अमेरिकन गोराहरूले दास बनाएर मौलिक अधिकार कुण्ठित गराएका छन् । गोराहरूको प्रभुत्वबाट ती आदिवासी अहिले पनि दास बन्नु परेको छ । वर्तमान परिवर्तनशील पुस्ता उक्त प्रभुत्वबाट माथि उठ्न खोजेको देखिन्छ । अहिले उनीहरूमा चेतनाको विकास हुँदै गएको छ । गोराहरूको त्यस्तो दमनात्मक प्रवृत्तिलाई अस्वीकार गर्दै एबोरिजनले भनेको छः "तेरा बाबुबराजुले मेरा पुर्खालाई दास बनाएर राखे जस्तो तैंले पनि मलाई कजाएर राख्छु भन्ने ठानेको होलास् । म तँलाई घोडा बनाएर चढ्छु" (पृः ३२) । एबोरिजनको यस भनाइले कुनै समय गोराहरूले आफूहरूलाई शोषण र दमन गरेको हुँदा आजसम्म उनीहरूको जीवनस्तर माथि उठ्न सकेको छैन । अहिले पनि गोराहरूले आर्थिक तथा मानसिक शोषण गरेर बेघरबार बनाएकोले उनीहरूमा प्रतिरोधी चेतनाको विकास हुँदै गएको सङ्केत गर्छ । त्यस्तै यसै प्रसङ्गमा आएको "म यो देशको आदिवासीको सन्तान हुँ ..., बुझिस् म गरिब छु, अशिक्षित छु, बिग्रेको पनि छु तर मैले अरुलाई बिगारेको छैन" (पृः ३३) ? भन्ने भनाइले समेत अफ्रिकीहरूले अरुलाई हस्तक्षेप नगरेको तर आफूहरूलाई गोराहरूले शोषण, दमन, अन्याय, अत्याचार गरेकोले अफ्रिकीहरूमा वितृष्णाको भाव जागृत हुँदै जान थालेको छ । यसबाट उनीहरुमा प्रतिरोधी विश्वदृष्टि विकास हुँदै गएको बुझिन्छ ।

'ए ब्लँ' कथामा आएको प्रमुख पात्र श्वेत वर्णको छ । वर्णकै आधारमा गोराहरूले अफ्रिकन आदिवासीमाथि शोषण गरेका छन् । गोराको शोषकीय प्रवृत्तिका कारण काला जातिहरु अधीनस्थ बन्न पुगेका छन् । अफ्रिकी मुलुकमा गोराले कालालाई धेरै पहिलेदेखि नै शारीरिक तथा मानसिक शोषण गर्दै दास बनाएर राखेका थिए । दासतालाई निरन्तरता दिने हेतुले कालालाई गोराहरूसँग बिहे गर्न नदिएर कालाजातिसँग मात्रै बिहे गराइ दिएर

दासताबाट माथि उठ्न नदिएको कुरा कथामा पेद्रोकी आमाले पेद्रोसँग यसरी भनेकी छः “हो बाबु हाम्रा पुर्खाहरू काला अफ्रिकी थिए, जसलाई कमारा बनाएर यो देशमा ल्याइएको थियो दास बनाउन” (पृः ५२) । पेद्रोकी आमाको यस भनाइबाट त्यहाँका आदिवासीलाई कालासँगै बिहे गरिदिने र उनीहरूका सन्तान दर सन्तानलाई समेत दास बनाएर राखेको देखिन्छ । अर्कोतर्फ सहरका हरेक ठाउँमा कालाहरूले अत्यन्त तल्लो स्तरका काम गरेका छन् । गोराहरूले त्यहाँका हरेक सुविधा सम्पन्न वस्तुको उपभोग गर्ने तथा उच्चस्तरका कामहरू मात्र गर्ने गरेको कुरालाई पेद्रोले यसरी सम्झिएको छः “पोर्ट ओ प्रिन्सको कुनै पनि घर, बजार, सडक, गल्ली र पसलमा एउटा पनि गोराले नोकरले गर्ने जस्तो काम गरेको देखेको छैन” (पृः ५१) । पेद्रोको यस स्मरणले समेत गोरा र कालाले गर्ने काममा समेत भिन्नता रहेको स्पष्ट हुन्छ । उनीहरू रङ्गकै आधारले गर्दा हरेक सुविधाबाट वञ्चित हुनुका साथै सधैँ गरिबीको रेखामुनि बस्नु परेको छ । यस्ता विभेदहरूको मूल्याङ्कन गरिरहेका कालाहरूमा चेतनाको विस्तारै विकास हुँदै गएको छ । अब उनीहरूलाई विस्तारै गोराप्रति घृणा लाग्न थालेको छ । यसैको प्रतिरोधस्वरुप पेद्रोले आफ्नो साथीसँग भन्छः “ए ब्लँ मोटरमा गइरहेको छ । हेर् न, हाम्रा सबै सुँगुर खाएर मोटाएको जस्तो देखिन्छ” (पृः ५३) । पेद्रोको यो भनाइ निकै मर्मस्पर्शी छ । कालाहरु गोराकै कारण सदियौँदेखि हेपिएर बस्नु परेकोले आजसम्म पनि उनीहरूको जीवनस्तर माथि उठ्न नसकेको स्पष्ट हुन्छ । त्यस्तै उनीहरूबाट खोसिएका हक अधिकार प्राप्त गर्नका लागि प्रतिरोध गर्नुपर्ने चेतनाको विकास भइसकेको छ र यही प्रतिरोधी चेतना विश्वदृष्टिका रूपमा देखिएको छ ।

## ४.६ ‘भुइँखाट’ सङ्ग्रहका कथामा अभिव्यक्त समुदायगत विश्वदृष्टि

नेपालको तराई क्षेत्रलाई पृष्ठभूमि बनाएर ‘बिजुलीदेवी’ कथा लेखिएको छ । कथामा तराईका महिलाले चर्पीको अभावमा शौच गर्न नपाएको र गाउँमा बिजुली आउनु उनीहरूका लागि घातक भएको कुरालाई प्रस्तुत गरिएको छ । कथामा आएकी प्रमुख पात्र विजुलीदेवीलाई भारतको विहारबाट बिहे गरेर नेपाल ल्याइएको छ । गाउँमा बिजुली आउने तथा बिजुलीदेवीलाई घरभित्र ल्याउने काम एकै पटक भएको हुनाले गाउँमा खुसियाली छाएको छ । गाउँमा सूचना प्रविधिको प्रयोग तथा विकास निर्माणका काम केही मात्रामा हुने गरे पनि त्यस ठाउँका मानिस भने अशिक्षा र अज्ञानताको भुमरीमा रुमलिएका छन् । गाउँमा विकास निर्माणको काम भए पनि त्यसले उनीहरूलाई सङ्कटमा पारेको छ ।

कथाकी प्रमुख पात्र बिजुलीदेवीलाई शौच गर्न मन लागेपछि आफ्नो लाज देखिने डरले उनले बिजुलीको चिम नै फुटाउन पुगेकोले अशिक्षा र अन्धकारको अँध्यारो पाटो मुख्य रूपमा प्रस्तुत भएको छ । अशिक्षित र अज्ञानताको भुमरीमा रुमलिएकी बिजुलीदेवीले आफ्नो शौचकार्यमा बाधा पुऱ्याउने बिजुलीको बल्बलाई नै फुटाएको कुरालाई यसरी व्यक्त गरिएको छः "बिजुलीदेवी जुरुक्क उठिन् र बिजुलीको पोल नजिकै गइन्, जमिनबाट ढुङ्गा टिपिन् र जोडले चिममा हानिन्" (पृ: ८३) । बिजुलीदेवीको यस क्रियाकलापबाट नेपालको तराई भूभागमा बसोबास गर्ने मानिसमा अशिक्षा र अज्ञानताले जरा गाडेर बसेको छ । विश्वमा जस्तासुकै विकास तथा चेतनामूलक कार्यहरू भएपनि त्यस ठाउँका मानिसलाई खासै फरक पार्न सकेको छैन । कथामा बिजुलीदेवीले घटाएका घटनाका आधारमा यस कथामा बिजुलीले मौखिक प्रतिक्रिया नजनाए पनि उसमा पछौटे विश्वदृष्टि रहेको देखिन्छ । यही कारण ऊ बल्ब समेत फुटाउन पुग्छे ।

नेपालको समसामयिक घटना परिघटनालाई आधार बनाएर 'प्रभुको सालिक' कथा लेखिएको छ । यसमा वर्तमान पुस्तामा ज्ञानप्रतिको मोह भङ्ग हुँदै गई युद्ध, ध्वंस, हिंसाप्रतिको मोह बढ्दै गएको कुरालाई प्रस्तुत गरिएको छ । कथा अनुसार प्रभुको सालिक निर्माण गर्न मूर्तिकार खोज्दै हिँडेको आगन्तुक पात्र मंगलसेनकोमा पुगेपछि विभिन्न मूर्तिको महत्त्वको विषयमा कुराकानी गर्छ । मूर्तिकारले त्यहाँ भएका मूर्तिहरू मध्ये माओत्से तुङ्ग तथा कार्ल मार्क्सको मूर्ति कहिलेकाँही भाडामा जाने गरेपनि नेपालका वीरसपूतहरू बलभद्र कुँवर, भक्ति थापा, अमरसिंह थापाका मूर्तिहरू अहिलेसम्म भाडामा नगएको कुरा व्यक्त गर्दछ । यसबाट वर्तमान पुस्तामा देशप्रेम तथा मौलिकताको भाव हराउँदै गई वैदेशिक मुलुकप्रतिको भक्तिभाव बढ्दै गएको देखिन्छ । अहिलेको नयाँ पुस्तामा ज्ञान, बुद्धि र विवेकको प्रयोग भन्दा पनि हातहतियारको प्रयोगसँगै हत्या हिंसाप्रतिको मोह बढ्दै गइरहेको कुरा कथामा आगन्तुक पात्रले यसरी भनेको छः "भानुभक्तको हातमा रामायण छ । मेरो प्रभुलाई एक त किताबको नाम सुन्दै एलर्जी हुन्छ अर्को कुरा उहाँ महाभारत मन पराउनुहुन्छ" (पृ: ७०) । आगन्तुक पात्रको यस भनाइबाट वर्तमान पुस्ताले नैतिक र सत्चरित्रता सम्बन्धी ज्ञान लिन भन्दा हातहतियारको प्रयोग गर्दै, हत्याहिंसा बढाउँदै जान खोजेको देखिन्छ । यसबाट नेपालका मात्र नभई विश्वकै सम्पूर्ण युवा पुस्तामा हत्याहिंसाको मनोभाव जागृत हुँदै गएकोले यहाँ ध्वंसात्मक विश्वदृष्टिको विकास हुँदै गएको देखिन्छ ।

## ४.७ निष्कर्ष

शाहका कथामा समुदायगत समाजको सन्दर्भ आएको छ । त्यहाँ विशेषतः कुनै समुदायमा प्रचलित परम्परागत सामाजिक, सांस्कृतिक अवस्थालाई चित्रित गरिएको छ । शाहको *सटाहा, अफ्रिकन अमिगो* सङ्ग्रहका कथामा थारु समुदायमा व्याप्त कुरीति र कुसंस्कारलाई निरन्तरता दिँदा वर्तमान पुस्ताले भोग्नु परेको दुष्परिणामलाई देखाइएको छ । यी कथाहरुमा कुरीतिलाई निरन्तरता दिने पुरानो पुस्तामा सामन्तवादी विश्वदृष्टि पाइन्छ । त्यस्तै कतिपय कथामा पुराना पुस्ताले बुहारीलाई हेला तथा तिरस्कार गरेको देखिन्छ । यसबाट उनीहरुमा पुरातन विश्वदृष्टि देखिन्छ भने नयाँ पुस्ता अर्थात बुहारी पुस्ता अधीनस्थ बन्नु परेको छ । शाहका विदेशी पृष्ठभूमिमा रचित कथामा त्यहाँ रहेको जातीय तथा रङ्ग भेदको चित्रण गरिएको छ । रङ्गीय आधारले काला भएकै कारण गोराहरुले कालालाई शारीरिक, मानसिक तथा आर्थिक शोषण गरेका छन् । जसबाट उनीहरुमा शोषक तथा सामन्तवादी विश्वदृष्टि देखिन्छ ।

# परिच्छेद पाँच

# सारांश तथा निष्कर्ष

## ५.१ सारांश

प्रस्तुत शोधप्रबन्ध *महेशविक्रम शाहका कथामा विश्वदृष्टि* शीर्षकमा केन्द्रित रहेको छ । साहित्यको समाजशास्त्रीय अध्ययन परम्परामा लुसिएँ गोल्डमानको प्रमुख मान्यता विश्वदृष्टिको पहिचानका निम्ति शाहका सातवटा कथासङ्ग्रहका ९५ वटा कथाहरू मात्र लिएर तिनको अध्ययन विश्लेषण गरिएको छ । विश्वदृष्टिको पहिचानका निम्ति प्रस्तुत शोधप्रबन्धलाई पाँचवटा परिच्छेदमा सङ्गठित गरिएको छ ।

परिच्छेद एकमा शोधप्रबन्धको चिनारी दिइएको छ । यसै परिच्छेदमा शोधशीर्षक सम्बद्ध समस्याकथनसहित तीनवटा समस्यामूलक प्रश्न रहेका छन् । महेशविक्रम शाहका कथालाई लिएर यसभन्दा अघि गरिएका पूर्वकार्यको विवरण कालक्रमिक रूपमा राखिएको छ । शाहका कथासँग सम्बन्धित थुप्रै अध्ययन भए तापनि शोधप्रबन्ध शीर्षक सम्बद्ध अध्ययन कमै भएकाले यस अध्ययनको महत्त्व रहेको छ । एउटै अध्ययनमा सबै कुरा अध्ययन गर्न असम्भव हुने हुँदा अध्ययनको सीमाङ्कन गरिएको छ । अध्ययनलाई वस्तुनिष्ठ, तार्किक, विश्वसनीय र वैधताका लागि पुस्तकालय स्रोतबाट प्राथमिक र द्वितीयक स्रोत सामग्री सङ्कलन गरी अध्ययन, विश्लेषण सहित निगमनात्मक विधिको ढाँचामा व्यवस्थित गरी शोधप्रबन्धको परिच्छेदगत रूपरेखा प्रस्तुत गरिएको छ ।

परिच्छेद दुई शोधप्रबन्धको पहिलो प्रश्नको समाधानसँग सम्बन्धित छ । यसमा सामाजिक संरचनाको सैद्धान्तिक चिनारी दिँदै महेशविक्रम शाहका कथासङ्ग्रहका कथामा सामाजिक संरचनाको पहिचानगरी विश्लेषण गरिएको छ । महेशविक्रम शाहका कथामा विभिन्न वर्ग र समुदायका बीचको अन्तर्सम्बन्धबाट निर्मित हुने स्थूल सामाजिक संरचना र मानसिक सामाजिक संरचना कस्तो पाइयो भन्ने कुरा अभिव्यक्त गरिएको छ । यसरी स्थूल संरचनाले सामाजिक सम्बन्धहरू तथा तिनमा देखिने अन्तर्विविरोधहरूको अभिव्यक्तिका आधारमा विभिन्न वर्गको प्रतिबिम्ब कथामा गरेको छ ।

परिच्छेद तीन शोधप्रबन्धको दोस्रो शोधप्रश्नको समाधानसँग सम्बन्धित रहेको छ । यसमा विश्वदृष्टिको सैद्धान्तिक चिनारी दिँदै महेशविक्रम शाहका कथामा आर्थिक रूपमा सम्पन्न वर्ग, सामाजिक प्रतिष्ठाका हिसाबले उच्चवर्गले समाजका निम्नवर्ग माथि शोषण गरिरहेको अवस्थाको चित्रण गरिएको छ । यसका साथै पेसागत रूपमा उच्च पेसा अँगाल्नेहरूले पनि जीविकोपार्जनको लागि देहव्यापार जस्तो निम्न पेसा अँगालेकालाई अत्यन्तै निकृष्ट व्यवहार गरेको देखिन्छ । शासन सत्ता हातमा लिएर शासन गरिरहेको वर्गमा सामन्तवादी विश्वदृष्टि देखिन्छ । कतिपय कथा समाजका पुरुष सत्तावादी सोँच भएका मानिसहरूले नारी अस्मीताको हरण गर्न खोजेकोले पुरुषसत्तावादी विश्वदृष्टि देखिन्छ । कतिपय कथामा नारीहरू आफ्नो अस्तीत्व रक्षाको लागि विद्रोहको स्वर लिएर देखापरेकोले प्रतिरोधी विश्वदृष्टिको चित्रण पनि छ । निम्नआर्थिक अवस्था भएका तथा सामाजिक हिसाबले शोषित वर्गमा निहित निम्नवर्गीय विश्वदृष्टिको पनि विश्लेषण गरिएको छ ।

परिच्छेद चार तेस्रो शोधप्रश्नसँग सम्बन्धित रहेको छ । यसमा विशेषतः कुनै समुदायमा प्रचलित परम्परागत सामाजिक, सांस्कृतिक, धार्मिक अवस्थालाई चित्रित गरिएको छ । यसमा थारु समुदायमा व्याप्त कुरीति र कुसंस्कारलाई निरन्तरता दिँदा वर्तमान पुस्ता अधीनस्थ बनेका छन् । उक्त समुदाय कै पुरानो पुस्तामा भने सामन्तवादी विश्वदृष्टि पाइन्छ । विदेशी पृष्ठभूमिमा रचिएका कथामा त्यहाँ रहेको जातीय तथा रङ्ग भेदको चित्रण गरिएको छ । यसबाट उनीहरुमा शोषक तथा सामन्तवादी विश्वदृष्टि देखिन्छ ।

शोधप्रबन्धको अन्तिम परिच्छेद पाँच हो । यसमा परिच्छेदगत सारांश प्रस्तुत गरी शोधप्रबन्धको निष्कर्ष प्रस्तुत गरिएको छ ।

## ५.२ निष्कर्ष

महेशविक्रम शाहले *सटाहा* कथासङ्ग्रह (२०५३) लेखेर कथायात्रा आरम्भ गरेका हुन् । उनले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय घटनालाई कथा रचनाको विषयवस्तु बनाएका छन् । उनले *सटाहा, अफ्रिकन अमिगो* कथासङ्ग्रहका कथामा थारु समुदाय र उक्त समुदायमा रहेको सामाजिक, सांस्कृतिक, आर्थिक दुरवस्थाको चित्रण गरेका छन् । यी सङ्ग्रहका कथामा थारु समुदायमा एउटा पुरातनवादी सोँच भएको पुस्ता छ । अर्को आधुनिक र नयाँ पुस्ता छ । यी दुवै

पुस्ताको वैचारिक द्वन्द्वका कारण नयाँ पुस्ताले भोग्नु परेको दुष्परिणामको अभिव्यक्ति पाइन्छ । उनका कथामा समाजका शोषकवर्गले समाजका आर्थिक रूपमा विपन्न तथा निमुखा वर्गमाथि शोषण दमन गरेका छन् । समाजका पुरुषहरूले महिलामाथि अन्याय अत्याचार गरेको कुरा अभिव्यक्त भएको छ । पछिल्लो चरणका उनका कथा नेपाली भूमि तथा विदेशी भूमिमा चलेको सशस्त्र द्वन्द्वमय वातावरणका कारण त्यस समयका सर्वसाधारणमा पलाएको जीवनप्रतिको नैराश्यभाव तथा समाजका बासिन्दाले भोग्नु परेको दुष्परिणामको चित्रण छ । द्वन्द्व समाप्तिपछिको नेपालको संक्रमणकालीन अवस्था, राजनैतिक सत्तासिन नेताहरूले छापामारहरूलाई शान्ति र क्रान्तिको भ्रममा राख्दै उनीहरूको भविष्यप्रति तुषारापात गरेको कुरा चित्रण गरिएको छ । *भुइँखाट* सङ्ग्रहमा सङ्गृहीत कथामा तराईमा भएको आर्थिक अभावको कुरा उल्लेख गरिएको छ । उक्त समुदायका टाठाबाठाहरूले आन्दोलनका नाममा सर्वसाधारणलाई प्रयोगगरी आफूहरू सत्तामा जान खोज्ने व्यक्तिवादी प्रवृत्तिको चित्रण गरिएको छ । आर्थिक रूपमा विपन्नवर्गले राम्रो लगाउन र मिठो खानको लागि प्राकृतिक प्रकोपको कल्पना गर्नु परेको अवस्थाको चित्रण गरिएको छ ।

कथाकार शाह भौतिक रुपमै युद्धमा संलग्न रहेका हुनाले त्यसको छाप उनका कथाहरूमा प्रस्ट देख्न सकिन्छ । कथाकार शाहको सुरुमा प्रकाशित भएका *सटाहा, अफ्रिकन अमिगो* जस्ता कथासङ्ग्रहहरुमा थारु समुदायमा व्याप्त कुरीति कुसंस्कारलाई कथावस्तु बनाइएको छ जसमा धनीवर्गले गरिब तथा निम्नवर्गका मानिसमाथि गरेको शासकीय विश्वदृष्टिको चित्रण छ । त्यस्तै अशिक्षा र अन्धकारले जरा गाडेर बसेको थारु समुदायमा पुरातनवादी विश्वदृष्टि देखिन्छ । पछिल्लो समयका उनका कथा युद्ध र द्वन्द्वसँग सम्बन्धित छन् जसमा सत्ता पक्ष र विद्रोही पक्षले आफूलाई शक्तिशाली ठानेर सर्वसाधारणप्रति उपेक्षाको दृष्टि अर्थात मूल्यहीन विश्वदृष्टि प्रस्तुत गरेको देखिन्छ । कतिपय कथामा भने नेताहरूले आफ्नो स्वार्थका लागि जनआन्दोलन चर्काउने र आफूहरू सत्तामा गएपछि पुरानै शासकीय व्यवहार गर्ने सर्वसत्तावादी विश्वदृष्टिको प्रस्तुति देखिन्छ । त्यस्तै उनका कतिपय कथामा निम्नवर्गीय समुदायका मानिसमा राम्रो लगाउन तथा मिठो खानका लागि आफ्नै परिवारका सदस्यको मृत्युको परिकल्पना गर्नुले उक्त समुदायमा रहेको चरम विपन्नता र त्यसले जन्माएको मानवीय संवेदनहीनताको व्यक्तिवादी विश्वदृष्टिको अभिव्यक्ति स्पष्ट रूपमा देख्न सकिन्छ ।

यसरी शाहका कथामा शोषक- शोषित, उत्पीडक- उत्पीडित, राज्यसत्ता र विद्रोही समूहको उपस्थिति पाइन्छ । अर्कातर्फ शासक वर्ग अथवा उत्पीडक वर्गको चेतना त्यस वर्गको विश्वदृष्टिका रूपमा अभिव्यक्त भएको देखिन्छ । अतः साहित्यको समाजशास्त्रीय अध्ययनका महत्त्वपूर्ण उपकरणहरू सामाजिक संरचना र विश्वदृष्टिका आधारमा कथाकार महेशविक्रम शाहका कथाहरू महत्त्वपूर्ण खालका छन् भन्ने कुरा स्पष्ट हुन्छ ।

# सन्दर्भ सामग्रीसूची


अनमोलमणि (२०६४ असोज १२). 'फ्युजन कथाकार'. **सौगात साप्ताहिक.** पृ. ८ ।

अर्याल, विष्णुप्रसाद (२०६७). "काठमाडौंमा कामरेड कथा सङ्ग्रहको समाजशास्त्रीय अध्ययन". अप्रकाशित स्नातकोत्तर शोधपत्र. नेपाली केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर ।

आचार्य, युवती (२०६७). "छापामारको छोरो कथा सङ्ग्रहको समाजशास्त्रीय अध्ययन". अप्रकाशित स्नातकोत्तर शोधपत्र. नेपाली केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर ।

आले, कुमार (२०६४ असोज १५) 'छापामारको छोरो लेख्ने प्रहरी'. **कान्तिपुर** ।

कार्की, प्रतिरोध (२०६४ जेठ १५). 'छापामार युद्ध समाप्त भएपछि जन्मेको छोरो'. **आवाज साप्ताहिक**, पृ. ६ ।

खनाल, विन्दुदेवी (२०७२). "महेशविक्रम शाहका कथामा अनुभूतिको संरचना". अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध. नेपाली केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर ।

गोल्डमान, लुसिएँन (सन् १९९२). *साहित्येतिहास की उत्पत्तिमूलक संरचनावादी पद्धति.* अनु. निर्मला जैन/कुसुम बाँठिया. *साहित्यका समाजशास्त्रीय चिन्तन.* दिल्ली : हिन्दी माध्यम कार्यान्वयन निर्देशनालय, दिल्ली विश्वविद्यालय ।

गोल्डमान, लुसिएँ (सन् १९८०). *एस्सेज अन मेथड इन द सोसियोलोजी अफ लिटरेचर.* सम्पा. विलियम क्यु. बोएलआवर. सेन्ट लुइस : टेलस प्रेस लिमिटेड ।

छेत्री, उदय (२०६४). "समाजशास्त्रीय दृष्टिमा इन्द्रबहादुर राईका आख्यानको अध्ययन". अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध. मानविकी तथा सामाजिक शास्त्र सङ्काय. त्रि. वि., कीर्तिपुर ।

जैन, निर्मला (सन् १९९२). *साहित्यका समाजशास्त्रीय चिन्तन.* दिल्ली: हिन्दी माध्यम कार्यान्वयन निर्देशनालय, दिल्ली विश्वविद्यालय ।

निरौला, राजकुमार (२०६५). "सटाहा कथासङ्ग्रहको कृतिपरक विश्लेषण". अप्रकाशित स्नातकोत्तर शोधपत्र. रत्नराज्यलक्ष्मी क्याम्पस, प्रदर्शनीमार्ग, काठमाडौं ।

पराजुली, विक्रम (२०६५). "अफ्रिकन अमिगो कथासङ्ग्रहको कृतिपरक विश्लेषण". अप्रकाशित स्नातकोत्तर शोधपत्र. रत्नराज्यलक्ष्मी क्याम्पस, प्रदर्शनीमार्ग, काठमाडौं ।

पाण्डेय, ताराकान्त (२०७३). "विश्वदृष्टिका परिप्रक्ष्यमा छापामारको छोरो कथाको समाजशास्त्र". *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र.* ललितपुरः साझा प्रकाशन ।

पाण्डेय, ताराकान्त (२०७३). "अनुभूतिको संरचनाको परिप्रेक्ष्यमा बसाइँ उपन्यासको समाजशास्त्र". *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र.* ललितपुर : साझा प्रकाशन ।

पाण्डेय, मैनेजर (इ.१९८९). *साहित्य के समाजशास्त्र की भूमिका.* चन्डीगड : हरियाणा साहित्य अकादमी ।

भट्टराई, अमृता (२०६६). "महेशविक्रम शाहको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन". अप्रकाशित स्नातकोत्तर शोधपत्र. नेपाली केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर ।

भट्टराई, जयदेव (२०६४ कार्तिक २७). "मदन पुरस्कार पाएर मख्ख महेश विक्रम". *युवामञ्च,* अङ्क ९ पृ. ४२ ।

मार्क्स, एङ्गेल्स (१९८६). *कम्युनिस्ट पार्टीको घोषणापत्र* (ते.स.). अनु. कृष्णप्रकाश श्रेष्ठ. काठमाडौं : अग्निपरीक्षा जनप्रकाशन गृह प्रा. लि. ।

रावल, रामबहादुर (२०६४ असोज ८). 'द्वन्द्वका किडी जियाहरू'. **दृष्टि साप्ताहिक** ।

वस्ती, विवश (२०६४ भाद्र २९). 'दश बर्षको द्वन्द्व स्वर'. **सम्बोधन साप्ताहिक** ।

शाह, महेशविक्रम (२०५३). *सटाहा.* ललितपुर : साझा प्रकाशन ।

शाह, महेशविक्रम (२०५९). *सिपाहीकी स्वास्नी.* काठमाडौंः फाइन प्रिन्ट ।

शाह, महेशविक्रम (२०६०). *अफ्रिकन अमिगो.* काठमाडौंः फाइन प्रिन्ट ।

शाह, महेशविक्रम (२०६३). *छापामारको छोरो.* ललितपुरः साझा प्रकाशन ।

शाह, महेशविक्रम (२०६५). *काठमाडौंमा कामरेड.* काठमाडौंः समग्र प्रकाशन ।

शाह, महेशविक्रम (२०६९). *ज्याक्सनहाइट.* काठमाडौंः फाइन प्रिन्ट, आइएनसी ।

शाह, महेशविक्रम (२०७४). *भुँइखाट.* काठमाडौंः समग्र प्रकाशन ।

शाह, हरिजंग (२०६७). "महेशविक्रम शाहको कथाकारिता". अप्रकाशित स्नातकोत्तर शोधपत्र. नेपाली केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर ।

श्रेष्ठ, कृष्णदास (२०६०). *ऐतिहासिक भौतिकवाद* (दो.सं.). काठमाडौं : जनसाहित्य प्रकाशन केन्द्र ।

श्रेष्ठ, चन्द्रमान (२०७१). "पारिजातका उपन्यासको समाजशास्त्रीय अध्ययन". अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध. मानविकी तथा सामाजिक शास्त्र संकाय. त्रि.वि., कीर्तिपुर ।

श्रेष्ठ, तारालाल (२०६८). *शक्ति, स्रष्टा र सबाल्टर्न.* काठमाडौं : डिस्कोर्स प्रकाशन ।